पूर्वमध्यकालका अभिलेख

धनवज्र वज्राचार्य

नेपाल र एशियाली अनुसन्धान केन्द्र
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं

2

पूर्वमध्यकालका अभिलेख

धनवज्र वज्राचार्य

नेपाल र एशियाली अनुसन्धान केन्द्र
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं
नेपाल

पूर्वमध्यकालका अभिलेख

धनवज्र वज्राचार्य

नेपाल र एशियाली अनुसन्धान केन्द्र
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं

प्रकाशक

नेपाल र एशियाली अनुसन्धान केन्द्र
त्रिभुवन विश्वविद्यालय,
कीर्तिपुर, काठमाडौँ ।

फोन नं. : ४-३३१७४०/४-३३२०७८
फ्याक्स नं. : ४-३३११८४
इमेल : info@cnastu.org.np

प्रकाशन प्रति : ५००
प्रकाशन मितिः २०६८

© सर्वाधिकार प्रकाशकमा सुरक्षित

ISBN : 978-9937-524-19-3

मूल्य : २६०

मुद्रण : त्रि. वि. छापाखाना
कीर्तिपुर, काठमाडौं

प्रकाशकीय

नेपालसंवत् शुरू भएदेखि यक्ष मल्लको शासनकालसम्मको समयलाई पूर्वमध्यकाल भन्ने चलन छ । त्यस कालका सामग्री अपेक्षाकृत कम पाइने हुनाले केही कालअघिसम्म त्यो काल अन्धकारयुग कहिन्थ्यो । लिच्छविकालदेखिको नेपालको इतिहास तयार पार्दा अरू कालमा अभिलेखहरूको बढी महत्त्व हुने गर्छ तापनि यस कालमा भने पुस्तकको अन्त्यमा लेखिएका पुष्पिकावाक्यहरूको बढी महत्त्व रहने गरेको छ । यसो भए तापनि पछिल्लो कालमा भएका अनुसन्धानबाट यस कालका अभिलेखहरू पाउने क्रम बढ्दै गएकोले तिनको महत्त्व पनि बढ्दै गएको छ ।

इतिहासकार धनवज्र वज्राचार्य नेपालको इतिहास र अभिलेख अध्ययनको क्षेत्रमा एउटा उज्ज्वल नक्षत्र हुनुहुन्थ्यो । यो भनिरहनुपर्ने कुरा होइन नै । नेपाल र एशियाली अनुसन्धान केन्द्रको परिप्रेक्ष्यमा भन्ने हो भने त शुरूका केही वर्ष कामको दृष्टिले धनवज्र वज्राचार्य र यो संस्था पर्यायवाची रूपमा थियो भन्दा पनि फरक पर्दैन । उहाँले संशोधन-मण्डलमा रहेर मात्र होइन, यस संस्थामा प्रवेश गरिसकेपछि पनि यति बढी काम गर्नुभयो कि त्यो सधैंका लागि स्मरणीय छ । उहाँले लिच्छविकालका अभिलेखनामक पुस्तक तयार गरेर वि.सं. २०३० मा प्रकाश गरेको यत्तिका वर्ष बित्दा पनि लिच्छविकालसम्बन्धी अनुसन्धानमा त्यो पुस्तक महत्त्वपूर्ण भएर रहिरहेको छ । लिच्छविकालपछि शाहकालका अभिलेख आफ्ना सहयोगी प्रा.डा. टेकबहादुर श्रेष्ठसँग मिलेर उहाँले प्रकाश गर्नुभयो । अभिलेखसम्बन्धी ग्रन्थ तयार गर्ने प्रसङ्गमा उहाँले मध्यकालका अभिलेखसम्बन्धी पुस्तक तयार गर्ने काम शुरू गर्नुभयो । त्यस काममा यस केन्द्रको साथै जापानको टोयोटा फाउण्डेशनबाट पनि सहयोग प्राप्त भएको थियो । यस काममा उहाँलाई प्रा.डा. टेकबहादुर श्रेष्ठ र श्री रुक्मिणी प्रधान (वन्त)ले सघाउँदै हुनुहुन्थ्यो । उहाँहरूको पुस्तक तयार गर्ने क्रम चलिरहेकै थियो । यसै बीचमा धनवज्र वज्राचार्य मधुमेह र मिर्गौलाको रोगबाट पीडित हुनुभयो र त्यसैको कारणले वि.सं. २०५१ आषाढ २० गते ६२ वर्षको उमेरमा उहाँको देहावसान भयो । यसपछि त्यो काम अधुरै रह्यो ।

यद्यपी श्रीधनवज्र वज्राचार्यको देहावसान भएको ५ वर्षपछि यस केन्द्रबाट मध्यकालका अभिलेखको ललितपुर खण्ड प्रकाशित भयो । त्यसमा ने.सं. ६३५ आषाढ (वि.सं. १५७२) देखि ने.सं. ८८६ ज्येष्ठ (वि.सं. १८२३) सम्मका अभिलेख प्रकाशित भएका छन् ।

त्यसपछि श्रीधनवज्र वज्राचार्यको परिवार विशेष गरेर उहाँका कान्छा छोरा डा. सिद्धार्थवज्र वज्राचार्यको सौजन्यले वहाँले तयार पार्नुभएका अभिलेखसम्बन्धी सामग्री यस केन्द्रमा आउने वातावरण तयार भयो र वि.सं. २०६३ मा यस केन्द्रका तात्कालिक कार्यकारी निर्देशक प्रा. निर्मलमान तुलाधरको संयोजकत्वमा प्रा.डा. कमलप्रकाश मल्ल, प्रा.डा. त्रिरत्न मानन्धर, प्रा. दिनेशराज पन्त, डा. सिद्धार्थवज्र वज्राचार्य र सहप्रशासक दामिनी वैद्यसम्मिलित पाण्डुलिपि व्यवस्थापनसमिति गठन भयो । वि.सं. २०६४ वैशाख २ गते यसै केन्द्रमा आयोजित कार्यक्रममा डा. सिद्धार्थवज्र वज्राचार्यबाट श्रीधनवज्र वज्राचार्यले तयार पार्नुभएका सामग्री हस्तान्तरण भयो र त्यसको केही कालपछि पूर्वमध्यकालका अभिलेखको सम्पादनको जिम्मा प्रा. दिनेशराज पन्तलाई दिइयो । म, वि.सं. २०६४ फाल्गुण २६ बाट यस केन्द्रको कार्यकारी निर्देशकको रुपमा नियुक्त भए देखि माथि उल्लिखित सबै व्यक्ति पाण्डुलिपी व्यवस्थापन समितिमा रही प्रकाशनको काम अघि बढाउन सुरु गरियो ।

विक्रमको दशौं शताब्दीदेखि ने.सं. ६०१ फाल्गुन (वि.सं. १५३७) सम्मका १४३ वटा अभिलेख यसरी समावेश गरिएका छन । श्री वज्राचार्यले मूल दिनुभएकोमा मूल, अनुवाद दिनुभएकोमा अनुवादसहित र व्याख्या दिनुभएकोमा व्याख्यासहितका सामाग्री यस पुस्तकमा समावेश गरिएका छन् । ती सबैलाई मूलसँग रुजू गरी मिलाउने काम यसमा गरिएको छ । वहाँको सङ्ग्रहमा रहेका अभिलेखका प्रतिलिपिबाहेक विभिन्न पुस्तकमा छापिएका केही अभिलेखका प्रतिलिपि पनि यस पुस्तकमा दिइएका छन् । त्यसैगरी केही अभिलेखका प्रतिलिपि सम्बद्ध स्थलमा गई ल्याउने काम पनि यसमा गरिएको छ । यसो भए तापनि सम्पूर्ण अभिलेखका प्रतिलिपि भने यसमा दिइएको छैन ।

यस पुस्तकलाई यस रूपमा ल्याउनको लागि सहप्रशासक दामिनी वैद्यको ठूलो परिश्रम रहेको छ । सहायक प्रशासक गोविन्दबहादुर थापाबाट यस पुस्तकको टङ्कणकार्य भएको हो । हाल प्रकाशनका लागि प्रेसमा पठाउने समयमा डाटावेश अफिसर श्री अनेश श्रेष्ठाचार्यको सहयोग पनि त्यत्तिक्कै महत्वपूर्ण रहेको छ । अभिलेखको फोटोको स्क्यानिङ गर्ने काम श्रीसुवर्ण महर्जनबाट भएको हो । केही अभिलेखका प्रतिलिपि सम्बद्ध ठाउँमा गई खोजेर ल्याउने काम पनि दामिनी वैद्यबाट भएको हो र हनूमान्ढोकाराजदरबारमा रहेको एउटा अभिलेखको प्रतिलिपि ल्याइदिने काम श्रीभागवतनरसिंह प्रधानबाट भएको छ । यसरी माथि उल्लिखित सबैको परिश्रमबाट यो पुस्तक यस रूपमा बाहिर आउन सकेको छ । त्यसैले यस अवसरमा सम्बद्ध सबैप्रति कृतज्ञता ज्ञापन गर्नु म आफ्नो कर्तव्य सम्झन्छु । विशेष गरी प्रा. दिनेशराज

पन्तले यो पुस्तक तयार पार्न अहोरात्र अथक परिश्रम गर्नुभएकोमा उहाँप्रति म कृतज्ञता ज्ञापन नगरी रहन सक्दिन । नीरक्षीरविवेकी विद्वान्हरूबाट यस पुस्तकको गुणदोषको बारेमा यथार्थ कुरा बाहिर आउने नै छ र धनवज्र वज्राचार्यको सम्पादनमा रहेका अरू अभिलेखहरूको प्रकाशनमा हामीलाई मार्ग निर्देर्शन मिल्नेछ भन्ने मैले विश्वास लिएको छु ।

वि.सं. २०६७ मार्ग ३ गते

प्रा.डा. यज्ञप्रसाद अधिकारी
कार्यकारी निर्देशक

विषयसूची

१. काठमाडौँ हनूमान्ढोकाराजदरबारको अभिलेख १
२. ललितपुर घाँय्बुको ने.सं. १०७ को अभिलेख ३
३. काठमाडौँ जैसीदेवलको अभिलेख १४
४. विष्णुको कोशको ने.सं. १२४ को अभिलेख १५
५. भक्तपुर भैरवस्थानको ने.सं. १२५ को अभिलेख २९
६. ललितपुर गचाननीको ने.सं. १३२ को अभिलेख ३३
७. ललितपुर गुइत:विहारको ने.सं. १४४ को अभिलेख ३७
८. चाँगुनारायणको ने.सं. १५८ को अभिलेख ४१
९. ललितपुरको जलद्रोणीको ने.सं. १५९ को अभिलेख ४३
१०. चाँगुनारायणको प्रतिमाको ने.सं. १७० को अभिलेख ४५
११. चाँगुनारायणको ने.सं. १७६ को अभिलेख ४७
१२. काठमाडौँ नक्सालको ने.सं. १७९ को अभिलेख ४८
१३. ललितपुर थपाहिटीको ने.सं. १८५ को अभिलेख ४९
१४. ललितपुर सौगलटोलको ने.सं. २०३ को अभिलेख ५३
१५. चाँगुनारायणको ने.सं. २०७ को अभिलेख ५६
१६. शिवदेवको पालाको ने.सं. २२१ को अभिलेख ५८
१७. काठमाडौँ नरदेवीको ने.सं. २२२ को अभिलेख ६७
१८. चाँगुनारायणको ने.सं. २२६ को अभिलेख ७०
१९. चाँगुनारायणको ने.सं. २४१ को अभिलेख ७२
२०. काठमाडौँ ब्रह्मटोलको ने.सं. २५९ को अभिलेख ७४
२१. चाँगुनारायणको ने.सं. २६० को अभिलेख ७७
२२. राष्ट्रिय सङ्ग्रहालयमा रहेको ने.सं. २६४ को अभिलेख ७९
२३. आनन्ददेवको पालाको ने.सं. २८२ को ताम्रपत्र ८७
२४. भक्तपुर नारायणचोकको ने.सं. २८३ को स्तम्भलेख ९३
२५. साँखु वज्रयोगिनीको ने.सं. २८८ को अभिलेख ९७
२६. ललितपुर कुम्भेश्वरको ने.सं. २९१ को अभिलेख १००

२७. काठमाडौँ लैकुटोलको ने.सं. २९१ को अभिलेख १०२
२८. ललितपुर वलटोलको ने.सं. २९२ को अभिलेख १०३
२९. काठमाडौँ ब्रह्मटोलको ने.सं. २९२ को अभिलेख १०७
३०. साँखु वज्रयोगिनीको ने.सं. २९३ को अभिलेख १०९
३१. भक्तपुर खौमाटोलको ने.सं. २९५ को अभिलेख ११२
३२. चाँगुनारायणस्थानको ने.सं. २९६ को अभिलेख ११४
३३. काठमाडौँ नाउदेवलनिरको अभिलेख ११७
३४. ललितपुर क्वाबहालको ने.सं. ३०७ को अभिलेख १२०
३५. फर्पिङ सरस्वतीखेलको ने.सं. ३१२ को अभिलेख १२१
३६. देउपाटन जयवागीश्वरीको ने.सं. ३१६ को अभिलेख १२४
३७. काठमाडौँ इचंगुनारायणस्थानको ने.सं. ३२० को अभिलेख १२५
३८. ललितपुर मोतीटारको ने.सं. ३५३ को अभिलेख १२८
३९. चाँगुनारायणको ने.सं. ३५७ को अभिलेख १३०
४०. फर्पिङ दक्षिणकालीको मुकुटको ने.सं. ३६० को अभिलेख १३२
४१. ललितपुरको अशोकस्तूपनेरको ने.सं. ३६२ को अभिलेख १३३
४२. ललितपुर गुइत:विहारको ने.सं. ३६८ को अभिलेख १३४
४३. फर्पिङको ने.सं. ३८१ को अभिलेख १३६
४४. ललितपुर गुइत:विहारको ने.सं. ३९९ को अभिलेख १३८
४५. ललितपुर वटुकभैरवको ने.सं. ४३१ को अभिलेख १४१
४६. ललितपुर बालकुमारीस्थानको ने.सं. ४३४ को अभिलेख १४३
४७. देउपाटनको जलद्रोणीको ने.सं. ४३७ को अभिलेख १४५
४८. चाँगुनारायणको अभिलेख १४७
४९. काठमाडौँ मरुसत्तलको ने.सं. ४५४ को अभिलेख १४९
५०. ललितपुर पिंबहालको ने.सं. ४७९ को अभिलेख १५०
५१. ललितपुर ह्नुबहालको ने.सं. ४८१ को अभिलेख १५३
५२. स्वयम्भूको ने.सं. ४९२ को अभिलेख १५४
५३. स्वयम्भूको अभिलेख १६०
५४. फर्पिङ कोछुटोलको ने.सं. ४९६ को अभिलेख १६३
५५. चाँगुनारायणको ने.सं. ५०० को अभिलेख १६४

५६. काठमाडौँ इटुम्बहालको ने.सं. ५०२ को अभिलेख १६५
५७. चाँगुनारायणको ने.सं. ५०७ को अभिलेख १६९
५८. देउपाटन जयवागीश्वरीको ने.सं. ५०८ को अभिलेख १७२
५९. काठमाडौँ ह्नैकंबहीको ने.सं. ५०८ को अभिलेख १७७
६०. फर्पिङ गोरखनाथको ने.सं. ५११ को अभिलेख १८०
६१. ललितपुर उवाबहीको ने.सं. ५११ को अभिलेख १८२
६२. ललितपुर कुम्भेश्वरको ने.सं. ५१२ को अभिलेख १८५
६३. चाँगुनारायणको ने.सं. ५१३ को अभिलेख १९०
६४. बनेपाको ने.सं. ५१४ को अभिलेख १९१
६५. चाँगुनारायणको गहनाको अभिलेख १९४
६६. भक्तपुर अनन्तलिङ्गेश्वरको अभिलेख १९५
६७. नालाको ने.सं. ५१७ को अभिलेख १९६
६८. पनौतीको ने.सं. ५२१ को अभिलेख १९८
६९. पशुपतिनाथको ने.सं. ५२३ को अभिलेख २०१
७०. ललितपुर थंबुटोलको ने.सं. ५२३ को अभिलेख २०४
७१. ललितपुर सुनधाराको ने.सं. ५२४ को अभिलेख २०७
७२. पशुपतिनाथको अभिलेख २०९
७३. फर्पिङ कोच्छुटोलको ने.सं. ५२७ को अभिलेख २१४
७४. पशुपति राजराजेश्वरीको ने.सं. ५२८ को अभिलेख २१८
७५. चाँगुनारायणको ने.सं. ५२८ को अभिलेख २२१
७६. भक्तपुर सूर्यमढीटोलको ने.सं. ५२८ को अभिलेख २२४
७७. ललितपुर हिरण्यवर्णमहाविहारको ने.सं. ५२९ को अभिलेख २२६
७८. भक्तपुर सुकुलढोकाको ने.सं. ५३० को अभिलेख २२८
७९. ललितपुर कुम्भेश्वरको ने.सं. ५३० को अभिलेख २२९
८०. चाँगुनारायणको ने.सं. ५३३ को अभिलेख २३२
८१. पशुपतिको ने.सं. ५३३ को अभिलेख २३४
८२. ललितपुर इखाछेँटोलको ने.सं. ५३३ को अभिलेख २३९
८३. हाँडिगाउँको ने.सं. ५३४ को अभिलेख २४१
८४. ललितपुर भण्डारखालको ने.सं. ५३५ को अभिलेख २४३
८५. ललितपुर भीमसेनमन्दिरको ने.सं. ५३५ को अभिलेख २४६

८६. ललितपुर इखाछेंको ने.सं. ५३५ को अभिलेख	२४९
८७. चीनका बादशाहले शक्तिसिंहरामलाई पठाएको ने.सं. ५३५ को पर्वाना	२५१
८८. भक्तपुर तचपाटोलको अभिलेख	२५५
८९. पशुपतिमन्दिरको ने.सं. ५३६ को अभिलेख	२५७
९०. पशुपतिको ने.सं. ५३६ को अभिलेख	२६०
९१. ललितपुर चिकंबहिलको ने.सं. ५३६ को अभिलेख	२६३
९२. बनेपा दछुटोलको ने.सं. ५३७ को अभिलेख	२६६
९३. काष्ठमण्डपको ने.सं. ५३७ को अभिलेख	२६८
९४. फर्पिङको ने.सं. ५३८ को अभिलेख	२६९
९५. भक्तपुर क्वाथनटोलको ने.सं. ५४२ को अभिलेख	२७०
९६. काष्ठमण्डपको ने.सं. ५४३ को अभिलेख	२७३
९७. ललितपुर भण्डारखालको ने.सं. ५४७ को अभिलेख	२७५
९८. ललितपुर इवाबहीको ने.सं. ५४७ को अभिलेख	२७७
९९. ललितपुर चाखाबहिलको ने.सं. ५४९ को अभिलेख	२८१
१००. काठमाडौं विश्वकर्माविहारको ने.सं. ५४९ को अभिलेख	२८२
१०१. फर्पिङ कोथेटोलको ने.सं. ५५२ को अभिलेख	२८३
१०२. ललितपुर मुछेंको ने.सं. ५५८ को अभिलेख	२८८
१०३. ठिमी श्रीबहालटोलको ने.सं. ५५८ को अभिलेख	२९०
१०४. भक्तपुर तौमढीटोलको ने.सं. ५६० को अभिलेख	२९४
१०५. चाँगुनारायणको अभिलेख	२९९
१०६ काठमाडौं चाबहिलको ने.सं. ५६४ को अभिलेख	३००
१०७. चाँगुनारायणको ने.सं. ५६६ को अभिलेख	३०१
१०८. पशुपतिको ने.सं. ५६७ को अभिलेख	३०२
१०९. ललितपुर ससुखेलको ने.सं. ५६७ को अभिलेख	३०८
११०. ललितपुर बुबहालको ने.सं. ५६७ को अभिलेख	३११
१११. ललितपुर दुपाटटोलको अभिलेख	३१४
११२. भक्तपुर जगन्नाथमन्दिरको ने.सं. ५७१ को अभिलेख	३१६
११३. ललितपुर लुभुको ने.सं. ५७२ को अभिलेख	३१७

११४. साँगाको ने.सं. ५७३ को अभिलेख ३२१
११५. पशुपतिको ने.सं. ५७३ को अभिलेख ३२३
११६. भक्तपुर दरबारको ने.सं. ५७३ को अभिलेख ३२७
११७. ललितपुर सौगलटोलको ने.सं. ५७४ को अभिलेख ३३२
११८. पशुपतिको ने.सं. ५७४ को अभिलेख ३३४
११९. चाँगुनारायणको ने.सं. ५७८ को अभिलेख ३३७
१२०. बनेपाको ने.सं. ५७९ को अभिलेख ३३८
१२१. पनौतीको ने.सं. ५८२ को अभिलेख ३४०
१२२. काठमाडौँ टेबहालको ने.सं. ५८३ को अभिलेख ३४२
१२३. भक्तपुर दत्तात्रेयको ने.सं. ५८५ को अभिलेख ३४४
१२४. काठमाडौँ मरुसत्तलको ने.सं. ५८५ को अभिलेख ३४६
१२५. चाँगुनारायणको अभिलेख ३४७
१२६. चाँगुनारायणको ने.सं. ५८५ को अभिलेख ३४८
१२७. चाँगुनारायणको ने.सं. ५८५ को अभिलेख ३५०
१२८. चाँगुनारायणको ने.सं. ५८५ को अभिलेख ३५१
१२९. चाँगुनारायणको ने.सं. ५८५ को अभिलेख ३५२
१३०. ललितपुर सौगलटोलको ने.सं. ५८७ को अभिलेख ३५३
१३१. भक्तपुर सिद्धपोखरीको ने.सं. ५८७ को अभिलेख ३५५
१३२. भक्तपुर तुलाछेँटोलको ने.सं. ५८८ को अभिलेख ३५७
१३३. भक्तपुर सिद्धपोखरीको ने.सं. ५८९ को अभिलेख ३६१
१३४. पशुपतिको ने.सं. ५९१ को अभिलेख ३६२
१३५. चाँगुनारायणको ने.सं. ५९१ को अभिलेख ३६७
१३६. ललितपुर चापागाउँको ने.सं. ५९२ को अभिलेख ३६८
१३७. भक्तपुर महालक्ष्मीपीठको ने.सं. ५९३ को अभिलेख ३६९
१३८. चाँगुनारायणको ने.सं. ५९४ को अभिलेख ३७०
१३९. ललितपुर राता मत्स्येन्द्रनाथमन्दिरको अभिलेख ३७१
१४०. भक्तपुर गाहिटीको ने.सं. ५९७ को अभिलेख ३७४
१४१. चाँगुनारायणको ने.सं. ५९८ को अभिलेख ३७७
१४२. चाँगुनारायणको ने.सं. ६०१ को अभिलेख ३७९
१४३. चाँगुनारायणको ने.सं. ६०१ को अभिलेख ३८०

[१ सङ्ख्या]

काठमाडौँ हनूमान्ढोकाराजदरबारको अभिलेख

काठमाडौँ हनूमान्ढोकाराजदरबारभित्रको सुन्दरचोकमा अवस्थित धारामा ओर्लने ढुङ्गाको सिँढीमा यो अभिलेख कुँदिएको शिला छ । यसमा मितितिथिको उल्लेख नभएकोले यसको लिपिको आधारमा विक्रमको दशौँ शताब्दीतिरको हुन सक्ने अनुमान गरिएको छ ।

गौतमवज्र वज्राचार्यद्वारा *हनूमान्ढोका राजदरबार*का १९५-१९६ पृष्ठमा सर्वप्रथम यो अभिलेख छापिएको हो ।

मूलपाठ

१. संगरादकृतिभिर्दुर्लस्यतो भीषणात्तस्मै श्रीपतये ममास्तु करयोः साश्रिष्टिरेषा सदा । ...
२. व ग्ख्यातो धर्मनिधि वीरमतिमान् श्रीवीरपालः सुतः । भार्या तस्य सती सदा प्रणयिनी सौभाग्यलक्ष्मी ...
३. णयभूर्जातः शशीवाम्बुधेः ॥ काले कारितपाणिपीडनविधेः श्रीगङ्गलक्ष्म्या स्वयं स्वल्पम्रोगमवा ...
४. तः कालेन नीतः क्षयम् । ज्ञात्वा पुण्यचयम्विभोरनुमृतौ पत्नी मनोवर्त्तिनी सार्द्धन्तेन चितानले भ ...
५. न् जहाय क्षणात् ॥ पित्रा शोकमपास्य धर्ममतिना शास्त्रार्थसंवेदिना वाछिनागकुलान्तकेन सहितो विष्णुः प्रतिष्ठापितः
६. कृत्वा पुत्रवधूसमां प्रतिकृतिं चानन्तपादस्थितांन्तद्वत्साध-नन्तसद्मनिलया भूयादिति श्रीपतेः ॥ लक्ष्मीवा ... वांघ्रिसेवनपरो
७. भूयात्मदीयः सुतो लक्ष्म्याः सापि ममात्मजन्मगृहिणी भर्त्रा समं या मृता ॥ भूया संवरपादपंकजरजः लोकाः सन्तु निलो-
८. गदुःखरहिताः पुत्रस्य वध्वा अपि ॥ शुभम् ॥

१ सङ्ख्या



[२ सङ्ख्या]

ललितपुर घाँय्बुको ने.सं. १०७ को अभिलेख

ललितपुर कुम्भेश्वरनजीकै घाँय्बु भन्ने ठाउँमा दुइटा सानासाना देवमन्दिर छन् । तिनमा पछिल्लो मन्दिरमा शिवपरिवारको सुन्दर मूर्ति रहेको छ । त्यस मूर्तिको तल्लो भागमा एक श्लोक र त्यस मूर्तिको जलहरीमा एक श्लोक गरी यो अभिलेख कुँदिएको छ । यहाँ ने.सं. १०७ छ ।

यो अभिलेख सर्वप्रथम संशोधन-मण्डलद्वारा *अभिलेख-संग्रह* नवौं भागको २४ पृष्ठमा प्रकाशित भएको हो ।

मूलपाठ

१. नमश्श्रीललितेशाय सर्व्वज्ञत्रिगुणात्मने । देवात्मजवरेशाय भुक्तिमुक्तिप्रदायिने ॥
२. ॐ राज्ये श्रीगुणकामदेवनृपतेस्सप्तोत्तरेब्दे शते माघे मासि च रोहिणीबुधदिने ...
३. श्रीमाणिग्वलके सुरालय कृतस्तच्छ्रीवरौ पात्मनः । पित्रोर्वन्द गुरोश्च भक्ति जगतां स्वर्ग्गापवर्ग्गाप्तये ।

अनुवाद

सबै कुरा जान्ने, त्रिगुण (सत्त्व रज तम) स्वरूप भएका, भुक्ति र मुक्ति दिने, ठूला देवता श्रीललितेश महादेवलाई नमस्कार छ ।

ॐ । ने.सं. १०७ (वि.सं. १०४३) माघ महीना ... रोहिणीनक्षत्र बुधवारको दिन राजा श्रीगुणकामदेवको राज्यमा श्रीमाणिग्वलमा आमा-बाबुलाई ढोग्ने, गुरुमा भक्ति गर्ने ... ले संसारलाई स्वर्ग र मोक्ष प्राप्त होस् भनी देवमन्दिर बनाए ।

व्याख्या

नेपालको इतिहासमा नेपालसंवत् प्रचलित भएदेखि मध्यकालको शुरू भएको मानिएको छ । राजनैतिक दृष्टिले यो समयविभाजन त्यति मिल्दो देखिएको छैन तापनि सांस्कृतिक दृष्टिले भने यो समयविभाजन केही मिल्दो नै देखिनआएको छ ।

अभिलेखको समय

नेपालसंवत् शुरू भएपछि अहिलेसम्म पाइएका तिथिमिति, राजाको नाम आदिसमेत उल्लिखित अभिलेखहरूमा राजा गुणकामदेवको पालाको यो अभिलेख पहिलो हो । हुनत लुशियानो पेटेकले यस अभिलेखमा संवत् देखिँदैन, लिपिको आधारमा यो अभिलेख बाह्रौँ शताब्दीका दोस्रा गुणकामदेवको पालाको हो जस्तो हामीलाई लाग्छ, किनभने पहिला गुणकामदेवले ललितपुरभेकमा शासन गरेका थिएनन् भन्ने भाव व्यक्त गर्नुभएको छ । डिल्लीरमण रेग्मीले पनि यस अभिलेखमा उल्लिखित गुणकामदेवलाई ने.सं. ३०५ तिरकै हुन् भनी देखाउन खोज्नुभएको छ । तर यस अभिलेखमा सप्तोत्तरेब्दे शते भन्ने पाठ राम्ररी नै ठम्याउन सकिन्छ । यस कारण यो अभिलेख ने.सं. १०७ को हो भन्ने कुरामा कुनै शङ्का छैन । यसताका नेपालमा गुणकामदेवले एक्लै राज्य गरिरहेका थिए भन्ने कुराको पुष्टि अर्को प्रमाणले पनि गर्छ । सो हो, राष्ट्रिय अभिलेखालयमा रहेको *सुमतिपञ्जिका*नामक हस्तलिखित ग्रन्थ । ने.सं. ११० मा लेखिएको सो पुस्तकमा त्यस वेला राजा गुणकामदेवले राज्य गरिरहेका थिए भन्ने कुरा यसरी लेखिएको छ–

राज्ञा श्रीगुणकामदेवविभुना स्वस्यैकराज्ये कृते
वर्षेस्मिन् दिशमुत्तरे शततमे ... ।
... दिने ताराधनिष्ठान्विते
नाम्नेयं सुमतिर्यथाभिलिखिता ... ॥

[ने.सं. ११० (वि.सं. १०४६/१०४७) ... धनिष्ठानक्षत्रको दिन राजा श्रीगुणकामदेवले आफू एक्लैले राज्य गरिरहनुभएको वेलामा *सुमतिपञ्जिका*नामक यो ग्रन्थ जस्ताको तस्तै सारियो ।]

यस प्रमाणबाट यसताका राजा गुणकामदेवले राज्य गरिरहेका थिए भन्ने सिद्ध हुन्छ । यस कुराको पुष्टि वंशावलीबाट पनि हुन्छ । फेरि लिपिले पनि यो कुरा मान्नमा कुनै बाधा पुऱ्याउँदैन । यस अभिलेखमा प्रयुक्त लिपि त्यस वेला प्रचलित पाचुमोलशैलीको हो । अझ माथिल्लो स्तोत्ररूपको श्लोक त तात्कालिक रञ्जनाशैलीमा नै कुँदिएको छ ।

यी गुणकामदेवले ललितपुरभेकमा राज्य गरेका थिएनन् भन्ने पेटेकको तर्क प्रमाणयुक्त छैन । मध्यकालको उत्तरार्धमा जस्तै शुरूदेखि नै नेपाल सानो र खण्डित थियो भन्ने पूर्वधारणा लिइएको हुँदा उक्त भ्रम परेको हो । तात्कालिक कुरा राम्ररी बुझ्न यो धारणालाई बदल्नुपरेको छ ।

राजा गुणकामदेवको शासनकालमा देवमन्दिर बनाई त्यहाँ उमामहेश्वर (शिवपरिवार) को स्थापना गरेको कुरा यस अभिलेखमा परेको छ । अभिलेख कुँद्न

लाउनेले आफूलाई आमाबाबुप्रति विनीत, गुरुप्रति भक्ति गर्नेको रूपमा वर्णन गराएको छ । तर भव्य यो मूर्ति स्थापना गर्ने ती व्यक्तिको नाम भने यस अभिलेखमा स्पष्ट छैन ।

नेपालसंवत्‌को प्रचलन

अब मध्यकालमा प्रचलनमा आएको नेपालसंवत्‌बारे अलिकता विचार गर्नुपरेको छ । नेपालमा प्रचलित संवत्‌हरूको निर्णयको लागि *सुमतितन्त्र*नामक ज्यौतिषग्रन्थ निकै उपयोगी रहेको छ । उक्त ग्रन्थको रचना यहीँ भएको हो तथा मध्यकालमा नेपालमा उक्त ग्रन्थ खूप प्रचलित भएथ्यो । त्यस ग्रन्थमा नेपालमा अघिदेखि प्रचलित संवत्‌हरूको संक्षिप्त वर्णन परेको छ । त्यस वर्णनमा शकसंवत् ४९८ देखि चलेको संवत् ३०४ वर्षसम्म चल्यो, त्यसपछि अर्को संवत् (नेपालसंवत्) चल्यो भन्ने भावको कुरा परेको छ । अभिलेखहरू केलाई हेर्दा सुमतितन्त्रको उक्त भनाइको पुष्टि हुन्छ । अंशुवर्माको समयदेखि राष्ट्रिय स्तरमा प्रचलनमा आएको संवत्‌को उल्लेख ३०१ सम्म पाइएको छ । त्यस वेला राजा मानदेव थिए । मानदेवपछि राघवदेव गद्दीमा बस्दछन् । त्यस वेलादेखिका (संवत् ३०४पछिका) अभिलेख, हस्तलिखित ग्रन्थ आदिमा सो पुरानो संवत् नै चल्दै गइरहेको पाइँदैन, त्यस वेलादेखि अर्कै नयाँ संवत्‌को प्रचलन भएको हामी पाउँछौँ । यस संवत्‌लाई पछि नेपालसंवत् भन्ने नामकरण गरियो । उपर्युक्त प्रसङ्गबाट नेपालसंवत्‌को प्रचलन राघवदेवको पालादेखि भएको हो भन्ने सङ्केत पाइन्छ । वंशावलीमा राघवदेवले संवत् चलाए भन्ने स्पष्ट उल्लेख पनि पाइने हुनाले उक्त कुराको पुष्टि हुन्छ ।

नेपालसंवत्‌को प्रचलन कुन उपलक्ष्यमा भयो होला भन्ने प्रश्न यहाँनिर उठ्नु स्वाभाविक छ । एक राजवंशको स्थान अर्को राजवंशले लिएपछि अर्थात् राजपरिवर्तन भएपछि यो संवत् प्रचलित भएको हुनुपर्छ भन्ने अनुमान पहिले गरिएको थियो । तर प्राप्त सामग्रीहरू केलाई हेर्दा उक्त अनुमान मिल्दो देखिन आउँदैन । विचारार्थ गोपालराजवंशावलीको वर्णनतिर नै दृष्टि दिऔँ । जबजब राजपरिवर्तन हुन्छ, तब त्यस परिवर्तनको सङ्केत गोपालराजवंशावलीकारले गरेको पाइन्छ । गोपाल, महिषपाल राजाहरूको हातबाट शासनाधिकार किरात राजाहरूको हातमा जाँदा त्यसको चर्चा गोपालराजवंशावलीमा गरिएको छ । किरात राजाहरूलाई जिती लिच्छविहरूले शासन गरेको स्पष्ट उल्लेख यी वंशावलीकारले गरेका छन् । बीचमा लिच्छवि राजाको हातबाट शक्ति आभीर गुप्तहरूको हातमा जाँदा पनि यसको सङ्केत गोपालराजवंशावलीकारले गरेका छन् । तर मानदेवपछि राघवदेव राजा हुँदा राजवंशपरिवर्तनको कुनै सङ्केतसम्म पनि गोपालराजवंशावलीकारले गरेका छैनन् । यसबाट नेपालसंवत्‌को प्रचलन राजवंशपरिवर्तनसँग सम्बद्ध छ जस्तो देखिँदैन । बरु पछि नै लेखिएको भए तापनि केशरपुस्तकालयमा रहेको वंशावली (संक्षिप्त रूपको एक थरी गोपालराजवंशावली) मा उल्लिखित कुरा सत्य हो जस्तो देखिन्छ । त्यसमा राजा श्रीराघवदेव वर्ष ६३

माघ ६ ॥ श्रीपशुपतिभट्टारके सम्वत्सरप्रवृत्तिः कृता ॥ भनी पशुपतिनाथलाई लक्ष्य गरेर अर्थात् नेपालका प्रमुख मान्यताप्राप्त देवता श्रीपशुपतिनाथको सम्मानार्थ राघवदेवले सो संवत् चलाएको उल्लेख संक्षिप्त रूपमा गरिएको छ । यो कुरा बुझ्न लिच्छविकालदेखि विशेष गरेर अंशुवर्माको पालादेखि राष्ट्रिय स्तरमा पशुपतिनाथप्रति दर्शाइएको सम्मानतिर दृष्टि दिनुपर्छ । आफ्ना प्रशस्तिमा पशुपतिभट्टारकपादानुध्यात भनी लेखाई पशुपतिनाथप्रति अतिशय श्रद्धा प्रकट गर्ने पहिला शासक अंशुवर्मा हुन् । यति मात्र होइन, पशुपतिनाथप्रति राष्ट्रिय स्तरमा सम्मान व्यक्त गर्न अंशुवर्माले पशुपतिअङ्कित मुद्रा नै प्रचलनमा ल्याएका थिए । अनि उनीपछिका लिच्छविकालका अरू शासकहरूले पनि पशुपतिनाथप्रति सोही प्रकारको सम्मान दर्शाउँदै गए तथा पशुपति मुद्राहरू प्रचलनमा ल्याउने काम जारी राखे । समयसमयका विभिन्न लिपिअङ्कित पशुपति मुद्राहरूले उक्त कुरा स्पष्ट पार्छन् । नरेन्द्रदेव, द्वितीय जयदेव आदि प्रसिद्ध कति लिच्छवि राजाहरूका नामअङ्कित पृथक् मुद्राहरू पाइएका छैनन्, तर उनीहरूको पालाको लिपिअङ्कित पशुपति मुद्राहरू भने पाइन्छन् । पशुपतिनाथको मात्र होइन, पशुपतिनाथका वाहन वृषको सम्मानमा समेत त्यस वेला तामाका साना मुद्राहरू प्रचलनमा ल्याइएका थिए । यही परम्परामा राघवदेवले पशुपतिनाथको सम्मानमा नयाँ संवत् प्रचलन गरेको अनुमान हुन्छ ।

गुणकामदेवहरूको वंश

नेपालसंवत् प्रचलित भइसकेपछिका राजाहरू र यसभन्दा अगाडिका राजाहरू एकै शाखाका देखिन्छन्, यसबीच राजपरिवर्तन भएको कुनै सङ्केत पाइँदैन भन्ने कुराको चर्चा माथि गरिसकिएको छ । यसो भए यी राघवदेव, गुणकामदेव आदि राजाहरू कुन वंशका हुन् भन्ने समस्या इतिहासकारहरूको सामुन्ने खडा भएको छ । वंशावलीकारहरूले राघवदेव आदि राजाहरूलाई ठकुरी वंशका भनी लेखेको पाइन्छ । वंशावलीकारले लिच्छविकालका अंशुवर्मा आदिलाई पनि ठकुरी वंशका भनी लेखेका छन् । पुराना अभिलेख, हस्तलिखित ग्रन्थ आदिमा ठकुरी शब्दको प्रयोग भएको पाइँदैन, ठकुरी शब्दको प्रचलन अलि पछि मात्र भएको हो । यसको तात्पर्य राजपुत्र (रजपूत) कहलिएका एकथरी उच्च क्षत्रियहरूलाई पछि ठकुरी भन्न थालियो भन्ने देखिन्छ । यसबाट ठकुरी शब्द उच्चवंशका क्षत्रियलाई कहने साधारण शब्द हो, विशेष वंशवाचक शब्द यो होइन भन्ने सङ्केत पाइन्छ । यस कारण गुणकामदेवहरू कुन वंशका हुन् भन्ने कुरा विचारणीय नै रह्यो ।

नेपालसंवत्का शुरूका अभिलेखमा तात्कालिक राजाको वंशबारे कतै कुनै उल्लेख गरिएको पाइँदैन । अलिपछिका जनताले राखेका अभिलेखहरूमा भने यी राजाहरूको वर्णन गर्दा रघुवंशी, सूर्यवंशी भनेर मात्र वर्णन गरिएको पाइन्छ । जस्तै राष्ट्रिय संग्रहालय छाउनीमा रहेको ने.सं. २६२ को अभिलेखमा आनन्ददेवलाई श्रीरघुवंशमौक्तिकमणि भनिएको छ । भक्तपुर तौमढीटोलको अभिलेखमा आनन्ददेवलाई सूर्यकुलप्रदीप भनिएको छ । साँखु वज्रजोगिनीको ने.सं. २९३ को

अभिलेखमा रुद्रदेवलाई रघुपति भनिएको छ । तर यताबाट पनि अझै विशेष कुराको टुङ्गो लाग्दैन । शासनाधिकार हात लाएका यावत् क्षत्रिय राजाहरू कि सूर्यवंशी कि चन्द्रवंशी कहलाउने चलन पुरानो हो । लिच्छविकालमा लिच्छवि राजाहरू सूर्यवंशी कहलाएका थिए । अंशुवर्मा, जिष्णुगुप्तहरूचाहिँ चन्द्रवंशी कहलाएका थिए । जयदेव (द्वितीय) ले आफ्नो लिच्छविवंशको वर्णन गराउँदा सूर्यवंशी सूर्यदेखि शुरू गर्न लाएका छन् । सूर्यवंशमा भएका राजा रघु नामी ठहरिँदा सूर्यवंशीहरू रघुवंशी पनि कहलाएका छन् । उपत्यकाका मल्ल राजाहरूका प्रशस्तिमा रघुवंशावतार, रविकुलतिलक भन्ने उल्लेख गरिएको पाइन्छ । मध्यकालका शुरूका राजाहरू चन्द्रवंशी नकहलाई सूर्यवंशी कहलाएका हुनाले र लिच्छवि राजा जयदेव (द्वितीय)पछि बीचमा राजवंशपरिवर्तन भएको तात्कालिक उल्लेख नपाइने हुनाले यी गुणकामदेवहरू कहीँ उही पुरानै लिच्छविवंशकै सन्तान ता होइनन् भन्ने प्रश्न उठाउन नसकिने होइन । तर यस विषयमा कुनै निर्णयमा पुग्न बढी खोजी हुनु आवश्यक छ ।

ललितपुर, माणिग्वल

लिच्छविकालका अभिलेखमा ललितपुर वा माणिग्वलको उल्लेख पाइँदैन । ललितपुर शहरको विकास अनेक ग्रामहरूको समूह मिलेर भएको हो । लिच्छविअभिलेखहरूमा ललितपुरभेकमा ती अनेक ग्रामहरूको उल्लेख हामी पाउँछौं, जुन ग्रामहरू पछि टोलका रूपमा परिणत भए । ती ग्रामहरूमध्ये केन्द्रमा रहेको यूपग्रामको विकास बढी भयो र यो द्रङ्ग (व्यापारकेन्द्ररूपको विशेष बस्ती) बन्यो । अरू ग्रामहरू टोलका रूपमा यस द्रङ्गको अन्तर्गत रहे । यसरी क्रमशः यो भेकले शहरको रूप लिन थाल्यो । दुइ शताब्दी जतिपछि अवस्थामा स्पष्ट अन्तर देखापर्‍यो । अब यूपग्रामद्रङ्ग नामको प्रचलन लुप्त भयो । त्यसको ठाउँ ललितपुरले लियो । ने.सं. १३२ को ललितपुर त्यागलटोलको अभिलेखमा ललितपुरको स्पष्ट उल्लेख आइसकेको छ । यस अभिलेखमा उल्लिखित ललितेश महादेवले पनि ललितपुरलाई सङ्केत गरेको हो कि भन्ने अनुमान हुन्छ । ललितब्रुमाको उल्लेख भने ने.सं. ४० को हस्तलिखित ग्रन्थमा आएको छ ।

कलाप्रति बढी झुकाव भएको सुन्दर शहर हुँदा यस शहरले ललितपुर भन्ने संज्ञा पाएको देखिएको छ । यस शहरको केन्द्रभागको ठेट नामको रूपमा अर्को नाउँ माणिग्वल पनि मध्यकालमा निकै प्रसिद्ध रह्यो । ललितपुरका स्वतन्त्र शासकहरूले गर्वसाथ लिने पदवीमा माणिगलाधिपतिको प्रमुखता रहेको छ । सो माणिग्वलको पहिलो उल्लेख यसै अभिलेखमा आएको छ । लिच्छवि राजा मानदेवले बनाउन लाएको प्रसिद्ध दरबार मानगृहको अपभ्रंश भई माणिग्वल, मनिगल, मङ्गल आदि रूप देखापरेका हुन् भन्ने अनुमान गरिएको छ । तर मानगृह दरबार ललितपुरमा रहेको देखापर्दैन, साथै मानगृहको अपभ्रंश भई माणिग्वल बनेको पनि होइन जस्तो लाग्छ । बस्तीविशेषलाई कहने ग्वल शब्दको उल्लेख लिच्छविकालका अभिलेखमा धेरै ठाउँमा आएको छ । उदाहरणार्थ यूग्वल, तेग्वल, गीग्वल आदि ग्वल जोडिएका तत्कालिक स्थानविशेषलाई औंल्याउन सकिन्छ । ग्वल यो शब्द

संस्कृत गृहको अपभ्रंश नभई किरातपरिवारको भाषाको ठेट शब्द हो जस्तो देखिन्छ । यही ग्वल शब्दसँग मणि शब्दको संयोगले माणिग्वल नामकरण भएको देखिन्छ । ललितपुरका अभिलेख, हस्तलिखित ग्रन्थ आदिमा यस भेकका देवता, ठाउँ आदिसँग मणि जोडिएको पाइन्छ । मणिकुमार, मणिनाग, मणिमण्डप आदिलाई यस कुराको उदाहरणका रूपमा देखाउन सकिन्छ । यस दृष्टिले माणिग्वलको खोजी गरे निश्चित निष्कर्ष निस्कने देखिन्छ ।

उमामहेश्वर (शिवपरिवार)

उमा-महेश्वरको रूपमा शिव र शक्तिको संयुक्त रूपमा उपासना गर्ने चलन लिच्छविकालमै चलिसकेको थियो । पशुपति वाग्मतीपारि मृगस्थली जाने बाटोमा रहेको लिच्छवि-अक्षरयुक्त सुन्दर उमामहेश्वरको मूर्तिले यस कुराको पुष्टि गर्छ । तर पछि मध्यकालको शुरूमा उमा र महेश्वरलाई मात्र महत्त्व नदिई शिवपरिवारलाई नै महत्त्व दिइन थाल्यो । अभिलेखयुक्त यसताकाका शिवपरिवारका मूर्तिहरूलाई नियालेर हेर्‍यौं भने हामी उक्त कुरा थाहा पाउन सक्छौं । पशुपतिको उमामहेश्वर मूर्तिमा महादेव र पार्वतीको मात्र विशेष चित्रण गरिएको छ, कुमार र गणेशको चित्रण त्यहाँ गरिएको छैन । मध्यकालको शुरूमा भने कुमार र गणेशले पनि स्थान पाउन थाले । महादेव, पार्वती, स्वामिकार्तिक (कुमार) र गणेश आफ्आफ्ना सिद्धान्तमा भिन्न रूपका छन् तापनि संयुक्त रूपमा मिलेर रहँदा एक सुखी आदर्शपरिवारको रूपमा देखापर्छन् भन्ने झल्काउने प्रयास मध्यकालमा गरिएको पाइन्छ । संयुक्त परिवारप्रथा यसताकाको समाजमा झन् बलियो हुँदै गइरहेको हुनाले त्यसको औचित्य सिद्ध गर्न पनि शिवपरिवारको यस रूपमा चित्रण गरिएको अनुमान हुन्छ । साथै संयुक्त रहने यस्तै भावनाले गर्दा तात्कालिक शासनव्यवस्थामा समेत द्वैराज्य पद्धतिले बढी स्थान पाएथ्यो ।

यो अभिलेख कुँदिएको ललितपुर घाँय्बुको शिवपरिवारको मूर्तिमा पनि उक्त कुराको अभिव्यक्ति राम्ररी भएको छ । एक सुखी आदर्श-परिवारको विभिन्न मुखमुद्रा चित्रण गर्न कलाकार सफल छन् । प्रसन्न मुद्रामा अँगालो मारेर सँगै बसेका शिवपार्वती, गणहरूका साथमा नाच्नामा व्यस्त गणेश, आफ्नै वाहन मयूरमाथि बसेका गम्भीर स्वामिकार्तिक आदिको चित्रण कलाकारले यस मूर्तिमा सफलतापूर्वक गरेका छन् । यसरी मध्यकालको शुरूको मूर्तिकलाको सुन्दर नमूना पनि यस मूर्तिले दर्शाइरहेको छ ।

लोकधारणा

यसताकाको समाजको अभीष्ट कुरा प्राय: दुइटा थिए भन्ने देखिएको छ । एक भुक्ति अर्थात् बाचुन्जेल आवश्यक चीज-बीजको सुखसाथ उपभोग गर्न पाउनु, अर्को मुक्ति अर्थात् मरेपछि अरू यातना भोग्नुनपर्ने गरी पुनर्जन्मबाट मुक्त हुनु । शिव, विष्णु आदि देवताको उपासनाले भुक्ति र मुक्ति पाउन सकिन्छ भन्ने लोकधारणा त्यस वेला रहेको देखिन्छ । यस अभिलेखमा र तल दिइएको अर्को अभिलेखमा त्यस्तै धारणा व्यक्त गरिएको पाइन्छ ।

आमा-बाबुप्रति मान्यता, गुरुप्रति भक्ति दर्शाउनु समाजमा सुखी रहन आवश्यक कुरा हो भन्ने धारणा पनि त्यस वेला थियो । यो सानो अभिलेखमा त्यसको पनि स्पष्ट उल्लेख परेको छ ।

विद्याको स्तरमा गिरावट

मध्यकालको शुरूमा विद्याको स्तर गिर्न लागेको थियो भन्ने सङ्केत यसताकाका अभिलेखले दिन्छन् । घाँय्बुको यस सानो अभिलेखमा अशुद्ध संस्कृतको प्रयोग भएको छ, कनीकनीकन अशुद्ध रूपमा पद्यरचना गरिएको छ । लिच्छविकालमा पनि जनताले राख्न लाएका अभिलेखमा केही अशुद्धि नपाइने होइन । तर त्यस वेला विद्याको स्तर उठेको देखापर्छ । अब त्यो अवस्था कायम हुन सकेको देखिँदैन ।

यसो हो तापनि यसताका पनि अनेक विषयको पठन-पाठन लुप्त भएकैचाहिँ होइन । यसताका लेखिएका अनेक विषयका हस्तलिखित ग्रन्थहरूले यस कुराको सम्झना हामीलाई दिलाउँछन् । साथै यसको एक शताब्दी जतिपछि (शिवदेव, आनन्ददेवहरूको पालामा) त एकचोटि फेरि विद्याको स्तरमा पनि उन्नति भएको हामी पाउँछौं । बाहिरबाट ठूलठूला विद्वान् पनि यहाँ आई रहन लागेका थिए । तात्कालिक अभिलेख, हस्तलिखित ग्रन्थ आदिबाट उक्त कुराको पुष्टि हुन्छ ।

गुणकामदेवको राज्यकाल र कृति

राजा गुणकामदेवले कति वर्ष शासन गरे भन्ने कुरा निश्चित रूपमा भन्न सकिएको छैन । गोपालराजवंशावली आदि वंशावलीका रचयिताहरूले यसताकाका राजाहरूको राज्यकाल आदिको चर्चा गरेको पाइन्छ तापनि तिनमा एक मत देखिँदैन, विभिन्न वंशावलीमा भिन्न भिन्न क्रम र समयको उल्लेख भएको पाइन्छ । अर्को कुरा वंशावलीहरूमा भोगवर्ष भनी कहीँ राज्यकाल दिइएको पाइन्छ, कहीँ जीवनकाल दिइएको पाइन्छ । यस कारण यस ताकाका राजाहरूको क्रम र समयको निर्धारणको लागि अभिलेख र हस्तलिखित ग्रन्थहरूकै भर पर्नुपर्छ । ने.सं. १०७ (वि.सं. १०४३) को गुणकामदेवको पालाको यो अभिलेख पाइएको हुनाले यस ताका गुणकामदेवले राज्य गरिरहेको कुरा निश्चित भएको छ । ने.सं. ११० (वि.सं. १०४६/१०४७) को गुणकामदेवको राज्यकालमा लेखिएको हस्तलिखित ग्रन्थ पाइएको हुनाले त्यस वेला पनि उनले राज्य गरिरहेको निश्चित भएको छ । *सुमतिपञ्जिका* भन्ने उक्त हस्तलिखित ग्रन्थमा गुणकामदेवको वर्णन गर्दा राज्ञा श्रीगुणकामदेवविभुना स्वस्यैकराज्ये कृते भनी एकराज्यमा जोड दिइएको हुँदा द्वैराज्य पद्धति यस ताका प्रचलनमा आइसकेको थियो, तर गुणकामदेवले चाहिँ एकच्छत्र नै राज्य चलाएको सङ्केत पाइन्छ ।

गुणकामदेवको राज्यकाल शान्तिपूर्ण र केही समृद्ध रहेको आभास पाइन्छ । यिनले गरेका निकै धर्मकर्मको वर्णन गोपालराजवंशावलीकारले गरेका छन् । पशुपतिनाथलाई यिनले एघाह्रवटा कोश चढाए, पशुपतिमै रहेका ईशानेश्वरको मन्दिरमा तामाको छाना हाले, सुनधाराको निर्माण गरे, कोटिहोम गरे आदि वर्णन

गोपालराजवंशावलीमा परेको छ । भाषावंशावलीमा गुणकामदेवले कान्तिपुर शहर बसाएको चर्चा परेको छ । यसो समय विचार गर्दा कान्तिपुर (काष्ठमण्डपपुरी) बसाउने ती गुणकामदेव यिनै हुन् भन्ने अनुमान हुन्छ । किनभने कान्तिपुर, काष्ठमण्डपपुरीको प्रामाणिक उल्लेख यसैताका भने जस्तै पाइन्छ । त्यसताकाको परिभाषाअनुसार शहरको एक प्रमुख अङ्ग मण्डप पनि हुन्थ्यो । मण्डप सभाभवनको रूपमा विशिष्ट अथवा डबलीको रूपमा साधारण पनि हुन्थ्यो । तर काष्ठमण्डप नेपाली पुरानो शैलीमा भव्य रूपमा बन्यो । यसो हुँदा यसै मण्डपको नाउँले शहर नै काष्ठमण्डप कहलाउन पुग्यो । तर गोपालराजवंशावलीकारले भने यस महत्त्वपूर्ण कुराको चर्चा नै गरेका छैनन् । यस कारण अरू प्रमाण नपाइएसम्म यस विषयमा निश्चित रूपमा केही भन्न सकिँदैन ।

सनदपत्ररूपका शिलालेखको अभाव

यस प्रसङ्गमा लिच्छविकालका र मध्यकालका अभिलेखमा एक महत्त्वपूर्ण अन्तरबारे पनि संक्षेपमा मात्र भए पनि चर्चा गर्नुपरेको छ । मध्यकालभन्दा अगाडिको युगका अर्थात् लिच्छविकालका दुइ सयभन्दा केही बढी शिलालेख प्राप्त भइसकेका छन् । तिनमध्ये निकै अभिलेख सनदपत्र रूपका छन् । लिच्छविकालमा शासकहरूले बाँधेका स्थितिबन्देजहरू तिनमा परेका छन् । त्यस वेलाका कति अभिलेख साहित्य दर्शन आदि दृष्टिकोणले पनि उल्लेखनीय छन् । यसो हुँदा लिच्छविकालका कुरा बुझ्न ती अभिलेखहरू ज्यादै उपयोगी रहेका छन् । तर यो अवस्था मध्यकालको शुरूमा रहेन । अब पहिले जस्ता सनदपत्ररूपका उपयोगी शिलापत्र प्राप्त हुन छोड्यो । मध्यकालको शुरूमा मात्र होइन, लिच्छविकालकै पछिल्ला केही शताब्दीमा पनि यो अवस्था रहेन । द्वितीय जयदेवको समयसम्म लिच्छविकाल गौरवपूर्ण रहेको थियो । स्वयं शासक नै विद्वान् तथा विद्याको कदर गर्ने रहेका हुँदा त्यस वेलासम्म विद्याको स्तर निकै उठेको थियो । यस कुराको स्पष्ट उदाहरण द्वितीय जयदेवको पशुपतिको शिलालेख नै रहेको छ । फेरि जयदेव एक असल कवि राजा मात्र थिएनन्, उनको राजनैतिक महत्त्वाकाङ्क्षा पनि निकै ठूलो रहेको थियो । यस कुराको पुष्टि उनले लिएको परचक्रकाम (अरूको मुलुक जित्न खोज्ने) भन्ने उपनामबाट हुन्छ । राज्य विस्तार गर्ने मनसुवा द्वितीय जयदेवको थियो भन्ने कुरा यस उपनामबाट थाहा पाइन्छ । यसरी यस वेलासम्म लिच्छवि राजाहरूको मनोबल पनि घटिसकेको थिएन, बरु उच्च नै थियो भन्ने सङ्केत पाइन्छ । तर जयदेवपछिको नेपालको इतिहास अकस्मात् कसरी अन्धकारमय हुन पुग्यो, त्यस वेलाका शासकहरूले जनताको हितका लागि स्थितिबन्देज बाँधी सनदपत्र रूपका शिलालेखहरू किन राख्न लाएनन्, त्यति उच्च स्तरमा पुगेको क्रियाकलाप एकदम कसरी सेलायो, यस्ता प्रश्न इतिहासकारहरूको लागि ज्यादै गम्भीर समस्याको रूपमा अगाडि तेर्सिएको छ ।

यसबीच जनताले राख्न लाएका केही अभिलेख नपाइएका होइनन् । तर ती पनि निकै कम छन् । पाइएका अभिलेखको स्तर पनि त्यति उठ्न सकेको छैन ।

यही अवस्था मध्यकालको शुरूसम्म अर्थात् नेपालसंवत्का शुरूका केही शताब्दीसम्म नै रह्यो ।

यस वेलाका आर्थिक अवस्था, सांस्कृतिक गतिविधि आदि कुराको अलि गहिरिएर अध्ययनमनन गर्‍यौं भने यस वेला नेपालको पतनचाहिँ भएको होइन भन्ने स्पष्ट रूपमा देखापरेको छ । भोटसँगको व्यापारसम्बन्ध, नेपाल-उपत्यकाका तीन प्रमुख शहर र आसपासका अरू साना शहरहरूको विकास, प्रशस्त संख्यामा ठूल्ठूला धातुका देवमूर्तिहरूको निर्माण आदि कुराले त्यस वेलाको आर्थिक अवस्था राम्रै थियो भन्ने कुराको पुष्टि गर्छन् । शैव र बौद्ध दुवै सम्प्रदायमा यसताका तन्त्रसिद्धान्तले प्रश्रय पाई जुन नयाँनयाँ आयाम थपिए, त्यसले गर्दा त्यस वेलाको समाजको गतिशीलतालाई औंल्याएको छ । यस युगमा विद्याको क्षेत्रमा पनि सर्वात्मना अवनति भएको थिएन, भोटमा समेत विद्याप्रसारमा नेपाली विद्वान्हरूले सघाउ पुऱ्याएको उदाहरण पाइने हुनाले यहाँ त्यस वेला विद्वान्हरूको अभाव थिएन भन्ने सङ्केत पाइन्छ । कति भने विद्याको स्तरमा मात्र कहिलेकहीँ गिरावट देखापर्दथ्यो । कलाको क्षेत्रमा पनि यस वेला प्रगति रोकिइसकेको थिएन । नेपाली कलाकारहरूको शिल्पकलाबाट प्रभावित भई विदेशमा समेत नेपाली कलाकारहरूको माग बढेको युग पनि यसैताकाको हो भन्न सकिन्छ । साथै यस वेलासम्म नेपालराज्य टुक्रिइसकेको थिएन, नेपालमण्डलभित्र अनेक विषय (जिल्ला)हरू सम्मिलित थिए । यसताका पनि केही प्रसिद्ध शासकहरू नभएका होइनन् । यसो हो तापनि मध्यकालका शुरूका शासकहरूले राख्न लाएको व्यवस्थाप्रधान सनद-शिलालेख एउटा पनि किन पाइएन, यो विचारणीय कुरा रहेको छ ।

यसमा अनेक कारण रहे होलान् । तर तिनमध्ये एउटा प्रमुख कारण अब व्यवस्थासम्बन्धी कुरा शिलालेखमा कुँद्न नलाएर ताम्रपत्रमा कुँदाउन लाउनु हो जस्तो हामीलाई लागेको छ । व्यवस्थासम्बन्धी कुरा ताम्रपत्रमा कुँदाउन लाउने चलन लिच्छविकालमा पनि चलिसकेको थियो । नरेन्द्रदेवको देउपाटन कसाईंटोलको अभिलेखमा पाञ्चाली(पञ्चायत)सम्बन्धी व्यवस्था ताम्रपत्रमा लेखिएको कुराको उल्लेख परेको छ । यो चलन लिच्छविकालको अन्त्यमा तथा मध्यकालको शुरूमा अझ बढी चलेको बुझिन्छ । यसरी अब शासकहरूले व्यवस्थासम्बन्धी कुरा शिलापत्रमा कुँदाउन छोडे, ताम्रपत्रमा कुँदाउन थाले । मध्यकालको उत्तरार्द्धमा प्रचलित चलनतिर दृष्टि दियौं भने यस कुराको आभास हामी सजिलैसँग पाउँछौं । यस वेला पनि स्थायी रूपमा रहोस् भनी चाहिएको कुरा ताम्रपत्रमा नै कुँदाइन्थ्यो । राजाहरूका परस्परमा भएका सन्धिहरू, जग्गासम्बन्धी कुराहरू, धार्मिक विधान, गुठीसम्बन्धी कुरा र यस्तै चिरस्थायी गर्न चाहिएका यावत् कुरा प्रायः ताम्रपत्रमै कुँदाइएको हामी पाउँछौं ।

व्यवस्थाहरू शिलापत्रमा कुँदाई राख्ने चलन यसको स्थायित्वले गर्दा नै चलेको हो । शिलापत्रहरूमा चिरस्थितये चास्य प्रसादस्य शिलापट्टकेन प्रसादः कृतः भनी यस कुराको स्पष्ट उल्लेख गरिएको पनि पाइन्छ । शिलापत्रमा भन्दा ताम्रपत्रमा अझ बढी स्थायित्व रहेको छ । यसो हुनाले पछि त्यतातिर झुकाव

बढ्यो । तर यसको परिणाम भने त्यति राम्रो निस्केन । ढुङ्गाको विशेष मूल्य नहुनाले शिलापत्रहरू त्यसै मासिएनन्, शिलापत्रमा कुँदाइएका कुरा कति साबुत रूपमा, कति अस्पष्ट र खण्डितै अवस्थामा भए पनि अहिलेसम्म पनि पाइए । तर तामा केही मूल्यवान् हुनाले ताम्रपत्रहरू प्रायः गालिन्थे । ऐतिहासिक ज्ञानको महत्त्वको कमीले गर्दा यसो भएको हो । यसका अनेक उदाहरण पाइन्छन् । जनताका घरमा रहेका ताम्रपत्रको त कुरै छाडौँ, प्रसिद्ध सार्वजनिक स्थलमा रहेका ताम्रपत्रहरू पनि गालिन्थे । प्रसिद्ध देवस्थलमा रहेका ताम्रपत्रहरूको समेत राम्ररी बचाउ हुन सकेको देखिँदैन । सात साल यता आएर ऐतिहासिक सामग्रीको महत्त्वको ज्ञान त बढ्यो । तर यही ज्ञान नै प्रकारान्तरले हाम्रा ऐतिहासिक ताम्रपत्रहरूको लोपको कारण पनि बन्यो । ताम्रपत्र यताउता लान सजिलो हुँदा प्रशस्त मात्रामा विदेशिन थाले । मल्ल राजाहरूले स्थितिबन्देज बाँधी राखेका अनेक ताम्रपत्रहरू ललितपुर-दरबारभित्र पहिले थिए । अब एकदुइटाबाहेक अरू त्यहाँका महत्त्वपूर्ण ताम्रपत्रहरू हराइसके । यही दशा अन्त पनि रह्यो ।

यति कुरा गर्नुको तात्पर्य मध्यकालका पूर्वार्द्धका शासकहरूले राख्न लाएका सनद-शिलापत्रहरू नपाइए पनि त्यस वेलाका ताम्रपत्रहरू भने पाइने सम्भावना अझै निकै छ भन्ने हो, त्यस्ता ताम्रपत्रहरूको खोजीतर्फ इतिहास-अन्वेषकहरूले विशेष ध्यान दिनुपरेको छ । यसो गर्न सके त्यस वेलाको अन्धकारपूर्ण मानिएको युगमा निकै प्रकाश पर्ने देखिन्छ ।

२ सङ्ख्या



[३ सङ्ख्या]

काठमाडौँ जैसीदेवलको अभिलेख

काठमाडौँ जैसीदेवलनगीचै रहेको मञ्जुश्रीको मूर्तिको पादपीठमा यो अभिलेख कुँदिएको छ। यसको धेरै भाग टुटेको छ।

यो अभिलेख सर्वप्रथम डिल्लीरमण रेग्मीद्वारा *मेडिईभल् नेपाल्* तेस्रो भागको २ पृष्ठमा प्रकाशित भएको हो।

मूलपाठ

१. ... ज्येष्ठपूर्णमास्याम् ... ल ... देव ...
२. ... वासिना स्थपति ... के
३. पितोरात्मनश्च पुण्याभिवृद्धये सर्व्वजनाञ्च ...
४. ... भगवच्छ्रीमञ्जुनाथभट्टारकोयम्प्रतिष्ठा कृतेति ॥

[४ सङ्ख्या]

विष्णुको कोशको ने.सं. १२४ को अभिलेख

गरुडध्वज विष्णुको धातुको कोश (कवचविशेष) को पादपीठमा यो अभिलेख कुँदिएको छ। प्रतापादित्य पालद्वारा *आर्चिभ्स् अफ् एशियन् आर्ट्स्* २५ वर्षको ५८ पृष्ठमा न्यूयोर्कका ज्याक र मुरियल जिमर्म्यानको सङ्ग्रहमा रहेको यस अभिलेखको चित्र प्रकाशमा आएको छ। *नुवाकोटको ऐतिहासिक रूपरेखा*को २० पृष्ठमा धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठद्वारा यसको केही भाग सर्वप्रथम छापिएको हो। पछि *कन्ट्रिब्युशन्ज् टु नेप्लिज् स्टडिज्* ५ वर्ष १ अङ्कको १०९ पृष्ठमा अधिकांश भाग अनुवादसहित धनवज्र वज्राचार्यद्वारा छापिएको छ। यहाँ ने.सं. १२४ छ।

मूलपाठ

१. ॐ सम्वत्सरे शततमे चतुर्व्विंशतिका(धिके) चैताख्यासितद्वादश्यां शशिपुत्रदिने

२. शुभे ॥ श्रीमहोदयदेवस्य राज्ये नेपालमण्डले । श्रीजिग्लोद्गमविषये विद्व-

३. त्साधुजनान्विते ॥ कोशं प्रदद्याद् गरुडध्वजाय श्रद्धान्वितः श्रीलृपनामधे-

४. य । अनेन पुण्येन भवन्तु लोका भुक्तित्वमुक्तित्वफलैः समेताः ॥ ० ॥

अनुवाद

ॐ। ने.सं. १२४ (वि.सं. १०६१) चैत्रकृष्णद्वादशी बुधवारको शुभ दिनमा ठूला श्रीउदयदेवको राज्यमा नेपालमण्डलमा विद्वान्हरू र असल मानिसहरू भएको श्रीजिग्लोद्गम भन्ने विषय (जिल्ला)मा श्रद्धालु श्रीलृपले गरुडध्वज विष्णुलाई कोश चढाए। यस पुण्यले गर्दा संसारले भुक्ति र मुक्तिको फल पाउन्।

व्याख्या

यसताकाका राजाहरूको शासन-समय र क्रम ठीकसँग थाहा पाउन सकिएको छैन। विभिन्न वंशावलीमा राजाहरूको राज्यकाल र क्रम प्रायः विभिन्न दिइएको पाइन्छ। यस कारण यसताकाका राजाहरूबारे थाहा पाउन अभिलेख र हस्तलिखित ग्रन्थकै भर पर्नुपरेको छ भन्ने कुराको चर्चा माथि पनि गरिसकिएको छ। गुणकामदेवको शासनकाल कतिसम्म रह्यो, सो निश्चित हुन सकेको छैन। गोपालराजवंशावली आदिमा दिइएको वर्ष ८५ मास ६, उनको राज्यकाल नभई जीवनकाल हो भन्ने देखिएको छ। किनभने गोपालराजवंशावली आदिमा समय तोक्दा कहीँ राज्यकाल, कहीँ जीवनकाल पनि दिने गरेको पाइन्छ।

द्वैराज्यशासन (संयुक्त शासन)

ने.सं. ११९ मा सारिएको *अष्टसाहस्रिका प्रज्ञापारमिता* भन्ने हस्तलिखित ग्रन्थको पुष्पिकावाक्यबाट त्यस वेला नरेन्द्रदेव र उदयदेवको द्वैराज्य (संयुक्तशासन) चलिरहेको थियो भन्ने थाहा पाइन्छ । यस कारण अब अगाडि बढ्नुभन्दा पहिले द्वैराज्य शासनपद्धतिबारे केही विचार गर्नुपरेको छ ।

प्राचीनकालदेखि प्रचलित अनेक किसिमका शासनपद्धतिमध्ये द्वैराज्य शासनपद्धति पनि एक हो । एकराजतन्त्र पद्धतिमा गद्दीको हकदार एकजना मात्र हुन्छ, शासनाधिकार एक जनामा मात्र केन्द्रित रहन्छ । द्वैराज्य पद्धतिमा गद्दीका हकदार दुइजना वा दुइजनाभन्दा बढी पनि हुन सक्छन् । अर्थात् एक किसिमको संयुक्तशासन पद्धति यो हो । द्वैराज्य पद्धतिमा बाबुछोराको संयुक्त शासन पनि चल्न सक्दथ्यो, दाजु भाइहरूको संयुक्त शासन पनि चल्न सक्दथ्यो । दुइजनाको संयुक्त शासन चल्दा कहिलेकहीँ आधाआधा इलाका छुट्ट्याइएको हुन्थ्यो तापनि राज्य दुइ टुक्रा पारिएकोचाहिँ हुँदैनथ्यो । दुइ राज्यका रूपमा भिन्नाभिन्नै नामकरण हुँदैनथ्यो, राज्य एकै मानिन्थ्यो, शासन मात्र दुइ जनाको चल्दथ्यो । द्वैराज्य शासनमा प्रायः इलाका छुट्ट्याउने काम पनि हुँदैनथ्यो, संयुक्त रूपमै दुइ वा दुइभन्दा बढी शासकहरू घोषित गरिन्थे ।

द्वैराज्य पद्धतिको कहीँ राम्रो नतीजा निस्केको र कहीँ नराम्रो नतीजा निस्केको हुनाले यस पद्धतिबारे पुराना शास्त्रकारहरूमा मतभेद रहेको छ । यसो हुनाले आचार्य कौटल्यले यस विषयको विचार आफ्नो कौटलीय अर्थशास्त्रको व्यसनाधिकरणमा गरेका छन् । द्वैराज्यपद्धतिमा प्रायः शासकवर्गमध्ये आफूआफूमै संघर्ष हुने हुनाले यसको नाश हुने गर्दछ, यस कारण वैराज्यभन्दा द्वैराज्यपद्धति खराब छ भन्ने भावको कुरा केही पूर्वाचार्यहरूले व्यक्त गरेका छन् । तर आचार्य कौटल्यले वैराज्यभन्दा त बरु द्वैराज्य पद्धति नै असल हुन्छ, किनभने यसमा राज्य बाबुछोरा, दाजुभाइहरूको साझा हुने हुनाले अमात्यहरूले मनपरी गर्न पाउँदैनन् भन्ने भावको आशय व्यक्त गरेका छन् । जे होस्, व्यसनाधिकरणमा राजराज्ययोर्व्यसनचिन्ताप्रकरणमा आएर यस विषयमा विचार गरिएको हुनाले द्वैराज्य शासनपद्धतिबाट राज्यमा खराब आइपर्न सक्छ, वैराज्यपद्धतिभन्दा मात्र यो पद्धति केही असल हो भन्ने विचार कौटल्यको पनि रहेको स्पष्ट छ ।

लिच्छविकालमा नेपालमा द्वैराज्य पद्धति चलेको देखिएको छैन । लिच्छविकालको उठानमा कस्तो शासनव्यवस्था चलेको थियो भन्ने कुरा सामग्रीको अभावले गर्दा थाहा पाउन सकिएको छैन । तर जब केही प्रामाणिक इतिहास पत्ता लाग्छ, त्यस वेला राजक्रम वंशानुगत भएको हामी पाउँछौँ । अर्थात् त्यस वेला प्रायः बाबुपछि छोरा गद्दीमा बस्ने एकराज पद्धति नै कायम भएको देखिएको छ । बरु लिच्छवि राजा गद्दीमा रहे तापनि शासनाधिकार लिच्छविभन्दा भिन्न अर्कै वंशका व्यक्तिको हातमा पुगेको उदाहरण भने लिच्छविकालमा पाइन्छ । साथै क्रमशः शासनाधिकार हात लाउँदै गई लिच्छवि राजासँगै अरू गुप्त आदि संयुक्त राजा हुन पुगेको उदाहरण पनि लिच्छविकालमा पाइन्छ । तर लिच्छवि राजवंशजहरूकै मध्येमा बाबुछोरा वा दाजुभाइहरूको द्वैराज्य रूपको संयुक्त शासन

चलेको उदाहरण भने लिच्छविकालमा पाइएको छैन । मध्यकालको शुरूदेखि भने नेपालमा द्वैराज्य शासन बराबर कायम भएको हामी पाउँछौँ । यस पद्धतिले पूरै मध्यकालको राजनीतिलाई प्रभावित पारेको देखापरेको छ । यस कुराको पुष्टिको लागि उदाहरणका रूपमा तात्कालिक केही घटनालाई औँल्याउनु परेको छ ।

ने.सं. ११९ (वि.सं. १०५५) मा सारिएको *अष्टसाहस्रिका प्रज्ञापारमिता* भन्ने हस्तलिखित ग्रन्थको पुष्पिकावाक्यबाट त्यस वेला राजा नरेन्द्रदेव र उदयदेवको संयुक्त शासन अर्थात् द्वैराज्य चलिरहेको थियो भन्ने थाहा पाइन्छ । यी नरेन्द्रदेव र उदयदेवमा के नाता पर्दथ्यो भन्ने दर्शाउने प्रमाण पाउन सकिएको छैन । शायद यी दुई दाजुभाइ हुन् । जेहोस्, यी दुईको संयुक्त राज्य चलेको थियो भन्ने कुराचाहिँ उपर्युक्त ग्रन्थमा उल्लिखित संवत् ११९ मार्गशिरशुक्लदिवापूर्णमास्यां ... महाराजाधिराजपरमेश्वरश्रीनरेन्द्रदेवभट्टारकस्य श्रीउदयदेवयो भट्टारकयो उभयराज्ये लिखितम् यस पुष्पिकावाक्यबाट थाहा पाइन्छ । यहाँ प्रयुक्त उभयराज्य शब्दले द्वैराज्यलाई नै लक्ष्य गरेको हो भन्ने कुरामा शंका छैन । मध्यकालको उत्तरार्धसम्म पनि दुई जनाको संयुक्त राज्यलाई उभयराज्य भनिन्थ्यो । यसैगरी उभय शब्दकै अनुकृतिमा तीनजनाको संयुक्त शासनलाई त्रिय, चारजनाको संयुक्त शासनलाई चवभय तथा पाँच जनाको संयुक्त शासनलाई पञ्चभय भन्ने शब्दहरूको समेत प्रचलन भएथ्यो ।

यसको लगत्तैपछि ने.सं. १२८ (वि.सं. १०६४) को अर्को हस्तलिखित ग्रन्थबाट त्यस वेला निर्भयदेव र रुद्रदेवको संयुक्त शासन चलिरहेको पाइन्छ । त्यस हस्तलिखित ग्रन्थमा सो संयुक्त शासनलाई स्पष्ट रूपमा द्विराज्य शब्दद्वारा नै व्यक्त गरिएको छ । विचारार्थ त्यसको एक अंश यहाँ उद्धृत गर्नुपरेको छ -

अब्दे सते साष्टकविंशयुते
मासे शुभे फाल्गुणाशुक्लपक्षे । ...
श्रीनिर्भयस्य नृपतेः सुरसन्निभस्य
श्रीरुद्रदेववसुधाधिपतेश्च रम्ये ।
एवं द्विराज्यकमतोद्यतपात्रवर्गे ॥ ..."

यसको लगत्तैपछि भोजदेव अगाडि देखापर्छन् र रुद्रदेव र भोजदेवको द्वैराज्य चल्दछ । ललितपुर गचाननीको ने.सं. १३२ (वि.सं. १०६९) को अभिलेखबाट रुद्रदेव र भोजदेव काका भतिजा हुन् भन्ने थाहा पाइन्छ । अमावास्यामा चन्द्र र सूर्यसँगै रहेजस्तै काका भतिजा सँगै रही शासन गरिरहेका छन् भन्ने वर्णन पनि सो अभिलेखमा परेको छ ।

यसको केही कालपछि रुद्रदेव भोजदेवको साथै लक्ष्मीकामदेव पनि यस संयुक्त शासनमा सम्मिलित हुन्छन् । यो कुरा ने.सं. १३५ (वि.सं. १०७६) मा लेखिएको एक हस्तलिखित ग्रन्थबाट थाहा पाइन्छ । त्यसको एक अंश यस प्रकारको छ-

पञ्चत्रिंशाधिकेब्दे शततमप्रशते चैत्रमासे हिमाभे ॥
विख्यातेऽस्मिन् दशम्यान्दितिजरिपुगुरोर्वाशरे संप्रसस्ते ।
राज्ञि श्रीभोजदेवेऽप्यमितगुणगणालब्दश्रीरुद्रदेवे ॥
श्रीलक्ष्मीकामदेवैररिगजकुलिशैरर्धराज्येऽपभुक्ते ॥"

यी केही उदाहरणबाट मध्यकालको शुरूतिर नेपालको शासनमा द्वैराज्य पद्धतिले स्थान पाएको थियो भन्ने सिद्ध हुन्छ । यसरी संयुक्त शासन चलेको थियो तापनि प्राय: गरी यिनीहरूमा अधिकार-विभाजन आदि भने भएको हामी पाउँदैनौं । यसो हुँदा यिनमा जो बाठा हुन्थे, तिनले अरूलाई अँठ्याई शासनाधिकार एकलौटी पार्ने चेष्टा गर्दथे । यसबाट परस्परमा कहिलेकहीँ संघर्ष पनि हुन्थ्यो । यसरी यो चलनले केन्द्रको शासनमा क्रमश: कमजोरी ल्याउन थाल्यो ।

यसको केही कालपछि द्वैराज्यपद्धतिमा देखापरेको संघर्ष टाल्ने अर्को नयाँ प्रयोग भएको हामी पाउँछौं । विक्रमको बाह्रौं शताब्दीको उत्तरार्धमा केन्द्रको शासन एकचोटि फेरि केही मजबूत भयो । शिवदेव जस्ता योग्य शासक त्यस वेला पैदा भए । उनले आर्थिक उन्नतितिर पनि दृष्टि दिए, विद्वान्हरूलाई पनि प्रश्रय दिए, साथै शासनव्यवस्थामा सुधार गर्ने चेष्टा पनि गरेको बुझिन्छ । दाजुभाइहरूको संयुक्तशासन खडा गर्नु सट्टा दाजुपछि भाइ नै विधिवत् उत्तराधिकारीका रूपमा गद्दीमा बस्ने प्रथा त्यस वेला प्रचलनमा ल्याइयो । त्यसअनुसार आनन्ददेव, रुद्रदेव, अमृतदेवहरूले क्रमश: शासन गरे । यो प्रथा धेरै कालसम्म प्रचलनमा आउन नपाउँदै अर्को राजवंश शक्तिमा आयो । त्यो हो मल्लवंश । यस वंशका अरि मल्ल, अभय मल्लहरूले बाबुपछि छोरा गद्दीमा बस्ने क्रम नै चलाए । तर यसको लगत्तैपछि पुरानो देव कहलाएको राजवंश र मल्लराजवंशमध्ये एकान्तर रूपमा गद्दीमा बस्ने विचित्र शासनपद्धति अस्तित्वमा आयो । यस पद्धतिअनुसार एक राजवंशका व्यक्ति गद्दीमा बसेका छन् भने अर्को राजवंशका व्यक्ति युवराज घोषित गरिन्थे । जस्तै जयभीमदेव राजा गद्दीमा बसेको वेला उनका छोरा युवराज घोषित गरिएका थिएनन्, अर्को वंशका जयसिंह मल्ल युवराज घोषित गरिएका थिए । दुइ राजवंशमा एकान्तर रूपमा गद्दीमा बस्ने यस पद्धतिले त पछि केन्द्रमा खुला संघर्षलाई नै निम्त्यायो । यसमा बाहिरका खसराज्य र तिरहुतराज्यले समेत हस्तक्षेप गर्न थालेपछि केही काल केन्द्रको शासन एकदम कमजोर बनेथ्यो ।

यसै बीच स्थितिराज मल्लको उदय भएपछि नयाँ मोड आयो. दुइ राजकुलको खिचातानीको राजनीतिको अन्त्य भयो । तर राजल्लदेवीका पतिका हैसियतले स्थितिराज मल्लको उदय भएको हुनाले नयाँ ढङ्गको शासनपद्धति खडा गर्न स्थितिराज मल्ल समर्थ भएनन् । उनीपछि द्वैराज्य अर्थात् संयुक्त शासनपद्धति नै फेरि स्पष्ट रूपमा अस्तित्वमा आयो, उनीपछि उनका धर्म मल्ल, ज्योतिर् मल्ल, कीर्ति मल्ल तीनै छोराहरू राजा घोषित गरिए । पछि बाठा ज्योतिर् मल्लले एकलौटी शासन कायम गरे । ज्योतिर् मल्लपछि उनका दुइ छोरा यक्ष मल्ल र जीव मल्लको संयुक्त शासन खडा भयो । यो द्वैराज्य आमा संसारदेवी जीवित छउन्जेल चल्यो । त्यसपछि यक्ष मल्लले एकलौटी शासन गरे । यक्ष मल्लपछि उनका छोराहरूको संयुक्त शासन चल्यो । यहाँनिर अलिकता विशिष्टता देखापऱ्यो । यक्ष मल्लले छोरीका छोरालाई पनि आफ्ना छोरासरह स्थान दिलाउने व्यवस्था गरेका हुनाले दौहित्र भीम मल्ल पनि छोरा राय मल्ल र रत्न

मल्लहरूसरह संयुक्त शासक घोषित गरिए । तर संयुक्त शासनले सन्तुष्ट नभई आफ्नोआफ्नो बेग्लै स्वतन्त्र राज्य खडा गर्ने दाउपेच रत्न मल्लहरूले खेलेका हुनाले त्यस वेला भक्तपुर, कान्तिपुर, ललितपुर तीन स्वतन्त्र राज्यका रूपमा देखापरे ।

यी तीन राज्य खडा भएपछि यी तीनै राज्यमा पनि संयुक्त शासनपद्धति कायम भएको हामी पाउँछौँ । यसले मल्लराजपरिवारमा संघर्ष पनि निकै गरायो । भक्तपुर राज्यलाई प्राण मल्लले अँठ्याएपछि उनका काका वीर मल्ल, दाजु जित मल्लहरूले जुन विरोधी दल खडा गरे तथा ने.सं. ६६८ (वि.सं. १६०५) को पशुपतिको प्रसिद्ध सन्धि गरे, त्यसले गर्दा ललितपुर, दोलखा आदि धेरै प्रदेश मल्ल राजाहरूको आधिपत्यबाट मुक्त भई स्वतन्त्र बने । यस प्रसङ्गमा एउटा कुरा उल्लेखनीय रहेको छ । मल्ल राजाहरूको संयुक्त शासनबाट भएको संघर्षबाट लाभ उठाई दोलखा, ललितपुर आदि स्वतन्त्र भएथे । तर दोलखा, ललितपुर आदिका शासकहरूले यस कुराबाट शिक्षा भने लिएनन् । उनीहरूले पनि संयुक्त शासनलाई नै रोजे । दोलखामा इन्द्रसिंहदेव आदि पाँच जना दाजु भाइहरूको संयुक्त शासन खडा भयो । पछि त दोलखामा काका, भतिजा, भानिज आदि सात जनासम्मको संयुक्त शासन चल्यो । तर यसले दोलखाको शासनमा कमजोरी ल्यायो । महापात्र विष्णुसिंहले निकै कष्ट गरी ललितपुरमा आफ्नो एकलौटी शासन खडा गरेथे । तर उनीपछि उनका तीनजना छोराहरूको संयुक्त शासन ललितपुरमा खडा भयो । यी तीन दाजु भाइहरूमा विशेष गरेर पुरन्दरसिंह र उद्धवसिंहमा संघर्ष भयो । जसले गर्दा ललितपुरलाई कमजोर तुल्यायो । मल्ल राजाहरूले यस्ता संघर्षलाई रोक्ने प्रयास नगरेका होइनन्, तर निकै अघिदेखि जरो गडेर रहेको द्वैराज्य अर्थात् संयुक्त शासनपद्धतिको भावनाले जकडिरहेको हुनाले मल्लकालको अन्तिम समयसम्म पनि यस पद्धतिलाई त्याग्ने विचारधारा प्रबल हुन सकेन । कान्तिपुरका अन्तिम मल्ल राजा जयप्रकाश मल्ललाई कमजोर बनाउने तत्त्वमध्ये उनका भाइहरूको संयुक्त शासन कायम गर्ने प्रयास पनि एक थियो । मल्ल राजाहरूलाई मात्र होइन, श्री ५ पृथ्वीनारायण शाहलाई समेत यस पद्धतिले पीछा गर्न छोडेको थिएन । कान्तिपुर विजयपछि पृथ्वीनारायण शाहका भाइहरूले संयुक्त शासन खडा गर्ने जुन इच्छा व्यक्त गरेथे, त्यसमा उही पुरानो द्वैराज्यपद्धतिको भावनाले काम गरेको देखिन्छ । तर दूरदर्शी पृथ्वीनारायण शाहले यो कुरा मञ्जुर नगर्दा उनका चारै भाइहरू विद्रोही बने । यस अवस्थालाई सह्माल्न पृथ्वीनारायण शाहलाई निकै अप्ठ्यारो पर्‍यो । दोलखाभेकको अम्बल भाइ दलजित् शाहलाई सुम्पेको घटनाले पृथ्वीनारायण शाहले समेत यस पद्धतिलाई सर्वात्मना तोड्न सकेनन् भन्ने दर्शाएको छ । जे होस्, पछि पृथ्वीनारायण शाह यस पद्धतिलाई तोड्न सफल भए ।

माथि उल्लिखित संक्षिप्त वर्णनबाट पूरै मध्यकाललाई द्वैराज्य शासन पद्धतिले प्रभावित पारेको स्पष्ट थाहा पाइन्छ । द्वैराज्य पद्धतिले त्यसताका यसरी जरो गाडेर रहनामा त्यस वेलाको सामाजिक धारणा पनि प्रमुख कारण बनेको देखिएको छ । देवमन्दिर गूठी आदिको सञ्चालन र अरू धेरै सामाजिक क्रियाकलापहरू त्यसताका मिलेर संयुक्त रूपमा चलाउने परम्परा कायम भएको थियो । यसो हुँदा

राजगद्दीमा बस्ने कुरामा समेत द्वैराज्य पद्धतिले प्रश्रय पायो, एकराज्य पद्धति त्यति प्रबल हुन सकेन । आचार्य कौटल्यले भने जस्तै साझा भावना हुँदा कहिलेकहीं यस पद्धतिले केही राम्रो नतिजा पनि निकाल्यो तापनि प्राय: दाजुभाइहरूमा संघर्षको वातावरण नै यस पद्धतिले बढी खडा गऱ्यो र मध्यकालको राजनैतिक अवस्थालाई कमजोर तुल्यायो । यसो भए तापनि कैयौं शताब्दीसम्म यस शासनपद्धतिले जरो गाडेको देख्दा यस पद्धतिको गुणपक्षबारे पनि खोजी गर्नुपरेको छ । यो पद्धति मल्ल राजाहरूमा मात्र होइन, पश्चिमका खस राजाहरूमा र मध्यकालका सेन आदि राजाहरूमा पनि केही अंशमा देखापरेको छ । तर बुद्धि पुऱ्याएर दूरदर्शी राजनीतिज्ञ पृथ्वीनारायण शाहले भने यस पद्धतिलाई तोडेर मध्यकालको राजनीतिलाई नयाँ मोड दिए ।

नेपालमण्डल

राजा उदयदेवको राज्यकालमा नेपालमण्डलअन्तर्गतको जिग्लोद्गमविषयमा गरुडध्वज विष्णुलाई कोश चढाई यो अभिलेख कुँद्न लाइएको हो । यस कारण उक्त कुरा बुझ्न नेपालमण्डल र तदन्तर्गतका विषय (जिल्ला)हरूको संक्षिप्त चर्चा अब गर्नुपरेको छ ।

मध्यकालको शुरूदेखि नै नेपालराज्य काठमाडौँउपत्यका र आसपासका क्षेत्रमा मात्र सीमित थियो भन्ने पूर्वधारणा नेपालको इतिहासमा काम गर्ने कतिपय स्वदेशी तथा विदेशी विद्वान्हरूमा रहेको पाइन्छ । यसले गर्दा मध्यकालको इतिहासमा अनुसन्धान गर्ने विद्वान्हरूले काठमाडौं-उपत्यकाबाहिर गई अनुसन्धान गर्नुपर्ने महसूस त्यति नगरेको बुझिन्छ । तर मध्यकालको शुरूका केही शताब्दीसम्म यो राज्य काठमाडौँउपत्यका र आसपासका क्षेत्रमा मात्र सीमित थिएन, नेपालमण्डलअन्तर्गत अनेक विषय (जिल्ला)हरू त्यस वेला थिए । तात्कालिक अभिलेख, हस्तलिखित ग्रन्थ आदि सामग्रीबाट उक्त कुरा स्पष्ट रूपमा थाहा पाइन्छ ।

त्यसताका केन्द्रबाट सोझै शासन गरिने प्रदेश र सामन्तद्वारा शासन गरिने प्रदेश गरी नेपालराज्य मुख्य रूपमा दुइ भागमा विभक्त थियो । नेपालमण्डल शब्दले उक्त दुवै भागलाई बुझाउँथ्यो । आजकाल प्रचलित राष्ट्र शब्दको पर्यायको रूपमा त्यस वेला मण्डल शब्द प्रचलित थियो । नेपालमण्डल शब्दको प्रयोग लिच्छविकालमै भइसकेको थियो तापनि मध्यकालमा यो शब्द अझै बढ्ता प्रचलित रह्यो । मध्यकालमा केन्द्रमा सैनिक शक्तिको कमी रहेको हुँदा सामन्तद्वारा शासन गरिएका प्रदेशको महत्त्व पहिलेभन्दा बढी रह्यो । यस कारण नेपालमण्डलभरि प्रभाव कायम रहनु मध्यकालका शासकहरूको दृष्टिमा गौरवको कुरा रहेको थियो । अर्को कुरा नेपालमण्डल शब्दको प्रयोग राजधानीका बासिन्दाभन्दा बाहिरका प्रदेशका बासिन्दाहरू बढी गर्दथे । उनीहरूले आफ्नो परिचय दिनुपर्दा नेपालमण्डलको चर्चा पहिले गरी अनि आफ्नो विषय (जिल्ला)को चर्चा गर्दथे ।

प्रशासन चलाउन सुविधा होस् भनी राज्यलाई अनेक विषय (जिल्ला)मा विभक्त गर्ने चलन प्राचीनकालदेखि थियो । यस्ता विषयको प्रशासन चलाउन

विषयपति नियुक्त गरिन्थे । मध्यकालको शुरूशुरूसम्म नेपालमण्डभित्र अनेक विषयहरू कायम थिए । त्यहाँ विषयपतिहरू पनि रहन्थे । तर तिनको रूप भने निकै बदलिसकेको थियो । अब विषयपतिहरू प्राय: गरी पुस्तैनी अधिकार पाएका महासामन्तरूपका हुन थालेथे । यसरी अधिका विषय (जिल्ला)हरू क्रमश: सामन्त राज्यका रूपमा परिणत हुँदै थिए । पाठकहरूलाई यस विषयमा विचार गर्न सजिलो होस् भनी तात्कालिक अभिलेख, हस्तलिखित ग्रन्थ आदि ऐतिहासिक सामग्रीहरूमा देखापरेका त्यस्ता विषयहरूको बारेमा यहाँ केही चर्चा गर्नुपरेको छ ।

गण्डीगुल्मविषय– सर्वप्रथम यसको उल्लेख ने.सं. ११९ (वि.सं. १०५५) को एक हस्तलिखित ग्रन्थमा आएको छ । गण्डीगुल्ममा बस्ने सुवर्णकार (सुनारको काम गर्ने) राना (मगर)ले सारेको उक्त ग्रन्थमा श्रीगण्डीगुल्मकनिवासिन सुवर्णकारश्रीराणकस्य... भन्ने उल्लेख परेको छ । नरेन्द्रदेव र उदयदेवको द्वैराज्यकालमा सो लेखिएको हो भन्ने पनि त्यसमा चर्चा परेको छ । त्यसमा गण्डीगुल्मलाई विषय भनिएको छैन । तर यसभन्दा अलिपछिको ने.सं.२१३ को राजा हर्षदेवको राज्यकालमा सारिएको अर्को हस्तलिखित ग्रन्थमा श्रीगण्डीगुल्मविषये कुलपुत्रकायस्थश्रीजीववरसिंहस्य पुस्तकम् भनी स्पष्ट रूपमा गण्डीगुल्मलाई विषय भनिएको छ । यसभन्दा अलिपछि सारिएको अर्को हस्तलिखित ग्रन्थबाट यस भेकमा कुनै बौद्धविहार पनि थियो भन्ने थाहा पाइन्छ । यहाँ सारिएका उक्त तीनै हस्तलिखित ग्रन्थ *अष्टसाहस्रिका प्रज्ञापारमिता* हुनाले पनि यसताका यस भेकमा बौद्धधर्म फैलिएको सङ्केत पाइन्छ । उक्त तीन ग्रन्थमध्ये दुइटा भोटको शक्यामठमा पुगेको हुनाले भोटसँग पनि यस प्रदेशको सम्बन्ध रहेको सङ्केत पाइन्छ ।

लुछ्यान्हो पेतेकले गण्डीगुल्म ललितपुरभेकमा कतै पर्दथ्यो होला भन्ने अनुमान गर्नुभएको छ । यसरी यस विषयमा बढी खोजखबर गर्नुपर्ने त्यतिको आवश्यकता ठानिएन । तर गण्डीगुल्म ललितपुरभेकमै भएको भए यस प्रदेशलाई विषय (जिल्ला) भन्नुपर्ने आवश्यकता थिएन । यो विचारणीय कुरा छ । ललितपुरभेकमा सारिएका कुनै ग्रन्थमा पनि विषयको उल्लेख आएको छैन । यस कारण गण्डीगुल्म ललितपुरभेकमा होइन, उपत्यकाबाहिर पश्चिम वा पूर्वपट्टि रहेको विषय हो भनी सहजै अनुमान गर्न सकिन्छ ।

गण्डकी नदीलाई गण्डी मात्र भन्ने चलन पनि थियो । वास्तवमा मूल शब्द त गण्डी नै हो । त्यसलाई संस्कृतीकरण गरिएपछि मात्र गण्डकी शब्द बनेको हो । यस कारण गण्डीगुल्मविषय गण्डकी नदीकै नजीकै रहेको प्रदेश होला भनी अनुमान गर्न गाह्रो छैन । पहिले यस भेकमा कुनै मजबूत गुल्म (सुरक्षाचौकी) रहेको थियो, त्यही विकसित भएपछि विषयको रूपमा परिवर्तित भएको देखिन्छ । यस आधारमा विचार गर्दा गण्डीगुल्मविषयको सम्झना वर्तमान गुल्मीभेकले दिलाइरहेको छ भन्ने मलाई लाग्छ । यस कुराको प्रकारान्तरले केही पुष्टि यसै ताका लेखिएको हस्तलिखित ग्रन्थमा लमजुङ्गु प्रदेशको उल्लेख पाइनाले हुन्छ, ने.सं. १८९ मा राजा शङ्करदेवको पालामा लमजुङमा बस्ने गङ्गा राना (मगर) ले सो

ग्रन्थ सारेका हुन् । गु यो डाँडोलाई बुझाउने शब्द हुनाले लमजुङ्गु वर्तमान लमजुङभेक नै हो भन्ने कुरामा शङ्का छैन । भोटसँगको व्यापारसम्बन्धले गर्दा कालीगण्डकीका आसपासका हिमालभेकदेखि पाल्पाभेकसम्मकै प्रदेशमा अनेक बस्ती यसताका निकै विकसित भएथे ।

जबसम्म पश्चिम कर्णालीप्रदेशमा खसराज्यको स्थापना भएको थिएन तथा यस राज्यले गण्डकीप्रदेशमा समेत आफ्नो प्रभाव फैलाएको थिएन, त्यस वेलासम्म केन्द्रका (नेपाल उपत्यकाका) शासकहरूको आधिपत्य यस भेकमा कायम थियो । यस प्रसङ्गमा यो पनि विचारणीय छ ।

जिग्लोद्‌गमविषय– ने.सं. १२४ (वि.सं. १०६१) को अभिलेखमा जिग्लोद्‌गमविषयको उल्लेख आएको छ । राजा उदयदेवले नेपालमण्डलमा राज्य गरिरहेको वेलामा जिग्लोद्‌गमविषयका एक श्रद्धालु व्यक्तिले विष्णुलाई कोश चढाएको कुरा यस अभिलेखमा परेको छ । यसबाट विक्रमको एघारौँ शताब्दीमा नेपालमण्डलअन्तर्गत जिग्लोद्‌गम भन्ने विषयको अस्तित्व रहेको कुराको पुष्टि हुन्छ । जिग्लोद्‌गम विषयको वर्णन गर्दा श्रीजिग्लोद्‌गमविषये विद्वत्साधुजनान्विते भनी यस अभिलेखमा लेखिएको हुनाले यो विषय (जिल्ला) विकसित बस्ती थियो, त्यहाँ विद्वान्‌हरूको बसोबास थियो भन्ने थाहा पाइन्छ । साथै गरुडध्वज विष्णुलाई चढाइएको सो कोश निकै कलात्मक हुनाले त्यस प्रदेशमा धातुका मूर्ति ढाल्न जान्ने कलाकारहरू पनि थिए भन्ने सङ्केत पाइन्छ ।

जिग्लोद्‌गम यो विषय कता पर्दथ्यो भन्ने निश्चित गर्न सकिएको छैन । तर यस अभिलेखबाट सो प्रदेशमा वैष्णव धर्मको प्रसारको सङ्केत पाइने हुनाले सो प्रदेश पनि कालीगण्डकीकै किनारमा कतै हुँदो हो भन्ने हामीलाई लाग्छ । वास्तवमा कालीगण्डकीको प्रस्रवणक्षेत्र एक प्रकारले वैष्णवक्षेत्र जस्तै बनेथ्यो । माथि शिर मुक्तिनाथदेखि रिडीभेकसम्म त अनेक वैष्णव तीर्थस्थान, मन्दिर आदि हामी पाउँछौँ । सप्तगण्डकी पछि देउघाटदेखि नारायणी नाममा परिवर्तित हुनामा समेत वैष्णव सम्प्रदायको प्रसारप्रचार कारण बनेको थियो । यो कुरा यस प्रसङ्गमा विचारणीय छ ।

पन्नगविषय– पश्चिमतिरको एक अर्को विषयको उल्लेख पनि तात्कालिक हस्तलिखित ग्रन्थमा पाइन्छ, त्यो हो पन्नगविषय । ने.सं. २७० मा सारिएको एक हस्तलिखित ग्रन्थमा श्रीपन्नगविषयाधिपतिश्रीमहासामन्तहंसदेवस्य विजयराज्ये यूपटोलकाधिवासीशिरो श्रीकुलपुत्रस्य फुलणनायकस्य भन्ने उल्लेख परेको छ । ने.सं. २८२ को हालै प्रकाशमा आएको एक ताम्रपत्रमा पनि पन्नगविषयको उल्लेख आएको छ । त्यसमा नेपालाधिपतिका रूपमा आनन्ददेवको चर्चा परेको छ तथा विषयाधिपति महासामन्तको रूपमा हंसदेवको चर्चा छ । पन्नगविषय ठिमीनिरको नकदेश हुन सक्छ भन्ने आशय ढिल्लीरमण रेग्मीले व्यक्त गर्नुभएको छ । तर यसताका उपत्यकाभित्रका कुनै पनि बस्तीलाई विषय (जिल्ला) भनिएको नपाइने हुनाले पन्नगविषय नकदेश होइन भनी सहजै भन्न सकिन्छ । अर्को कुरा, यस वेला

राजधानी भक्तपुरमा बसी शक्तिशाली शासक आनन्ददेव शासन गर्दै थिए । राजधानी भक्तपुरको नजीकैको प्रदेश नकदेशमा विषयाधिपति महासामन्तको पृथक् अस्तित्व कायम हुनु कुनै हालतमा पनि सम्भव थिएन । यस कारण किटानसाथ भन्न नसकिए तापनि यो विषय पनि पश्चिमतिरकै हो भनी अनुमान गर्ने आधार नभएको होइन । पन्नग शब्द नाग शब्दको पर्यायवाची हो । पश्चिमपट्टि नागडाँडो आदि नागलाई लक्ष्य गर्ने अनेक स्थान छन् । पश्चिमका मगरहरूमा नागपूजाको प्रचलन पनि बढी रहेको सुनिन्छ । सेनवंशावलीमा सेन राजाले मगरातभेकमा आफ्नो प्रभाव फैलाउन नागहरूलाई जितेको वर्णन छ । यस आधारमा विचार गर्दा पन्नगविषय मगरातभेकमा रहेको अनुमान हुन्छ । जे होस्, विक्रमको तेह्रौं शताब्दीको शुरूतिर पन्नगनामक विषय कायम थियो, त्यहाँ महासामन्त रूपका विषयपतिको प्रशासन चल्दथ्यो भन्ने कुराचाहिँ निश्चित छ । साथै पन्नगविषयअन्तर्गतका यूपटोल, यखरको पश्चिमटोल आदिको उल्लेख हस्तलिखित ग्रन्थ, ताम्रपत्रमा आएको हुनाले यहाँ टोलटोलमा विभाजित विकसित बस्ती पनि थियो भन्ने सङ्केत पाइन्छ ।

मंग्वरविषय- यसताकाको प्रामाणिक सामग्रीमा उल्लिखित अर्को विषयको नाम हो मंग्वर । ने.सं. २२१ (वि.सं. ११५७) को एक ताम्रपत्रमा मंग्वरविषयको उल्लेख आएको छ । त्यसमा नेपालमण्डलका अधिपतिका रूपमा शिवदेवको उल्लेख आएको छ, मंग्वरविषयका अधिपतिका रूपमा रामदेवको उल्लेख आएको छ । उक्त ताम्रपत्रबाहेक अरू सामग्रीमा मंग्वरविषयको उल्लेख आएको छैन । तर मंग्वरविषयका अधिपति रामदेवको भने ने.सं. २२० को एक हस्तलिखित ग्रन्थमा उल्लेख आएको छ । महासामन्त रामदेव शक्तिशाली व्यक्ति थिए भन्ने पनि त्यसबाट थाहा पाइन्छ । उक्त ग्रन्थमा रामदेवलाई महासामन्ताधिपति भन्ने विशेषण लाइएको छ । यसबाट अरू विषयका महासामन्तहरूभन्दा उनी माथिल्लो स्तरमा थिए, उनले अरू विषयका महासामन्तहरूलाई केही अँठ्याएका थिए भन्ने सङ्केत पाइन्छ । उक्त हस्तलिखित ग्रन्थमा गद्दीनशीन राजाको नामोल्लेख गरिएको छैन । उक्त ग्रन्थमा रामदेवलाई धवलस्रोतपुरका भनी लेखिएको छ । यसबाट मंग्वरविषय र धवलस्रोतपुर परस्परमा सम्बद्ध रहेको कुरा थाहा पाइन्छ । अर्को कुरा मंग्वरविषय र पन्नगविषय आसपासमै थिए अर्थात् यी दुइ विषयको सीमा जोडिएको थियो भन्ने अनुमान हुन्छ । ने.सं. २२१ को उक्त ताम्रपत्रमा मंग्वरविषयअन्तर्गत रहेको भ्रोंटेश्वर भट्टारक (महादेव) को उल्लेख परेको छ । अर्को ने.सं. २८२ को ताम्रपत्रमा पनि भ्रोंटेश्वर भट्टारकको उल्लेख आएको छ । त्यहाँ भने मंग्वरविषयको उल्लेख नभई पन्नगविषयको उल्लेख परेको छ । यसबाट भ्रोंटेश्वर महादेव-मन्दिर मंग्वरविषय र पन्नगविषयको दोसाँधमा अथवा आसपासमा रहेको बुझिन्छ ।

मंग्वर यो शब्द वर्तमान मगर शब्दको पूर्वरूप हो भन्ने कुरामा शङ्का छैन । हाम्रो यहाँ मध्य नेपालको अर्थात् गण्डकीप्रस्रवणक्षेत्रको केही इलाका मगरात भनेर पछिसम्म नै प्रचलित थियो । यही परम्पराअनुसार नव नेपालका निर्माता

पृथ्वीनारायण शाहले मगरातको राजा त मै हुँ भन्ने भाव आफ्नो दिव्योपदेशमा व्यक्त गरेका छन् । यस कारण मंग्वरविषय उक्त मगरातप्रदेशभित्र रहेको थियो भन्ने कुरा प्रसङ्गबाट थाहा पाइन्छ । यस विषय (जिल्ला)को मूल केन्द्र कहाँ थियो भन्नेचाहिँ खोजी हुन बाँकी छ ।

धवलस्रोतपुर– मध्यकालको शुरूतिरका पश्चिमभेकका प्रसिद्ध बस्तीमध्ये एक धवलस्रोतपुर पनि हो । तीन हस्तलिखित ग्रन्थमा धवलस्रोतपुरको उल्लेख आएको छ । धवलस्रोतपुरलाई ती हस्तलिखित ग्रन्थमा विषय त भनिएको छैन । तर शक्तिशाली महासामन्तहरूको प्रशासन यहाँ चल्दथ्यो, ती महासामन्तहरूको प्रशासनकेन्द्र यो थियो भन्ने कुरा ती हस्तलिखित ग्रन्थबाट थाहा पाइन्छ । सर्वप्रथम ने.सं. २२० मा सारिएको *आर्योष्णीषविजयनामधारिणी* भन्ने हस्तलिखित ग्रन्थमा धवलस्रोतपुरको उल्लेख आएको छ । त्यस वेला धवलस्रोतपुरमा शक्तिशाली महासामन्त रामदेव थिए भन्ने त्यताबाट थाहा पाइन्छ । ने.सं. २२१ को ताम्रपत्रबाट रामदेव मंग्वरविषयका महासामन्त थिए भन्ने थाहा पाइने हुनाले धवलस्रोतपुर मंग्वरविषयअन्तर्गत थियो भन्ने बुझिन्छ । ने.सं. ३०३ मा सारिएको *चरकसंहिता*नामक हस्तलिखित ग्रन्थमा पनि धवलस्रोतपुरको उल्लेख आएको छ । त्यसमा महासामन्त रत्नदेवको चर्चा छ । साथै ने.सं. ३०४ मा धवलस्रोतपुरमा सारिएको अर्को हस्तलिखित ग्रन्थ पनि पाइएको छ । पुर कहलाएको, महासामन्तहरूको प्रशासनको केन्द्र रहेको धवलस्रोतपुर विकसित बस्ती थियो भन्ने यताबाट थाहा पाइन्छ ।

धवलस्रोतपुर वर्तमान धुलिखेल होला भनी हरप्रसाद शास्त्री, लुशियानो पेटेक आदिले अनुमान गर्नुभएको छ । तर धुलिखेल यो नाम नेवारी धरिखेरको नेपालीकरण भएको रूप हो । मध्यकालका अभिलेख, कागजपत्र आदिमा धुलिखेललाई धरिक्षर, धलिखेर आदि लेखिएको पाइन्छ । धुलिखेलको संस्कृत नाम तात्कालिक ताडपत्र, अभिलेखहरूमा शिखरापुरी भन्ने आएको छ । यस कारण धवलस्रोतपुर वर्तमान धुलिखेल होइन भन्ने देखिन्छ ।

पञ्चावतदेशविषय– ने.सं. ३२१ मा सारिएको एक हस्तलिखित ग्रन्थमा पञ्चावतदेशविषयको उल्लेख आएको छ । त्यसमा नेपालमण्डलका राजाका रूपमा अरि मल्लको चर्चा गरिएको छ । साथै त्यसमा श्रीपञ्चावतदेशीयविषया-धिपतिराणकश्रीधरसिंहस्य वर्तमाने भनी लेखिएको छ । यसबाट त्यस वेला पञ्चावतका विषयाधिपति श्रीधरसिंह राणा (मगर) थिए भन्ने थाहा पाइन्छ । राणा प्रशासक भएको नेपालमण्डलअन्तर्गतको यो विषय पनि नुवाकोटभन्दा पश्चिमतिरकै हो भन्ने देखिएको छ ।

उदयपुर– यसताका सामन्तद्वारा शासन गरिएका प्रदेशको रूपमा उल्लेख आइरहने प्रदेशमध्ये एक उदयपुर पनि हो । ने.सं. १८६ मा प्रद्युम्नकामदेवको पालामा उदयपुरमा सारिएको *सद्धर्मपुण्डरीक* भन्ने ग्रन्थ पाइएको छ । त्यसमा

दयपुराधिपतिका रूपमा महासामन्त जयार्दनजीवको चर्चा परेको छ । वामदेवको ज्यकालमा सारिएको *सेकनिर्देशपञ्जिका* भन्ने अर्को ग्रन्थमा पनि उदयपुरको ल्लेख आएको छ । त्यसमा सुन्दर उदयपुरको रक्षा महासामन्त नागार्जुनदेवले रिरहेका छन् भन्ने वर्णन परेको छ । *नक्षत्रजातक* भन्ने ने.सं. २४८ मा सारिएको न्थमा नेपालमण्डलका राजाका रूपमा इन्द्रदेवको चर्चा छ तथा दयपुराधिपतिका रूपमा महासामन्त पैषानन्दजीवको उल्लेख छ ।

यी उदाहरणबाट त्यसताकाका प्रसिद्ध प्रदेशमध्ये उदयपुर पनि एक हो, त्यहाँ स्तैनी अधिकार पाएका महासामन्तहरूको प्रशासन चल्दथ्यो भन्ने थाहा पाइन्छ । क्त हस्तलिखित ग्रन्थमा उदयपुरलाई विषयचाहिँ भनिएको छैन । तर त्यहाँका शासक महासामन्त हुनाले धवलस्रोतपुर जस्तै यो पनि एक विषयको प्रशासनकेन्द्र थियो भन्ने अड्कल गर्न सकिन्छ । यो उदयपुरको सम्झना पूर्वी नेपालको वर्तमान दयपुरले दिलाइरहेको बुझिन्छ । पूर्वतिर भई भारत उत्रने मार्गमध्ये सिन्धुलीभेक नि परेको हुनाले त्यही भेकमा उदयपुरको रूपमा एक विशेष बस्तीको विकास सताका भएको अनुमान हुन्छ । साथै यसको सम्बन्ध दोलखा भई भोटको गर्चासँग पनि थियो भन्ने अनुमान हुन्छ । यसताका उदयपुरभेकमा बौद्ध धर्मको नि प्रचार थियो भन्ने कुरा उपर्युक्त हस्तलिखित ग्रन्थबाट थाहा पाइन्छ ।

नपिङविषय– यसताकाका अभिलेख, हस्तलिखित ग्रन्थ आदिमा उल्लेख आइरहने वषयमध्ये एक फनपिङविषय पनि हो । वर्तमान फर्पिङको ने.सं. ३८१ को एक भिलेखमा श्रीफनपिंगविषयाधिपतिमहासामन्तश्रीजेतरामजीवस्य नगरेति भन्ने उल्लेख पाइएको हुनाले फनपिङविषय वर्तमान फर्पिङ नै हो भन्ने निश्चित छ । वारी भाषामा यस प्रदेशलाई अहिलेसम्म फंपि भनिँदैछ । यसरी ाठमाडौँउपत्यकाको सबभन्दा नजीकको विषय (जिल्ला) यो हुन आएको छ । क्षिणतिर मैदानमा झर्ने बाटामध्ये उहिले फर्पिङ भई जाने बाटो पनि एक चलित बाटो थियो । यसो हुनाले फर्पिङ्गभेकमा विकसित बस्ती बसेथ्यो । अनि प्रशासनको दृष्टिले यो प्रदेश एक विषय बन्न पुग्यो र यहाँ पुस्तैनी हासामन्तहरूको प्रशासन चल्न थाल्यो ।

यति कुराबाट मध्यकालको नेपालको इतिहास खुलस्त रूपमा जान्नका लागि ाथि उल्लिखित गण्डीगुल्म, जिग्लोद्गम, पन्नग, मंग्वर, धवलस्रोत, पञ्चावतदेश, उदयपुर आदि विषय र पुरहरूबारे खोजी गर्नु आवश्यक छ भन्ने स्पष्ट हुन्छ । सका लागि मध्यकालको शुरूदेखि नै नेपालमण्डल काठमाडौँउपत्यका र आसपासका क्षेत्रमा मात्र सीमित थियो भन्ने पूर्वधारणालाई भने हामीले दल्नुपरेको छ ।

उदयदेवको राज्यकाल

यस अभिलेखबाट ने.सं. १२४ (वि.सं. १०६१) मा नेपालमण्डलका राजाका हैसियतले उदयदेवले शासन गरिरहेका थिए भन्ने थाहा पाइन्छ । यसको लगत्तैपछिको ने.सं. १२५ को भक्तपुर भैरवस्थानको अभिलेखमा महाराजाधिराजका रूपमा निर्भयदेवको उल्लेख आएको छ । यसबाट त्यस वेला उदयदेवको शासन समाप्त भइसकेको बुझिन्छ । ने.सं. ११९ को हस्तलिखित ग्रन्थमा उदयदेव सर्वप्रथम नरेन्द्रदेवका साथमा संयुक्त शासकका रूपमा देखापरेका थिए भन्ने चर्चा माथि गरिसकिएको छ । नरेन्द्रदेवको शासनकाल एक वर्ष जतिको मात्र हुँदा त्यसपछि उदयदेव एक्लै शासक बनेथे । वंशावलीकारहरूले उदयदेवको राज्यकाल प्राय: गरी ६ वर्ष जतिको दिएका छन् । उपर्युक्त हस्तलिखित ग्रन्थ र अभिलेखबाट ने.सं. ११९ देखि १२४ सम्म उनको शासन चलिरहेको देखिएको र ने.सं. १२५ मा शासकका रूपमा निर्भयदेवको उल्लेख आइसकेको हुनाले वंशावलीकारले दिएको उदयदेवको राज्यकाल मिले जस्तो देखिन्छ ।

यस वेलासम्म नेपाल राज्य टुक्रिइसकेको थिएन, नेपाल राज्यभित्र अनेक विषय (जिल्ला)हरू थिए भन्ने कुराको चर्चा माथि गरिसकिएको छ । उक्त कुराको पुष्टि यस अभिलेखले पनि गर्छ । यो अभिलेख उदयदेवले नेपालमण्डलका राजाका हैसियतले शासन चलाइरहेको वेलामा जिग्लोद्गम भन्ने विषय (जिल्ला)मा कुँदाइएको हो । यस वेला काठमाडौँउपत्यका र आसपासका क्षेत्रमा मात्र नेपालराज्य सीमित थियो भन्ने धारणाले गर्दा यस्ता विषयहरूको खोजीतिर विद्वान्हरूको ध्यानै गएको छैन । यस कारण जिग्लोद्गमविषय कता पर्दथ्यो भन्ने यकीन गर्न सकिएको छैन । तर यो प्रदेश गण्डकीप्रस्रवणक्षेत्रमा कतै हुनुपर्दछ भनी हामीलाई लागेको छ । यस विषयमा माथि लेखिसकिएको छ । यस अभिलेखबाट उक्त जिग्लोद्गमविषय विकसित बस्ती थियो भन्ने सङ्केत पाइन्छ । जिग्लोद्गमविषयको वर्णन गर्दा यस अभिलेखमा विद्वत्साधुजनान्विते भन्ने कुरामा जोड दिइएको छ । यसबाट सांस्कृतिक विकासको दृष्टिले पनि सो प्रदेश निकै अगाडि बढेको सङ्केत पाइन्छ । अर्को कुरा गरुडध्वज (विष्णु)लाई कोश चढाई यो अभिलेख कुँद्न लाउने व्यक्तिका नाउँ आल अकँ खालका छ, सो हो लृप । यो कुन परिवारको भाषाको शब्द हो, सो छुट्टयाउन सके जिग्लोद्गमविषयको स्थाननिर्धारणको लागि निकै मद्दत हुने देखिन्छ । साथै खूद यस जिल्लाको नाम पनि भाषाशास्त्रको दृष्टिले विचारणीय छ ।

कोशअर्पण

यस अभिलेखमा गरुडध्वज(विष्णु)लाई कोश चढाएको कुरा परेको छ । श्रद्धालु भक्तजनले देवदेवतालाई कोश चढाएको वर्णन यसताका निकै पाइन्छ । गोपालराजवंशावलीमा पशुपतिलाई कोश चढाउने प्राचीन कालदेखिको शासकहरूको नामसूची छ । कोश शब्दले केलाई लक्ष्य गरिन्थ्यो भन्ने कुरा पहिले स्पष्ट हुन सकेको थिएन । हालै यसबारे केही कुरा प्रकाशमा आएको छ । देवमूर्तिको देखिने सम्पूर्ण भागलाई ढाक्ने धातुको पाटारूपको बाहिरी आवरण-

विशेषलाई कोश भनिँदो रहेछ । अर्को शब्दमा यो कवच रूपको हो भन्न सकिन्छ । यस कुराको पुष्टि यस अभिलेखबाट पनि हुन्छ । यहाँ कोशं प्रदद्याद् गरुडध्वजाय भन्ने उल्लेख परेको छ । यो अभिलेख कुँदिएको धातुको कोश गरुडध्वज विष्णुको मूर्ति-अङ्कित पाटाविशेष हो ।

उदयदेवको राज्यकाल

यस अभिलेखबाट ने.सं. १२४ (वि.सं. १०६१) मा नेपालमण्डलका राजाका हैसियतले उदयदेवले शासन गरिरहेका थिए भन्ने थाहा पाइन्छ । यसको लगत्तैपछिको ने.सं. १२५ को भक्तपुर भैरवस्थानको अभिलेखमा महाराजाधिराजका रूपमा निर्भयदेवको उल्लेख आएको छ । यसबाट त्यस वेला उदयदेवको शासन समाप्त भइसकेको बुझिन्छ । ने.सं. ११९ को हस्तलिखित ग्रन्थमा उदयदेव सर्वप्रथम नरेन्द्रदेवका साथमा संयुक्त शासकका रूपमा देखापरेका थिए भन्ने चर्चा माथि गरिसकिएको छ । नरेन्द्रदेवको शासनकाल एक वर्ष जतिको मात्र हुँदा त्यसपछि उदयदेव एक्लै शासक बनेथे । वंशावलीकारहरूले उदयदेवको राज्यकाल प्रायः गरी ६ वर्ष जतिको दिएका छन् । उपर्युक्त हस्तलिखित ग्रन्थ र अभिलेखबाट ने.सं. ११९ देखि १२४ सम्म उनको शासन चलिरहेको देखिएको र ने.सं. १२५ मा शासकका रूपमा निर्भयदेवको उल्लेख आइसकेको हुनाले वंशावलीकारले दिएको उदयदेवको राज्यकाल मिले जस्तो देखिन्छ ।

यस वेलासम्म नेपाल राज्य टुक्रिइसकेको थिएन, नेपाल राज्यभित्र अनेक विषय (जिल्ला)हरू थिए भन्ने कुराको चर्चा माथि गरिसकिएको छ । उक्त कुराको पुष्टि यस अभिलेखले पनि गर्छ । यो अभिलेख उदयदेवले नेपालमण्डलका राजाका हैसियतले शासन चलाइरहेको वेलामा जिग्लोद्गम भन्ने विषय (जिल्ला)मा कुँदाइएको हो । यस वेला काठमाडौँउपत्यका र आसपासका क्षेत्रमा मात्र नेपालराज्य सीमित थियो भन्ने धारणाले गर्दा यस्ता विषयहरूको खोजीतिर विद्वान्हरूको ध्यानै गएको छैन । यस कारण जिग्लोद्गमविषय कता पर्दथ्यो भन्ने यकीन गर्न सकिएको छैन । तर यो प्रदेश गण्डकीप्रस्रवणक्षेत्रमा कतै हुनुपर्दछ भनी हामीलाई लागेको छ । यस विषयमा माथि लेखिसकिएको छ । यस अभिलेखबाट उक्त जिग्लोद्गमविषय विकसित बस्ती थियो भन्ने सङ्केत पाइन्छ । जिग्लोद्गमविषयको वर्णन गर्दा यस अभिलेखमा विद्वत्साधुजनान्विते भन्ने कुरामा जोड दिइएको छ । यसबाट सांस्कृतिक विकासको दृष्टिले पनि सो प्रदेश निकै अगाडि बढेको सङ्केत पाइन्छ । अर्को कुरा गरुडध्वज (विष्णु)लाई कोश चढाई यो अभिलेख कुँद्न लाउने व्यक्तिको नाउँ अलि अर्कै खालको छ, सो हो लृप । यो कुन परिवारको भाषाको शब्द हो, सो छुट्ट्याउन सके जिग्लोद्गमविषयको स्थाननिर्धारणको लागि निकै मद्दत हुने देखिन्छ । साथै खूद यस जिल्लाको नाम पनि भाषाशास्त्रको दृष्टिले विचारणीय छ ।

कोशअर्पण

यस अभिलेखमा गरुडध्वज(विष्णु)लाई कोश चढाएको कुरा परेको छ । श्रद्धालु भक्तजनले देवदेवतालाई कोश चढाएको वर्णन यसताका निकै पाइन्छ । गोपालराजवंशावलीमा पशुपतिलाई कोश चढाउने प्राचीन कालदेखिको शासकहरूको नामसूची छ । कोश शब्दले केलाई लक्ष्य गरिन्थ्यो भन्ने कुरा पहिले स्पष्ट हुन सकेको थिएन । हालै यसबारे केही कुरा प्रकाशमा आएको छ । देवमूर्तिको देखिने सम्पूर्ण भागलाई ढाक्ने धातुको पाटारूपको बाहिरी आवरण-

विशेषलाई कोश भनिँदो रहेछ । अर्को शब्दमा यो कवच रूपको हो भन्न सकिन्छ । यस कुराको पुष्टि यस अभिलेखबाट पनि हुन्छ । यहाँ कोशं प्रदद्याद् गरुडध्वजाय भन्ने उल्लेख परेको छ । यो अभिलेख कुँदिएको धातुको कोश गरुडध्वज विष्णुको मूर्ति-अङ्कित पाटाविशेष हो ।

४ सङ्ख्या



[५ सङ्ख्या]

भक्तपुर भैरवस्थानको ने.सं. १२५ को अभिलेख

भक्तपुर तौमढीटोलमा भैरवको प्रसिद्ध मन्दिर रहेको छ । सो भैरव मन्दिरनिरैको चोकभित्र एउटा इनार छ । त्यस इनारबाट पानी झिक्दा टेक्ने ढुङ्गा बनाई राखिएको देवताको पादपीठमा यो अभिलेख कुँदिएको छ । यस अभिलेखको छेउको केही भाग खण्डित छ । यहाँ ने.सं. १२५ छ ।

संशोधन-मण्डलद्वारा *अभिलेख-संग्रह* दोस्रो भागको ९ पृष्ठमा सर्वप्रथम यो अभिलेख प्रकाशित भएको हो । पछि पूर्णिमा ३० पूर्णाङ्कका ११६-११७ पृष्ठमा दिनेशराज पन्तद्वारा अनुवादसहित यो छापिएको छ ।

मूलपाठ

१. ८ श्रेयोस्तु ॥ सम्वत् १२५ चैत्रशुक्लत्रियोदस्यांम् ...
२. महाराजाधिराजश्रीनिर्भयदेवविजयराज्ये ॥ श्रीखपु...
३. शिवग्वलोत्तरधेनकवास्तव्यजयचतुपाकन श्रियाधरदवक परक...
४. देवस्थानार्थं द्वादस मानि धानि प्रज्ञातयति । तिलिकमराण...

अनुवाद

कल्याण होस् । ने.सं. १२५ (वि.सं. १०६२) चैत्रशुक्ल त्रयोदशीमा महाराजाधिराज श्रीनिर्भयदेवको विजयराज्यमा ।

श्रीखपु शिवग्वलको उत्तरमा रहेको धेनकमा बस्ने जयचतुपाकले देवस्थलको लागि बाह्र मानिका धान (आउने खेत) चढाएका छन् । ...

व्याख्या

ने.सं. १२५ (वि.सं. १०६२) को सानो खण्डित यस अभिलेखबाट पनि तात्कालिक केही कुरा प्रामाणिक रूपमा बुझ्न मद्दत पाइन्छ । यस वेला राजा निर्भयदेवले शासन गरिरहेका थिए भन्ने कुरा यस अभिलेखबाट थाहा पाइन्छ । निर्भयदेवलाई यस अभिलेखमा महाराजाधिराज भनिएको छ । माथि गएका यसभन्दा अघिका गुणकामदेव र उदयदेवका पालाका दुइ अभिलेख पद्यमा लेखिएका हुँदा उनीहरूलाई नृपति, राजा मात्र भनिएको पाइन्छ । निर्भयदेवको पालाको यो अभिलेख गद्यमा लेखिएको हुँदा त्यस वेला गद्दीनशीन राजालाई कहने पूरा सम्मानसूचक महाराजाधिराज पद नै यहाँ प्रयोग गरिएको छ । यसभन्दा अघिको

ने.सं. ४० को एक हस्तलिखित ग्रन्थमा भने परमभट्टारकमहाराजाधिराज-परमेश्वरशङ्करदेवराज्ये भनी लेखिएको हामी पाउँछौं । यसबाट लिच्छविकालमा गद्दीनशीन राजालाई कहने प्रशस्ति नै मध्यकालमा पनि प्रचलित रहेको कुरा हामी थाहा पाउँछौं । कति भने उपर्युक्त राजप्रशस्ति लिच्छविकालको उत्तरार्द्धमा मात्र कायम भएको हो । शुरूमा प्रसिद्ध लिच्छवि राजा मानदेव आदि पनि भट्टारक महाराज मात्र कहलाएका थिए । नेपालको इतिहासमा सर्वप्रथम महाराजाधिराज कहलाउने अंशुवर्मा हुन् । उनीपछि नरेन्द्रदेवदेखिका गद्दीनशीन लिच्छविराजाहरू प्रायः परमभट्टारक महाराजाधिराज परमेश्वर कहलाउन थालेका थिए । यही परम्पराअनुसार निर्भयदेवहरू पनि महाराजाधिराज नै कहलाएका थिए भन्ने कुरा अभिलेख, हस्तलिखित ग्रन्थबाट थाहा पाइन्छ ।

ने.सं. १२५ (वि.सं. १०६२) को यस अभिलेखमा महाराजाधिराजको रूपमा निर्भयदेवको मात्र उल्लेख परेको छ । यसभन्दा एक वर्षअघिचाहिँ गद्दीमा राजा उदयदेव थिए । यसको केही कालपछि निर्भयदेवको साथमा रुद्रदेव पनि संयुक्त रूपमा शासक हुन पुगेका देखिन्छन् । ने.सं. १२८ मा सारिएको *अष्टसाहस्रिकाप्रज्ञापारमिता*नामक हस्तलिखित ग्रन्थबाट उक्त कुरा थाहा पाइन्छ । बाबु-छोरा, दाजुभाइ, काका भतिजासमेतको द्वैराज्य (संयुक्त शासन) खडा गर्ने जुन प्राचीन शासनपद्धति थियो, सो पद्धतिले मध्यकालमा नेपालको शासनव्यवस्थामा जरो गाडेको थियो भन्ने चर्चा माथि गरिसकिएको छ । द्वैराज्यको उल्लेख परेको ने.सं. १२८ को उक्त हस्तलिखित ग्रन्थमा निर्भयदेवको वर्णन गर्दा सुरसन्निभ (देवताजस्ता) भन्ने विशेषण दिइएको छ । अर्का संयुक्त शासक रुद्रदेवको वर्णन गर्दाचाहिँ वसुधाधिपति भनी लेखिएको छ । यसबाट निर्भयदेव अलि सरल प्रकृतिका हुँदा यसताका रुद्रदेवले अधिकार बढाएको आभास पाइन्छ । हुन पनि यसपछि निर्भयदेवको उल्लेख पाइँदैन, यसपछि उनको शासन समाप्त भएको बुझिन्छ । वंशावलीकारले उदयदेवपछि निर्भयदेवले राज्य गरे, उनको राज्यकाल ५ वर्ष जतिको रह्यो भनी लेखेका छन् । अभिलेख र हस्तलिखित ग्रन्थबाट वंशावलीकारको वर्णन केही मिलेको जस्तो देखिएको छ ।

देवताको पादपीठमा यो अभिलेख कुँदिएको हो तापनि कुन देवता स्थापना गरी यो अभिलेख कुँदाइएको हो, सो अहिले भन्न सकिँदैन । यो अभिलेख पाइएको ठाउँमा केही देवमूर्तिहरू भने अहिले पनि छन् । साथै संवत् ८० कुँदिएको लिच्छविकालको ढुङ्गाको ठूलो पात्रविशेष पनि यहाँ रहेको छ । पछि यहाँ भैरवस्थापना भएपछि यो स्थल भैरवस्थानको रूपमा अझ प्रसिद्ध हुन पुगेको देखिन्छ ।

लिच्छविकालका अभिलेखमा भक्तपुरभेकलाई खोप्रिङ ग्राम भनिएको पाइन्छ । प्रिङ यो ग्रामलाई बुझाउने किरात परिवारको भाषाको शब्द हो । जोल्प्रिङ, त्यास्प्रिङ, याप्रिङ आदि प्रिङ शब्द जोडिएका ग्रामहरूको उल्लेख लिच्छविकालका अभिलेखमा धेरै पाइन्छ । खो शायद भातलाई कहने शब्द थियो । जसको आधारमा पछि संस्कृतमा रूपान्तर गरी भक्तग्राम भनिएको हो कि भन्ने अनुमान हुन्छ ।

किनभने यसरी अनुवादको रूपमा संस्कृत नामान्तर गर्ने चलन त्यसताका थियो । जे होस्, खोप्रिङको अपभ्रंश भई वर्तमान खोप हुन पुगेको हो भन्ने निश्चित छ ।

लिच्छविकालका र त्यसपछिका अभिलेख आदि ऐतिहासिक सामग्री केलाई हेर्‍यौं भने भक्तपुर शहरको विकास क्रमशः भएको हामी पाउँछौं । खोप्रिङको उल्लेख सर्वप्रथम हामी मानदेवको पालाको देउपाटनको अभिलेखमा पाउँछौं । त्यहाँ एक ग्रामको रूपमा खोप्रिङको उल्लेख आएको छ । अंशुवर्माको समयमा पुग्दा खोप्रिङले द्रङ्गको रूप लिइसकेको थियो । यो कुरा भक्तपुर गोलमाढीटोलको अभिलेखबाट थाहा पाइन्छ । पछि मध्यकालको शुरूमा आएर ललितपुरले जस्तै भक्तपुरले पनि एक विकसित शहरको रूप लिन थाल्यो र आनन्ददेवको पालादेखि राजधानीको रूपमा यसको विकास भयो ।

यो अभिलेख राखिएताका (वि.सं. १०६२ तिर) यस शहरको विकास केही भइसकेको सङ्केत यस अभिलेखबाट पाइन्छ । यहाँ शित्रग्वलको उत्तरमा रहेको धेनकको उल्लेख आएको छ । टोलको उल्लेख लिच्छविकालमा पाइँदैन । मध्यकालको शुरूदेखि मात्र टोलटोलमा विभक्त शहरको उल्लेख हामी पाउँछौं । काठमाडौं-उपत्यकाभित्र मात्र होइन, उपत्यकाबाहिरका प्रमुख बस्तीहरू पनि यसताका टोलटोलमा विभक्त रहेको हामी पाउँछौं । बस्तीबसाइमा देखापरेको यो अन्तर विचारणीय छ ।

यस अभिलेखमा देवस्थलको लागि बाह्र मानि धान आउने जग्गा गूठी राखेको उल्लेख परेको छ । मानि यो शब्द लिच्छविकालमा अभिलेखमा देखिएको अनाजको नापलाई बुझाउने प्रसिद्ध शब्द मानिका नै हो भन्ने देखिएको छ । लिच्छविकालकै अभिलेखमा पनि यसलाई मानि मात्र भनिएको पाइन्छ, साथै छोटकरीमा मा मात्र भनिएको पनि पाइन्छ । यस कारण यस अभिलेखमा प्रयुक्त मानि शब्द अनाजको नापोलाई बुझाउने उही पारिभाषिक शब्द हो भन्ने देखिन्छ । पछि मध्यकालको उत्तरार्द्धमा गएर यो शब्द प्रचलित हुन छोड्यो । यसबाट मध्यकालको पूर्वार्द्धसम्म भूमिव्यवस्था लिच्छविकालको परम्पराअनुसार नै कायम रहेको झलक पाइन्छ ।

५ सङ्ख्या

[६ सङ्ख्या]

ललितपुर गचाननीको ने.सं. १३२ को अभिलेख

ललितपुर त्यागलटोल गचाननीभित्र शिवपरिवारको मूर्ति रहेको छ । त्यस मूर्तिको जलहरीमा यो अभिलेख कुँदिएको छ । यहाँ ने.सं. १३२ छ ।

यस अभिलेखको केही अंश *मेडिईभल् हिस्ट्री अफ् नेपाल्*को ३६ पृष्ठमा लुशियानो पेटेकद्वारा सर्वप्रथम छापिएको हो । पछि संशोधन-मण्डलद्वारा *अभिलेख-संग्रह* नवौं भागका २४-२५ पृष्ठमा पूरा यो अभिलेख छापिएको छ । पछि पूर्णिमा ३० पूर्णाङ्कका १२१-१२३ पृष्ठमा दिनेशराज पन्तद्वारा अनुवादसहित यो अभिलेख छापिएको छ ।

मूलपाठ

१. ८ स्वस्ति कैलासवास सिरसि त्रिपथगाश्चन्द्र(मा)ङ्ककपालः भाति कर्ण्णे भुजङ्ग फणिमणिकिरण कण्ठशिलट्काल-
२. कूटः ॥ प्रेम्नास्वज्य मुखेन्दुं हिमगिरिस्तनया वामपार्श्वे निधाय । सेनानीतूर्यरावगणपतिप्रमथैः पातु वः चन्द्रमौलिः ॥ राज्ये पुण्यमलङ्कृत यशनि-
३. धिः श्रीरुद्रदेवो नृपः । साधुभ्रातृजपुत्र धर्म्मणिरति श्रीभोजदेवोपि राट् । तावेतौ शशिभास्करोपमतिथौ सन्दर्शकालेहनि नेपाले
४. गहणारविन्दकुमुदश्रीलालिताख्ये पुरे ॥ अथ तेग्वलस्थानस्य भूत्वा पौरन्दरन्दिशि । भगवच्छ्रीशङ्कर सोमो गणैः सार्द्ध शिलामयं ॥
५. तत्र प्रवरसुद्धात्मा बेङ्खाशिह्मेति धर्म्मभाक् । प्रतिष्ठा देवदेवस्य चके कीर्त्तिजिगीषया । मया निर्व्वापितम्पिण्डम्प्रत्यर्थी ये दिवङ्गताः ।
६. ज्ञात्वा ते रुद्रमायाता अनुत्तरफलाप्तये ॥ राजा भवतु तेजस्वी । पृथिवी सस्यसम्पदाः । अरोग्य सर्व्वसत्त्वानान्धन्यसन्तान मे स-
७. दा ॥ सम्वत् १३२ प्रथमाशाढशुक्लदिवात्रीयोदश्याम्बृहस्पतिदिने मैत्रनक्षत्रन्देव प्रतिष्ठितमिति ॥

अनुवाद

कल्याण होस् । जो कैलासमा बस्छन्, जसको शिरमा गङ्गाजी र निधारमा चन्द्रमा छन्, जसको कानमा फणाको मणि चम्किरहेको सर्प छ, जसको घाँटीमा कालकूट विष छ, जो आफ्नो बायाँपट्टि रहेकी पार्वतीलाई प्रेमपूर्वक अँगालेर बसेका छन्, स्वामिकार्तिक, बाजा बजाउने, गणेश र प्रमथगणसहित भएका महादेवले तपाइँहरूलाई रक्षा गरून् ।

धर्मात्मा कीर्ति फैलिएका राजा रुद्रदेव हुनुहुन्छ, उहाँका भतिजा सज्जन धर्मात्मा श्रीभोजदेव पनि राजा हुनुहुन्छ । औंसीको दिनमा चन्द्र र सूर्य सँगै रहे जस्तै उहाँ दुइजना सँगै रही मिलेर शासन गरिरहनुभएको छ ।

शुद्ध मन भएका, धर्मात्मा, भलामानिस बेङ्खासिंहले कीर्ति फैलियोस् भनी ठूलठूला कमलपोखरीहरू भएको नेपाल ललितपुर शहरमा तेग्वल(त्यागल)टोलको पूर्वतिर गणहरूसहितका भगवान् उमामहेश्वरको ढुङ्गाको मूर्तिको प्रतिष्ठा गरे ।

मैले दिएको पिण्ड खाने पितृहरू जो हुनुहुन्छ, उत्तम फल पाई उहाँहरूको रुद्रलोकमा वास होस् ।

राजाको प्रताप बढोस्, पृथ्वी अनाजले भरिभराऊ होस्, सबै प्राणीहरू निरोगी रहून्, मेरा सन्तानहरू सधैं भाग्यमानी होऊन् ।

ने.सं. १३२ (वि.सं. १०६९) प्रथमआषाढशुक्ल त्रयोदशी बृहस्पतिवार अनुराधानक्षत्रमा देवताको प्रतिष्ठा गरिएको हो ।

व्याख्या

उमामहेश्वर (शिवपरिवार) को मूर्तिको पादपीठमा कुँदिएको यो अभिलेख यसताकाका उपयोगी अभिलेखमध्ये पर्दछ । यसताका विद्याको स्तर गिरेको थियो भन्ने चर्चा पहिले गरिसकिएको छ । यस अभिलेखमा प्रयुक्त संस्कृत पद्यहरूको विचार गर्दा पनि उक्त कुराको पुष्टि हुन्छ । बल्लतल्ल भावसम्म बुझाउने अशुद्ध संस्कृतमा यो अभिलेख कुँदिएको छ । तर तात्कालिक धार्मिक र राजनैतिक अवस्थाको यलिकता झलक दिन भने यो अभिलेख समर्थ छ । यस कारण यस अभिलेखको केही महत्त्व रहेको छ ।

शिव र पार्वतीको संयुक्त रूपमा उपासना गर्ने चलन लिच्छविकालमै प्रचलित भइसकेको थियो । तर मध्यकालको शुरूमा आएर शिव र पार्वतीको साथै कुमार र गणेशलाई समेत सम्मिलित गराई शिवपरिवारको रूपमा उपासना गर्ने चलन बढी रह्यो । यसताका काठमाडौं-उपत्यकाभित्र मात्र होइन, उपत्यकाबाहिर पनि शिवपरिवारका मूर्तिहरू हामी भेट्टाउँछौं । उदाहरणार्थ गोरखा हनूमान्भञ्ज्याङ्गमा रहेको उमामहेश्वरको मूर्तिलाई औंल्याउन सकिन्छ । उपत्यकाभित्र त शिवपरिवारका मूर्ति प्रशस्त पाइन्छन् । तिनमध्ये मिति-तिथिसहितको यो मूर्ति पनि एक हो । महादेव, पार्वती, स्वामिकार्तिक र गणेश आआफ्ना सिद्धान्तमा भिन्न रूपका छन् तापनि संयुक्त रूपमा मिलेर रहँदा एक सुखी आदर्श-परिवारको रूपमा देखापर्छन् भन्ने झल्काउने प्रयास ती मूर्तिहरूमा गरिएको पाइन्छ । यसताका

संयुक्त परिवारप्रथा समाजमा झन् बलियो हुँदै गइरहेको हुनाले पनि संयुक्त रूपमा शिवपरिवारको उपासना गर्ने भावना प्रबल भएको बुझिन्छ ।

नेपालमा गणेशको पूजा अनेक रूपमा गरिन्छ । नृत्यका अधिपतिका रूपमा पनि यहाँ गणेशपूजा हुन्छ । यसको शुरूआत मध्यकालको शुरूमै भइसकेको सङ्केत यस अभिलेखले दिन्छ ।

मध्यकालको शुरूदेखि अन्त्यसम्म नै भने जस्तै नेपालको राजकाजमा असर पारेको द्वैराज्य शासनपद्धतिको अलिकता झलक यस अभिलेखबाट पाइन्छ । यस अभिलेखमा राजाको रूपमा रुद्रदेव र भोजदेवको चर्चा परेको छ । यी रुद्रदेव र भोजदेव काका भतिजा हुन् भन्ने कुरा पनि यस अभिलेखबाट थाहा पाइन्छ । औँसीको दिन सूर्य र चन्द्र जसरी सँगै रहन्छन्, त्यसै गरी रुद्रदेव र भोजदेवले सँगै रही शासन चलाइरहेका छन् भन्ने वर्णन पनि यस अभिलेखमा परेको छ । द्वैराज्य शासनपद्धतिको आदर्श नै यो थियो । चन्द्र र सूर्य मिलेर रहेजस्तै बाबु छोरा, दाजु भाइ, काका भतिजा आदिले मिली संयुक्त रूपमा शासन चलाएपछि अधिकार हात लाउन गरिने षड्यन्त्रले कम स्थान पाउँछ र यो बलियो हुन्छ भन्ने भावना यस पद्धतिमा रहेको थियो । तर द्वैराज्य पद्धतिले मध्यकालको नेपालको राजकाजमा कमजोरी नै बढी ल्याएको देखापरेको छ । यसबाट शासनमा स्थिरता आउन सकेन । यस कुराको विशेष चर्चा माथि गरिसकिएको छ ।

यस अभिलेखमा भोजदेवलाई रुद्रदेवका भ्रातृजपुत्र भनी लेखिएको छ । यस शब्दको अर्थ भतिजा अथवा भतिजाका छोरा अर्थात् नाति दुवै हुन सक्छ । लुशियानो पेटेक आदिले यस शब्दको आधारमा भोजदेवलाई रुद्रदेवका नाति भनेर लेख्नुभएको छ । तर प्रसङ्ग विचार गर्‍यौँ भने उनी रुद्रदेवका भतिजा नै हुन् भन्ने देखिन्छ । कनीकुथी बनाइएको पद्य मिलाउन मात्र सो पद प्रयोग गरिएको हो । रुद्रदेवलाई मिचेर भोगदेव एक्लै नै अगाडि बढेको पनि देखिएकोले नाति भए कच्चै उमेरकाले त्यसो गर्नु सम्भव देखिँदैन ।

लिच्छविकालका अभिलेखमा ललितपुरको उल्लेख पाइँदैन । यूपग्रामद्रङ्गअन्तर्गतका अनेक ग्रामहरू मिलेर ललितपुर शहरको विकास भएको हो । अहिलेसम्म पाइएका अभिलेखमा ललितपुरको स्पष्ट उल्लेख सर्वप्रथम यसै अभिलेखमा भएको देखिएको छ । यद्यपि यसभन्दा केहीअघिको ललितपुर घाँय्बुको ने.सं. १०७ को अभिलेखमा ललितेश महादेवको चर्चा आएको हुनाले ललितपुर संज्ञा पहिले नै रहिसकेको सङ्केत पाइन्छ । यस अभिलेखमा ललितपुरको वर्णन गर्दा गहणारविन्दकुमुदे भनिएको हुनाले कमलपोखरी आदि कुराले रमणीय हुँदा ललितपुर भन्ने सार्थक संज्ञा रहेको आभास पाइन्छ ।

मध्यकालको प्रामाणिक प्रस्तरमूर्तिको दृष्टिले पनि यस शिवपरिवारको मूर्तिको केही महत्त्व रहेको छ । ललितपुर घाँय्बुको शिवपरिवारको मूर्ति जस्तै यो मूर्ति पनि सुन्दर छ । यसताका विद्याको स्तर केही गिरेको देखिएको छ तापनि कलाको स्तरचाहिँ गिरेको थिएन भन्ने कुरा यी मूर्तिहरूले देखाउँछन् ।

यसै गरी यस अभिलेखबाट शैवधर्मको दर्शनपक्षमा आएको केही अन्तर, तात्कालिक लोकधारणा आदिबारे पनि केही सङ्केत पाइन्छ ।

५ सङ्ख्या

[७ सङ्ख्या]

ललितपुर गुइत:विहारको ने.सं. १४४ को अभिलेख

ललितपुर गुइत:विहारको माझमा तेलिया ईंटले बनेको एउटा बौद्धचैत्य छ । त्यस चैत्यको शिरोभागचाहिँ ढुङ्गाले बनेको छ । त्यसै शिरोभागको पाटामा यो अभिलेख कुँदिएको छ । यहाँ ने.सं. १४४ छ ।

संशोधन-मण्डलद्वारा *अभिलेख-संग्रह* नवौं भागको २५ पृष्ठमा सर्वप्रथम यो अभिलेख छापिएको हो ।

मूलपाठ

१. ॐ सम्वत्छरवेदाब्धिचन्द्रे जेष्ठकृष्णएकादस्यां तिथौ शनिश्चरवासरे
२. महापण्डितशाक्यभिक्षुश्रीगौतमस्य कृतश्रीललितपत्तनविराजितश्री-सप्तपुरी-
३. महाविहारस्य परङ्गणमिष्टकालङ्कृतङ्गारयति तस्य दानपति शाक्य-भिक्षुश्रीशुभ-
४. श्रीरनेन पुण्येन तु सर्व्वदर्शितामवाप्य निर्जित्य वशेषविद्विष । जरारुजामृत्युमहो-
५. र्म्मिसङ्कुलात्समुद्धरेयं भवशागराज्जगत् ॥

अनुवाद

ॐ । ने सं. १४४ (वि.सं. १०८१) ज्येष्ठकृष्ण एकादशी शनिश्चरवारको दिन महापण्डित शाक्यभिक्षु श्रीगौतमश्रीले बनाउन लाएको, ललितपत्तनमा सुहाएको श्रीसप्तपुरीमहाविहारको आँगनमा ईंट छाप्ने काम गरिएको छ । यसका दानपति शाक्यभिक्षु श्रीशुभश्री छन् ।

यस पुण्यले सर्वज्ञता पाइकन, सारा शत्रुहरूलाई जितेर, बुद्ध्याइँ रोग मृत्युरूपी ठूलठूला छालले छ्याल्लब्याल्ल भएको भवसागरबाट सारा प्राणीको उद्धार होस् ।

व्याख्या

लिच्छविकालदेखि नै ललितपुरभेक बौद्ध धर्मको केन्द्र जस्तै बनेथ्यो । लिच्छविकालका केही प्रसिद्ध विहार यस भेकमा थिए । विहारहरूको बाहुल्य हुँदा मध्यकालमा ललितपुरको प्रशासनक्षेत्रको विभाजनसमेत दक्षिणविहार, उत्तरविहार आदिको रूपमा भएथ्यो । यसरी काठमाडौं-उपत्यकामा बौद्धधर्मको इतिहासको दृष्टिले ललितपुरको महत्त्व रहेको छ ।

मध्यकालको शुरूतिर भोटमा बौद्धधर्मको प्रचारमा नेपालका बौद्ध पण्डितहरूको पनि हात रह्यो । भोटका शासकहरूले नेपाली बौद्ध पण्डितहरूलाई भोटमा बोलाई आदरसाथ आश्रय दिएथे । यसरी विदेशमा समेत प्रसिद्धि पाएका बौद्ध धर्मका विशिष्ट ज्ञाताहरू 'महापण्डित' कहलाउन थालेका थिए । भोटका तात्कालिक वृत्तान्तहरूमा यसताका नेपालबाट भोट गएका यस्ता महापण्डितहरूको लामो विवरण पाइन्छ ।

यस अभिलेखमा उल्लिखित महापण्डित गौतमश्री पनि त्यस्तै भोटभेकमा समेत प्रसिद्धि पाएका शाक्यभिक्षु थिए कि भन्ने अनुमान हुन्छ । महापण्डित गौतमश्रीले ललितपुरमा सप्तपुरीमहाविहार (गुइत:बहिल) बनाएको उल्लेख यस अभिलेखमा परेको छ । गुइत:बहिलको दीपङ्करमूर्तिको पादपीठको अर्को अभिलेखमा पनि गौतमश्रीले महाविहार बनाउन लाएको उल्लेख आएको छ । साथै पछिसम्म पनि उनका चेला प्रचेलाको परम्परा सो विहारमा चलिरहेको सङ्केत ने.सं. ३९९ को सो अभिलेखबाट पाइन्छ । विहारहरूको निर्माण कित राजाहरूको सहयोगबाट भएको पाइन्छ, कि त महाप्रतिहार, वार्त आदि ठूला अधिकारी तथा धनिवर्गको सहयोगबाट भएको पाइन्छ । भिक्षु भएर पनि महाविहार बनाउन लाएको देखिएकोले उनी धनी थिए भन्ने देखिन्छ । इत्यादि कुराको विचार गर्दा महापण्डित गौतमश्रीले भोट गई बौद्धधर्म प्रचार गरी अर्थलाभ पनि गरेका थिए कि भन्ने अनुमान हुन्छ ।

गौतमवुद्ध शाक्यवंशका भएका हुनाले शाक्यवंशप्रति बौद्ध जगत्को आदर भावना रहेको थियो । यसो हुनाले शाक्यवंशका केही व्यक्ति भिक्षु बने, तिनलाई आदरसाथ 'शाक्यभिक्षु' भन्ने चलन शुरूमा चलेथ्यो । पछि बौद्धभिक्षु जतिलाई नै शाक्यभिक्षु भन्ने चलन पनि चल्यो । यस अभिलेखमा उल्लिखित शाक्यभिक्षु गौतमश्री, शुभश्रीहरू साधारण बौद्धभिक्षु मात्र थिए कि शाक्यवंशकै व्यक्ति थिए, यो छुट्ट्याउन सकिँदैन । कपिलवस्तुमा भयङ्कर आक्रमण भएपछि त्यहाँका शाक्यवंशीहरू निकै मात्रामा काठमाडौं-उपत्यकामा पसेको अनुश्रुति *मूलसर्वास्तिवादविनय* आदि ग्रन्थमा पाइन्छ । ललितपुरतिरका शाक्यवंशहरूको रीतिस्थितिमा प्राचीनताको झलक केही पाइने हुनाले यताका शाक्यभिक्षुहरूमध्ये केही शाक्यवंशकै पनि हुने सम्भावना नभएको होइन । यस विषयमा समाजशास्त्रको दृष्टिले गम्भीर रूपमा विचार गर्न आवश्यक भएको छ । यसो गर्न सके नेपालको प्राचीन इतिहासमा समेत बढी प्रकाश पर्ने सम्भावना छ ।

गौतमश्रीले बनाउन लाएको सप्तपुरी महाविहारको आँगनमा ईँटले छाउन लाउने काम शाक्यभिक्षु शुभश्रीले गराई यो अभिलेख कुँदन लाएका हुन् । महायानी भावनाअनुसार यस पुण्यले गर्दा संसारलाई बुढ्याइँ, रोग, मृत्यु आदि दुःखबाट छुट्कारा मिलोस् भन्ने कामना यस अभिलेखमा गरिएको छ ।

ने.सं. १४४ ज्येष्ठको यस अभिलेखमा तात्कालिक शासकको चर्चा गरिएको छैन । ने.सं. १४४ श्रावणको एक हस्तलिखित ग्रन्थमा राजा लक्ष्मीकामदेवको चर्चा आएको छ । यस कारण यसताका राजा लक्ष्मीकामदेवको शासन चलिरहेको थियो भन्ने थाहा पाइन्छ ।

ललितपुर यङ्गाबहालको लिच्छवि राजा नरेन्द्रदेवको अभिलेखमा ललितपुरको पूर्वोत्तर भागमा गुल्लतङ्गनामक विकसित ग्रामको उल्लेख परेको छ । त्यस गुल्लतङ्ग ग्रामको इलाकाभित्र अनेक विहार पनि पर्दथे भन्ने कुरा त्यस अभिलेखबाट थाहा पाइन्छ । त्यसै गुल्लतङ्ग ग्रामको अपभ्रंश भई गुइतःटोल बनेको देखिन्छ । सो टोलमा रहेका बहाल, बहिल पनि सोही नामले प्रसिद्ध भएको बुझिन्छ ।

७ सङ्ख्या

[८ सङ्ख्या]

चाँगुनारायणको ने.सं. १५८ को अभिलेख

चाँगुनारायण मन्दिरको भण्डारभित्र रहेका देवीदेवताका मूर्तिहरूमध्ये एउटा देवताको आसनीमा यो अभिलेख कुँदिएको छ। यहाँ ने.सं. १५८ छ।

यो अभिलेख सर्वप्रथम *चाँगुनारायणका ऐतिहासिक सामग्री*को १५२ पृष्ठमा मोहनप्रसाद खनालद्वारा अनुवादसहित छापिएको हो।

मूलपाठ

१. ๖ अद्य १५८ वैशाखशुक्लपंच-
२. म्याम् श्रीलक्ष्मीकामदेवपरमभट्टार-
३. कदेव कल्याण ...
४. य पूर्व्वटोले ...
५. माता पिता ....
६. ...

अनुवाद

आज ने. सं. १५८ (वि.सं. १०९५) वैशाखशुक्ल पञ्चमीमा। श्रीलक्ष्मीकामदेव परमभट्टारकदेवको कल्याण ... पूर्व टोलमा... आमा बाबु...

८ सङ्ख्या

[९ सङ्ख्या]

ललितपुरको जलद्रोणीको ने.सं. १५९ को अभिलेख

ललितपुरको उत्तरी भागमा रहेको जलद्रोणीमा यो अभिलेख कुँदिएको छ । यहाँ ने.सं. १५९ छ ।

यो अभिलेख *इपिग्राफिक् सर्भे* १ अङ्कको ४ पृष्ठमा धनवज्र वज्राचार्य र जगदीशचन्द्र रेग्मीद्वारा सर्वप्रथम छापिएको हो ।

मूलपाठ

१. संवत् १५९ वैशाखशुक्लतृतीया ...
२. ... ॥ राजाधिराजपरमेश्वर ...
३. ... देवविजयराज्ये ...
४. ... पित्रा ... जलद्रोणि ... दत्ता ...
५. पिपासासांत्यर्थम् ॥

अनुवाद

ने.सं. १५९ (वि.सं. १०९६) वैशाखशुक्ल तृतीयाको दिन राजाधिराज परमेश्वर ... देवको विजयराज्यमा ... बाबुले प्यास मेटाउनका लागि जलद्रोणी बनाई दान दिइयो ।

व्याख्या

जनजीवनको लागि पनि अत्यावश्यक चीज हुनाले पानीको खाँचोको पूर्तिको लागि लिच्छविकालदेखि नै अनेक दानधर्म गरिएको पाइन्छ । पुगिसरी आउनेहरू प्रणाली (ढुङ्गे धारा) आदि नै बनाउन लाउँथे । प्रणालीहरूको बन्दोबस्त गर्ने गूठी (गोष्ठी) नै हुन्थे । प्रणाली बनाउनु ज्यादै खर्चिलो हुनाले मध्यम वर्गका दानपतिहरू जलद्रोणी (टुटेधारा) बनाउन लाउँथे । जलद्रोणीको लागि पनि एक कुवाको प्रबन्ध गर्नु आवश्यक हुन्छ । यसो हुनाले धेरै जलद्रोणीसाथ कुवा पनि रहेको हुन्छ । सँगै कुवा बनाउने अनुकूल नपरे नजिकको पानीको स्रोतबाट पानी भर्ने प्रबन्ध मिलाई जलद्रोणी राखिएको हुन्छ ।

यो अभिलेख यस्तै जलद्रोणी बनाई त्यसमा कुँद्न लाइएको हो । जलद्रोणी पल्टाई घरको ढोकामा पस्ने सिँढी बनाइएको हुनाले यस अभिलेखको धेरै भाग खण्डित भइसकेको छ । यहाँ संवत् १५९ ठम्याउन सकिन्छ । राजाधिराजपरमेश्वर

... देवविजयराज्ये भन्ने भाग अहिले पनि बचेको हुनाले यस अभिलेखमा राजाको नामोल्लेख पनि भएको थियो भन्ने थाहा पाइन्छ । तर अहिले राजाको नाम पढ्न नसकिने भइसकेको छ । यसरी यस अभिलेखको महत्त्व घटेको छ । संवत् १५९ वैशाखमै सारिएको *सद्धर्मपुण्डरीक*नामक एक ग्रन्थमा संवत् १५९ वैशाखशुक्लतृतीयायां शुक्रदिने । श्रीलक्ष्मीकामदेवस्य विजयराज्ये भनी लेखिएको पाइने हुनाले यो अभिलेख राखिएको समयमा राजा लक्ष्मीकामदेव नै थिए भन्ने थाहा पाइन्छ । लक्ष्मीकामदेवको शासनकाल लामो रहेको कुरा तात्कालिक हस्तलिखित ग्रन्थबाट थाहा पाइन्छ । वंशावलीकारहरूले पनि लक्ष्मीकामदेवको शासनकाल लामै दिएका छन् । साथै उनको शासनकालमा शान्ति रहेको कुरा लेखेका छन् । द्वैराज्य (संयुक्तशासन) बाट उनको हातमा एकलौटी अधिकार आएपछि अधिकार हात लाउन हानथाप नभएको हुँदा उनको शासनको उत्तरार्द्धमा शान्ति छाएको बुझिन्छ । तर यो अभिलेख रहेकै साल भक्तपुरभेकमा ठूलो लडाइँ भएको कुरा एक हस्तलिखित ग्रन्थमा परेको छ । यसबाट लक्ष्मीकामदेवको शासनको अन्तिम समयतिर फेरि गडबडी हुन थालेको सङ्केत पाइन्छ ।

यस अभिलेखमा दानपतिको नाम पनि नबुझिने भइसकेको छ । ... जलद्रोणि... दत्ता... पिपासासांत्यर्थम् भन्ने अंश मात्र अहिले पढ्न सकिन्छ । जनताको प्यास हटाउन मद्दत होस् भन्ने भावनाले दानस्वरूप यो जलद्रोणी बनाउन लाएको हो भन्ने अभिप्राय यताबाट झल्किन्छ ।

[१० सङ्ख्या]

चाँगुनारायणको प्रतिमाको ने.सं. १७० को अभिलेख

चाँगुनारायणमन्दिरको भण्डारका देवीदेवताका केही सुवर्ण प्रतिमाहरूमध्ये लक्ष्मीनारायण र गरुड भएको एउटा सुवर्णप्रतिमाको पादपीठमा यो अभिलेख कुँदिएको छ। यहाँ ने.सं. १७० छ।

यो अभिलेख सर्वप्रथम *चाँगुनारायणका ऐतिहासिक सामग्री*को १५३ पृष्ठमा मोहनप्रसाद खनालद्वारा अनुवादसहित छापिएको हो।

मूलपाठ

१. संवत् १७० जेष्ठशुक्लपूर्णमास्यां ‸ श्रीतेखृभट्टारकाय
२. श्रीजिनाङ्गहिरन्याकस्य सुवर्ण्णकोषं तेखृदूद्भव वर्षवाधनि
३. वस्तुसहितं प्रदत्ताय इतिः ॥

अनुवाद

ने.सं. १७० (वि.सं. ११०७) ज्येष्ठशुक्ल पूर्णिमामा श्रीतेखृमा उत्पन्न हुनुभएका सुवर्णमय शरीर हुने भगवान्लाई वर्षबन्धनको लागि चाहिने वस्तुसहित सुवर्णकोष चढाइयो।

१० सङ्ख्या

[११ सङ्ख्या]

चाँगुनारायणको ने.सं. १७६ को अभिलेख

चाँगुनारायणमन्दिरको पूर्वतिर यो अभिलेख कुँदिएको शिलापत्र रहेको छ । यहाँ ने.सं. १७६ छ ।

यो अभिलेख सर्वप्रथम *मेडिईभल् नेपाल्* ३ भागको ४ पृष्ठमा डिल्लीरमण रेग्मीद्वारा छापिएको हो ।

मूलपाठ

१. ...
२. ...
३. ... मधिकरणायुवि
४. ... पूर्व कुरे प्रदेश ... कृत्वा त
५. ... त्तदा संसार ... ग दत्तं
६. ... संवत् १७६ वैशाखसुक्रदिवा पुण्या ...

[१२ सङ्ख्या]

काठमाडौँ नक्सालको ने.सं. १७९ को अभिलेख

काठमाडौँ नक्सालस्थित सूर्यमूर्तिमा यो अभिलेख कुँदिएको छ । यो मूर्ति वीरपुस्तकालय (हाल राष्ट्रिय सङ्ग्रहालय छाउनी) मा रहेको छ । यहाँ ने.सं. १७९ छ ।

यो अभिलेख सर्वप्रथम *मेडिईभल् नेपाल्* ३ भागका ४-५ पृष्ठमा डिल्लीरमण रेग्मीद्वारा छापिएको हो ।

मूलपाठ

१. नवसप्ताधिकशते आषाढगतो द्वितीया रुद्रगणादित्य
२. सम्वत् १७९ आषाढशुक्लद्वितीया

[१३ सङ्ख्या]

ललितपुर थपाहिटीको ने.सं. १८५ को अभिलेख

ललितपुर महाबौद्धदेखि केही दक्षिण र पश्चिम लागेपछि थपाटोल आउँछ । त्यहाँ थपाहिटी भन्ने ढुङ्गेधारा रहेको छ । त्यहाँ धारासँगै रहेको एउटा सुन्दर सूर्यमूर्तिको पादपीठमा यो अभिलेख कुँदिएको छ । हाल यो अभिलेख पाटन सङ्ग्रहालयमा छ । यहाँ ने.सं. १८५ छ ।

यो अभिलेख सर्वप्रथम संशोधन-मण्डलद्वारा *अभिलेख-संग्रह* दोस्रो भागको १० पृष्ठमा छापिएको हो ।

मूलपाठ

१. ७ पञ्चासीतिनियुक्तवत्सरशतं प्राप्ता सुपूर्ण्णं सुभा
२. मूलादित्ययुता (वि)धिश्च धवलाषाढत्रयोदस्यपि
३. श्रीप्रद्युम्नमहीपतेश्च सुखवद्राज्यं प्रतिष्टापिता
४. तत्राचार्यवरेण सा प्रतिकृती रत्नाकरस्वामिना

अनुवाद

ने.सं. १८५ (वि.सं. ११२२) आषाढशुक्ल त्रयोदशी आदित्यवार मूलनक्षत्र ... को दिन राजा श्रीप्रद्युम्नकामदेवले सुखसँग राज्य गरिरहनुभएको बेलामा ठूला आचार्य रत्नाकर स्वामीद्वारा यो मूर्ति (सूर्यमूर्ति) को प्रतिष्ठा गरियो ।

व्याख्या

ने.सं. १८५ (वि.सं. ११२२) मा राजा प्रद्युम्नकामदेवको पालामा आचार्य रत्नाकर स्वामीले सूर्यमूर्ति स्थापना गरी त्यसको पादपीठमा यो अभिलेख कुँदाएका हुन् । यस अभिलेखमा सूर्य स्थापना गरेको कुराको स्पष्ट उल्लेख छैन तापनि यो मूर्ति सूर्यको हो भन्ने कुरा निश्चित छ । ललितपुर सौगलटोलको ने.सं. २०३ को सूर्यमूर्ति र यस मूर्तिको ध्यान, मुद्रा एकै प्रकारको छ । सौगलटोलको मूर्तिको अभिलेखमा सूर्य-स्थापना गरिएको कुरा स्पष्टसँग लेखिएको छ । यसरी यस अभिलेखको सम्बन्ध सूर्यमूर्तिसित छ भन्ने कुरा स्पष्ट छ । हाम्रो यहाँ धार्मिक उदारता र समन्वयको भावनाले प्रश्रय पाएको हुनाले विविध धार्मिक सम्प्रदायले फस्टाउने अवसर पाएको छ । यसै हुँदा शैव, वैष्णव, बौद्ध, शाक्त आदि धार्मिक सम्प्रदायको प्रचार-प्रसार प्राचीनकालदेखि नै यहाँ भएको पाइन्छ । सौर सम्प्रदायको

केही प्रचार यहाँ लिच्छविकालमै भइसकेको सङ्केत टेबहालको गुहमित्रको अभिलेखले दिन्छ । तर शैव, बौद्ध आदि धार्मिक सम्प्रदायका अनेक सङ्गठन लिच्छविकालमा देखापरेका थिए तापनि सौरसम्प्रदायसम्बन्धी त्यस्तो सङ्गठनको कुनै सङ्केत लिच्छविकालमा पाइएको छैन । तर मध्यकालको पूर्वार्धमा आएर यहाँ सौरसम्प्रदायको सङ्गठन पनि कुनै रूपमा कायम भएको थियो कि भन्ने सङ्केत यस अभिलेखबाट पाइन्छ । यस अभिलेखमा सूर्यमूर्ति स्थापना गर्ने रत्नाकर स्वामीको विशेषण आचार्यवर भन्ने रहेको छ । त्यसताका प्रायः कुनै पनि धार्मिक सङ्गठनका प्रमुखलाई आचार्य भन्ने चलन थियो । यसताका सौरसम्प्रदायको प्रचार बढी नै थियो भन्ने सङ्केत सूर्यमूर्ति स्थापना गरी राखिएका अरू अभिलेखबाट पनि पाइन्छ । मध्यकालको उत्तरार्द्धमा आएर सौरपूजा र सौरमूर्तिमा भने केही अन्तर आएको हामी पाउँछौं । सूर्यमूर्ति पहिले जस्तो नभएर अब सात घोडे रथमा चढेका सूर्यको चित्रण हुन थाल्यो । बनेपाको, नालाको अभिलेखयुक्त सूर्यमूर्तिलाई यसका उदाहरणका रूपमा देखाउन सकिन्छ । भक्तपुर सिद्धपोखरीमा पनि सप्तमीव्रत बसी स्थापना गरिएका यस्ता सूर्यमूर्तिहरू रहेका छन् । यसताका सप्तमीव्रत बसेर सूर्यमूर्ति स्थापना गर्ने पद्धति निकै लोकप्रिय बनेको देखिन्छ । ती अभिलेखमा सूर्यलाई लक्ष्य गरी यसरी व्रत बसेमा स्वर्गप्राप्ति हुन्छ भन्ने धारणा व्यक्त गरिएको पनि पाइन्छ ।

ललितपुर थपाहिटीको यो सूर्यमूर्ति मूर्तिकलाको दृष्टिले पनि उल्लेखनीय रहेको छ । मिहिन र केही चिल्लो ढुङ्गामा कलाकारले आफ्नो खूबी राम्ररी व्यक्त गरेका छन् । दुइ हातमा दुइ सूर्यमुखी फूल लिएका, उभिएका सूर्यको आकृति गम्भीर र उज्ज्वल रूपमा यहाँ चित्रण गरिएको छ । पृष्ठभूमिमा प्रभामण्डलको चित्रण पनि सुन्दर रूपमा गरिएको छ । साथमा उभिएका दुइ देवता चित्रित छन् । पछि सूर्यको मूर्तिको चित्रण यस किसिमको हुन छोड्यो, सात घोडे रथमा बसेका सूर्यका मूर्तिहरू पछि बढी लोकप्रिय रहे ।

यस अभिलेखले ने.सं. १८५ (वि.सं. ११२२) तिर राजा प्रद्युम्नकामदेवले राज्य गरिरहेका थिए भन्ने कुरा प्रामाणिक रूपमा सिद्ध गरेको छ । यो अभिलेखबाहेक प्रद्युम्नकामदेवका शासनकालमा सारिएका तीनवटा हस्तलिखित ग्रन्थ पनि प्राप्त भएका छन् । तिनमा ने.सं. १८३, १८६ दिइएका छन् । ती हस्तलिखित ग्रन्थबाट पनि प्रद्युम्नकामदेवको राज्यकाल आदि बारेमा केही कुरा थाहा पाइन्छ । साथै संवत् तिथिमितिले युक्त प्रद्युम्नकामदेवको पालाको एक मात्र यस अभिलेखले पनि तात्कालिक कुरामा केही प्रकाश पारेको छ । यसो हुनाले यस अभिलेखको केही महत्त्व रहेको छ ।

यसताकाका राजाहरूको वंशक्रम राम्ररी निश्चित हुन सकेको छैन । चल्तीका भाषावंशावलीमा भास्करदेवदेखि शङ्करदेवसम्मका राजाहरू नुवाकोटका वैश्य ठकुरीहरू हुन् भन्ने लेखिएको पाइन्छ । यो कुरा सत्य भएको भए यी प्रद्युम्नकामदेव पनि नुवाकोटे ठकुरीवंशका हुन आउँछन् । तर उक्त कुरा सिद्ध गर्ने कुनै ठोस प्रमाण पाइँदैन । गोपालराजवंशावली आदि पुराना वंशावलीमा उक्त कुराको उल्लेख पाइँदैन । यसो विचार गर्दा यी प्रद्युम्नकामदेव, गुणकामदेव

लक्ष्मीकामदेवहरूका वंशज हुन् कि भन्ने देखिन्छ । तर प्रमाणको अभावमा यस विषयमा निश्चित रूपमा भन्न सकिँदैन ।

यस अभिलेखमा प्रद्युम्नकामदेवको सुखपूर्वकको राज्यकालमा भन्ने उल्लेख परेको छ । यसबाट यस वेला राज्यमा शान्ति कायम भएको अनुमान हुन्छ । प्रद्युम्नकामदेवको राज्यकाल लामो भने थिएन ।



१३ सङ्ख्या

[१४ सङ्ख्या]

ललितपुर सौगलटोलको ने.सं. २०३ को अभिलेख

ललितपुर सौगलटोलमा एक सानो मन्दिरको बाहिरी भागमा ढोकानिर एक ढुङ्गे सूर्यमूर्ति रहेको छ । त्यसको पादपीठमा यो अभिलेख कुँदिएको छ । यहाँ ने.सं. २०३ छ ।

यो अभिलेख सर्वप्रथम सेसिल बेन्डालद्वारा *ए जर्नी अफ् लिटरेरि यान्ड् आर्कियोलजिकल् रिसर्च् इन् नेपाल् यान्ड् नर्दन् इण्डिया*का ८०-८१ पृष्ठमा अनुवादसहित छापिएको हो । पछि *मेडिईभल् नेपाल्* ३ भागको ५ पृष्ठमा डिल्लीरमण रेग्मीद्वारा केही शुद्ध पाठसहित यो छापिएको छ ।

मूलपाठ

१. ७ त्रिभिर्वर्षैः समायुक्ते संवत्सरशतद्वये । वैशाखशु-

२. क्लसप्तम्यां बुधे पुष्योदये शुभे । श्रीयशोदेवभूनाथस्त-

३. नयो धर्मतत्परः । श्रीबाणदेवः कृतवान् प्रतिमा सु-

४. प्रतिष्ठिता । दिवाकरस्य या मात्रा पुरा संकल्पिता मुदा

५. कर्त्तुस्तेनास्तु सततं तेजोवृद्धिरनुत्तरा ॥०॥

अनुवाद

ने.सं. २०३ (वि.सं. ११४०) वैशाखशुक्ल सप्तमी बुधवार पुष्यनक्षत्र भएको शुभ दिनमा श्रीयशोदेव राजाका छोरा, धर्मात्मा श्रीबाणदेवले आमाले पहिले संकल्प गरेअनुसार सूर्यमूर्तिको प्रतिष्ठा गर्नुभयो । यसबाट मूर्ति स्थापना गर्नेको सधैँ अनुत्तर तेजको बढिबढाउ भइरहोस् ।

व्याख्या

ने.सं. २०३ मा बाणदेवले सूर्यमूर्ति स्थापना गरी त्यसको पादपीठमा यो अभिलेख कुँद्न लाएका हुन् । बाणदेवकी आमाले सूर्यमूर्ति स्थापना गर्ने संकल्प गरेकी थिइन्, छोराले आमाको सो संकल्प पूरा गरेको चर्चा यस अभिलेखमा परेको छ । यसताकाका सौरसम्प्रदायको प्रचार केही भएको थियो भन्ने कुराको चर्चा माथिको अभिलेखको व्याख्यामा गरिसकिएको छ । अभिलेखयुक्त यस सूर्यमूर्तिले पनि उक्त कुराको पुष्टि गर्छ । कलाको दृष्टिले पनि ती दुइ सूर्यमूर्तिमा केही समानता रहेको छ । सूर्यमूर्ति स्थापनाको पुण्यफलस्वरूप अनुत्तर तेजको वृद्धि होस्

भन्ने कामना यस अभिलेखमा गरिएको छ । तेजस्वी सूर्यको उपासनाको फलस्वरूप तेजोवृद्धि होस् भनी कामना गरिएको कुरा रोचक छ । यसताका राजा भवतु तेजस्वी भनी साधारण जनताले पनि कामना गरिएको पाइन्छ । यसरी यसताका तेजस्वी जीवन आदर्श रहेको झलक पाइन्छ । केही कालपछि भने सूर्यको उपासनाको फल यस्तो होस् भनी कामना गरिएको पाइँदैन । यस कुराको केही चर्चा माथि गरिसकिएको छ ।

यस अभिलेखमा बाणदेवको परिचय दिँदा श्रीयशोदेवभूनाथतनय भनी लेखिएको छ । भूपति, भूनाथ आदि शब्दले साधारणतः राजालाई कहने हुनाले बाणदेव राजवंशका व्यक्ति देखिन्छन् । यसो हुँदा बेण्डालले यी बाणदेव यसताकाका हस्तलिखित ग्रन्थमा र गोपालराजवंशावलीमा उल्लिखित राजा वामदेव नै होलान् भन्ने भावको कुरा लेखेका छन् । तर वामदेव र बाणदेव नाममा अक्षरको सादृश्य केही भए पनि शब्दार्थमा धेरै अन्तर हुँदा लेभी आदि विद्वान्लाई यो कुरा मान्य भएन । हुन पनि यस अभिलेखमा बाणदेवको अगाडि श्री बाहेक राजोचित अरू कुनै विशेषण रहेको छैन । उनलाई धर्मात्मा आमाप्रति भक्त भन्ने कुरा मात्र यहाँ झल्काइएको छ । यस कारण बाणदेव र वामदेव एकै होइनन् भन्ने स्वतः थाहा पाइन्छ । तर यसताकासम्म पनि नामको पछाडि देव शब्द प्रायः शासकपरिवारका व्यक्तिमा मात्र जोड्ने प्राचीन चलन चलिनै रहेको थियो । यसो हुनाले श्री युक्त बाणदेव शासकपरिवारकै व्यक्ति हुन् भन्ने सङ्केत पाइन्छ । साथै बाणदेवका बाबु यशोदेवलाई भूनाथ भनिएको हुँदा उनीचाहिँ राजा कहलाएका थिए भन्ने यताबाट देखिएको छ । तर यस विषयमा प्रकाश पार्ने अरू सामग्री नपाइएको हुनाले निश्चित रूपमा केही भन्न सकिँदैन ।



१४ सङ्ख्या

[१५ सङ्ख्या]

चाँगुनारायणको ने.सं. २०७ को अभिलेख

चाँगुनारायणभण्डारका सुवर्ण प्रतिमाहरूमध्ये लक्ष्मी, नारायण र गरुड भएको एउटा सुवर्णप्रतिमाको मध्यभागमा यो अभिलेख कुँदिएको छ । यहाँ ने.सं. २०७ छ ।

यो अभिलेख सर्वप्रथम *चाँगुनारायणका ऐतिहासिक सामग्री*को १५४ पृष्ठमा मोहनप्रसाद खनालद्वारा अनुवादसहित छापिएको हो ।

मूलपाठ

१. ॐ संम्वत २०७
२. वैसाखसुक्ल-
३. पूर्ण्णमास्यां श्रीख-
४. पूं(क्र)मयां वलंन-
५. टोलकाधिवाशि-
६. ण तंवका-
७. ल गेवोके-
८. ण
९. श्रीदोलाशि-
१०. खरभट्टारक
११. सुवर्णप्रतिमा दा-
१२. तत्या श्रीहर्ष-
१३. देवराजकाले

अनुवाद

ॐ । ने.सं. २०७ (वि.सं. ११४४) वैशाखशुक्ल पूर्णिमाको दिन श्रीखपूंक्रमया (भक्तपुर) का वलंनटोलनिवासी तंवकार गेवोकेले श्रीदोलाशिखरका भट्टारकलाई श्रीहर्षदेवको राज्यकालमा सुनको प्रतिमा चढाए ।

१५ सङ्ख्या फोटो



[१६ सङ्ख्या]

शिवदेवको पालाको ने.सं. २२१ को अभिलेख

यो ताम्रपत्राभिलेख हाल ऐश्वर्यधर शर्माको संग्रहमा रहेको छ । यसमा ने.सं. २२१ दिइएको छ ।

महेशराज पन्त र ऐश्वर्यधर शर्माद्वारा *दि टू अर्लिएस्ट् कपर्-प्लेट् इन्स्क्रिप्शन्ज् फ्रम् नेपाल्*का ७-८ पृष्ठमा सर्वप्रथम यो अनुवादसहित छापिएको हो । *पाञ्चाली (पञ्चायत) शासनपद्धतिको ऐतिहासिक विवेचना*को १३४ पृष्ठमा धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठद्वारा छापिएको अनुवाद यहाँ दिइएको छ ।

मूलपाठ

१. ॐ शुभमस्तु । सम्वत् २२१ मार्ग्गशुक्लदशंम्यां । राजाधिराजपरमे-
२. श्वरःश्रीमतशिवदेवमहाराजै । श्रीरामदीवसमत्तविजयराजै ।
३. मंग्वरविषये । झोंटेश्वरभटारकास ताडेगौठिपञ्चालिकेणः छेप-
४. रं ग्वण्ड ओपलें । श्रीइदाभावो नायक । श्रीधक्नप नायक । श्रीसोह-
५. वराने । एते पधाण वर्त्तनीय ॥

अनुवाद

कल्याण होस् । ने.सं. २२१ (वि.सं. ११५७) मार्गशुक्ल दशमीको दिन राजाधिराज परमेश्वर श्रीशिवदेवको र सामन्त श्रीरामदेवको विजयराज्यमा मंग्वर विषय (जिल्ला) मा, झोंटेश्वर भट्टारक (देवता) लाई ताडेका गोष्ठी र पाञ्चालीका सदस्यहरूले ... चढाए । श्रीइदाभावो नायक, श्रीधक्नप नायक, श्रीसोहव राना, यी प्रधानहरूले यसको हेरचाह गरी चलाउनू ।

व्याख्या

राजा शिवदेवको पालाको ने.सं. २२१ (वि.सं. ११५७) को यो ताम्रपत्र-अभिलेख सानो भए पनि अनेक दृष्टिले उल्लेखनीय रहेको छ । एक त अहिलेसम्म नेपालभित्र पाइएका ताम्रपत्रहरूमा यो सबभन्दा पुरानो हो । साथै राजधानी नेपालउपत्यकामा यो ताम्रपत्र कुँदाइएको नभई उपत्यकाबाहिर मंग्वरविषयमा यो कुँदाइएको हुनाले तात्कालिक प्रशासनव्यवस्था आदि अनेक कुरामा यस अभिलेखले प्रामाणिक रूपमा केही प्रकाश परेको छ । तात्कालिक सामाजिक सङ्गठनबारे बुझ्न पनि यो अभिलेख उपयोगी नै रहेको छ ।

मध्यकालको शुरूको इतिहास केही अस्पष्ट रहेको छ । त्यसो हुनाको कारण ऐतिहासिक सामग्रीको अभाव नै हो । मध्यकालको इतिहास प्रकाश पार्न एक प्रमुख सामग्री गोपालराजवंशावली हो । तर गोपालराजवंशावलीमा पनि मध्यकालका शुरूका राजाहरूको बारेमा सामान्य कुरा मात्र परेको छ । यी शिवदेवको पालादेखि मात्र गोपालराजवंशावलीमा अलि बढ्ता विवरण तिथिमितिको उल्लेखसहित गरिएको पाइन्छ । शुरूदेखि अर्थात् गोपालवंशी राजाहरूदेखि स्थितिराज मल्लसम्मका राजाहरूको संक्षिप्त चर्चा संस्कृत भागमा गरेपछि स्वस्ति भूतवृत्तान्तर लिखितं च श्रृणु भनी यी शिवदेवको जन्म आदिको वर्णन गोपालराजवंशावलीमा गरिएको छ । गोपालराजवंशावलीको वर्णनअनुसार शिवदेवको जन्म ने.सं. १७७ (वि.सं. १११४) आषाढकृष्ण प्रतिपदा बुधवारको दिन भएको हो भन्ने थाहा पाइन्छ । श्रीसंक(र)देवस्य पुत्र श्रीशिवदेवस्य जात भनिएको हुँदा शिवदेव प्रसिद्ध राजा शंकरदेवका छोरा हुन् भन्ने सङ्केत पनि पाइन्छ । लेख्नेको गल्तीले भूलमा र छुटेको छ तापनि प्रसङ्गबाट उक्त कुरा स्पष्ट रूपमा बुझ्न सकिन्छ । गोपालराजवंशावलीको वर्णनअनुसार शिवदेव ६९ वर्ष जीवित रहे भन्ने थाहा पाइन्छ । शिवदेवको जन्म, मृत्युको उल्लेखको सिलसिलामा उनलाई कामरूपो भैरवअवतार भन्ने विशिष्ट विशेषण गोपालराजवंशावलीकारले लगाएका छन् । यसबाट शिवदेवको व्यक्तित्व र देन विशिष्ट थिए, उनले आँटेर जुन काम गरे, त्यसले गर्दा उनी साधारण व्यक्ति थिएनन्, भैरवकै अवतार हुन् भन्ने धारणा लोकमा जमेको अनुमान हुन्छ ।

हुन पनि राजा शिवदेव योग्य शासक थिए, उनले अनेक उल्लेखनीय काम गरेका थिए । उनले गरेका कामकुराको वर्णन गोपालराजवंशावलीको संस्कृत भागमा गरिएको छ । गोपालराजवंशावलीको उक्त वर्णनअनुसार राजा हर्षदेवपछि ने.सं. २१९ मा शिवदेव गद्दीमा बसेका थिए । उनी त्यस वेला ४२ वर्षका थिए । उनले जम्मा २७ वर्ष ७ महिना राज्य गरे भनी गोपालराजवंशावलीकारले लेखेका छन् । यसरी शिवदेवको शासनकाल ने.सं. २४६ सम्म रह्यो भन्ने यताबाट देखिन्छ । उपर्युक्त कुराको पुष्टि तात्कालिक हस्तलिखित ग्रन्थहरूबाट पनि हुन्छ । राजा हर्षदेवको पालाका हस्तलिखित ग्रन्थ ने.सं. २१७ सम्मका पाइएका छन् । ने.सं. २२१ देखि २४३ सम्मका अभिलेख, हस्तलिखित ग्रन्थमा शिवदेवको उल्लेख आएको छ । ने.सं.२४७ आषाढमा लेखिएको हस्तलिखित ग्रन्थमा शिवदेवका उत्तराधिकारीका रूपमा इन्द्रदेवको उल्लेख आएको छ । यसबाट गोपालराजवंशावलीकारले दिएको शिवदेवसम्बन्धी साल मिति ठीक छन् भन्ने देखिन्छ ।

शिवदेवका कामकारवाइहरूबाट गोपालराजवंशावलीकार निकै प्रभावित थिए भन्ने कुराको चर्चा माथि गरिसकिएको छ । अब गोपालराजवंशावलीकारले वर्णन गरेका शिवदेवसम्बन्धी अरू कुराको पनि संक्षेपमा यहाँ चर्चा गर्नु प्रासङ्गिक देखिन्छ । शिवदेवले पशुपतिनाथको मन्दिरमा सुनको छाना हालेथे, पूर्वशिखरदेवको जीर्णोद्धार गरेथे । शिवदेवको उल्लेखनीय विशेषता धार्मिक कुराभन्दा आर्थिक विकासलाई नयाँ मोड दिनामा रहेको छ । एकातिर उनले धारा, कुवा,

पोखरीहरूको निर्माण गराएर जनतामा सुखसुविधा पुऱ्याए भने अर्कोतिर नदीमा बाँध बाँधेर खेतीको लागि सिञ्चाइको बन्दोबस्त गरे । कीर्तिपुरनजीकै बल्खुखोलामा उनले बाँध बाँधेका थिए । कीर्तिपुरबस्तीलाई तात्कालिक परिभाषामा देश (शहर) को रूप पनि उनैले दिएका हुन् । यसरी शहर बसाउने, धारा कुवा पोखरी बाँधको निर्माण गर्ने आदि आर्थिक विकासका कामकुराबाहेक उनले नेपाली मुद्राको इतिहासमा नयाँ अध्याय पनि थपेका थिए । गोपालराजवंशावलीको भनाइअनुसार यसभन्दा अगाडि चाँदीका द्रम्मको व्यवहार चलेको थिएन, यी शिवदेवले सर्वप्रथम नेपालमा चाँदीका द्रम्मको प्रचलन गरे । यसभन्दा अगाडि लिच्छविकालदेखि प्रचलित पुराण, पण आदि मुद्राहरू नै प्रचलनमा रहेको बुझिन्छ । साथै गोपालराजवंशावलीको भनाइअनुसार त्यस वेला सुवर्णरक्तिका (सुनका टुक्रारूपका मुद्रा) को प्रचलन थियो । पूर्वपरम्पराअनुसार द्रम्मको प्रचलन पनि पशुपतिनाथलाई लक्ष्य गरेर नै गरिएको थियो । साथै शिवदेवले सुनका शिवका(सुकी)हरू पनि प्रचलनमा ल्याएथे । यसरी शिवदेवको पालादेखि नेपाली मुद्राको इतिहासले अर्को मोड लिएथ्यो । तर यी द्रम्म सिक्काहरू पाउन सकिएका छैनन् । मूल्यवान् सिक्काहरूको पहिचान नै नगरी त्यसै गाल्ने गरेका हुँदा हाल ती सिक्का नभेट्टिएका हुन् । यसो हुँदा यी द्रम्म, सिक्का मुद्राहरू कस्ता थिए भन्ने कुराको इदमित्थ हुन सकेको छैन । शिवदेवले पञ्चपुर नामको राजदरबार पनि बनाउन लाएथे । शिवदेवको राज्यकालमा युवराज महेन्द्रदेवले पनि महेन्द्रसरनामक ठूलो पोखरी बनाउन लाएथें ।

शिवदेवको शासनकालमा नेपालको प्रतिष्ठा भारततिर पनि केही फैलिएको बुझिएको छ । भारतको काशी प्रयागतिरका केही विद्वान्हरू यहीं आएर रहन थालेका थिए । राजकुमार आनन्ददेवहरूले ती विद्वान्सँग नै दीक्षा लिएका थिए । साथै यसताका विद्याको स्तर केही उठेको थियो भन्ने कुरा पनि यसताकाका अभिलेखबाट थाहा पाइन्छ ।

यसरी राजा शिवदेवको शासनकाल धार्मिक आर्थिक राजनैतिक आदि दृष्टिले उल्लेखनीय रहेको देखापरेको छ ।

अब यस ताम्रपत्र-अभिलेखमा परेको कुराको चर्चा गर्नुभन्दा पहिले शिवदेवको पालाको एक समस्याको समाधानतिर दृष्टि दिनुपरेको छ । गोपालराजवंशावलीको वर्णनअनुसार हर्षदेवपछि शिवदेव राजा भए, उनले ने.सं. २१९ देखि ने.सं. २४६ सम्म जम्मा २८ वर्ष राज्य गरे, अनि इन्द्रदेव राजा भए भन्ने थाहा पाइन्छ । यस बीचमा सिंहदेवले राज्य गरेको सङ्केतसम्म पनि गोपालराजवंशावलीबाट पाइँदैन । तर यस वेलाका हस्तलिखित ग्रन्थहरूबाट भने सिंहदेवले यसबीच शासन गरेको कुराको पुष्टि हुन्छ । एकातिर ने.सं. २२० देखि २४३ सम्मका शिवदेवको नाम उल्लिखित अभिलेख, हस्तलिखित ग्रन्थहरू पाइन्छन् भने अर्कोतिर ने.सं. २३१ देखि २४२ सम्मका सिंहदेवको शासनकालमा लेखिएका हस्तलिखित ग्रन्थ पाइन्छन् । साथै गोपालराजवंशावलीमा राजाका रूपमा सिंहदेवको उल्लेख परेको छैन तापनि युवराज महेन्द्रदेव र राजा आनन्ददेव, रुद्रदेव, अमृतदेवहरूका पिताका रूपमा सिंहदेवको उल्लेख आएको छ । यसरी शिवदेव र सिंहदेव एक अर्काका प्रतिद्वन्द्वी

शासक हुन् कि ती दुइ एकै शासक हुन् भन्ने प्रश्न उठेको छ। श्रीलुशियानो पेटेक आदि केही इतिहासकारले शिवदेव र सिंहदेव भिन्नाभिन्नै शासक हुन् भन्ने कुरा देखाउन प्रयास गरेका छन्। श्रीसिल्भाँ लेभीले भने शिवदेव र सिंहदेव एकै व्यक्ति हुन् भन्ने भाव व्यक्त गरेका छन्। तर निश्चित प्रमाणको अभाव हुँदा यो विवाद अहिले सर्वात्मना टुङ्गिदैन तापनि प्राप्त सामग्रीहरूको अध्ययन गरी हेर्दा शिवदेव र सिंहदेव एकै व्यक्ति हुन् भन्ने देखिएको छ। अब यस विषयमा पनि यहाँ अलिकता लेख्नुपरेको छ।

मध्यकालको पूर्वार्द्धदेखि हाम्रो यहाँ द्वैराज्य अर्थात् संयुक्तशासन चलेको थियो भन्ने चर्चा माथिका अभिलेखको व्याख्यामा गरिसकिएको छ। यसैगरी शिवदेव र सिंहदेवको पनि द्वैराज्य चलेको थियो कि भन्ने अनुमान गर्न नसकिने होइन। तर प्राप्त सामग्रीहरू राम्ररी केलाई हेर्दा यस वेला द्वैराज्य चलेको सङ्केत कतैबाट पाइँदैन। उक्त कुराको सङ्केत गोपालराजवंशावलीबाट पनि पाइँदैन, अभिलेख, हस्तलिखित ग्रन्थहरूबाट पनि पाइँदैन। यसो हुँदा शिवदेव र सिंहदेव एकै व्यक्ति होइनन् भने यी दुइमा सत्ता हात लिन कडा संघर्ष भइरहेको हुनुपर्छ भन्ने निष्कर्ष निकाल्नुपर्छ। तर शिवदेवको राज्यकालमा भएका आर्थिक विकास आदितिर दृष्टि दिँदा यस वेला अशान्ति थियो, सत्ता हातमा लिन संघर्ष भइरहेको थियो भन्ने कुनै लक्षण देखा पर्दैन। गोपालराजवंशावलीकारले शिवदेवप्रति जुन आदरभाव व्यक्त गरेका छन्, उनलाई साधारण राजा होइनन्, भैरवका अवतार भनी जुन उद्‌गार व्यक्त गरेका छन्, त्यतातिर दृष्टि दिँदा पनि उपर्युक्त कुराको पुष्टि हुँदैन। यस कारण शिवदेव र सिंहदेव एकै व्यक्ति हुन्, एकै व्यक्तिका ती दुइ नामान्तर मात्र हुन् भन्ने कुरा देखिन्छ। दुइटा नामको प्रचलन इतिहासमा कुनै नौलो कुरा होइन, यस्ता उदाहरण अनेक पाइन्छन्। फेरि गोपालराजवंशावली आदिको वर्णनतिर यसो दृष्टि दियौं भने शिवदेव र सिंहदेव एकै व्यक्तिका दुइ नाम मात्र हुन् भन्ने कुरा अनुमान गर्ने आधार नभएको पनि होइन। यस कुराको पुष्टिको लागि गोपालराजवंशावलीकारले द्रम्म मुद्राको प्रचलनको वर्णन गर्दा प्रयुक्त वाक्यतिर दृष्टि दिऔं। त्यहाँ यस्तो लेखिएको छ– राजा शिवदेव ... तेन ... स्वसिंहाकृति रूप्यदम्म व्यवहारा कृता– राजा शिवदेवले आफ्नो सिंहको आकृति कुँदिएको चाँदीका द्रम्मको व्यवहार चलाए। यहाँ दम्ममा सिंह कुँदाएको भन्नाको लागि सिंहाकृति मात्र भने पुग्नेमा स्वसिंहाकृति भनिएको कुरा निकै विचारणीय छ। आफ्नो सिंहको आकृति कुँदाइएको भन्ने यस उल्लेखबाट शिवदेवको अर्को नाम सिंहदेव पनि रहेछ र द्रम्ममा सिंह कुँदाइदा स्वसिंहाकृति भनियो भनी अनुमान गर्न गाह्रो छैन। पछिका लक्ष्मीनरसिंह, सिद्धिनरसिंह आदि मल्ल राजाका चाँदीका मुद्रामा लक्ष्मीनर, सिद्धिनर यति अक्षर कुँदाइसकेपछि सिंहचाहिँ अक्षरमा नकुँदाई सिंहाकृति नै कुँदाएको पाउँछौं। त्यसै गरी शिवदेवले आफ्नो द्रम्म मुद्रामा सिंहाकृति कुँदाउनामा आफ्नो अर्को नाम सिंहदेवको प्रतिनिधित्वको लागि रहेछ भन्ने चाखलाग्दो सङ्केत यताबाट पाइन्छ।

गोपालराजवंशावलीकारले नेपालका राजाहरूको वर्णनको सिलसिलामा सिंहदेवको चर्चा गरेका छैनन्, शिवदेवको मात्र त्यस सिलसिलामा चर्चा गरेका

छन् । तर युवराज महेन्द्रदेव र राजा आनन्ददेव, रुद्रदेव, अमृतदेवका पिताका रूपमा भने गोपालराजवंशावलीकारले सिंहदेवको उल्लेख आदरसाथ चार पटक गरेका छन् । यसबाट सिंहदेव यस नामदेखि गोपालराजवंशावलीकार अपरिचित थिएनन् भन्ने स्पष्ट छ । अतः सिंहदेव भिन्नै स्वतन्त्र राजा भएका भए गोपालराजवंशावलीकार र अरू वंशावलीकारहरूले पनि राजाहरूको उल्लेखको सिलसिलामा नै उनको पनि छुट्टै उल्लेख गर्ने थिए । तर शिवदेव र सिंहदेव एकै व्यक्ति हुँदा नेपालमा भएका राजाहरूको सूचीमा शिवदेवलाई संलग्न गरेपछि सिंहदेवको पनि उल्लेख स्वतः आवश्यक नहुँदा वंशावलीकारहरूले सिंहदेवको पृथक् उल्लेख नगरेका हुन् । यसबाट पनि सिंहदेव र शिवदेव एकै व्यक्ति हुन् भन्ने कुराको आभास पाइन्छ ।

अर्को कुरा गोपालराजवंशावलीको संस्कृत भागमा र अर्को दोस्रो भागमा पनि शिवदेवको वर्णनको सिलसिलामा नै युवराज महेन्द्रदेवको उल्लेख गरिएको छ । यसबाट युवराज महेन्द्रदेव राजा शिवदेवका नै छोरा हुन् भन्ने सङ्केत पाइन्छ । हुन त यसताका दुइ राजकुलको अस्तित्व रहेको हुँदा गद्दीनशीन राजा एक वंशका भए युवराज अर्को वंशका घोषित गर्ने चलन पनि चलेको पाइन्छ । यस कारण युवराज महेन्द्रदेव राजा शिवदेवकै छोरा हुन् भनी यति कुराको आधारमा ठोकेर भन्न सकिँदैन । तर गोपालराजवंशावलीकारको वर्णनशैली हेर्दा युवराज महेन्द्रदेव राजा शिवदेवका नै छोरा हुन् भन्ने सङ्केत नपाइने होइन । इत्यादि कुरा विचार गर्दा शिवदेव र सिंहदेव एकै व्यक्तिको नामान्तर मात्र हो भन्ने देखिएको छ ।

मध्यकालका पूर्वार्द्धका एक प्रख्यात राजा शिवदेवबारे विचार गर्न पाठकलाई सजिलो होस् भनी माथि केही चर्चा गरियो । अब यस ताम्रपत्रमा परेका अरू विषयतिर दृष्टि दिनुपरेको छ ।

मध्यकालको पूर्वार्द्धमा यहाँ कस्तो प्रशासन-व्यवस्था कायम थियो भन्ने कुरा बुझ्न यस ताम्रपत्रबाट केही मद्दत पाइन्छ । यो ताम्रपत्र मंग्वरविषयमा कुँदाइएको हो । यसो हुँदा नेपालमण्डलको मूलगद्दीमा बसेका राजा शिवदेवको पहिले उल्लेख गरी त्यसपछि मंग्वरविषयका सामन्त रामदेवको उल्लेख यसमा गरिएको छ । शिवदेवको प्रशस्ति राजाधिराज परमेश्वर दिइएको छ । जुन गद्दीनशीन राजालाई जनाउने अघिदेखि प्रचलित प्रशस्ति हो । सामन्त रामदेवमा विशेष प्रशस्ति जोडिएको छैन तापनि उनको विजयराज्यमा भनिएको हुनाले स्थानीय प्रशासन उनकै प्रभुत्वमा थियो भन्ने थाहा पाइन्छ । बाटोघाटोको कठिनाइ आदि भौगोलिक कारणले गर्दा नेपालको शासनव्यवस्थामा प्राचीनकालदेखि नै 'सामन्तप्रथा' ले महत्त्वपूर्ण स्थान लिएथ्यो । लिच्छविकालमा केन्द्रीय शासन मजबूत थियो । तर त्यस वेला पनि सामन्तहरूको अस्तित्व त्यत्तिकै रहेको थियो । सामन्त शासकहरू केन्द्रका शासकको आज्ञा मानी शासन गर्दथे तापनि स्थानीय प्रशासनमा उनीहरू निकै स्वतन्त्र हुन्थे ।

यसरी लिच्छविकालदेखि नै केन्द्रद्वारा शासन गरिएको प्रदेश र सामन्तद्वारा शासन गरिएको प्रदेश गरी नेपालमण्डल दुइ खण्डमा विभक्त थियो । मध्यकालमा पुगेपछि यसमा केही अन्तर आउन थाल्यो । अब विभिन्न विषय (जिल्ला) का

विषयपतिहरू पनि पुस्तैनी अधिकार पाएका महासामन्त रूपका हुन थाले । यसरी अधिका विषयहरू अब क्रमशः सामन्तराज्यका रूपमा परिणत हुन थाले । केन्द्रमा (मूल राजधानीमा) सैन्यशक्ति पर्याप्त नहुँदा यी सामन्तहरूले आफ्नो शक्ति झन् बढाउन थाले । साथै विभिन्न विषयका केन्द्ररूपका प्रमुख बस्ती गढ रूपका हुन पुग्दा मूल केन्द्रमा कमजोरी आउनेबित्तिकै यस्ता विषयहरू स्वतन्त्र हुने चेष्टा पनि गर्दथे । तात्कालिक राजनैतिक इतिहासलाई केलाई हेऱ्यौँ भने हामी उक्त कुरा स्पष्ट रूपमा देख्तछौँ ।

यस ताम्रपत्रमा उल्लिखित सामन्त रामदेव पनि निकै शक्तिशाली शासक थिए । ने.सं. २२० को *आर्योष्णीषविजयधारणी*नामक हस्तलिखित ग्रन्थबाट यी रामदेव शक्तिशाली थिए भन्ने कुराको पुष्टि हुन्छ । उक्त ग्रन्थमा रामदेवलाई महासामन्ताधिपति महासामन्त भन्ने विशेषण लाइएको छ । त्यसबाट अरू विषयका महासामन्तहरूभन्दा रामदेव माथिल्लो तहमा थिए, अरू महासामन्तहरूको देखरेख गर्ने अभिभारा उनले पाएका थिए, साथै अरू विषयका महासामन्तहरूलाई उनले केही अँठ्याएका पनि थिए भन्ने सङ्केत पाइन्छ । उक्त हस्तलिखित ग्रन्थमा गद्दीनशीन राजाको नामोल्लेखसम्म पनि गरिएको छैन । उक्त ग्रन्थमा रामदेवलाई धवलश्रोतपुरका भनी लेखिएको छ । यसबाट मंग्वरविषय र धवलश्रोतपुर परस्परमा सम्बद्ध रहेको कुरा थाहा पाइन्छ ।

यस ताम्रपत्रमा उल्लिखित मंग्वर शब्द वर्तमान मगर शब्दको पूर्व रूप हो भन्ने कुरामा शंका छैन । हाम्रो यहाँ मध्य नेपालको अर्थात् गण्डकीप्रस्रवणक्षेत्रको प्रमुख इलाका मगरात भनेर पछिसम्म नै प्रचलित रहेको थियो । यही परम्पराअनुसार नव नेपालका निर्माता पृथ्वीनारायण शाहलेसम्म मगरातका राजा मै हुँ भन्ने भाव आफ्नो दिव्योपदेशमा व्यक्त गरेका छन् । यस कारण मंग्वरविषय मगरात प्रदेशभित्र रहेको थियो भन्ने कुरा स्वतः थाहा पाइन्छ । माथि मंग्वर विषयबारे लेखिसकिएको हुनाले यहाँ फेरि दोहऱ्याउनु आवश्यक देखिँदैन ।

यस ताम्रपत्रको महत्त्व राजनैतिक इतिहासको दृष्टिले मात्र होइन, सामाजिक इतिहासको दृष्टिले पनि त्यत्तिकै रहेको छ । लिच्छविकालदेखि नै नेपालको स्थानीय स्वशासनमा र सामाजिक कुरामा प्रमुख स्थान राख्ने दुइ थरी संगठन थिए, ती हुन्– पाञ्चाली र गोष्ठी । यिनमा पाञ्चालीको सम्बन्ध सोझै तात्कालिक प्रशासनव्यवस्थासँग रहेको थियो । अर्थात् पाञ्चाली तात्कालिक प्रशासनव्यवस्थाकै एक अङ्ग थियो । गोष्ठीहरूचाहिँ जनताका स्वतन्त्र सङ्गठन थिए । प्रशासनसँग गोष्ठीको सोझै सम्बन्ध थिएन । तर धार्मिक कुराको साथै शिक्षा, स्वास्थ्य आदि लौकिक जीवनसँग सम्बन्ध राख्ने धेरै कुराको अभिभारा गोष्ठीहरूले बोकेका हुँदा गोष्ठीहरू तात्कालिक जनजीवनका अभिन्न अङ्ग बनेका थिए । धार्मिक कुरामा त गोष्ठीको स्थान अझ बढी रहेको थियो । यसो हुँदा लिच्छविकालका प्रसिद्ध शासक अंशुवर्माले पाञ्चाली र गोष्ठी प्रथालाई निकै सम्मानजनक अवस्थामा पुऱ्याएका थिए । पशुपतिनाथ, चाँगुनारायण आदि प्रसिद्ध देवताहरूले पाउने भागको सिलसिलामा पाञ्चाली र गोष्ठीलाई पनि भाग निर्धारित गरेथे । यसबाट पाञ्चाली

र गोष्ठीको सामाजिक महत्त्व अझ बढेथ्यो । पाञ्चाली र गोष्ठीबारे अन्त हामीले निकै लेखिसकेको हुनाले यहाँ त्यस विषयमा बढी लेख्नुपर्ने आवश्यकता देखिँदैन ।

लिच्छविकालका प्राप्त सामग्रीबाट त्यस वेला पाञ्चाली र गोष्ठीप्रथा राम्रो अवस्थामा थियो भन्ने थाहा पाइन्छ । तर लिच्छविकालपछि अर्थात् मध्यकालको शुरूमा पाञ्चाली र गोष्ठीप्रथाको कस्तो अवस्था थियो भन्ने कुरा सामग्रीको अभावले थाहा पाउन सकिएको थिएन । यस ताम्रपत्रबाट मध्यकालको पूर्वार्द्धमा पनि पाञ्चाली र गोष्ठीप्रथा पूर्ववत् कायम नै थियो भन्ने थाहा पाइन्छ । अर्को कुरा, यो ताम्रपत्र राजधानीमा कुँदिएको नभई मंग्वरविषयमा कुँदिएको हुनाले मंग्वरविषयको प्रशासनव्यवस्थामा पाञ्चाली(पञ्चायत)मा र सामाजिक जीवनमा गोष्ठीको स्थान राजधानीमा जस्तै नै रहेको थियो भन्ने महत्त्वपूर्ण सङ्केत यस ताम्रपत्रबाट पाइन्छ ।

अर्को ध्यान दिनुपर्ने कुरा गोष्ठीका नाइके पाञ्चालीका प्रधानमध्ये तीन जनाको नामोल्लेख यस ताम्रपत्रमा भएको छ । तिनमा पहिलो श्रीइदाभावो भन्ने छ । सम्मानप्राप्त व्यक्तिलाई कहने भावो शब्द नेवारी भाषामा पछिसम्म पनि प्रचलित रहेको छ । यताबाट इदाभावो नेवारवर्गका थिए भन्ने अनुमान हुन्छ । यस कुराको केही पुष्टि झोण्टेश्वर महादेवसम्बन्धी अर्को ताम्रपत्रबाट हुन्छ । ने.सं. २८२ को उक्त ताम्रपत्रमा यखर पश्चिम टोलमा बस्ने मीभिङ्गुभावो र हर्षवयि स्त्रीपुरुषको उल्लेख परेको छ । मी भिङ्गु भावो, हर्षवयि यी त पक्कै पनि नेवारीवर्गका शब्द हुनाले उनीहरू नेवारवर्गका थिए भन्ने कुरामा शङ्का गर्ने ठाउँ छैन । यी उदाहरणबाट गण्डकीप्रदेशमा नेवारवर्गको बसोबास निकै अगाडि भएको थियो भन्ने उल्लेखनीय सङ्केत पाइन्छ । लिच्छविकालको उत्तरार्द्धदेखि भोटसँग रहेको विशेष व्यापार सम्बन्धले गर्दा उक्त बसोबास हुन गएको देखा परेको छ । यसरी यो एक खोजीको विषय बनेको छ ।

यस ताम्रपत्रमा उल्लिखित अर्का प्रधानको नाम धक्नप नायक भन्ने रहेको छ । धक्नप यो नाम भोटवर्गको अथवा गुरुङ्गवर्गको हो कि भन्ने अनुमान हुन्छ । यसमा भाषाशास्त्रीहरूको ध्यान जानुपरेको छ । यस ताम्रपत्रमा अर्का प्रधानको नाम सोहव राने दिइएको छ । एकथरी मगरहरू अहिलेसम्म पनि राना कहलाइ नै रहेका हुनाले यी सोहव रानाचाहिँ मगर हुन् भन्ने कुरामा शङ्का छैन । अर्को कुरा मंग्वरविषयका सामन्त रामदेवमा जस्तै उपर्युक्त प्रधानहरूका नामअगाडि पनि राजकीय सम्मानबोधक श्री शब्द जोडिएको छ । यसबाट पनि तात्कालिक प्रशासनव्यवस्थामा प्रधानहरूको स्थान प्रकारान्तरले झल्किन्छ ।

यस ताम्रपत्रमा उल्लिखित झोंटेश्वर-भट्टारक मंग्वरविषयका प्रसिद्ध शैव देवता हुन् भन्ने थाहा पाइन्छ । तर झोंटेश्वर भट्टारकको अस्तित्व हाल कायम छ कि छैन भन्ने कुरा पत्ता लगाउन सकिएको छैन । *नेपालमाहात्म्य, हिमवत्खण्ड* आदिमा झोंटेश्वरको उल्लेख परेको छैन । नेपालका प्रख्यात ६४ शिवलिङ्गहरूमा झोंटेश्वर पर्दैनन् । यस कारण झोंटेश्वर-महादेवबारे अहिले केही लेख्न सकिएन ।

झोंटेश्वर महादेवको ठीकठीक परिचय पाउन सकिएको भए मंग्वरविषय[1], पन्नगविषय आदिबारे पत्ता लाउन पनि मद्दत हुने थियो ।

यसरी यो ताम्रपत्र अनेक दृष्टिले महत्त्वपूर्ण रहेको छ । भविष्यमा हुने खोजीबाट यस विषयमा बढी प्रकाश पर्ने आशा लिन सकिन्छ ।

१. मंग्वर शब्दको विवेचना ठीकसँग गर्न सक्यो भने यसबाट तात्कालिक अवस्थामा निकै प्रकाश पर्न सक्ने सम्भावना छ । मंग्वर यस शब्दको सम्बन्ध यसो हेर्दा मङ्गोल जातिसँग रहेको देखिन्छ । यसो हो भने हाम्रा मगर जातिबारे विचार गर्न यसबाट मद्दत हुन्छ । अर्कोतिर हाम्रो यहाँ ग्वल जोडिएका स्थान नाम अनेक पाइन्छन् । ललितपुरको राजधानीको मध्यकालमा प्रसिद्ध एक नाम मानिग्वल थियो । यसै गरी मंग्वल नाम पनि त्यसै सिलसिलामा रहेको हुन नसक्ने देखिँदैन । तर मंग्वल पहिले जातिलाई बुझाउने शब्द रहेको र मंग्वल जातिको वासस्थान हुँदा पछि सो प्रदेश मंग्वल विषय कहलाएको देखिन्छ ।



१८ सङ्ख्या

[१७ सङ्ख्या]

काठमाडौँ नरदेवीको ने.सं. २२२ को अभिलेख

काठमाडौँ नरदेवीस्थानमा आयुर्वेदचिकित्सालयनिर बाटोमा रहेको जलद्रोणीमा यो अभिलेख कुँदिएको छ । हाल यो अभिलेख कुँदिएको जलद्रोणीको शिला काठमाडौँ महानगरपालिका १२ वडाको कार्यालयमा रहेको छ । यहाँ ने.सं. २२२ छ ।

मूलपाठ

१. ॐ सम्वत् २२२ श्रीदेवगुप्त-
२. केन प्रनालि दातव्येति ॥

अनुवाद

ॐ । ने.सं. २२२ (वि.सं.११५८/११५९) मा श्रीदेवगुप्तले यो जलद्रोणी दान गरेका हुन् ।

व्याख्या

ने.सं. २२२ (वि.सं. ११५८/११५९) मा श्रीदेवगुप्तले जलद्रोणी (टुटेधारा) बनाई यो अभिलेख कुँद्न लाएका हुन् । जलद्रोणीमा कुँदिएको यस अभिलेखमा प्रणाली (ढुङ्गेधारा) दान गरी दिइयो भन्ने लेखिएको छ । यसबाट यो टुटेधारा रहेको ठाउँको आसपासमा ढुङ्गेधारा पनि बनाइएको थियो कि भन्ने आभास पाइन्छ । अथवा यस टुटेधारालाई नै ढुङ्गेधारा जस्तै सधैँ पानी आउने रूपमा चलाउने उद्देश्यले प्रणाली शब्दको प्रयोग यहाँ गरिएको पनि हुन सक्छ । जनतालाई खानेपानीको बन्दोबस्त गरिदिनाले पुण्य हुन्छ भन्ने लोकधारणा त्यस बेला थियो । त्यसै धारणाअनुसार यो जलद्रोणी बनाइएको हो । यसै हुँदा यस अभिलेखमा प्रणाली बनाइयो नभनीकन प्रनालि दातव्येति (प्रणाली दान गरी दिइयो) भन्ने भाव व्यक्त गरिएको छ ।

लिच्छविकालमा आफ्नो नामको पछाडि गुप्त जोड्ने आभीर गुप्तहरू शक्तिशाली थिए । लिच्छविकालमा आधा शताब्दीभन्दा बढी समयसम्म शासनको बागडोर गुप्त आभीरहरूको हातमा रह्यो । तर लिच्छवि राजा नरेन्द्रदेवको उदयपछि शासनमा गुप्त आभीरहरूको स्थान रहन छाड्यो । त्यसपछि समाजमा गुप्त आभीरहरूको तह गिर्न लाग्यो । यसो हुँदा यिनीहरूको उल्लेख कम पाइन्छ ।

तर यो सानो अभिलेखले यस बेलासम्म गुप्त आभीरहरूको अस्तित्व केही कायम थियो, उनीहरूमध्ये केही धनी पनि थिए भन्ने कुरा झल्काएको छ ।

यस प्रसङ्गमा एउटा कुरामा ध्यान दिनु आवश्यक देखिन्छ । किलागढ नरदेवीभेकमा अहिर(आभीर)हरूको केही बस्ती अहिलेसम्म पनि रहेको छ । यी अहिरहरूको सम्बन्ध लिच्छविकालका आभीर गुप्तहरूसँग थियो भन्ने आभास पाइन्छ । हाल यी अहिरहरू ज्यापू वर्गमा पर्दछन् । तैपनि यिनीहरूको रीतिस्थिति केही अर्कै खालको छ । यसैले समाजशास्त्रको दृष्टिले यो वर्गको अनुसन्धान हुनुपर्ने देखिन्छ ।



१७ सङ्ख्या

[१८ सङ्ख्या]

चाँगुनारायणको ने.सं. २२६ को अभिलेख

चाँगुनारायणभण्डारका देवदेवीका प्रतिमाहरूमध्ये लक्ष्मी, नारायण र गरुड भएको एउटा सुवर्णप्रतिमाको पादपीठमा यो अभिलेख कुँदिएको छ । यहाँ ने.सं. २२६ दिइएको छ ।

यो अभिलेख सर्वप्रथम *चाँगुनारायणका ऐतिहासिक सामग्री*को १५५ पृष्ठमा मोहनप्रसाद खनालद्वारा अनुवादसहित छापिएको हो ।

मूलपाठ

१. ॐ संवत् २२६ माघकृष्णअष्टम्यां अनुराधान-
२. क्षत्रे सोमदिने श्रीखृपृंक्रमायां वंद्विमके
३. पूण्याकरशिंहेन परत्रेह च शुभकला-
४. वाप्तये भगवद्भट्टारकविष्णुश्रीगरुडप्र-
५. तिमेयं प्रतिष्ठाप्य श्रीदोलाशिखरिभट्टा-
६. रकस्य देवकुले प्रवेशि-
७. ता । विशेषतो पूण्येस्थानेन
८. पृथिवी बहुशुखसंपत्तियु-
९. ता देवो यथाकालवृष्ठी रा-
१०. जा प्रजा च धर्मवृद्धिर्भूयात

अनुवाद

ॐ । ने.सं. २२६ (वि.सं. ११६२) माघकृष्ण अष्टमी अनुराधानक्षत्र सोमवारको दिन श्रीखृपृंक्रमाया (भक्तपुर) वंद्विमका पुण्याकरसिंहले इहलोक र परलोकमा शुभ होस् भनी भगवान् भट्टारक विष्णु, लक्ष्मी र गरुड भएको प्रतिमाको प्रतिष्ठा गरी श्रीदोलाशिखर भट्टारकको मन्दिरमा चढाए । विशेष गरेर यस पुण्यले पृथ्वी धेरै सुख र संपत्तिले पूर्ण होओस् । देवताहरूले समयमा वर्षा गराऊन् । राजा र प्रजाहरूको धर्म बढोस् ।



[१९ सङ्ख्या]

चाँगुनारायणको ने.सं. २४१ को अभिलेख

चाँगुनारायणभण्डारका देवीदेवताहरूका प्रतिमाहरूमध्ये लक्ष्मी, नारायण तथा गरुड भएको एउटा सुवर्णप्रतिमाको पादपीठमा यो अभिलेख कुँदिएको छ । यहाँ ने.सं. २४१ छ ।

यो अभिलेख सर्वप्रथम *चाँगुनारायणका ऐतिहासिक सामग्री*को १५७ पृष्ठमा मोहनप्रसाद खनालद्वारा अनुवादसहित छापिएको हो ।

मूलपाठ

१. ७ स्वस्ती भगवते दोलाशिखरवासिभट्टारकानां पादपंकजानुगृहीत-
२. महाराजाधिराजपरमेस्वरश्रीसिंहदेवविजयराजे । श्रीखृपोंक्र-
३. माया सिवग्लदखिणटोलकेंधिवासिन तिंनुभावो ...
४. वोततजन संप्राप्तमिति ॥ संवत् २४१ वैशाकमास ॥

अनुवाद

कल्याण होस् । दोलाशिखरमा विराजमान भगवान् भट्टारकको कमलरूपी पाउको अनुग्रह पाएका महाराजाधिराज परमेश्वर श्रीसिंहदेवको विजयराज्यमा श्रीखृपोंकमाय (भक्तपुर) दक्षिणटोलका निवासी तिंनुभाव ... ती ती सबै जनालाई प्राप्त होस् । ने.सं. २४१ (वि.सं. ११७८) वैशाख महीना ।

१९ सङ्ख्या

[२० सङ्ख्या]

काठमाडौँ ब्रह्मटोलको ने.सं. २५९ को अभिलेख

काठमाडौँ ब्रह्मटोलमा बाटोमा एक ढुङ्गे जलद्रोणी घोप्ट्याएर राखिएको छ। त्यसै जलद्रोणीमा यो अभिलेख कुँदिएको छ। यहाँ ने.सं. २५९ दिइएको छ।

यो अभिलेख सर्वप्रथम सेसिल बेण्डालद्वारा *ए जर्नी अफ् लिटरेरि यान्ड् आर्कियोलजिकल् रिसर्च् इन् नेपाल् यान्ड् नर्दन् इण्डिया*को ८१ पृष्ठमा छापिएको हो।

मूलपाठ

१. ॐ सम्वत् २५९ भाद्रपदकृष्णसप्तम्यां ॥ श्रीमत्राजाधिराजपरमेश्वर-
२. परमभट्टा(र)क । श्रीमानदेवस्य विजयराज्ये । श्रीदुनीश्व(र)-दक्षिणाधिवा-
३. सिना । दिवंगतपूजनार्चननिमित्तेन तत्रैव रथ्याधिवासिन । द्रोनमेत
४. नद्या: तत पन्नलि कर्तव्यम् नित्यवछिन्नम् सम्प्रदत्तं

अनुवाद

ने.सं. २५९ (वि.सं. ११९६) भाद्रकृष्ण सप्तमीमा श्रीराजाधिराज परमेश्वर परमभट्टारक श्रीमानदेवको विजयराज्यमा श्रीदुनीश्वरको दक्षिण ... मा बस्ने ... दिवंगत (पितृ)हरूलाई तर्पण पूजनको निमित्त त्यहीँ टोलमा बस्नेले यो जलद्रोणी बनाएका हुन्। नदीबाट पानी ल्याई सधैँ आउने धारो जस्तो यसलाई बनाउनुपर्छ।

व्याख्या

ने.सं. २५९ (वि.सं. ११९६) मा राजा मानदेवको शासनकालमा जलद्रोणी बनाई यो अभिलेख कुँदाइएको हो। दिवंगत पितृहरूलाई तर्पण आदि गर्न सुविधा होस् भन्ने उद्देश्यले जलद्रोणी बनाइएको उल्लेख यसमा परेको छ। प्रणाली (धारा)लाई जस्तै यसलाई निरन्तर पानी आउने पारिराख्नुपर्छ भन्ने उल्लेख यसमा परेको छ। यसबाट यो टुटेधाराको लागि गूठी आदिको बन्दोबस्त पनि मिलाइएको आभास पाइन्छ। जलद्रोणीलाई राम्ररी चलाउन यसरी विशेष बन्दोबस्त गर्ने चलन थियो भन्ने चर्चा पहिले गरिसकिएको छ।

ने.सं. २४६ सम्म गद्दीमा राजा शिवदेव थिए । उनको मृत्युपछि इन्द्रदेव, मानदेव र नरेन्द्रदेव क्रमशः गद्दीमा बसे भनी गोपालराजवंशावलीकारले लेखेका छन् । गोपालराजवंशावलीकारले उनीहरूको शासनकाल क्रमशः १५ वर्ष, ४ वर्ष ७ महिना, ६ वर्ष ५ महीना दिएका छन् । शिवदेवपछि उपर्युक्त राजाहरू गद्दीमा बसेको कुरा तात्कालिक हस्तलिखित ग्रन्थ आदिबाट पनि थाहा पाइन्छ । तर उनीहरूको शासनसमय भने निश्चित हुन सकेको छैन । यस अवस्थामा ने.सं. २५९ को मानदेवको पालाको यो अभिलेखले तात्कालिक कुरामा केही मात्रामा भने पनि प्रकाश पारेको हुनाले यसको केही महत्त्व रहन गएको छ ।

सामाजिक इतिहासको दृष्टिले पनि यो अभिलेख अलिकता उपयोगी रहेको छ । लिच्छविकालमा जस्तै यस वेलाका पुगिसरी आएका व्यक्तिहरू पनि जनहित हुने केही कृति छोडेर जाऔँ भनी चाहँदा रहेछन् भन्ने कुरा यस अभिलेखबाट झल्किन्छ । पितृतर्पण, देवपूजन गर्नु अभीष्ट कुरा थियो भन्ने पनि यताबाट थाहा पाइन्छ ।



२० सङ्ख्या

[२१ सङ्ख्या]

चाँगुनारायणको ने.सं. २६० को अभिलेख

चाँगुनारायणभण्डारमा रहेका धातुका कलशहरूमध्ये सुनको जलप लगाइएको तामाको एउटा कलशको वरिपरि यो अभिलेख कुँदिएको छ । यहाँ ने.सं. २६० छ ।

यो अभिलेख सर्वप्रथम *चाँगुनारायणका ऐतिहासिक सामग्री*को १५८ पृष्ठमा मोहनप्रसाद खनालद्वारा अनुवादसहित छापिएको हो ।

मूलपाठ

१. स्रेयोऽस्तु ॥ भगवत्छ्रीशिखरेश्वरभट्टारकाय ‸ लक्ष्मीललितवक्षस्थलाय ‸ दैत्यांतकाय श्रीविष्णवे । श्रीखूपोंक्रमायां वन्दिमटोलके पुरुकोछे ‸ कुटुम्बजवटूकेश्रीकस्तनायकस्य पुत्ररत्नाकरसिंहेन रामजनसिंहपुत्रस्य निमितं । आयुरथ

२. सौख्यहेतो सुवर्णछादितताम्रकलसद्वय प्रढोकितं । अनेन तु पित्यपिता-महादीनामपि । वैष्णवपदप्राप्तार्थं यदूतं शास्त्रे तत्सर्व भूयात् । कस्तकुटुम्बस्य शुभमस्तु ॥ सम्वत् २६० कार्त्तिकशुक्लपन्चदश्यां ‸ श्रीमानदेवस्य राज्ये लिखितमिति ॥०॥

अनुवाद

कल्याण होस् । लक्ष्मीले शोभित सुन्दर छाती भएका, दैत्यलाई नाश गर्ने, दोलाशिखरका ईश्वर, श्रीभगवान् विष्णु भट्टारकलाई (नमस्कार) । श्रीखूपोकमया (भक्तपुर) वन्दिम टोल पुरुकोछेका कुटुम्बज (परिवार) बटूके श्रीकस्त नायकका छोरा रत्नकरसिंहले छोरा रामजनिसिंहको आयु तथा सौख्यको लागि सुनले मोलम्बा गरिएका तामाका दुइटा कलश चढाए । यसले बाबु बाजेहरूलाई वैष्णव पद प्राप्त होओस् । शास्त्रमा जे भनिएको छ, त्यो सबै होओस् । कस्त परिवारको कल्याण होओस् । ने.सं. २६० (वि.सं. ११९६) कार्तिकशुक्ल पूर्णिमामा श्रीमानदेवको राज्यमा लेखियो ।

२१ सङ्ख्या



[२२ सङ्ख्या]

राष्ट्रिय सङ्ग्रहालयमा रहेको ने.सं. २६४ को अभिलेख

यो अभिलेख कुँदिएको शिलालेख हाल राष्ट्रिय सङ्ग्रहालय छाउनीमा राखिएको छ । पहिले यो शिलालेख कहाँ रहेको थियो भन्ने थाहा पाउन सकिएको छैन । यहाँ ने.सं. २६४ छ ।

डिल्लीरमण रेग्मीद्वारा *मेडिईभल् नेपाल्* ३ भागका १३-१६ पृष्ठमा सर्वप्रथम यो छापिएको हो ।

दिवाकर आचार्यद्वारा *ऋतम्भरा* २ वर्ष ३ अङ्कका ८६-९२ पृष्ठमा दिइएको पाठ र अनुवाद यहाँ दिइएको छ ।

मूलपाठ

१. १ ॐ नमः शिवाय । गणानां नाथो वः स दिशतु शिवं यस्य विकटे कटेलीनां लीनावलिरलमलङ्कारविधये । प्रयाता सौहित्यं मदमधुरमद्यैः प्रमुदिता निहन्तुं विघ्नौघं मुदनिनद-

२. सूर्भाति सबला ॥१॥ यस्माद्विश्वमिदं न भिन्नमथ नाभिन्नं चिदानंदतस्त्रैलोक्यं किल लीयते तम इव ब्रध्नस्य यस्योदये । यस्याहङ्कृतिरेवमन्धनिहतिर्हेतुः प्रकाशस्य स श्रीमान्

३. बोधमयः शिवः शिवकरः संसारिणां पातु वः ॥२॥ प्राणादीन्मरुतो निरुध्य मनसो वृत्तिं निवार्य स्थिरां शुद्धां बुद्धिमुपास्य यान्ति यतयश्चित्स्थामनिद्रां परां । रागोत्सा-

४. रितमूर्त्तयोऽमृतरसाम्भोधिम्विशन्तः कदाप्यासन्नोदय एव यत्र स शिवः श्रेयांसि दिश्यान्नृणां ॥३॥ मायाजालमुदस्य रागदहनन्निर्वाप्य सद्विद्यया (विक्षोभं प्रशमय्य काल)-

५. नियतेर्लीनां च कृत्वा कलां । शक्तिर्यस्य सदोदिता गुरुवचोद्वारा पतन्ती पशून् शान्तं धाम नयत्यनन्तमहिमा पायात् स वः शङ्करः ॥४॥ मायाजालकलङ्कमर्द्दकतया

६. साक्षादिहामर्द्दकः श्रीमानग्निमठः शठैरसुलभो योगापगानिर्गमः । यत्र क्रोधकलङ्कितोऽपि स मुनिः क्रोधं विहाय स्वकं दुर्वासाश्चिरमीश्वरार्पितमनास्तस्थौ स किं वर्ण्यते ॥५॥

७. शान्तस्वान्तादमलनिखिलज्ञानपूर्णात्ततोऽपि प्राप्यद्यत्रोरगपरिवृढोऽनुग्रहं वासुकिः प्राक् । धन्याश्चान्ये धरणिगतयः प्रेरिताः पूर्वपुण्यैः पश्चात्तेषां गुणगणभृतां किं पृथग्वर्णनेन ॥६॥

८. अमुष्मिन् सत्स्थाने समजनि जनानन्दनकरैः शिवैः शैवैराज्ञाशमितजनतातापकलुषैः । अमीषां शिष्यौघैर्नवत-ततमस्तोमशमनैः स्फुरद्भिः सङ्कीर्णा रविकरनिभैर्भाति जगती ॥७॥

९. तत्राभवन् भवभयाभयदाः प्रतीता भट्टारका उदितमूर्तिशिवाभिधानाः। भूतिप्रिया वृषगता विबुधाधिनाथा मारद्रुहो जगति शङ्करतामुपेताः ॥८॥ दोषोत्तीर्णाः श्रुतिपरिगता दुर्धराः सु-

१०. प्रवीणाः शुद्धाः सम्यक् सकलकरणावर्जनोत्कर्षकान्ताः । स्वान्तध्वान्तोद्धतरिपुहरा मुष्टियोगाऽभिरामा यैरभ्यस्ताः प्रकटितगुणा ज्ञाननाराचविद्याः ॥९॥ अष्टावसूत्पलपितामहकल्लये-

११. क्तश्रीयामलद्विशतिकादिकृतश्रमाणां ॥ व्याख्यां मनोमलहराममलां निशम्य येषाममंसत बुधाः स्फुटमेव नाम ॥१०॥ तेषाममेय-महिमामल-

१२. मन्त्रशक्तिसंपातपूतकलिकालकलङ्कपङ्काः शिष्या बभूवुरिह रुद्रशिवा इति स्वैः पुण्यैर्यशोभिरुपदीपितदिग्विभागाः ॥११॥ क्षोणीमण्ड-

१३. लमब्धिमेखलमिदं भ्रान्त्वाखिलं निर्म्मलां विद्यामाप्तुमनो-भिरुन्नतगुणैर्वैदग्ध्यमासादितम् । वैराग्यञ्च निसर्गतो गुणवतां ज्ञानं च शुश्रूषया यैराप्तं करुणारसा-

१४. र्द्रहृदयैर्धर्म्मोपि शर्म्मोत्तरः ॥१२॥ येषां तपस्विजनजीवितरक्षणेऽ-भूत्पुण्यात्मनां करतले लगुडप्रहारः । कुर्वन् विकारमपि राजति कालकूटरेखाकलङ्क इव यः

१५. शितिकण्ठकण्ठे ॥१३॥ येषां दीक्षादिकर्माणि कुर्वतां क्रमतो लघू । अबोधि लोकः कर्त्तारौ करावपि सचेतनौ ॥१४॥ ह्रदाम्भोगम्भीरा धरणिधरधीराः स्थितिभृत-

१६. स्तितिक्षामेदिन्यो जनशुभगताः शीतकिरणाः । स्फुरद्बोधानन्दा भवजलधिसन्ताररतरयः पवित्रा द्वित्राः स्युर्जगति यतयस्तादृशगुणाः

१७. ॥१५॥ ज्येष्ठो मे जनसंयमो बत यमो भ्राता कनीयानपि क्रूरात्मा स शनिः पिता स च रविर्मूर्तिश्च मे श्यामला । इत्थं वंशजमात्मनश्च दुरितं नि-

१८. र्णेक्तुकामेव यां कालिन्दी समियाय सा भगवती गंगेति किं वर्ण्यते ॥१६॥ सेयं यस्यास्त्रिदशतटिनी भाति तीरोपकण्ठे हाराकारा त्रिभुवन-
१९. पतिर्यत्र विश्वेश्वरोपि । कास्याः काश्याः स्तुतिरिह गुणैर्मर्त्यलोके दुरापैः स्वर्ल्लीनाख्यं स्फुटमनुपमं स्थानमुच्चैश्चकास्ति ॥१७॥ तत्र
२०. संध्याजपेशार्च्चास्वाध्यायध्यानतत्पराः । दीक्षां व्याख्यांच कुर्व्वन्तो वसन्ति स्म सुखेन ते ॥१८॥ गंगाजुष्टां विविधविबुधां विश्व-कृद्राजधानीं काशीं
२१. दासीकृतसुरपुरीं धीधनास्तां विहाय । देवं द्रष्टुं पशुपति-मथानुग्रहीतुंच लोकान् । नेपालं ते गुरुगिरिगजैरागमन् दुर्गमार्गं ॥१९॥
२२. इयं वाचो युक्तिः परिमलसहा नैव नितरामहं त्वेतन्मन्ये पशुपतिरयं पिष्टपपतिः । स्वसेवासक्तानां तरुणकरुणापूर्ण्णहृ-
२३. दयो जनानामानैषीत्परमपदलाभार्थमिह तान् ॥२०॥ ते जयन्त्यनु-गृह्वन्तः कालं स्थित्वाथ कञ्चन । पुनः काशीं गता विश्वनाथेनाकारि
२४. ता इव ॥२१॥ तत्राथ संस्कृत्य शिलेष्टकाभ्यां धनैरिहत्यैः (शिवमं) दिरद्वयम् । वियोगताम्यत्पशुनाथभाविता इवागतास्ते नगरीमिमां
२५. पुनः ॥२२॥ अस्यां श्रीरघुवंशमौक्तिकमणि(र्जातो जना)नन्दनः सान्द्रश्चन्द्र इवान्वितोतिमधुरैरानन्ददेवः करैः । उच्चैः श-
२६. क्तिधरः कुमारपदवीं प्राप्तोऽपि तैर्दीक्षितो (दान्तः सिद्धिमवर्ण) नीयमहिमा प्राप(त्परा)मैश्वरीं ॥२३॥ शौर्येऽर्जुनसमः प्रेक्ष्य
२७. गुणांस्तेषु गुणप्रियः । भक्तिमर्जुनदेवोऽपि (विदधे विबुधे)ष्विव ॥२४॥ वसन्तदेवो विज्ञानी धीमान् सोमेश्वरस्तथा । य-
२८. शोमल्लश्च तैरेव कुमारा दीक्षिता अमी ॥२५॥ (अमीषां मध्ये केप)रमनुगृहीता इति न मे वचो वक्तुं शक्तिः प्रवरगणनायुक्तिभि-
२९. रपि । मणीनां मुख्यानामपि हि किरणा(देः कथमिव म)नीषी रत्नाद्रेः क इह गणनायां प्रभवति ॥२६॥ दीक्षां ज्ञानसमर्प-
३०. णाखिलमलालेपप्रलोपात्मिकां दृग्देवीशिव(योजनां मति)मता निष्ठां प्रतिष्ठामपि । श्रद्धाभक्तिसमन्वितेन मनसा शिष्यैर्विनी-
३१. तैरपि द्रव्यं ढौकितमात्तमायतदयैर्लोकोपकाराय तैः ॥२७॥ किं दीनान् परितोषयाम गुणिनः किं पूजयामामरान् किं

३२. वाऽनेन धनेन किं कृशधनानानन्दयाम द्विजान् । अज्ञानं यदुपाश्रयाद्यदुदितं यस्मिँश्च तस्येशितुः प्रासादं करवाम तेन
३३. नगरे तत्रेति तैर्निश्चितम् ॥२८॥ ते प्रयाग इवात्रामु (पुण्ये सिं)धुसमागमे । चेतःप्रसादं प्रासादं प्रभोः शम्भोरचीकरन् ॥२९॥
३४. नाट्येश्वरा नृत्य ... भ्यस्थितोऽयं शरण ... (प्रासा)दतः स्मेरमुखः करोति संभाषणानीव समागतानाम्
३५. ॥ ३० ॥ शुभ्रां ... पदे मोक्ष .... शः सुधाधवलितस्यादीपयन्नंबरम् । निर्भिद्य क्षितिमु-
३६. त्थितस्य द ... ॥३१॥ कृत्वा मध्यममार्गमन्तरनिहौ
३७. : पूर्ण्णं कला ... सर्वात्मना शम्भोर्व्योम्निकरन्ध्रनिर्ग-
३८. तमिव ... ॥३१॥ र्म्मस्तिष्ठति शंकरः ॥३३॥
३९. ... लये वसं । अर- मेव त
४०. ... रं च गत ... हस्ते षट् द्वि-
४१. ... हिरण्य ...
४२. ... लयं दत्तं
४३. ...
४४. ... (च)तुःषष्टि ... यात स ...
४५. ... ददे तस्य प्रशस्तिरियं शुभम् । ...

अनुवाद

ॐ शिवलाई नमस्कार ।

गणहरूका मालिक ती (गणेश)ले तिमीहरूको कल्याण गरून्, जसको विशाल कम्मरमा लेपस्सिएका भँवराहरूको ताँती श्रृङ्गारका लागि पर्याप्त छ । (गणेशको गण्डस्थलबाट निस्किएको) मदरूपी मधुर रक्सीले मस्त भएको सन्तुष्टिमा पुगेको खुशीले (भूँभूँ गरी) आवाज निकालिरहेको भँवराहरूको त्यो ताँती विघ्नहरूको समूहलाई नास्न सबल देखिन्छ ॥१॥

जसदेखि यो संसार (सदंशमा अर्थात् अस्तित्वका दृष्टिले) भिन्न छैन, तर चिदंश र आनन्दांशमा अभिन्न पनि छैन, जसको उदयमा सूर्यको उदयमा अन्तकार बिलाए झैं तीनै लोक सजिलै बिलाउँछ, जसको अहंकार किंवा अहंविमर्श (स्वाभिव्यक्ति) नै अन्धकार (अज्ञान)को नाश हो र जो प्रकाशका समेत कारण हुन्, त्यस्ता ज्ञानस्वरूप संसारका सबै प्राणीको कल्याण गर्ने शिवले तिमीहरूको रक्षा गरून् ॥२॥

प्राणादि वायुलाई निरोध गरेर, मनोवृत्तिलाई स्थिर पारेर र शुद्धबुद्धि (शुद्ध विद्या)को उपासना गरेर रागलाई मिल्काइसकेका र अमृतरसको सागरतिर प्रवेश

गर्न लागेका योगीहरू चितिशक्तिको (आविर्भाव)मा भेटिने परम अनिद्रा अर्थात् परम जागरणमा प्राप्त हुन्छन्, जहाँ कुनै पनि वेला शिवको उदय हुन सक्छ, ती शिवले मनुष्यहरूको कल्याण गरून् ॥३॥

माया(तत्त्व)रूपी जालो च्यातेर, राग(तत्त्व)रूपी आगो निभाएर, शुद्ध विद्या (तत्त्व)ले काल(तत्त्व) र नियति(तत्त्व)को विक्षोभलाई शान्त पारेर साथै कला (तत्त्व)लाई (आफैँमा) लीन गराएर सधैँ उदित भइरहने अर्थात् कहिल्यै नअस्ताउने, गुरुका वचनको बाटो लिएर ओर्लंदै गरेकी जसकी शक्तिले पशुहरू (अर्थात् सम्पूर्ण प्राणी)लाई शान्त धामतिर लैजान्छिन्, त्यस्ता अनन्त महिमा भएका शङ्करले तिमीहरूको रक्षा गरून् ॥४॥

यहाँ मायाजालरूपी कलङ्कलाई मास्ने भएकाले साक्षात् आमर्दक (कालभैरव) भएको, मूर्खहरूले पाउनै नसकिने, योगगङ्गाको स्रोत भएको ऐश्वर्ययुक्त अग्निमठ (छ), जहाँ क्रोधले कलङ्कित दुर्वासा मुनि पनि आफ्नो रीस त्यागी ईश्वरमा मन सुम्पेर लामो समयसम्म बसे, त्यसको के (भनेर) वर्णन गर्नु ? ॥५॥

शान्त चित्त भएका, सबै पवित्र ज्ञानले पूर्ण भएका तिनीबाट जहाँ प्राचीन समयमा नागहरूमा श्रेष्ठ वासुकिले अनुग्रह पाएका थिए । यस्तै पछि पनि पूर्वजन्मका पुण्यले प्रेरित भई यस धरामा विचरण गर्ने अरू जो पनि धन्य भए, ती धेरै गुण भएका सबैको अलग-अलग वर्णन गरेर के गर्नु ? ॥६॥

यही ठाउँमा जनतालाई आनन्द दिने र आफ्ना आज्ञा अनुशासनले जनताका दुःख र पाप दुवै हरिदिने शैव शिवहरू उत्पन्न भए, यिनीहरूका सूर्य किरण जस्तै चम्किला नयाँ फैलिएको अज्ञानान्धकारलाई नास्ने शिष्यहरूको समूहले ढाकिएको यो संसार सुहाएको छ ॥७॥

त्यहीँ (भगवान् शिवले जस्तै) संसारको भय हरी अभय प्रदान गर्ने, (शिव जस्तै) ज्ञानी, भूति = अणिमा आदि अष्टसिद्धिलाई र खरानी घस्नलाई रुचाउने, वृषमा (योगी पक्षमा धर्म र शिव पक्षमा साँढे पनि) आरूढ, विबुधहरू (शिव पक्षमा देवता र योगी पक्षमा ज्ञानीहरू) का नायक, (शिवले कामदेवलाई भस्म पारे झैँ आफ्नो कामवासनालाई जितेकाले) कामदेवका शत्रु भएका र (यसरी शिवका गुण र स्वभावहरूलाई आफूमा समेट्न सफल भएकाले) संसारमा (रहँदारहँदै) नै शिवत्वमा प्राप्त भएका उदितमूर्तिशिव नाम गरेका पूज्य योगी हुनुभयो ॥८॥

जसले दोषोत्तीर्ण अर्थात् दोषहरूदेखि माथि उठेको, श्रुतिको अनुगमन गर्ने, गाह्रोसँग ग्रहण गर्न सकिने, सप्रवीण अर्थात् उत्कृष्ट (र) शुद्ध, सबै इन्द्रियहरूलाई (विषयबाट) छुटाउने उत्कृष्ट गुणले गर्दा (सबैले) चाहना गरिएको, मनको कालो मैलो वा अज्ञानरूपी उद्दण्ड शत्रुहरूलाई नास्ने, (सबै शास्त्रको) निचोडले सिँगारिएको, प्रकट गुणहरू भएको ज्ञानरूपी धनुर्विद्याको अभ्यास गर्नुभयो ॥९॥

अष्टावसु (वसुगुप्त?), उत्पल, पितामह र कल्लट आदि विद्वान्ले बताएका साथै श्रीयामल (देवीयामल), द्विशतिका आदि शास्त्रमा खूब मिहिनेत गरेका, जुन योगीको पवित्र र मनको मैलो हर्ने व्याख्यान सुनेर सज्जन र विद्वान्हरूले (यिनको) नाम साँच्चै स्पष्ट अर्थात् सार्थक छ भन्ने ठान्थे ॥१०॥

ती योगीका अपरम्पार महिमा भएका, पवित्र मन्त्रशक्तिको झरनामा कलियुगको कलङ्करूपी हिलो पखालेका, आफ्नो सुयशले देशदेशान्तर चारैतिर उज्यालो फिँजाएका रुद्रशिव नाम गरेका शिष्य हुनुभयो ॥११॥

जसले पवित्र विद्या प्राप्त गर्ने मनसायले समुद्रले घेरिएका सिङ्गो भूमण्डल चहारेर आफ्ना गुणहरूका सहायताले निपुणता हासिल गर्नुभयो । (जसले) सहजरूपमा किंवा स्वभावैले वैराग्य हासिल गर्नुभयो, गुणीहरूको सेवा गरेर ज्ञान हासिल गर्नुभयो र करुणाले हृदय रसाएका (उहाँ)ले (यी सबै कार्य गरेर) पछि सुख हुने धर्म पनि कमाउनुभयो ॥१२॥

जुन पुण्यात्माको हातमा तपस्वीहरूको ज्यान जोगाउने क्रममा लाठी बज्रेको थियो । तर बिगार गर्दागर्दै पनि लाठी बज्रेका (चिह्न) शिवजीको घाँटीमा रहेको कालकूटको रेखाको (कालो) दाग झैँ सुहाएको छ ॥१३॥

दीक्षादि कर्म क्रमैसँग गरिरहेका जसका झिना (सुकेका?) हातलाई मानिसहरूले यी स्वयं सचेत कर्ता नै हुन् कि भन्ने ठाने ॥१४॥

शान्त तलाउको पानीझैँ अथाह गम्भीर, (पृथ्वी थाम्ने) पहाडहरू जस्तै धैर्यशाली र स्थिति थाम्ने, त्याग र तितिक्षाका पृथ्वी, संसारको भलो गर्ने चन्द्रमासमान, बोध र आनन्दले (सूर्य झैँ) फुरिरहेका, संसारसागरबाट पार लाउने नाउ नै भएका, त्यस्ता गुणी पवित्र स्वामीहरू संसारमा दुइ तीन जना मात्र होलान् ॥१५॥

मेरा जेठा (दाजु) संसारलाई संयममा राख्ने र सजाय दिने यमराज हुनुहुन्छ भने भाइ कान्छो पनि क्रूर आत्मा भएको शनि छ, मेरा पिता पनि सबैलाई ताप दिने रवि छन्, मेरो आफ्नै जीउ पनि कालो छ, यस्तो भन्दै शायद आफ्नो वंशको र आफ्नै पनि दोष-खराबीहरू पखालेर फ्याँक्ने इच्छाले होला कालिन्दी (यमुना) जसमा मिसिन आउँछिन्, त्यस्ती ऐश्वर्यशालिनी गङ्गाको के बयान गर्न सकिन्छ र ! ॥१६॥

जसका किनारमा ती यस्ती देवगङ्गाले हारको आकार लिएकी छिन् र जहाँ तीनै भुवनका स्वामी विश्वेश्वर पनि छन्, त्यस्ती काशी नगरीको के (भनेर) स्तुति गर्नु ? यहाँ स्वर्लीन नाम गरेको अनुपम स्थान मर्त्यलोकमा कठिनताले मात्र पाउन सकिने गुणहरूले गर्दा अत्यन्त गौरवले जगमगाएको छ ॥१७॥

त्यहाँ सन्ध्या, जप, ईश्वरार्चन, स्वाध्याय र ध्यानमा (सधैँ) तत्पर ती (रुद्रशिव) दीक्षा दिँदै र (शास्त्रहरूको) व्याख्या गर्दै सुखपूर्वक बस्नुहुन्थ्यो ॥१८॥

गङ्गाले प्रेमपूर्वक सेवा गरिएकी, धेरै देवता र ज्ञानीहरूले भरिएकी, विश्वस्रष्टा शिवकी राजधानी, देवनगरी(अमरावती)लाई समेत दासी बनाएकी ती काशी नगरीलाई छाडेर ज्ञानधन भएका उहाँ (रुद्रशिव) भगवान् पशुपतिको दर्शन गर्न र यहाँका मानिसहरूलाई अनुग्रह गर्न पहाडी ठूला हात्ती चढेर कठिन बाटो हुँदै नेपाल आउनुभयो ॥१९॥

यो कुरा खोट लाउन योग्य छैन अर्थात् यो कुरा बढाई-चढाई गरिएको होइन । मलाई लाग्दछ कि विकसित करुणाले हृदय परिपूर्ण भएका यी जगत्पति

पशुपतिले नै आफ्नो सेवामा लागेका मानिसहरूलाई परमपद प्राप्त होस् भनी उहाँलाई झिकाएका हुन् ॥२०॥

(यहाँका मानिसहरूलाई अनुग्रह गर्दै) केही समय यहाँ बसेर फेरि विश्वनाथले बोलाए झैं काशी फर्कनुभएका उहाँको जय होस् ॥२१॥

यहाँ प्राप्त गरेको धनसम्पत्तिबाट ढुङ्गा-ईँटाले त्यहाँका दुइ शिवमन्दिरको जीर्णोद्धार गरी वियोगले पिल्सिएका पशुपतिले प्रेरणा गरे झैं उहाँ पुनः यस नगरीमा आउनुभयो ॥२२॥

यस नगरीमा (जन्मिएका) रघुवंशको मौक्तिक मणि भएका, (जनतालाई) आनन्द दिने, शीतल किरण भएका चन्द्रमा झैं मधुर हात भएका दयालु आनन्ददेव उच्च शक्तिलाई धारण गर्दथे र युवराजको पदमा आसीन हुनुहुन्थ्यो, तर पनि ती योगीबाट दीक्षित भई उनले अवर्णनीय महिमा भएको (परम) ईश्वरीय (सिद्धि) प्राप्त गर्नुभयो ॥२३॥

शौर्यमा अर्जुनसमान भएका अर्जुनदेवले पनि उहाँ (रुद्रशिव)मा रहेका गुणहरूलाई पहिल्याई देवताहरूलाई झैं भक्ति गर्नुभयो ॥२४॥

ज्ञानी वसन्तदेव, बुद्धिमान् सोमेश्वर र यशोमल्लसहित यी कुमारहरू तिनै (रुद्रशिव)बाट दीक्षित हुनुभयो ॥२५॥

(उहाँहरूमध्ये को को कति) अनुगृहीत हुनुभयो भन्ने बताउन गणनाका विशेष युक्तिहरू लगाएर पनि मेरो शक्तिले भ्याउँदैन, सुमेरुका मुख्य-मुख्य मणिका (किरणादिको कसै गरी) गणना गर्न कुनचाहिँ बुद्धिमान्‌ले सक्छ र ! ॥२६॥

ज्ञानको आधान गरेर सबै (आणव, मायीय र कार्म) मलको कलुष हटाउने दीक्षालाई दृग्देवीहरूको शिवतत्त्वयोग विधानलाई, निष्ठा र प्रतिष्ठालाई साथै विनीत शिष्यहरूले श्रद्धा र भक्तिले युक्त मनले चढाएका धनसम्पत्तिलाई पनि ती बुद्धिमान् स्वामीले लोकोपकारका लागि नै धारण गर्नुभएको छ ॥२७॥

यस धनले दीनदुःखी गुणीजनलाई सन्तुष्ट पारौँ कि ? देवताहरूको पूजा गरौँ कि ? अथवा कम धन-सम्पत्ति भएका गरीब ब्राह्मणहरूलाई पो आनन्दित पारौँ कि ? (भनेर सोच्दै जाँदा) सम्पूर्ण ज्ञान जसको अधिष्ठानमा छ र जसको उपासनाले ज्ञान उदित हुन्छ, ती ईश्वर-शिवको प्रासाद (यस) नगरमा बनाउने निश्चय उहाँले गर्नुभयो ॥२८॥

उहाँले प्रयागमा झैं यहाँ पनि यस पवित्र संगममा मनै प्रसन्न पार्ने भगवान् शिवको प्रासाद बनाउनुभयो ॥२९॥

नाट्येश्वरहरू नृत्य ... रहेको यो ... प्रासादबाट मुसुमुसु हाँस्दै, आएका मानिसहरूसँग वार्तालाप गरे झैं गर्नुहुन्छ ॥३०॥

चूनले सेतो पारिएको (प्रासाद)को आकाशलाई उजिल्याउँदै पृथ्वीलाई भेद्न गरी माथि उठेको ... ॥३१॥

प्राणहरूद्वारा मध्यममार्ग सुषुम्नालाई पूर्ण पारेर कला ... सबै आत्मा भएका शिवको व्योम (चिदाकाश)मा ब्रह्मरन्ध्रबाट निस्किए झैं ... ॥३२॥

... शिवजी रहनुहुन्छ ॥३३॥

... नालयमा बस्दै ... पनि गएको ...

... सुन ... भवन दिइयो । ... चौसठ्ठी ... दिए तिनको प्रशस्ति यो हो ।

शुभ (होस्) ...

२२ सङ्ख्या



[२३ सङ्ख्या]

आनन्ददेवको पालाको ने.सं. २८२ को ताम्रपत्र

यो ताम्रपत्राभिलेख हाल ऐश्वर्यधर शर्माको संग्रहमा रहेको छ । यसमा ने.सं. २८२ छ ।

महेशराज पन्त र ऐश्वर्यधर शर्माद्वारा *दि टू अर्लिएस्ट् कपर्-प्लेट् इन्स्क्रिप्शन्स् फ्रम् नेपाल्*का २८-२९ पृष्ठमा अनुवादसहित सर्वप्रथम छापिएको हो ।

मूलपाठ

१. ᴓ स्रेयोस्तु ॥ सम्वत् २८२ मार्ग्गशिरशुक्लपुर्ण्णमास्या रोहिंन्याङ्गारदि-
२. ने ॥ राजाधिराजपरमेस्वरपरमभटारक । श्रीनेपालाधिपति-
३. श्रीमदानन्ददेवस्य विजयराजे ॥ श्रीपनुंगविषयाधिपतिमहा-
४. सामन्तश्रीमद्रहस्यदीवस्य प्रवर्तमानकाले ् । श्रीयखरप-
५. श्चिछ्रमटोलकाधिवाशिन । मीभिङ्गु भावो ् हर्षवयि स्त्रीपुरुष
६. उभयकेन ् श्रीझोंण्टेश्वरभटारकस्य । छत्रके ् उमासहेश्व-
७. र बालचक्रः प्रवतं ॥ द्धर्मकाममोक्षाथेन ढोकितमिति ।
८. ॥○॥

अनुवाद

कल्याण होस् । ने.सं. २८२ (वि.सं. १२१८) मार्गशुक्ल पूर्णिमा मङ्गलवार रोहिणीनक्षत्रको दिन राजाधिराज परमेश्वर परमभट्टारक श्रीनेपालका अधिपति श्रीआनन्ददेवको विजयराज्यमा श्रीपनुंग (पन्नग) विषय (जिल्ला)का अधिपति महासामन्त श्रीरहस्यदेवको कार्यकालमा श्रीयखरको पश्चिम टोलमा बस्ने मीभिङ्गु भावो, हर्षवयी स्त्रीपुरुष (लोग्ने स्वास्नी) दुवैले श्रीझोंटेश्वर भट्टारकको क्षेत्रमा बालचक्रसहितको उमामहेश्वरको मूर्ति स्थापना गरे । धर्म, काम, मोक्ष प्राप्ति होस् भनी यो स्थापना गरिएको हो ।

व्याख्या

पश्चिमतिर पाइएका मध्यकालको पूर्वार्द्धका दुइ महत्त्वपूर्ण ताम्रपत्रमध्ये यो एक हो । तिनमा पहिलो शिवदेव राजाको पालाको ने.सं. २२१ को हो । जसको

व्याख्या माथि परिसकेको छ । दोस्रो ने.सं. २८२ (वि.सं. १२१८) यो ताम्रपत्र-अभिलेख हो । तात्कालिक राजनैतिक, सामाजिक आदि कुरामा प्रकाश पार्न यो ताम्रपत्राभिलेख पनि केही समर्थ भएको छ । अब त्यसबारे केही विचार गर्नुपरेको छ ।

शिवदेवपछिका यसताकाका योग्य शासकमा यी आनन्ददेव पनि एक हुन् । आनन्ददेव शिवदेवका (सिंहदेवका) माहिला छोरा हुन् । जेठा छोरा महेन्द्रदेवको युवराज छँदै मृत्यु भएको थियो । तात्कालिक उभय राजकुलको प्रथाअनुसार त्यसपछि अर्को वंशका कुमार युवराज घोषित गरिए । यसो हुँदा शिवदेवको मृत्युपछि गद्दीमा इन्द्रदेव बसे । अनि मानदेव र नरेन्द्रदेव पनि क्रमशः गद्दीमा बसे । त्यसपछि ने.सं. २६७ (वि.सं. १२०३) माघमा मात्र आनन्ददेव गद्दीमा बसेका हुन् । आनन्ददेवको जन्म ने.सं. २१९ (वि.सं. ११५६) वैशाखमा भएको थियो । यसरी गद्दीमा बस्दा आनन्ददेव ४७ वर्षका परिपक्व उमेरका भएथे । गद्दीमा नबस्दै अर्थात् युवराज छँदै नै आनन्ददेवको प्रभाव बढ्न थालिसकेको थियो । यो कुरा माथि गएको ने.सं. २६४ को अभिलेखबाट थाहा पाइन्छ । त्यसमा उच्चै शक्तिधरः कुमारपदवीं प्राप्तोपि भनी आनन्ददेवको वर्णन गरिएको छ ।

आनन्ददेवले बीस वर्ष राज्य गरे भनी गोपालराजवंशावलीकारले लेखेका छन् । तात्कालिक हस्तलिखित ग्रन्थ आदिबाट उक्त कुराको पुष्टि हुन्छ । उनका पालाका ने.सं. २६७ देखि २८७ सम्मका हस्तलिखित ग्रन्थ, अभिलेख पाइएका छन् । बीस वर्षको उनको शासनकालमा केन्द्रको शासन मजबूत हुनाको साथै निकै विकासकार्यहरू पनि सम्पन्न भएथे । यसै हुँदा गोपालराजवंशावलीकारले बाबु शिवदेवको जस्तै छोरा आनन्ददेवको पनि प्रशंसा गरेका छन् । आनन्ददेवको सबभन्दा उल्लेखनीय विकासकार्य भक्तपुरमा त्रिपुर बनाई त्यसलाई नेपालको राजधानीको रूप दिनु हो । गोपालराजवंशावलीमा भक्तापुरे त्रिपुरसहित राजधानी प्रतिष्ठिता भनी उक्त कुराको उल्लेख गरिएको छ । यसपछि नेपालको राजधानीको रूपमा त्रिपुर राजकुल केही शताब्दीसम्म रह्यो । भक्तपुरमा राजधानी कायम गर्नाको साथै भक्तपुरका आसपासका बस्तीहरूको (सातगाउँको) उल्लेखनीय विकासकार्य पनि आनन्ददेवले गरेथे । विकासकार्यको साथै उनले भूमि-व्यवस्था लागू गरेको देखिएको छ, राष्ट्रमा शान्ति सुव्यवस्था कायम गरेको देखिएको छ ।

यसताका उता कर्णाली प्रदेशमा सिञ्जालाई केन्द्र बनाई खस राज्य खडा भइसकेको थियो । यस नयाँ राज्यको सैन्यशक्ति मजबूत हुँदा यस राज्यको विस्तार हुँदै थियो । नेपालका केन्द्रका शासकहरूको लागि यो एक खतराको रूपमा देखापरेको थियो । तर शिवदेव र आनन्ददेवको शासन मजबूत हुँदा खसहरू पूर्वतिर बढ्न सकेका थिएनन् । कर्णाली प्रदेशमा खस राज्यको प्रभुत्व कायम हुन थाले पनि गण्डकी प्रदेशमा भने आनन्ददेवकै प्रभुत्व राम्ररी नै कायम थियो भन्ने कुरा यस ताम्रपत्रबाट र तात्कालिक अरू हस्तलिखित ग्रन्थबाट पनि थाहा पाइन्छ ।

यो ताम्रपत्र पन्नगविषयमा कुँद्न लाइएको हो । यसताका पश्चिम नेपालमा देखापरेका जिग्लोद्‌गमविषय, गण्डीगुल्मविषय, मंग्वरविषय, पञ्चावतविषय आदिमध्ये एक पन्नगविषय पनि हो । मंग्वरविषय पश्चिमको मगरात भेकको हो

भन्ने स्पष्ट छ । मंग्वरविषयसँग पन्नगविषय जोडिएको थियो भन्ने देखिएको छ । यस विषयको चर्चा माथि गरिसकिएको हुँदा यहाँ फेरि दोहऱ्याउनु आवश्यक देखिँदैन । यस कारण पन्नगविषय पनि गण्डकीप्रदेशमै थियो भन्ने कुरामा शङ्का छैन । त्यसताका यस्ता विषय (जिल्ला)हरूको प्रशासन पुस्तैनी हक पाएका महासामन्तहरूले गर्दथे । स्थानीय प्रशासनमा उनीहरूको निकै ठूलो हात रहन्थ्यो । उनीहरू तत्तत् विषयका अधिपति नै कहलाउँथे । यसै हुँदा स्थानीय कति हस्तलिखित ग्रन्थमा मूल (केन्द्र)का राजाको नामोल्लेख नगरी विषयाधिपतिको मात्र नामोल्लेख गर्ने चलन पनि चलेको थियो । यसो हुँदा ने.सं. २७० श्रावणमा पन्नगविषयमा सारिएको पुस्तकमा श्रीपन्नगविषयाधिपतिश्रीमहासामन्तहंसदेवस्य विजयराज्ये भनी लेखिएको पाइएको छ । यहाँ राजा आनन्ददेवको नामोल्लेख नहुँदा यस क्षेत्रमा यसताका आनन्ददेवको प्रभुत्त्व फैलिएको थिएन कि भन्ने शङ्का इतिहासकारहरूले गर्ने गरेका छन् । तर तत्तत् विषयको प्रशासन विषयाधिपतिका रूपमा महासामन्तहरूले चलाउने हुँदा ती विषयमा लेखिएका हस्तलिखित ग्रन्थमा कहिलेकहीं मूल गद्दीनशीन राजाको नाम पुस्तक सार्नेको स्वेच्छाले गर्दा छुट्न जाने मात्र हो । सो विषयमा केन्द्रीय प्रभुत्व हट्यो भनी त्यतिको भरमा अर्थ गर्न मिल्दैन ।

यो ताम्रपत्र कुँदिएको ताका ने.सं. २८२ मा पन्नगविषयका अधिपति महासामन्त रहस्यदेव थिए । यसभन्दा आठ वर्षअगाडि त्यहाँ महासामन्त हंसदेव थिए भन्ने कुरा माथि उल्लिखित हस्तलिखित ग्रन्थबाट थाहा पाइन्छ । यी रहस्यदेव उक्त हंसदेवकै वंशज हुन् भन्ने देखिन्छ । यी महासामन्त शासकहरूको विशेष प्रशस्ति नभए पनि उनीहरूलाई विषयाधिपति भनिने र उनको विजयराज्यमा भनिने हुनाले स्थानीय प्रशासन उनीहरूकै हातमा रहन्थ्यो भन्ने स्पष्ट थाहा पाइन्छ ।

यस ताम्रपत्रमा पन्नगविषयका अधिपतिका रूपमा रहस्यदेवको उल्लेख छ भने नेपालका अधिपतिका रूपमा आनन्ददेवको उल्लेख परेको छ । लिच्छविकालदेखि नै गद्दीनशीन राजालाई बोध गराउने राजाधिराज परमेश्वर भट्टारक भन्ने प्रशस्ति यहाँ आनन्ददेवमा रहेको छ । यो साधारण कुरा भयो । तर यहाँ आनन्ददेवलाई नेपालाधिपति भन्नमा चाहिँ तात्कालिक अवस्था केही अंशमा प्रतिविम्बित रहेको अनुमान हुन्छ । उता कर्णाली प्रदेशमा खसराज्य स्थापना भएपछि यता नेपाल केन्द्रका शासक आनन्ददेवहरू सावधान हुन थालेको बुझिन्छ । यसो हुँदा नेपालका केन्द्रका शासक आनन्ददेवले कर्णाली प्रदेशमा जस्तै गण्डकी प्रदेश र अरू प्रदेशमा पनि खसहरूको प्रभाव नफैलियोस् भन्ने प्रयास गरेको अनुमान हुन्छ । गोपालराजवंशावलीमा श्रीनेपालसमस्तमण्डलमहीत्राता भनी आनन्ददेवको वर्णन गरेबाट उक्त कुराको केही पुष्टि हुन्छ । यसरी नेपालका वास्तव अधिपति आनन्ददेव हुन् भन्ने देखाउन खोजिएको छ । किनभने यसभन्दा अगाडिका अभिलेख, हस्तलिखित ग्रन्थहरूमा तात्कालिक राजालाई नेपालाधिपति भनी जोड दिइएको पाइँदैन । आनन्ददेवको पालाको यसै अभिलेखमा सर्वप्रथम नेपालाधिपतिको प्रयोग भएको हामी पाउँछौं । यस प्रसंगमा पछि मल्लकालमा

नेपालाधिपति पद्वी लिनाका लागि भक्तपुर, कान्तिपुर, ललितपुरका मल्ल राजाहरूमा चलेको हानथाप पनि स्मरणीय छ । त्यसैगरी आनन्ददेवमा नेपालाधिपति भन्ने पदवी जोडिनामा पनि केही आकूत रहेको अनुमान हुन्छ ।

राजनैतिकबाहेक तात्कालिक सामाजिक अवस्थामा पनि यस ताम्रपत्रबाट केही प्रकाश पर्छ । पहिले त पन्नगविषयको बस्तीबसाइबारे यसबाट हामी केही सङ्केत पाउँछौं । पन्नगविषयभित्र श्रीयखर भन्ने बस्ती निकै विकसित रहेछ । यसताकाका नेपाल-उपत्यकाका ललितपुर, कान्तिपुर आदि बस्ती जस्तै यखरको पश्चिमटोल भन्ने उल्लेख आएको छ । यसैगरी उत्तरटोल आदि पनि त्यहाँ हुँदा हुन् भन्ने सोभै अनुमान गर्न सकिन्छ । पन्नगविषयमै सारिएको अर्को एक हस्तलिखित ग्रन्थमा आएको यूपटोलसँग यूपग्रामको सादृश्य रहेको छ । यूप (मौलो) गाडेर चाडपर्व आदि मनाइने चलन हुनाले जुन टोलमा यूप गाडिने हो, सो टोल नै यूपटोल कहलाएको यताबाट देखिन्छ । यसरी प्रकारान्तरले उक्त बस्तीको सांस्कृतिक गतिविधिको सङ्केत पनि यताबाट पाइन्छ ।

यस इलाकाका प्रसिद्ध देवता भ्फोंटेश्वर महादेव रहेछन् । माथि गएको शिवदेवको पालाको ताम्रपत्रमा पनि भ्फोंटेश्वर-महादेवको चर्चा परेको छ । यी महादेवको उल्लेख नेपाल-माहात्म्य, हिमवत्खण्ड आदिमा परेको छैन । मध्यनेपालमा प्रख्यात ६४ शिवलिङ्गमा यो पर्दैन । यस कारण भ्फोण्टेश्वर-महादेवको परिचय प्राप्त गर्न सकिएको छैन । यो अभिलेखचाहिँ भ्फोंटेश्वर महादेवस्थानमा उमामहेश्वर स्थापना गरी राखिएको हो । उमामहेश्वर स्थापना गर्ने चलन लिच्छविकालमै देखा परिसकेको थियो । मध्यकालको शुरूमा उमामहेश्वरको स्थापना अभ्फ बढी भएको हामी पाउँछौं । साथै उमामहेश्वरका साथै कुमार र गणेशलाई पनि त्यसमा विशिष्ट स्थान दिने चलन मध्यकालको शुरूमा देखा परेको छ । यस अभिलेखमा बालचक्रसहितका उमामहेश्वर भनी कुमार गणेश र अरू गणसहितका उमामहेश्वरलाई लक्ष्य गरेको हो भन्ने अनुमान हुन्छ । जे होस्, नेपाल-उपत्यकामा मात्र होइन, पश्चिम नेपालमा पनि शिव र शक्तिको उपासना गर्ने प्रथा प्रचलित भएको कुरा यताबाट भ्फल्किन्छ ।

यस ताम्रपत्रमा विचारणीय एक अर्को कुरा पनि छ । भ्फोंटेश्वर महादेव स्थानमा उमामहेश्वर स्थापना गरी यो ताम्रपत्र कुँदाउनेका नाम यस अभिलेखमा मीभिङ्गु भावो र हर्षवयि स्त्रीपुरुष भनी दिएको छ । भाषाको आधारमा यी नाम नेवारी भाषाका हुन् भनी सहजै भन्न सकिन्छ । सम्मानप्राप्त पुरुषलाई कहने भावो शब्द नेवारी भाषामा पछिसम्म पनि प्रचलित रहेको छ । सम्मानप्राप्त स्त्रीलाई कहने वयी पछि मयी भयो । यो शब्द पछि निकै प्रचलित रहेको छ । मी भिङ्गुको शब्दार्थ असल मान्छे भन्ने हुन्छ । नेवारीमा अहिले लोग्ने-स्वास्नीलाई कहने ठेट शब्द त्यपू भन्ने छ । सो त्यपू स्त्रीपुरुष शब्दबाट अपभ्रंश भई बनेको हो । इत्यादि कुरा विचार गर्दा यो अभिलेख कुँद्न लाउने मीभिङ्गु भावो हर्षवयी स्त्रीपुरुष नेवार वर्गका हुन् भन्ने स्पष्ट थाहा पाइन्छ । शिवदेवको पालाको ताम्रपत्रमा उल्लिखित पाञ्चालीका प्रधानमध्येका एक जना इदा भावो पनि नेवारवर्गका हुन् भन्ने देखिएको छ । यी उदाहरणबाट गण्डकी प्रदेशमा नेवार-वर्गको बसोबास निकै

अगाड़िदेखि भएको थियो भन्ने सङ्केत पाइन्छ । लिच्छविकालको उत्तरार्द्धदेखि भोटसँग रहेको विशेष व्यापार सम्बन्धले गर्दा उक्त बसोबास हुन गएको देखापरेको छ। यसरी यो खोजीको विषय बनेको छ।

यसरी पश्चिम-नेपालको इतिहासको खोजीमा नयाँ दृष्टिकोण राख्नुपर्ने आवश्यकताको सङ्केत यस अभिलेखले गरेको छ।



२३ सङ्ख्या

[२४ सङ्ख्या]

भक्तपुर नारायणचोकको ने.सं. २८३ को स्तम्भलेख

भक्तपुर तौमढीटोलमा भैरवस्थाननजीकै नारायणचोक भन्ने ठाउँ छ । त्यहाँ तिलमाधव-मन्दिरको अगाडि पूर्वाभिमुख भई रहेको एउटा गरुडध्वज छ । सो स्तम्भको पश्चिमपट्टिको पाटामा यो अभिलेख कुँदिएको छ । यसमा ने.सं. २८३ छ ।

संशोधन-मण्डलद्वारा *अभिलेख-संग्रह* २ भागका १०-११ पृष्ठमा सर्वप्रथम यो प्रकाशित भएको हो ।

मूलपाठ

१. ॐ स्वस्ति ॥ क्षीरोदाम्बुनिधौ विधाय रभसात् क्षुब्धं गिरिं मन्दरं
२. संभूता कमलालया प्रमथिते देवासुरैर्विश्वतः । संवी-
३. क्ष्य स्वधिया विचिन्त्य च मुहुर्देवेषु सर्वात्मना श्रेष्ठोसावि-
४. ति यं गता स जगतां कुर्याच्छ्रियं माधवः । यः पारिजा-
५. ततरुमानयति स्म भर्त्तुर्लक्ष्मीपतेरसुरकाननधूमकेतोः
६. कर्त्तुं प्रमोदमवमत्य समस्तदेवान् देयाच्छुभं स जगतां विन-
७. तातनूजः । पृथ्वीं नृपे सकललोकहृदम्बुहंसे युक्त्या प्रशा-
८. सति रिपुद्विपकेशरीन्द्रे । वित्ते गुणैर्जगति चंद्रकलाव-
९. दातैः श्य्रानन्ददेव इति सूर्यकुलप्रदीपे ॥ नप्त्रा सज्जन-
१०. चित्तकैरवविधोः सम्पद्दयाशालिनः श्रीमद्रामुनिसंज्ञित-
११. स्य विहिता पुत्रेण पुण्यात्मनः । अर्च्चा श्रीपतिमाधवस्य प-
१२. रया सम्प्राप्तुमुच्चैः पदं भक्त्या श्रीगरुडस्य शंकर इति
१३. ख्यातेन भूमण्डले । पत्न्या सहानिन्द्यचरित्रवत्या कलं-
१४. कहीनोडुपबिम्बकान्तं । वक्त्रं दधत्या हृदयं क्षिपन्त्या नि-
१५. रुत्तरे श्रेयसि तेजलक्ष्म्या ॥ समाशतद्वये प्राप्ते वसुव-
१६. न्हिसमायुते । कृष्णाष्टम्यां कृता ज्येष्ठे प्रशस्तिः सोमवास-
१७. रे । विद्वतोदयचन्द्रेण सेवायै कमलापतेः । पूजि-
१८. तो वाक्यपुष्पेण मुदमेति हि केशवः ॥ ० ॥

अनुवाद

ॐ । कल्याण होस् । लक्ष्मी प्रकट भइन्, अनि लक्ष्मीले चारैतिर नियाली, बुद्धि लगाई खूप विचार गर्दा जसलाई देवताहरूमा सबभन्दा श्रेष्ठ यी हुन् भनी ठहराइन् र जसकहाँ गइन्, ती विष्णुले संसारको कल्याण गरून् ।

दानवहरूलाई नाश गर्ने आफ्ना मालिक विष्णुलाई खुशी पार्न जसले सारा देवताहरूलाई वास्ता नगरीकन पारिजातको रूख ल्याएथे, ती गरुडले संसारको शुभ गरून् ।

सारा दुनियाँको मन जितेका, शत्रुहरूलाई सखाप पार्ने जून जस्तै निर्मल आफ्ना गुणहरूले गर्दा संसारमा प्रख्यात भएका, सूर्यवंशका बत्ती जस्ता राजा श्रीआनन्ददेवले राज्य गरिरहनुभएको वेलामा सज्जनहरूको मनलाई आनन्द पार्ने धनी र दयालु श्रीरामुनिका नाति पुण्यात्माका छोरा नाउँ चलेका शंकरले श्रीपति माधवका गरुडको उच्च पद पाउने इच्छाले ठूलो भक्तिसाथ यो प्रतिमा स्थापना गरे । चोखो चरित्र भएकी, दाग नभएको चन्द्रमाको बिम्ब जस्तै राम्रो अनुहार भएकी, ठूलठूला दान धर्ममा मन लाएकी पत्नी तेजलक्ष्मीसँगै भई उक्त विष्णुमूर्ति स्थापना गरिएको हो ।

ने.सं. २८३ (वि.सं. १२२०) ज्येष्ठकृष्ण अष्टमी सोमवारको दिन विद्वान् उदयचन्द्रले विष्णुलाई प्रसन्न पार्न यो प्रशस्ति बनाएका हुन् । वाक्यरूपी फूलले पुजिएका विष्णु खुशी होऊन् ।

व्याख्या

ने.सं. २८३ (वि.सं. १२२०) मा भक्तपुर तौमढीटोलमा तिलमाधव स्थापना गरी गरुडध्वज चढाई यो अभिलेख कुँदाइएको हो । यस वेला भक्तपुरमा त्रिपुर राजदरबार बनाई त्यसैलाई नेपालको राजधानी घोषित गरी आनन्ददेव शासन गर्दै थिए । आनन्ददेवको बीस वर्षको शासनकालमा नेपालमा निकै विकासकार्य सम्पन्न भएथ्यो भन्ने कुरा माथि लेखिसकिएको छ । मुख्य गरी भक्तपुरमैको विकास यस वेला भएथ्यो ।

यस अभिलेखमा संक्षेपमा आनन्ददेवको प्रशंसा परेको छ । नेपालवंशावलीकारले लेखे जस्तै यस अभिलेखमा पनि आनन्ददेवले जनताको मन जिते भन्ने भाव कुँदाइएको छ । आनन्ददेवको वंशको उल्लेख यसमा खुलाएर लेखिएको छैन । सूर्यकुलप्रदीप भनी लेखी आनन्ददेव सूर्यवंशी राजा हुन् भन्ने मात्र यहाँ सङ्केत गरिएको छ । आफ्ना गुणहरूले गर्दा आनन्ददेवको प्रख्याति फैलिएको कुरा पनि यस अभिलेखमा कुँदाइएको छ । यसरी आनन्ददेवको विशेष रूपमा वर्णन नपरे पनि यस अभिलेखबाट आनन्ददेवको शासनले जनता प्रसन्न थिए भन्ने सङ्केत भने पाइन्छ ।

भक्तपुरका प्रसिद्ध देवस्थलमा तिलमाधव स्थान पनि एक हो । सो तिलमाधवको स्थापना ने.सं. २८३ (वि.सं. १२२०) मा भएको रहेछ भन्ने यस

अभिलेखबाट थाहा पाइन्छ । तिलमाधवको सम्बन्ध माघमाहात्म्यसँग रहेको छ । माघको माहात्म्य लिच्छविकालमै फैलिसकेको सङ्केत अंशुवर्माको चाँगुको अभिलेखबाट पाइन्छ । त्यस अभिलेखमा संवत् ३१ माघशुक्ल त्रयोदशीको शुभ दिन पारी अंशुवर्माले विष्णुको सुनको कवचको जीर्णोद्धार गरेको कुरा परेको छ । पछि मध्यकालमा आएर माघमाहात्म्य अझ बढेको देखापरेको छ । मल्लकालका अभिलेखमा माघव्रत, माघस्नान आदिको उल्लेख धेरै ठाउँमा आएको छ । तिलमाधवको स्थापना पनि सोही परम्पराअनुसार भएको हो भन्ने देखिन्छ । पछि रुद्र मल्लकी आमा पदुमलदेवीहरूको पालामा तिलमाधव स्थापना मण्डप, प्रणाली (ढुङ्गेधारा) आदि बनेको उल्लेख गोपालराजवंशावलीमा परेको छ ।

विष्णुका वाहन गरुड विष्णुका जसरी भक्त छन्, त्यसैगरी विष्णुको भक्ति गरी रहन पाऊँ भन्ने कामनाले गरुडध्वज स्थापना गर्ने चलन उहिलेदेखि चलेको पाइन्छ । यसो हुँदा गरुडको आकृति कुँद्न लाउँदा त्यसमा आफ्नो आकृति उतार्न लाउने प्रथा पनि थियो । उदाहरणार्थ चाँगुनारायणको गरुडध्वजका गरुड, हाँडिगाउँ आदिनारायण स्थानको गरुडध्वजका गरुडलाई औंल्याउन सकिन्छ । चाँगुनारायणस्थानको गरुडको आकृतिमा हृष्टपुष्ट, ठूला काँध, फराकिलो छाती, कमल जस्ता आँखा भएका एक युवकको आकृति उतारिएको छ । सोही गरुडध्वजरूपको स्तम्भलेखमा चाहिँ युवक राजा मानदेवको शारीरिक बनौटको वर्णन गर्दा ठीक त्यस्तै रूपमा गरिएको छ । यसबाट मानदेवले स्थापना गरेको गरुडाकृतिमा कलाकारले मानदेवको आकृति केही अंशमा उतारेको चाखलाग्दो उदाहरण हामी पाउँछौं । हुनपनि गरुडको रूपमा विष्णुको सेवा गर्न पाऊँ भन्ने भावनाले गरुडध्वज राखिने हुनाले उक्त कुरा स्वाभाविक पनि छ । पछिपछि अर्थात् मल्लकालमा खूद भक्त र राजपरिवारकै सालिकहरू बनाई आफ्ना इष्टदेवताको सामुन्ने स्तम्भमा राख्ने चलन चलेथ्यो । भक्तपुर तौमढीटोलको यस अभिलेखमा गरुडध्वज राख्नाको उद्देश्य विष्णुको सेवा गरेर रहन पाऊँ भन्ने रहेको थियो भन्ने कुरा यहाँ श्रीगरुडस्य उच्चैः पदं सम्प्राप्तुं श्रीपतिमाधवस्य अर्च्चा विहिता भनी लेखिएको हुँदा स्पष्ट हुन्छ ।

कुँद्नेले अलि अशुद्ध कुँदिदिएका छन् तापनि यो अभिलेखको लेखाइ केही प्रौढ छ । यस प्रशस्तिका रचयिता विद्वान् उदयचन्द्र हुन् भनी यस अभिलेखमा खुलाएर लेखिएको पनि छ । यताबाट यसताका विद्वान्हरूको कदर हुन थालेको सङ्केत पाइन्छ ।

यसताका वैष्णव धर्मको प्रचार-प्रसार थियो भन्ने कुराको सङ्केत पनि यस अभिलेखले गरेको छ । यसरी तात्कालिक केही कुरा बुझ्न यो स्तम्भलेख उपयोगी रहेको छ ।

२४ सङ्ख्या



[२५ सङ्ख्या]

साँखु वज्रयोगिनीको ने.सं. २८८ को अभिलेख

साँखु वज्रयोगिनीको मन्दिरपछाडि लहरै तीनवटा ढुङ्गेधारा छन् । तिनमा बीचको धाराको मुखमा यो अभिलेख कुँदिएको छ। यसमा ने.सं. २८८ छ।

संशोधन-मण्डलद्वारा *अभिलेख-संग्रह* दोस्रो भागको १२ पृष्ठमा सर्वप्रथम यो छापिएको हो।

मूलपाठ

१. संवत् २८८ फाल्गुणकृ-
२. ष्णाष्टम्याम् ...
३. कादि म ...
४. रुद्रदेवस्य विजयराज्ये मेतम्
५. ...
६. ... पुनर्जन्महेतोः
७. मातापितापुत्रादिदिवङ्गता । स-
८. त्वान् तेषाम् नरकादिदुः-
९. खोपशान्तये संप्रदत्तमिति

अनुवाद

ने.सं. २८८ (वि.सं. १२२४) फाल्गुनकृष्ण अष्टमीको दिन ... रुद्रदेवको विजयराज्यमा यो ... पुनर्जन्म नहोस् भन्नाका लागि आमा-बाबु छोरा आदि दिवंगत प्राणीहरूको नरक आदि दुःख हटोस् भन्नाका लागि यो धारा बनाई दान दिइएको हो।

व्याख्या

काठमाडौंउपत्यकाभित्रका प्रसिद्ध ऐतिहासिक, धार्मिक स्थलमध्ये साँखु वज्रयोगिनी स्थान पनि एक हो। लिच्छविकालका बौद्ध विहारमध्ये सबभन्दा बढी प्रख्यात विहार गुंविहार थियो। अंशुवर्माको हाँडिगाउँको अभिलेखमा नेपालका विशिष्ट विहारहरूमा सबभन्दा पहिले गुंविहारको गणना गरिएको छ । त्यहाँ पशुपतिनाथ, दोलाशिखरस्वामी (चाँगुनारायण)को श्रेणीमा गुंविहारलाई राखिएको छ । साथै त्यहाँ सम्मानस्वरूप दिइने भाग पशुपतिनाथ, चाँगुनारायणसरह

गुंविहारलाई पनि दिइएको छ । गोपालराजवंशावली, मल्लकालका ठ्यासफू आदिसम्ममा पनि साँखु वज्रयोगिनीलाई गुंविहार भनिएको पाइन्छ । शुरूमा वज्रयोगिनीको गुंविहार स्थविरवादी बौद्धहरूको अखडा रहेको देखिन्छ । पछि यो विहार महायानीहरूको गढ हुन पुग्यो । साँखुको एक अभिलेखमा महासाङ्घिक भिक्षुसङ्घको उल्लेख परेको छ । भगवान् बुद्धको निर्वाण भएको सय वर्ष जतिपछि द्वितीय सङ्गीतिमा बौद्धहरूको आचारसम्बन्धी विवाद उठ्यो र बौद्धहरू दुइ शाखामा विभक्त भए । परिवर्तन गर्नुहुँदैन भनी भन्नेहरू स्थविरवादी र आवश्यक परिवर्तन गर्दै लैजानुपर्दछ भन्नेहरू महासाङ्घिक कहलाए । महासाङ्घिककै विकसित रूप महायान हो । महायानअन्तर्गतको एक प्रसिद्ध शाखा वज्रयान हो । साँखुमा वज्रयोगिनीको स्थापनापछि गुंविहार वज्रयानको गढ बन्यो । वज्रयोगिनीले बढ्ता प्रसिद्धि पाएपछि गुंविहारको प्रसिद्धिलाई वज्रयोगिनीको प्रसिद्धिले उछिन्यो ।

विहार रहेको र प्रसिद्ध वज्रयोगिनीको स्थान भएको हुँदा यहाँ पानीको आवश्यकता हुनु पनि स्वाभाविक थियो । यसो हुँदा कुनै धर्मात्माले यहाँ ढुङ्गेधारा बनाउन लाए । त्यसै प्रसङ्गमा यो अभिलेख कुँद्न लाएका हुन् ।

ने.सं. २८८ को अभिलेखमा राजा रुद्रदेवको नामोल्लेख भएको छ । यी रुद्रदेव शिवदेव (सिंहदेव)का साहिँला छोरा हुन् । यिनको जन्म ने.सं. २२८ (वि.सं. ११६४) मा भएको थियो । दाजु आनन्ददेवको मृत्युपछि ने.सं. २८७ मा रुद्रदेव गद्दीमा बसेका हुन् । यसरी राजा हुँदा रुद्रदेव ५९ वर्षको पाको उमेरका थिए । यिनले ८ वर्ष १ महीना राज्य गरे भनी गोपालराजवंशावलीकारले लेखेका छन् । तात्कालिक अभिलेख र हस्तलिखित ग्रन्थहरूबाट उक्त कुराको पुष्टि हुन्छ । यो समय केही अंशमा आर्थिक समृद्धिको युग थियो । यसो हुनाले छोटो शासनकालमा पनि रुद्रदेवले केही रचनात्मक काम गरेथे । उनले भक्तपुर राजदरबारमा खण्डचोक-नामक एक अङ्ग थपेथे, सुनधारा पनि बनाउन लाएथे । गोपालराजवंशावलीमा उक्त कुराको वर्णन परेको छ ।

२५ सङ्ख्या

[२६ सङ्ख्या]

ललितपुर कुम्भेश्वरको ने.सं. २९१ को अभिलेख

ललित्तपुर कुम्भेश्वर महादेवको मन्दिरदेखि उत्तरपट्टि सो मन्दिरमा चढ्ने खुड्किलो बनाई राखिएको एउटा जलद्रोणी छ । सो जलद्रोणीमा यो अभिलेख कुँदिएको छ । यहाँ ने.सं. २९१ छ ।

संशोधन-मण्डलद्वारा *अभिलेख-संग्रह* दोस्रो भागको १२ पृष्ठमा सर्वप्रथम यो छापिएको हो ।

मूलपाठ

१. ६ सम्वत् २९१ कार्त्तिकशुक्लाष्टम्याम् राजाधिराजपरमेश्वरराज्ये श्रीरुद्रदेवस्य

२. जगदानन्दकारिणः । अष्टम्यां कार्त्तिके शुक्ले प्रतिष्ठादिविधानतः ॥०॥

अनुवाद

ने.सं. २९१ (वि.सं. १२२७) कार्तिकशुक्ल अष्टमीको दिन संसारलाई आनन्द दिने राजाधिराज परमेश्वर श्रीरुद्रदेवले राज्य गरिरहनुभएको वेलामा (यस जलद्रोणीको) प्रतिष्ठा विधिपूर्वक गरियो ।

व्याख्या

ललितपुरका धार्मिक स्थलहरूमा कुम्भेश्वरको पनि प्रमुख स्थान रहेको छ । यसको निर्माण कहिले भयो भन्ने कुरा निश्चित हुन सकेको छैन । कुम्भेश्वरको पेटीमा लिच्छविकालको एक सानो खण्डित अभिलेख रहेको छ । त्यसमा ... भगवतः प्रतिष्ठानादास्त पुरम्पुण्यामात मत्वा भगवन्तत्रैलोक्यगुरुम् भन्ने उल्लेख परेको छ । यस अभिलेखको सम्बन्ध कुम्भेश्वर-महादेवसम्म रहेको अनुमान हुन्छ । सो सत्य भए कुम्भेश्वर महादेवको स्थापना लिच्छविकालमै भएको हुन आउँछ । ने.सं. ५१२ को स्थितिराज मल्लताकाको यहाँ रहेको अभिलेखबाट कुम्भेश्वर एक तीर्थको रूपमा प्रसिद्ध रहेको कुरा थाहा पाइन्छ ।

यसरी यो स्थल धार्मिक स्थल बनेको हुँदा यहाँ बस्ने र यहाँ आवत-जावत गर्नेहरूको लागि पिउने पानीको सुविधा होस् भनी जलद्रोणी बनाउन लगाइएको हो । ने.सं. २९१ को यस अभिलेखमा दानपतिको नाउँ कुँदाइएको छैन । तर गद्दीनशीन राजा रुद्रदेवको नाउँ भने श्रद्धासाथ कुँदाइएको छ । यसबाट रुद्रदेवको शासनकालमा जनता आनन्दित रहेको सङ्केत पाइन्छ । जुन कुराको पुष्टि अरू सामग्रीवाट पनि हुन्छ ।



२५ सङ्ख्या

[२७ सङ्ख्या]

काठमाडौँ लैकुटोलको ने.सं. २९१ को अभिलेख

काठमाडौँ लैकुटोलको सानो मन्दिरमा रहेको जलद्रोणीमा यो अभिलेख कुँदिएको छ। यहाँ ने.सं. २९१ छ।

डिल्लीरमण रेग्मीद्वारा *मेडिईभल् नेपाल्* ३ भागको ८ पृष्ठमा सर्वप्रथम यो अभिलेख छापिएको हो।

मूलपाठ

१. सम्वत् २९१ ज्येष्ठपूर्णम्यां श्रीराजाधिराजरुद्रदेव । विजयराजे ॥ ...
२. श्रीदेव ... जे ... प्रधनेन ... र्व ... धी सुभ

[२८ सङ्ख्या]

ललितपुर वलटोलको ने.सं. २९२ को अभिलेख

ललितपुरको गाःबहाल वलटोलमा पूर्णचण्डीको मन्दिरदेखि नजिकै पूर्वपट्टि एउटा दक्षिणाभिमुख जलद्रोणीमा यो अभिलेख कुँदिएको छ । यसमा ने.सं. २९२ छ ।

संशोधन-मण्डलद्वारा *अभिलेख-संग्रह* दोस्रो भागको १३ पृष्ठमा सर्वप्रथम यो छापिएको हो ।

मूलपाठ

१. १ अब्दे याति भुजग्रहाक्षिगुणिते मासे तथा
२. कार्त्तिके रुद्राह्वे नृपतौ च शासति भुवं चन्द्रो जया-
३. ह्वः सुधीः । पार्श्वे पट्टिकया सहामलजलद्रो-
४. णीमिमां दत्तवान् मार्गोन्मार्जनगोष्ठिका-
५. सु निहितं क्षेत्रञ्च तृरोपणं ॥ तत्पट्टि-
६. कापटलाच्छादनाय च शिवकाचतुष्टयं ॥

अनुवाद

ने.सं. २९२ (वि.सं. १२२८) कार्तिक महीनामा राजा रुद्रदेवले शासन गरिरहनुभएको वेलामा बुद्धिमान् जयचन्द्रले सफा पानी आउने यो जलद्रोणी (टुटेधारा) र नजिकै पाटी बनाई दान गरे । बाटो बढार्ने गोष्ठीमा तीन रोपनी खेत दान गरे । त्यो पाटीको छाना छाउन चार शिवका दान दिए ।

व्याख्या

यो अभिलेख पनि राजा रुद्रदेवको शासनकालमा जलद्रोणी र पाटी बनाई कुँदाइएको हो । रुद्रदेवको शासनकालमा ढुङ्गेधारा, जलद्रोणी बनाई राख्न लाइएका दुइ अभिलेख माथि परिसकेका छन् । एक अभिलेख तल आउँदैछ । यसताका आर्थिक समृद्धि केही भएको हुँदा यस्ता जनहितका काम जनताद्वारा हुन सकेका हुन् । तात्कालिक सामाजिक भावना बुझ्न यस्ता अभिलेख केही उपयोगी हुन्छन् ।

यो सानो अभिलेखमा एक उल्लेखनीय तात्कालिक चलनको पनि संक्षिप्त चर्चा परेको छ । जलद्रोणी, पाटी बनाएको सिलसिलामा जयचन्द्रले

मार्गोन्मार्जनगोष्ठी अर्थात् बाटो बढार्ने गूठीमा तीन रोपनी खेत दान दिएको कुरा परेको छ । यसबाट तात्कालिक गोष्ठीप्रथाबारे महत्त्वपूर्ण प्रकाश परेको छ । यस कुराको महत्त्व बुझ्न पहिले लिच्छविकालदेखिको गोष्ठीप्रथाबारे केही दृष्टि दिनुपरेको छ ।

लिच्छविकालमा आवश्यक काम कुरा मिलेर गर्ने, मिलेर रहने भावना लौकिक जीवनको आदर्श रहेको थियो । मिलेर काम गर्ने यही आदर्शले गर्दा गोष्ठीप्रथाको जन्म भएको थियो । गूठीहरू त हाम्रो यहाँ अहिलेसम्म पनि प्रशस्त मात्रामा कायम नै छन् । तर पहिले गूठीको रूप अहिलेभन्दा अलि भिन्न थियो । पहिले गूठीहरू धार्मिक कुरामा मात्र सीमित थिएनन् । धार्मिक कामकुरा र शिक्षा स्वास्थ्य आदि जनजीवनमा आवश्यक कति कुराको बन्दोबस्त त्यस वेला गोष्ठीहरूले गर्दथे । यसरी लिच्छविकालमा गूठीप्रथा लौकिक जीवनको अभिन्न अङ्ग बनेको थियो । लिच्छविकालका अभिलेखमा धार्मिक गोष्ठीहरूबाहेक पानीयगोष्ठी, प्रणालीगोष्ठी आदि जनजीवनसँग सम्बन्ध राख्ने गोष्ठीको पनि हामी उल्लेख पाउँछौं ।

लिच्छविकालको सो परम्परा मध्यकालको शुरूसम्म पनि कायम नै थियो भन्ने कुरा यस अभिलेखले देखाउँछ । यहाँ जयचन्द्रले पाटी, टुटेधारा बनाई त्यसै उपलक्ष्यमा बाटो बढार्ने गूठीमा पनि तीन रोपनी खेत राखेको कुरा परेको छ । थाकेका बटुवालाई बस्न सुविधा होस् भनी पाटी बनाउनु, तिर्खाएको व्यक्तिले पानी पिउन पाऊन् भनी धारा बनाउनु पनि लौकिक जीवनसँग सम्बन्ध राख्ने कुरा हुन् । पाटी पौवा बनाए धर्म हुन्छ भन्ने परम्परा प्राचीन कालदेखि चलेर आएको हुनाले धार्मिक भावनाले जयचन्द्रले पाटी-पौवा बनाए भनी भन्न सकिन्छ । तर बाटो बढार्ने गोष्ठीमा जयचन्द्रले तीन रोपनी खेत राख्नामा चाहिँ त्यस वेलाको लौकिक अवस्थाको प्रतिविम्ब परेको स्पष्ट छ । हामीले आफू बस्ने ठाउँका बाटाहरू बढारेर सफा राख्नुपर्छ, यो काम एक दुइजनाले मात्र गर्न खोजेर हुने होइन, व्यवस्था बाँधी पालोपालो गरी यो काम चलाउनुपर्छ भन्ने भावनाले त्यस वेला बाटो बढार्ने गोष्ठीहरू बनेका रहेछन् । यस्ता गोष्ठीहरू चलाउन आयस्ताको आवश्यकता पर्ने हुनाले हुनेपुग्नेले यस्ता गोष्ठीमा चन्दास्वरूप केही दिनु असल हुने, पुण्यको काम हो भन्ने भावना पनि त्यस वेला बसेको रहेछ । यसै हुँदा जयचन्द्रले पाटीपौवा बनाउँदा बाटो बढार्ने गोष्ठीमा पनि खेतदान दिएका हुन् भन्ने स्पष्ट छ । यसरी यो अभिलेख तात्कालिक जनजीवनमा गोष्ठीको स्थानबारे बुझ्न निकै उपयोगी रहेको छ ।

तात्कालिक भूमिव्यवस्थामा पनि यस अभिलेखबाट अलिकता प्रकाश पार्छ । काठमाडौँउपत्यका र आसपासमा जग्गाको एक निश्चित परिमाणलाई बुझाउने शब्द रोपनीको पहिलो उल्लेख यसै अभिलेखमा आएको छ । लिच्छविकालका अभिलेखमा रोपनीको उल्लेख पाइएको छैन । त्यस वेला जग्गाको परिमाणलाई बुझाउने शब्द भूमि थियो, जुन रोपनीको नै पर्यायवाचक शब्द थियो भन्ने देखिएको छ ।

रुद्रदेवका बाबु शिवदेवले शिवका मुद्रा चलाएका थिए भन्ने चर्चा माथिका अभिलेखमा गरिसकिएको छ । यस अभिलेखमा चार शिवका पाटीको छाना छाउन राखिदिएको उल्लेख छ । अभिलेखमा शिवका मुद्राको पहिलो उल्लेख यसैमा आएको छ । शिवदेवले शिवका मुद्रा चलाए भन्ने गोपालराजवंशावलीको भनाइलाई शिवदेवका छोराको पालाको यस अभिलेखले पुष्टि गरेको छ । यस दृष्टिले पनि यो अभिलेख उपयोगी ठहरिएको छ ।



२८ सङ्ख्या

[२९ सङ्ख्या]

काठमाडौँ ब्रह्मटोलको ने.सं. २९२ को अभिलेख

काठमाडौँ ब्रह्मटोलपछाडि भन्सार जाने बाटोमा देवमन्दिर, पाटी भएको ठाउँ छ । त्यहाँ पाटीको सामुन्ने एउटा जलद्रोणी छ । त्यसै जलद्रोणीमा यो अभिलेख कुँदिएको छ । यहाँ ने.सं. २९२ छ ।

संशोधन-मण्डलद्वारा *अभिलेख-संग्रह* नवौँ भागको २५ पृष्ठमा सर्वप्रथम यो छापिएको हो ।

मूलपाठ

१. सम्वत् २९२ जैष्ठपूर्णम्यां श्रीराजाधिराजरुद्रदेवविजयराज्ये ॥०॥
२. ... नेन सर्वजन्तु सुखी भवतु ॥

अनुवाद

ने.सं. २९२ (वि.सं. १२२९) ज्येष्ठपूर्णिमाको दिन राजाधिराज श्रीरुद्रदेवको विजयराज्यमा ... यसबाट सबै प्राणीहरू सुखी होऊन् ।



२९ सङ्ख्या

[३० सङ्ख्या]

साँखु वज्रयोगिनीको ने.सं. २९३ को अभिलेख

साँखु वज्रयोगिनीको मन्दिर (माथिल्लो)को सामुन्ने रहेको एउटा सानो स्तम्भमा यो अभिलेख कुँदिएको छ। यहाँ ने.सं. २९३ छ।

धनवज्र वज्राचार्य र जगदीशचन्द्र रेग्मीद्वारा *एपिग्राफिक् सर्भे रिपोर्ट्*का ३-४ पृष्ठमा सर्वप्रथम यो छापिएको हो।

मूलपाठ

१. वं स्वस ग्वल अधिक संव-
२. त् न्यशसः रगुपति रुद-
३. रदेव राजा विज्यरपत्वं

अनुवाद

ॐ। ने.सं. २९३ (वि.सं. १२२९/१२३०) मा रघुपति रुद्रदेव राजाको विजयराज्यमा (यो राखिएको हो।)

व्याख्या

तीन पङ्क्तिको यो सानो अभिलेखले एकातिर धार्मिक स्थल वज्रयोगिनीको ऐतिहासिक अध्ययनलाई केही सघाउ पुऱ्याउँछ भने अर्कोतिर तात्कालिक गद्दीनशीन राजा रुद्रदेवको वंशबारे विचार गर्न पनि केही सहायता गर्छ। ने.सं. २९३ को यस अभिलेखमा राजा रुद्रदेवको उल्लेख गर्दा उनमा रगुपति भन्ने विशेषण लाइएको छ। यसबाट लिच्छवि राजाहरू जस्तै रुद्रदेवहरू पनि रघुवंशी थिए भन्ने थाहा पाइन्छ। यी राजाहरूको वंशबारे माथि चर्चा गरिसकेको हुँदा यहाँ फेरि चर्चा गर्नु आवश्यक देखिँदैन।

यस अभिलेखको महत्त्व तात्कालिक जनभाषाको दृष्टिले हेर्ने हो भने निकै रहेको हामी पाउँछौं। तात्कालिक जनभाषामा लेखिएको यो पहिलो अभिलेख हो। यसभन्दा अघिका अभिलेखहरू सबै नै संस्कृतमै कुँदिएका पाइन्छन्। लिच्छविकालमा संस्कृत जनभाषा थिएन तापनि संस्कृतले त्यस वेला सरकारी भाषाको स्थान पाएको हुँदा अभिलेखहरू संस्कृतमै कुँदाइने गरिन्थे। यही परम्पराअनुसार मध्यकालको शुरूमा पनि अभिलेख संस्कृतमै कुँदाउने चलन रह्यो। तर अब बिस्तारै जनभाषाले पनि लेखपढको, कामचलाउ भाषाको रूप

लिन थाल्यो भन्ने कुरा ने.सं. २९३ (वि.सं. १२२९/१२३०) को यस अभिलेखले सिद्ध गरेको छ। यसरी नेवारी भाषामा कुँदाइएको पहिलो अभिलेखको स्थान अहिलेलाई यस अभिलेखले पाएको छ।

नेवारी भाषाको पहिलो अभिलेख भएर मात्र यसको महत्त्व रहेको होइन, नेवारी भाषाले बोलीचालीको भाषाबाट लेखपढको भाषाको रूप लिनालाई लिएको अवस्थालाई पनि यस अभिलेखले संकेत गरेको हुनाले यस अभिलेखको महत्त्व देखापरेको छ। कुनै पनि भाषाले बोलीचालीको अवस्थाबाट माथि उठी लेखपढको भाषाको रूपसमेत लिन थालेपछि त्यस भाषाको नयाँ अध्याय शुरू हुन्छ। भाषाको विकासक्रममा भाषाले त्यसताका लिएको गतिविधिको निकै महत्त्व हुन्छ। नेवारी भाषाले लेखपढको भाषाको स्थान लिन लिएको एक विशेषता हो रपा प्रत्यय। रपा प्रत्ययको सहायताले नेवारी भाषाले संस्कृत तथा तात्कालिक अरू जनभाषाका शब्दहरू जुन किसिमसँग लिन थालेथ्यो, त्यो निकै उल्लेखनीय रहेको छ। यो प्रथा अपनाइएकोले नेवारी भाषा निकै समृद्ध भएथ्यो। रपा प्रत्ययको माध्यमले नेवारी भाषालाई समृद्ध पार्ने प्रक्रियाको शुरू ने.सं. २९३ तिर नै हुन थालिसकेको थियो भन्ने संकेत यस अभिलेखले दिन्छ। यस अभिलेखमा रुद्रदेवको विजयराज्यमा भन्नको लागि विजयरपत्वं शब्दको प्रयोग गरिएको छ। साथै नेवारी भाषामा संख्याबोधक शब्दविधि पनि यसै ताका नै निश्चित भइसकेथ्यो भन्ने पनि यस अभिलेखले देखाउँछ।



३० सङ्ख्या

[३१ सङ्ख्या]

भक्तपुर खौमाटोलको ने.सं. २९५ को अभिलेख

भक्तपुर खौमाटोलमा यो अभिलेख कुँदिएको शिलापत्र रहेको छ । यसमा ने.सं. २९५ छ ।

नरहरिनाथद्वारा *इतिहास प्रकाश* २ अङ्क ३ भागको ५४२ पृष्ठमा सर्वप्रथम यो छापिएको हो ।

भोलानाथ पौडेलद्वारा *पूर्णिमा* ७ पूर्णाङ्कको २८ पृष्ठमा छापिएको पाठ र अनुवाद यहाँ दिइएको छ ।

मूलपाठ

१. ॐ सम्वत् २९५ वैशाखशुक्लतृतीयायां । राजाधि-
२. राजश्रीअमृतदेवस्य विजयराज्ये । श्रीपशुपतिमृगस्थल्यां
३. विजैकत्रिभारी । दिवंगतपुत्रजैद्रव्यजीवस्य उदेसेन ज-
४. लद्रोणिं दानकृता । जस्य स्वर्गत्वब्रह्मत्वविष्णुत्वरुद्रत्व-
५. संप्राप्तये । तेन दानपुंनेन मात्रा सुखी भवतु । शुभमिति ।

अनुवाद

ॐ । ने.सं. २९५ (वि.सं.१२३२) वैशाखशुक्ल तृतीयाको दिन राजाधिराज श्रीअमृतदेवको विजयराज्यमा श्रीपशुपति मृगस्थलीमा विजयकर्त्री भारीले दिवङ्गत छोरा जयद्रव्य जीवको उद्देश्यले जलद्रोणी (टुटेधारा) बनाई दान गरिन् । जसबाट स्वर्गत्व, ब्रह्मत्व, विष्णुत्व, रुद्रत्व प्राप्त होस् । यो दानको पुण्यले आमालाई सुख होस् । शुभ होस् ।

व्याख्या

ने.सं. २९५ (वि.सं. १२३२)को यो अभिलेख राजा अमृतदेवको पालाको हो । यसमा राजाधिराजश्रीअमृतदेवस्य विजयराज्ये भनी लेखिएको छ । यी अमृतदेव शिवदेव (सिंहदेव)का कान्छा छोरा हुन्, आनन्ददेव, रुद्रदेवहरूका भाइ हुन् । दाजु रुद्रदेवको मृत्युपछि ने.सं. २९५ मा यिनी गद्दीमा बसेका थिए । गद्दीमा बस्दा यिनी ६२ वर्षका भइसकेका थिए । यिनले ३ वर्ष ११ महीना मात्र शासन गर्न पाएथे । ६६ वर्षको उमेरमा यिनको मृत्यु भयो । यसताका गद्दीको उत्तराधिकारीक्रम छोराछोरामा नगई भाइहरूमा जाने क्रम चलेथ्यो । यसो हुँदा आनन्ददेवपछि उनका

भाइ रुद्रदेवले, त्यसपछि यी अमृतदेवले राज्य गरेथे । यो राज्यक्रम तुलनात्मक दृष्टिले हेर्दा उत्तम नै देखिए तापनि पछि यो क्रम चालू रहन सकेन । अमृतदेवको राज्यकालमा देशमा महामारी दुर्भिक्ष फैलियो भनी गोपालराजवंशावलीकारले लेखेका छन् । तैपनि छोटो राज्यकालमा पनि अलिकता निर्माणात्मक कार्य पनि भएथ्यो । दाजु रुद्रदेवले जस्तै अमृतदेवले पनि भक्तपुर राजदरबारमा केही भाग थपेथे ।

यो अभिलेख कुँदिएको शिला हाल भक्तपुरमा रहेको छ । यस अभिलेखमा उल्लिखित जलद्रोणी भने कहाँ छ, पत्ता लाग्न सकेको छैन । यस कारण जलद्रोणी बनाएर कहाँ राखिएको थियो, अलि अस्पष्ट रहेको छ । शिलालेखको बेहोरा हेर्दा जलद्रोणी पशुपति मृगस्थलीमा राखिएको थियो भन्ने देखिन्छ । शायद मृगस्थलीमा रहेको अभिलेख दाताका वंशजहरूले पछि भक्तपुरमा लगेका हुन् कि भन्ने अनुमान हुन्छ ।

तात्कालिक लोकभावना केही मात्रामा बुझ्न यसले मद्दत गर्दछ । दिवङ्गत छोराको नाममा जलद्रोणी बनाएको पुण्यले ब्रह्मत्व, विष्णुत्व, रुद्रत्व प्राप्त होस्, स्वर्ग प्राप्ति होस् भनी कामना गरिएको छ । साथै यस दानपुण्यले आमा सुखी होऊन् भनेर पनि चर्चा गरिएको छ ।

[३२ सङ्ख्या]

चाँगुनारायणस्थानको ने.सं. २९६ को अभिलेख

चाँगुनारायणको मन्दिरसँगै पूर्व-दक्षिण कुनामा गणेशको मूर्ति छ । सो गणेशको आसनरूपको ढुङ्गामा यो अभिलेख कुँदिएको छ । यहाँ ने.सं. २९६ छ ।

संशोधन-मण्डलद्वारा *अभिलेख-संग्रह* दोस्रो भागको १३ पृष्ठमा सर्वप्रथम यो छापिएको हो ।

मूलपाठ

१. ७ स्वस्ति । ऋतुग्रहसमायुक्ते सम्वत्सरशतद्वये । ज्येष्ठमासासिताष्टम्यां राज्ये श्य्रमृतभूपतेः ॥

२. भ्रातुर्विजयदेवस्य स्वर्ग्गसम्प्राप्तिहेतवे । श्रीविशाखादिदेवेन जनन्या मधुकश्रियः ॥○॥

३. आज्ञां स्रजमिवाधाय मूर्ध्ना दोलाचलस्थितेः । कृष्णस्य विधिवद् भक्त्या विष्णोरर्चा निवेदिता ॥

४. पुण्येनानेन लोकोयं सुखी भवतु सर्व्वदा । परार्थकरणायैव प्रवृत्तिर्हि महात्मनां ॥○॥

अनुवाद

कल्याण होस् । ने.सं. २९६ (वि.सं. १२३३) ज्येष्ठकृष्ण अष्टमीको दिन श्रीअमृतदेव राजाको राज्यमा दाजु विजयदेवको स्वर्गप्राप्ति होस् भनी श्रीविशाखदेवले आमा मधुकश्रीको आज्ञा शिरोपर गरी विष्णुउपर भक्ति राखी दोलाचलमा (चाँगुमा) कृष्णको मूर्ति विधिपूर्वक स्थापना गरें ।

यस पुण्यले संसार सुखी होस् । ठूला मानिसको काम अर्काको भलाइको लागि नै हुन्छ ।

व्याख्या

काठमाडौँउपत्यकाभित्रका वैष्णव धार्मिक देवस्थलमध्ये चाँगुनारायणस्थानको सबभन्दा बढी प्रमुखता रहेको छ । शुरूका लिच्छवि राजाहरूको मूल धर्म वैष्णव हुँदा उपत्यकामा वैष्णव धार्मिक स्थल अनेक बने । तिनमा चार नारायणस्थानको प्रमुखता रहेको छ । चार नारायणमध्ये पनि चाँगुनारायणले बढी प्रमुखता पाएको थियो भन्ने कुरा लिच्छविकालको अभिलेखबाट हामी थाहा पाउँछौँ । प्रसिद्ध लिच्छविराजा मानदेवले सामन्त दमन गरी फर्कंदा चाँगुनारायणस्थानमै गरुडध्वज स्थापना गरेको उदाहरणबाट पनि उक्त कुराको पुष्टि हुन्छ । यसरी वैष्णवधर्ममा

श्रद्धा राख्नेहरूको लागि चाँगुनारायणस्थान स्वभावत: आकर्षक रह्यो । यसो हुँदा लिच्छविकालदेखि नै यस स्थानमा श्रद्धालु राजा प्रजाहरूले वेलावेलामा अनेक कृतिहरू राखेको हामी पाउँछौं । मध्यकालको पूर्वार्द्धमा पनि यो क्रम जारी रह्यो भन्ने कुरा यस अभिलेखले देखाउँछ । यस अभिलेखमा ने.सं. २९६ मा विशाखदेवले दाजु विजयदेवको नाउँमा कृष्णको मूर्ति स्थापना गरेको कुरा परेको छ । सो कृष्णमूर्ति हाल हराइसकेको छ । पछि कसैले उक्त कृष्णमूर्तिको पादपीठमा गणेशमूर्ति स्थापना गरिदिए । यस कारण अहिले गणेशहरूको मूर्ति रहे तापनि वास्तवमा यो कृष्णमूर्तिको पादपीठ हो भन्ने देखिन्छ ।

यी विशाखदेव राजा रुद्रदेवका छोरा हुन् भन्ने देखिन्छ । गोपालराजवंशावलीमा श्रीरुद्रदेवस्य पुत्र श्रीविशाषदेव जात भनिएको छ । यसरी उक्त कृष्णमूर्ति राजपरिवारका व्यक्तिले नै स्थापना गरेको देखिन्छ । यसबाट रुद्रदेवकी पत्नी मधुकश्री भन्ने थिइन् भन्ने देखिन्छ । यहाँ विशाखदेवले आमाप्रति ठूलो आदर व्यक्त गरेका छन् । आमाकै आज्ञा शिरोपर गरी मैले कृष्णमूर्ति स्थापना गराएको हुँ भनी यस अभिलेखमा लेखिएको छ । कृष्णमूर्ति स्थापना गरेको यस पुण्यले सारा संसार नै सुखी होस् भन्ने उदात्त कामना यहाँ गरिएको छ । ठूला मानिसहरू अरूको भलाइको लागि काम गर्दछन् भन्ने भाव यहाँ अङ्कित गराएको हुँदा विशाखदेवको आभिजात्यको झलक पाइन्छ । यताबाट पनि विशाखदेव रुद्रदेवका छोरा हुन् भन्ने झल्किन्छ ।



३२ सङ्ख्या

[३३ सङ्ख्या]

काठमाडौँ नाउदेवलनिरको अभिलेख

काठमाडौँ मच्छिन्द्रबहालको पछाडि नाउदेवल कहलिएको एक देवल छ । त्यसको पश्चिमपट्टि एक जलद्रोणी रहेको छ । त्यसैमा यो अभिलेख कुँदिएको छ । यसको धेरैजसो भाग पाप्रा उप्की अस्पष्ट छ ।

मूलपाठ

१. ... अशुनि सितसप्तम्यां भृगुवारे
२. श्रीजयकर्ण्णोत्तर पुण्यवृद्धि ... (सु)त जय ... हितार्थ ... ती
चैत्यात्पश्चिममार्गे
३. तृप्तार्थं जनतां जलद्रोणीं प्रादाद्विश्वेषां शुभमस्तु ।

अनुवाद

... आश्विनशुक्ल सप्तमी मङ्गलवारको दिन श्रीजयकर्णले... पुण्य बढोस् भनी ... छोरा जय ... को हितको लागि ... चैत्यदेखि पश्चिम बाटोमा जनताको तृप्तिको लागि जलद्रोणी बनाई दान गरे । सबैको शुभ होस् ।

व्याख्या

यो अभिलेख रहेको स्थल प्राचीन कालदेखि विशेषरूपमा प्रख्यात रहेथ्यो । प्रसिद्ध कोलीहरू आई यस इलाकामा बसेका हुँदा यो इलाका कोलीग्राम कहलाएथ्यो । कोलीग्रामको नै अपभ्रंश भई वर्तमान केलटोल नामकरण भएको हो । अहिलेभन्दा केही सय वर्षअगाडिका हस्तलिखित ग्रन्थहरूसम्म कोलीग्रामको उल्लेख पाइन्छ ।

कोलीग्राम विकसित बस्ती हुँदा यहाँका बासिन्दाहरूलाई पानीको आवश्यकता हुनु स्वाभाविक थियो । यसै हुँदा लिच्छविकालमा प्रसिद्ध राजा मानदेवले खूद यस भेकमा धारा बनाएको उल्लेख यहाँको एक अभिलेखमा आएको छ । यसै गरी मध्यकालको पूर्वार्द्धमा यस भेकका जनताको लागि जलद्रोणी बनाउन लगाई यो अभिलेख कुँदाइएको हो । यस अभिलेखमा संवत् र राजाको नाम हाल देखिँदैन । लिपिको आधारमा यो अभिलेख यहाँ राखिएको हो ।

चैत्यात्पश्चिममार्ग भन्ने उल्लेख यसमा परेको छ । यहाँ चैत्य भनी कनकचैत्यलाई लक्ष्य गरिएको हो । मच्छिन्द्रबहालको नाम कनकचैत्यमहाविहार हो ।

पछि सेतो मछिन्द्रनाथको स्थापना यहाँ भएपछि मछिन्द्रबहाल नाम प्रख्यात भएको हो । पहिले यो विहार कनकचैत्यविहार नामले नै प्रख्यात थियो । यस अभिलेखमा चैत्यको मात्र उल्लेख भएको हुँदा यस वेलासम्म यहाँ सेता मछिन्द्रनाथको स्थापना भइसकेको थिएन भन्ने संकेत पाइन्छ ।



३३ सङ्ख्या

[३४ सङ्ख्या]

ललितपुर क्वाबहालको ने.सं. ३०७ को अभिलेख

ललितपुर क्वाबहालसँगै एउटा मन्दिर रहेको छ । सो मन्दिरभित्रको उमामहेश्वरमूर्तिको पादपीठमा यो अभिलेख कुँदिएको छ। यहाँ ने.सं. ३०७ छ ।

यो अभिलेख *मेडिईभल् नेपाल्* ३ भागको ९ पृष्ठमा डिल्लीरमण रेग्मीद्वारा सर्वप्रथम छापिएको हो ।

मूलपाठ

१. राज्ये श्रीगुणकामदेवनृपतेस्सप्तोत्तरत्रिशते ...
२. मानिगोलके सुरालय कृतस्तच्छ्रीधरौयात्मनः । ...
३. पित्रो बन्द गुरोश्च भक्त जगतां स्वर्ग्गापवर्ग्गा ...

[३५ सङ्ख्या]

फर्पिङ सरस्वतीखेलको ने.सं. ३१२ को अभिलेख

फर्पिङमा प्रसिद्ध सरस्वतीखेल रहेको छ । त्यहाँ सरस्वती मूर्तिको पादपीठमा यो अभिलेख कुँदिएको छ। यहाँ ने.सं. ३१२ छ।

रुक्मिणी प्रधान(वन्त)द्वारा *कन्ट्रिब्यूशन्स् टु नेप्लिज् स्टडिज्* ८ वर्ष १ अङ्कको १९५ पृष्ठमा सर्वप्रथम यो अभिलेख छापिएको हो ।

मूलपाठ

१. ...र्मक श्रीकुलचन्दरानेनो उदेशित्वं सरस्वतिभटारिका स्थापि(ता)
२. (सम्व)त् ३१२ ज्येष्ठ(कृ)ष्णदसम्यां हरिचंद्रात्मजजेतचन्द्रेन एहलोकि-
   कपार-
३. (लो)किकभुक्तिमुक्त्यार्थं स्थापितमिति ॥ ॥

अनुवाद

... श्रीकुलचन्द्रलाई लख गरेर सरस्वती देवीको स्थापना गरियो । ने.सं. ३१२ (वि.सं. १२४९) ज्येष्ठकृष्ण दशमीको दिन हरिश्चन्द्रका छोरा जेतचन्द्रले इहलोकमा भुक्ति र परलोकमा मुक्तिको लागि स्थापना गरिएको हो ।

व्याख्या

नेपालउपत्यकाको सँगसँगै दक्षिणपट्टि आबाद भएको फर्पिङ प्राचीन कालदेखि नै धार्मिक, सांस्कृतिक आदि दृष्टिले उल्लेखनीय बस्ती रहेको छ । यहीं नेपालको पहिलो राजवंश मानिएको गोपालहरूको सम्झना दिलाउने प्रसिद्ध गोपालेश्वर महादेवस्थान रहेको छ । प्रसिद्ध शिखरनारायणस्थान यहीं रहेको छ । लिच्छविकालमा यहाँ अनेक बौद्ध विहारहरू रहेथे । मध्यकालको शुरूमा यो तान्त्रिक सम्प्रदायको गढ रह्यो । यो प्रदेश विद्याको दृष्टिले पनि केही उल्लेखनीय रहेको पाइन्छ । यहाँका वागीश्वरकीर्ति आदिको पाण्डित्य विदेशमा समेत केही प्रख्यात भएथ्यो ।

ने.सं. ३१२ (वि.सं. १२४९) मा भव्य सरस्वती मूर्ति स्थापना गरी यो अभिलेख कुँदाइएको हो । यस सरस्वती मूर्तिको स्थापनापछि यो इलाका नै सरस्वतीखेल कहलाएथ्यो । सरस्वती मूर्ति स्थापना गर्नेले भुक्ति र मुक्तिको कामना मात्र यहाँ गरेका छन्, विद्यालाभको कामना गरेका छैनन् तापनि फर्पिङभेकका

जनतालाई यस सरस्वती मूर्तिले प्रकारान्तरले केही पढ्ने प्रेरणा भने दिई नै रहेको देखिन्छ ।

धार्मिक दृष्टिबाहेक यो सरस्वती मूर्ति कलात्मक दृष्टिले पनि उल्लेखनीय रहेको छ । असल ढुङ्गामा कुँदिएको, अङ्गढङ्ग मिलेको, निर्माणसमय निश्चित भएको यो सरस्वती मूर्ति कलाको तुलनात्मक अध्ययनको लागि उपयोगी रहेको छ । काठमाडौँउपत्यकाका मूर्तिको भन्दा यसको निर्माणशैलीमा केही अन्तर रहेको छ ।

३५ सङ्ख्या



[३६ सङ्ख्या]

देउपाटन जयवागीश्वरीको ने.सं. ३१६ को अभिलेख

देउपाटन जयवागीश्वरीमन्दिरको केही उत्तर-पश्चिचतर्फको चौरको छेउमा एउटा सानो मन्दिर छ । सो मन्दिरभित्र केही मूर्तिहरू रहेका छन् । तीमध्ये गौरीमूर्तिको पादपीठमा यो अभिलेख कुँदिएको छ। यहाँ ने.सं. ३१६ छ।

संशोधन-मण्डलद्वारा *अभिलेख-संग्रह* दोस्रो भागको १४ पृष्ठमा सर्वप्रथम यो अभिलेख छापिएको हो । दिनेशचन्द्र रेग्मीले *पुरालेखन परिचय नेपाल*को १२३ पृष्ठमा र *पुरालेखन र अभिलेख*को २५३ पृष्ठमा तथा महेशराज पन्तले *पूर्णिमा* १३० पूर्णाङ्कका ११२-११३ पृष्ठमा गरेको निर्णयको आधारमा यहाँको संवत् दिइएको छ।

मूलपाठ

१. ॐ । कन्या विजयपालस्यामृतश्रीनामसोभना कालस्य वसमापंना अलब्धोद्वहनक्रिया ।
२. तत्सोकाकुलितैरेभिः पितृमातृभि दुःखितैः समुन्निनीषया तस्या शिवसायोज्यकारणात् ।
३. रषपंक्त्यग्निसंख्याते प्राप्ते सम्वच्छरे शुभे मास्याषाढे शिताष्टम्यां हस्तर्क्षे बुधवासरे ।
४. स्थापिता श्रीमहागौरी भोगामोक्षसमीहया निर्मिता नन्दपालेन शिल्पिना शुभजन्मना ।

अनुवाद

ॐ । विजयपालको अमृतश्री नामकी विवाह नभएकी राम्री पुत्री दुःखित आमाबाबुलाई शोकाकुल पारी कालको वशमा परिन् । तिनको शिवसायोज्यप्राप्तिको कारणबाट भोग-मोक्षको इच्छाले ने.सं. ३१६ (वि.सं. १२५३) आषाढशुक्ल अष्टमी हस्तनक्षत्र बुधवारमा असल कुलमा जन्मेका शिल्पकार नन्दपालले बनाएको श्रीमहागौरी स्थापना गरियो ।

[३७ सङ्ख्या]

काठमाडौँ इचंगुनारायणस्थानको ने.सं. ३२० को अभिलेख

काठमाडौँ इचंगुको नारायणमन्दिरको अगाडि यो अभिलेख कुँदिएको ढुङ्गा रहेको छ । यो अभिलेखको माथिल्लो भाग पाप्रा उप्की पढ्न नसकिने अवस्थामा छ भने तल्लो भागको छेउको भाग अलि फुटेको छ। यहाँ ने.सं. ३२० छ।

संशोधन-मण्डलद्वारा *अभिलेख-संग्रह* नवौं भागका २६-२७ पृष्ठमा सर्वप्रथम यो अभिलेख छापिएको हो ।

मूलपाठ

१. ... नयभ ... थमिन्धयो ... गादयव
२. ... वात्स ... खिविक ... क्षयविक्षिप्तता
३. ... दुःसा... श्रीनृसिंहः । शश्वद्दुःखक्षतानां प्रभ-
४. ... रिधराय धरणीनुद्धरन्नागधाम्नः । दद्या-
५. ... त्रिभिरहं वि-मनश्रीपर ... मभिलषितवोऽप्रभे
६. ... विरथपरश्रीजृम्भवासः सर्मात्ताभूत्यशात्र
७. ... न्नुपमिति ... रणकरस्तस्य तीरस्म-
८. ... आसीत्सुतोस्य स रसायनसो-
९. ... धर्मरती विलो ...
१०.... तस्य सुतोऽ
११. ... यज ... ययता ॥
१२.... दत्रव ...आत्मनापि ... मलायति ...
१३. ... कन्धराहार ... सुतोस्य पुरुषोत्तमसोमसर्मा यस्य - तिः सुर ...
१४. ... गृह्यत ... यस्त्यविरतम्प्रमदावरश्रीश्च । ये वयञ्चोभ ...
१५.... तामृतश्रीः । दुःख- प्रकृतिर्जलैकवसतिर्नित्यप्रशन्नाकृतिः पुन्य ...
१६. ... गतिः प्रोल्लाससत्सन्ततिः । रागाद्यन्तकमूर्तिरुत्तमकृतिर्मै ...
१७. दिरागायतिः। षट्कर्माभिरतिस्त्रिविक्रममतिर्नैपुण्यसत्पद्धतिः । श्रीमत्प-
शिच-
१८. (मप)र्वतेन्द्रशिखरप्रासादवेदीलसद्द्वारे श्रीहरिदत्तभूपतिकृतन्नाराय -
१९. ... स्त्युभौ सिंहौ चक्रककम्बुकन्धरकलालङ्कारकान्तौ शिवौ ताम्राङ्गा-

२०. (विह) ढौकितौ जगदघध्वन्साय तेनानघौ । मम सुकृतबलेनानेन नन्दन्तु
२१. (लो)काः हरिवपुषि लयन्ते प्राप्नुवन्तु प्रकामम् । पितृभिरथ जनन्या सार्द्धमन्ते
२२. ...स्मत्पितर इति समन्तात्प्रार्थनाङ्कुर्वतोच्चैः ॥ आकाशनयनदहने या-
२३. (ते ने)पालवत्सरे राज्ये । माघसितशौरिदिवसे राज्ञः श्रीविजयकाम-देवस्य
२४. ... लसत्पदसुवर्णवतीम्प्रशस्तिं सार्थामिमामिह महीमिव माधवेन । स
२५ ... कलौ दिवि सत्कृतां श्रीदामोदरेण विबुधा मुदमाप्नुवन्तु ॥ ॥

३७ सङ्ख्या



[३८ सङ्ख्या]

ललितपुर मोतीटारको ने.सं. ३५३ को अभिलेख

ललितपुर स्थित लुभु जाने बाटोमा पर्ने मोतीटारमा एउटा कमलपोखरी रहेको छ। सो पोखरीको नजिकको बाटोमा रहेको जलद्रोणीमा यो अभिलेख कुँदिएको छ। यो जलद्रोणीको ढुङ्गाको सतह नमिलेको र खस्रो भएको हुँदा केही अक्षर अस्पष्ट छन्। यहाँ ने. सं. ३५३ छ।

संशोधन-मण्डलद्वारा *अभिलेख-संग्रह* दोस्रो भागको १४ पृष्ठमा सर्वप्रथम यो अभिलेख छापिएको हो।

मूलपाठ

१. ॐ श्रेयोस्तु ॥ सम्वत् ३५३ कार्तिककृष्ण...
२. राज्ञः श्रीश्यभयमल्लदेवस्य विज(य)राज्ये ॥ श्री-
३. सूतीगल जल कुंलश्च युक्त मुहान लस ...
४. स्यनक ... युते प्रमुङा चित्तन जुया
५. ... जलं ल्होङन जुरो। शुभमस्तु जगताम्

अनुवाद

ॐ। कल्याण होस्। ने.सं. ३५३ (वि.सं. १२८९) कार्तिककृष्णमा राजा श्रीअभय मल्लदेवको विजयराज्यमा सूतीगलको जलद्रोणीको लागिको कुवाको मुहान बिग्रेको हुनाले सो बनाउने विचार मनमा आएका हुनाले यो जलद्रोणीको जीर्णोद्धार गरिएको हो। संसारको शुभ होस्।

३८ सङ्ख्या



[३९ सङ्ख्या]

चाँगुनारायणको ने.सं. ३५७ को अभिलेख

चाँगुनारायणभण्डारका सुवर्णपत्रहरूमध्ये एउटामा यो अभिलेख कुँदिएको छ। यहाँ ने.सं. ३५७ छ।

यो अभिलेख *चाँगुनारायणका ऐतिहासिक सामग्री*को १६० पृष्ठमा मोहनप्रसाद खनालद्वारा अनुवादसहित सर्वप्रथम छापिएको हो।

मूलपाठ

१. ॐ श्रेयोऽस्तु ॥ सम्वत् ३५७ जेष्ठशुक्लद्वादस्यां ॥ श्रीराजाधिराज-परमेश्व-
२. रश्रीमदभयमल्लदेवस्य विज(य)राज्ये ॥ श्रीपूर्व्वशिखरश्रीविष्णु-भटारका-
३. य। सुवर्ण्णादिपाटितकोषं भृयतरिकोक्षेत्रञ्च ॥ तत्क्षेत्रस्योत्पर्त्ति-वृद्धया-
४. दिनं प्रतिनित्यावच्छिन्नेन नैवेद्यढोकनार्थं नियम्य ॥ श्रीवनियंध्यविष-
५. याधिवासिन्या मानधरीउदेश्रीनयकिनिनामधेयया स्वहस्तेन स्व-
६. वाचा प्रतिपन्नीभृतया ॥ अनेन पूण्येन मातापि(ता)पूर्व्वङ्गमं सर्व्वसत्वाञ्च
७. अनूत्तरज्ञानफलप्राप्तये। आत्मनः परेषाम्वाक्षपादःस्वःप्रशा-
८. न्तयें पूण्यप्रवृद्धये च सम्प्रढोकितमिति ॥ शुभमस्तु सर्व्वजगताङ्क-
९. ल्याणञ्च भवतु सर्व्वदा ॥ राजानस्तु भवन्तु धार्मिकाः ॥ ॥

अनुवाद

कल्याण होस्। ने. सं. ३५७ (वि.सं. १२९४) जेष्ठशुक्ल द्वादशीमा श्रीराजाधिराज परमेश्वर श्रीअभय मल्लदेवको विजयराज्यमा श्रीपूर्वशिखर (दोलाशिखर)का विष्णु भट्टारकलाई सुवर्णादि कोष र भृयतरिको खेत चढाइयो। त्यस खेतको आयस्ताले प्रतिदिन अटूट गरी नैवेद्य चढाउनु (पर्छ)। श्रीवनियंध्य जिल्लाका मानधरी उदयश्री नाम भएकी नयकिनीले आफ्नै हात मुख (मन, वचन र कर्म) ले यो गूठी राखिन्। यस पुण्यले स्वर्ग गएका आमा बाबु, पूर्वज र सबै प्राणीहरूको उत्तरोत्तर ज्ञान र फल प्राप्तिको निमित्त एवं आफ्नो र अरूको मोक्ष तथा पुण्य वृद्धिको लागि समेत चढाइयो। सकल जगत्को सदा शुभ तथा कल्याण होस्। राजा धर्मात्मा होऊन्।



३९ सडुल्या

[४० सङ्ख्या]

फर्पिङ दक्षिणकालीको मुकुटको ने.सं. ३६० को अभिलेख

फर्पिङमा मनाइने प्रसिद्ध हरिशंकरजात्रामा दक्षिणकालीको मूर्तिमा लगाउने मुकुटमा यो अभिलेख कुँदिएको छ। यहाँ ने.सं. ३६० छ।

यो अभिलेख *प्राचीन नेपाल* ११९ सङ्ख्याको ३३ पृष्ठमा कुलचन्द्र कोइरालाद्वारा सर्वप्रथम छापिएको हो।

मूलपाठ

१. ॐ श्रेयोस्तु ॥ सम्वत् ३६० भाद्रपदशुक्लपूर्णिम्यां ॥ श्रीत्रिभुवन-कनकेश्वरभट्टारकस्य सर्व रथनं खतिन पत चतुरद्वार

२. संप्रढौकितम् ॥ श्रीलक्ष्मीपालजीवस्य विजयराज्य ॥ दानपति टिपींटोलअधिवासिन दगोभारोन शुभम्।

[४१ सङ्ख्या]

ललितपुरको अशोकस्तूपनेरको ने.सं. ३६२ को अभिलेख

ललितपुरको अशोकस्तूप भनिने प्रसिद्ध स्थलसँगैको धारानिरको पर्खालमा यो शिलालेख रहेको छ। यहाँ ने.सं. ३६२ छ।

यो अभिलेख *मेडिईभल् नेपाल् (कोलोफोन्ज् यान्ड् इन्स्क्रिप्शन्ज्)*को ५८ पृष्ठमा हेमराज शाक्य र तुलसीराम वैद्यद्वारा सर्वप्रथम छापिएको हो।

मूलपाठ

१. सम्वत् ३६२ कार्तिकशुदि १ श्रीसरजीव भारोस दानपति।

[४२ सङ्ख्या]

ललितपुर गुइतःविहारको ने.सं. ३६८ को अभिलेख

ललितपुर गुइतःबहिलस्थित अक्षोभ्य मूर्तिको तल्लो भागमा यो अभिलेख कुँदिएको छ। यसको केही भाग खिई अस्पष्ट रहेको छ। यहाँ ने.सं. ३६८ छ।

डिल्लीरमण रेग्मीद्वारा *मेडिईभल् नेपाल्* ३ भागको १२ पृष्ठमा सर्वप्रथम यो अभिलेख छापिएको हो। पछि हेमराज शाक्य तथा तुलसीराम वैद्यद्वारा *मेडिईभल् नेपाल् (कोलोफोन्ज् यान्ड् इन्स्क्रिप्शन्ज्)*को ६० पृष्ठमा बढी पाठ र बढी शुद्ध रूपमा यो छापिएको छ।

मूलपाठ

१. (ॐ नमः) श्रीधर्मधातुभट्टारकाणां देयधर्म्मोऽयं प्रव(र)महायायिन
श्रीचंद्रभ ... तसंस्थितमहापण्डितश्रीश्रीविभुतिचन्द्रपाल...
२. ... परमोपासिकीभिक्षुणीश्रीमलयश्रीरोवनाम्ना यदत्र पुण्यं तत्
भवत्वाचार्योपाध्यायमातापि(तृ)पूर्वगमं कृत्वा सकलसत्व ...
३. ज्ञानफलप्राप्तये। श्रेयोऽस्तु॥ सम्वत् ३६८ माघकृष्णनवम्यां तिथौ॥
राजाधि(राज)पर(मेश्व)रपरमभट्टारकश्रीश्रीअभयमल्ल-
४. ... जो॥ दशास्यसर्पद्भिः प्रभणितः सुधर्मांकुरवरे...
कृया॥ ... त्रिदेव श्रीमौलिशिवं भवतु॥

अनुवाद

ॐ। श्रीधर्मधातुभट्टारकलाई नमस्कार। ठूलो महायानका अनुयायी श्रीचन्द्र ... महापण्डित श्रीश्रीविभूतिचन्द्रपाल, ठूलो उपासना गर्ने भिक्षुणी श्रीमलयश्रीरोवको यो दान धर्म हो। यसबाट जो पुण्य भएको छ, त्यसबाट आचार्य, उपाध्याय, आमाबाबुलगायत सारा प्राणीहरूलाई ज्ञानको फल प्राप्त होस्।

कल्याण होस्। ने.सं. ३६८ (वि.सं. १३०४) माघकृष्ण नवमीको दिन राजाधिराज परमेश्वर परमभट्टारक श्रीश्रीअभय मल्लको विजयराज्यमा ...



४२ सङ्ख्या

[४३ सङ्ख्या]

फर्पिङको ने.सं. ३८१ को अभिलेख

फर्पिङ शहरको पूर्वतर्फको टुटेपानी इखापोखरीस्थित एउटा पाटीको भित्तामा एउटा ठूलो जलद्रोणी रहेको छ। सो जलद्रोणीको माथिल्लो भागमा यो अभिलेख कुँदिएको छ। यहाँ ने.सं. ३८१ छ।

संशोधन-मण्डलद्वारा *अभिलेख-संग्रह* नवौं भागको २७ पृष्ठमा सर्वप्रथम यो अभिलेख छापिएको हो।

मूलपाठ

१. ॐ नमः ॥ शून्यायः मोहांधकारमग्नानां जनाणां ज्ञानरश्मभि कृतमूधरनं जेन तन्नममि शिवभास्करम् ॥
२. सम्वत् ३८१ पौसीशुक्लदिवाअष्टम्यां श्रीश्रीपरमेश्वरपरमश्री-जयभीमदेवस्य विजयराज्येः श्रीफ-
३. नपिंगविषयाधिपतिमहाशामन्तश्रीजैतरामजीवस्य नगरेतिः ॥ यविलि-टोलकाधिवाशीयमद्वलछें-
४. दानपतिअजशीहकेन कृत भवतिः ॥ देवापिः ॥ पितरोपिः ॥ जीवापि शमस्तानां दानकृद् भवतिः ॥ शुभ ॥

अनुवाद

ॐ। सूर्यलाई नमस्कार। अज्ञानरूपी अन्धकारमा डुबेका मानिसहरूलाई ज्ञानरूपी किरणले उद्धार गर्ने भएका शिव (कल्याणकारी)स्वरूप सूर्यलाई ढोग्दछु।

ने.सं. ३८१ (वि.सं. १३१७) पौषशुक्ल अष्टमीको दिन श्रीश्रीपरमेश्वर परम (भट्टारक) श्रीजयभीमदेवको विजयराज्यमा श्रीफनपिंग (फर्पिङ) विषय (जिल्ला) का मालिक महासामन्त श्रीजैतराम जीवले (पालन गरिएको) शहर यविलिटोलमा बस्ने यमद्वलछेंका दानपति अजसिंहले यो जलद्रोणी बनाएका हुन्। यस दानबाट देवता, पितृ र अरू सारा प्राणीलाई आनन्द होस्। शुभ होस्।

४३ सङ्ख्या

[४४ सङ्ख्या]

ललितपुर गुइतःविहारको ने.सं. ३९९ को अभिलेख

ललितपुरको प्रसिद्ध गुइतःबहिलस्थित दीपङ्कर बुद्धमूर्तिको तल्लो भागमा यो अभिलेख कुँदिएको छ। यहाँ ने.सं. ३९९ छ।

डिल्लीरमण रेग्मीद्वारा *मेडिईभल् नेपाल्* तेस्रो भागका ११-१२ पृष्ठमा सर्वप्रथम यो अभिलेख छापिएको हो।

मूलपाठ

१. ९ नमो बुद्धाय ॥ शतांवै भूशुभे प्रजारवक्रोधशत्रुमविजित्य येन प्रापि प्रदीप्तः प्रसभमविकलो
२. धर्म्मराज्याभिषेकः । भूयात् भूत्यै त्रिलोक्या सुचिरमधिगुणालंकृतां बुद्धवीरः ॥ विख्याता ललितापुरीति नगरी या दिक्षु
३. सर्व्वास्वपि विद्याभ्यास ... कृतयुग... शनै... कस्येषा न धृति ... गेति विविधै देवालयै सं... तत्र प्राच्यां दिशि गु-
४. सटलो नाम रम्यो विहार ... कलियुग ... ज्ञानक्षपिततमस्वभिक्षु-संघस्य पुण्यात्तस्मिंश्चासीदगणितयशो गौतमश्रीयतीन्द्रः ॥
५. पुण्यात्मासौ विंहारम्व्यर(च)दपरं सर्व्वसंधा... ललितनगरी ... व्रतनियमजुषामग्रणीस्तस्य शिष्यः क्षान्तिश्रीरप्यका-
६. र्षीत्पुनरपि पतितं भूमिकंपात् पृथिव्यां ... गणितविधिना रंध्रनंदाग्निसंख्ये माघे शुक्ले प्रतिपदि तिथौ यज्ञमारभ्य तावत्। देवान् स्थाप्य ध्वजमतिशुभं नाधिरोप्यातितुं
७. गं लक्ष्याहुत्या अभव ... दशम्यां ... विधिनाऽनेन सर्व्वः क्षितीन्द्रः ... कालवर्षी ... यांसि... भवतु वसुमतीयं शस्यसंपत्समृद्धा...
८. जिनभुवनगताः स्यु ... पुण्येन सत्वाः ॥०॥ देवानागण्य ... ङ्कलिकलुषहरं सिद्धिदं साधकानां कुटा ... सभ्यं दिशि विदिशि गतै रक्षितं
९. गु(ह्य)नाथैः ... सम्वरस्य संपूर्ण सर्वकालम्प्रदि ... मण्डलं चः ॥ शुभमस्तु सर्व्वजगतां ॥

अनुवाद

बुद्धलाई नमस्कार । ... क्रोध आदि शत्रुहरूलाई राम्ररी जितेर जसले उज्ज्वल धर्मराज्यको पूर्ण अभिषेक प्राप्त गरे । गुणहरूले सिँगारिएका वीर बुद्धले तीनै लोकको धेरै कालसम्म कल्याण गरून् ।

ललितपुर शहर सबैतिर प्रख्यात छ । विद्याको अभ्यास गरेका ... अनेक देवमन्दिर जहाँ छन् । त्यस शहरको पूर्व दिशामा गुसटल (गुइत) भन्ने राम्रो विहार छ । ... कलियुगमा ... ज्ञानद्वारा अन्धकार हटाएका ठूलो कीर्ति फैलिएका गौतम श्रीयतीन्द्र भन्ने भिक्षु त्यस विहारमा पुण्यले गर्दा भए । धर्मात्मा उनले सर्वसंघको (अनुमतिबाट) ... ललितपुरमै अर्को विहार बनाए । उनका चेला, व्रतनियम पालन गर्नेहरूमा श्रेष्ठ क्षान्तिश्री भए ।

ने.सं. ३९९ (वि.सं. १३३५) माघशुक्ल प्रतिपदाको दिन तिनले भूइँचालोले भत्केको विहारको जीर्णोद्धार विधिपूर्वक गरे । देवताको स्थापना गर्दा लक्षाहुति गरियो । असल ध्वजा चढाइयो । ... दशमीमा ... यस कामबाट राजा (धर्मात्मा) होऊन्, बखतमा पानी परोस्, पृथ्वी अनाजले भरिएको होस् । ... सबै जगत्को कल्याण होओस् ।

४४ सङ्ख्या

[४५ सङ्ख्या]

ललितपुर वटुकभैरवको ने.सं. ४३१ को अभिलेख

लगनखेलचोकबाट नजिकै पूर्वतर्फ सातदोबाटो जाने बाटोमा वटुकभैरवको मन्दिर रहेको छ । सो मन्दिरसँगैको उत्तरपट्टिको पर्खालमा एउटा जलद्रोणी छ । यसैमा यो अभिलेख कुँदिएको छ। यसका केही अक्षर फुटिसकेका छन्। यहाँ ने.सं. ४३१ छ ।

संशोधन-मण्डलद्वारा *अभिलेख-संग्रह* दोस्रो भागको १५ पृष्ठमा सर्वप्रथम यो अभिलेख छापिएको हो ।

मूलपाठ

१. ॐ सम्वच्छरयुगे जाते चन्द्रव(ह्नि)समन्विते । वैशाखशुक्ले रोहिण्यां तृतीयायां गुरोर्दिने ॥ राज्ये श्र्यानन्ददेवस्य ...

२. श्रीमद्देवधरचन्द्रेण जलद्रोणी प्रकल्पिता । तस्मिन् दिवंगते दैवात्तस्य पुत्रेण श्रेयसे । श्रीदिवाकरचन्द्रेण विहितेयं प्रणालिका ॥

अनुवाद

ने.सं. ४३१ (वि.सं. १३६८) वैशाखशुक्ल तृतीया बृहस्पतिवार रोहिणीनक्षत्रको दिन श्रीआनन्ददेवको विजयराज्यमा श्रीदेवधरचन्द्रले जलद्रोणी बनाएका थिए । दैवले गर्दा उनी स्वर्गे भएपछि उनका छोरा श्रीदिवाकरचन्द्रले ... कल्याणको लागि यो प्रणाली बनाए ।



४५ सङ्ख्या

[४६ सङ्ख्या]

ललितपुर बालकुमारीस्थानको ने.सं. ४३४ को अभिलेख

ललितपुर क्वाछेँ बालकुमारीदेखि केही पूर्वपट्टि सरस्वतीको मन्दिर छ । सो मन्दिरनिरै दक्षिणाभिमुख भइरहेको ढुङ्गामा यो अभिलेख कुँदिएको छ । यस अभिलेखको छेउका केही अक्षर खण्डित छन् । यहाँ ने.सं. ४३४ छ ।

संशोधन-मण्डलद्वारा *अभिलेख-संग्रह* दोस्रो भागका १५-१६ पृष्ठमा सर्वप्रथम यो अभिलेख छापिएको हो ।

मूलपाठ

१. ॐ नमः सारदायैः ॥ श्रेयोऽस्तु... (वैशा)-
२. खकृष्ण ॥ अष्टम्याम् घटि ३ वे नवम्यां ... (शतभिषान)-
३. क्षत्रे घटि १४ प्रपूर्व्वभद्रनक्षत्रः वेघटि ...
४. विष्कंभयोगः बुधवासरेः ग्रकर्णे...
५. ... होरायाः तदा उदयात् प्रतीघटि १८ वि ...
६. सके प्रतिष्ठा वेलाः । वेसाखमासमसिते तिथि ...
७. सते चतुःचतुत्रिंसकाले सोम्येकवारगरकर्णसंज्ञे ...
८. सारदा जगतः मातृ पटिथिते ... राज...
९. तकाममूर्तिश्रीश्रीमतजयानन्दनृपप्रभृते ...
१०. ... मति भर्जि विभाव भावजीर्ण्ण ... वर-
११. म् ॥ श्रीजोतकराम श्रीजगराम श्री ...
१२. ... दहलकरनविहृति भृतः ॥ स्वस्ति भवंति ... मितेक-
१३. स देसस्थानाधिपो श्रीनेवगलगनव ... (शु)भमस्तुः

अनुवाद

सरस्वतीलाई नमस्कार । कल्याण होस् ... वैशाखकृष्ण अष्टमी ३ घडीउप्रान्त नवमी शतभिषानक्षत्र १४ घडीउप्रान्त पूर्वभाद्रनक्षत्र विष्कम्भयोग बुधवार गरकरण ... उदयदेखि १८ घडी ... वेलामा प्रतिष्ठा गरियो ।

ने.सं. ४३४ (वि.सं. १३७१) वैशाखकृष्ण (नवमी) तिथि बुधवार गरकरणमा संसारकी आमा भएकी सरस्वतीको प्रतिष्ठा गरियो । ... कामदेव जस्ता राम्रा राजा श्रीआनन्ददेव आदिको ... । श्रीजोतकराम श्रीजगराम ... कल्याण होस् । सो देशका स्थानाधिप ... शुभ होस् ।

४६ सङ्ख्या



[४७ सङ्ख्या]

देउपाटनको जलद्रोणीको ने.सं. ४३७ को अभिलेख

पशुपति-गुह्येश्वरी जाने बाटोको दक्षिणामूर्ति मन्दिरसँगैको गारोको भित्तामा एउटा जलद्रोणी रहेको छ । यसमा यो अभिलेख कुँदिएको छ । यहाँ ने.सं. ४३७ छ ।

रामजी तेवारी, देवीप्रसाद भण्डारी र शङ्करमान राजवंशीद्वारा *संस्कृत-सन्देश* २ वर्ष १-२-३ अङ्कको १३ पृष्ठमा सर्वप्रथम यो अभिलेख छापिएको हो ।

मूलपाठ

१. ℓ श्रेयोऽस्तु । सम्वत् ४३७ फालगुनवधि २ राजाद्धिराज-श्रीश्रीश्रीजयानन्ददेवस्य: धर्म्मवि-
२. जं भवति । रघुवंशावतारश्रीश्रीजयरुद्रमल्लदेवस्य: लब्धवरिषराज्यं भवति श्रीदेवगौब्राह्मन-
३. पात्रानां सुखाय भवति । यजमान भवति कछावतार राज व्यद्यभलो-भारोस मनोवांछा शिद्धिरस्तु । पूर्व्वदिवंगतपितादी-
४. नां स्वर्ग्गलोक सम्प्राप्तमस्तु । वारिश्च प्रतिगृन्हाति जस्तु वारि प्रयच्छति उभौ दौ पुन्यक्रमानौ नियतं स्वरगगामिनौ शुभ ।

अनुवाद

कल्याण होस् । ने.सं. ४३७ (वि.सं. १३७३) फाल्गुनकृष्ण द्वितीयामा राजाधिराज श्रीश्रीश्रीजयानन्ददेवको धर्मविजयराज्यमा रघुवंशमा जन्मेका श्रीश्रीजयरुद्र मल्लदेवले राज्य गरिरहनुभएको बेलामा श्रीदेवता, गाई, ब्राह्मण र पात्रहरूको सुख होस् । यजमान ... राजवैद्य भलो भारोको मनको इच्छा पुगोस् । दिवंगत पितृहरूको स्वर्गलोकको वास भइरहोस् ।

पानी पिउने र पानी पिलाउने दुवै पुण्यकर्म गर्नेहरू पक्का पनि स्वर्ग जान्छन् । शुभ होस् ।



४७ सङ्ख्या

[४८ सङ्ख्या]

चाँगुनारायणको अभिलेख

हनूमान्ढोकादरबारमा चाँगुनारायणका केही गहना ल्याई राखिएका छन् । त्यसमध्ये सुनको एउटा कण्ठीमा यो अभिलेख कुँदिएको छ ।

*चाँगुनारायणका ऐतिहासिक सामग्री*को १६१ पृष्ठमा मोहनप्रसाद खनालद्वारा सर्वप्रथम यो अभिलेख अनुवादसहित छापिएको हो ।

मूलपाठ

१. ᳲ शुभ ॥ श्रीश्रीश्रीगरुडणारायण ़ इष्टदेवताअर्च्चणार्थे-
२. ण ॥ श्रीश्रीजयरुद्र मल्लदेव ़ ठाकुरसन ़ थ्व कंठि ़ हृ-
३. दयफोल ़ चेतफोल ़ दोहोलपातों ॥

अनुवाद

शुभ । श्रीश्रीश्रीगरुडनारायण इष्टदेवतामा भक्ति राखी श्रीश्रीजयरुद्र मल्लदेव ठाकुरले यो हृदयफोल, चेतफोल कण्ठी (गहनाविशेष) चढाउनुभयो ।

४८ सङ्ख्या

[४९ सङ्ख्या]

काठमाडौँ मरुसत्तलको ने.सं. ४५४ को अभिलेख

काठमाडौँको प्रसिद्ध काष्ठमण्डपमा केही ताम्रपत्रहरू टाँसिराखिएका छन् । तीमध्ये एउटामा यो अभिलेख कुँदिएको छ। यहाँ ने.सं. ४५४ छ।

नरहरिनाथद्वारा *संस्कृत-सन्देश* १ वर्ष ६ अंकका ४-५ पृष्ठमा सर्वप्रथम यो अभिलेख छापिएको हो । गौतमवज्र वज्राचार्यद्वारा *हनूमान्ढोका राजदरबार*को १९६ पृष्ठमा यस अभिलेखको धेरै भाग बढी शुद्धसँग छापिएको छ।

मूलपाठ

१. ॐ स्वस्ति श्रेयोस्तु सम्वत् ४५४ मार्गशिरवधि ११ श्रीयंगाल श्रीत्रिभय छ्वयं पांचालि
२. भह्राह्रस सुदिस श्रीच्याछ तव तव मीसन संमतन जुर उदेशन थिति लोपन
३. याङ स्ताक्व थिति थिरारप रंङ । भाष थ्वते जुव ˎ श्रीपांचालि भह्राह्रस श्रीच्याछ त-
४. व तव मी संमतन जुर उदेशेन जुगि सामरगी याके लागरपंय मतेव याङ थि-
५. ति थिरारप रंङ । भाष थ्वते कदाचित् विद्वकारी याङ स्वदेशी परदेशी
६. ननो मथिरारपं ध्वंसरप यंग्व द्राल्य गोहत्या ब्रह्महत्या स्त्रीहत्या थ्वतेया महा-
७. पातक लाक जुव्वं निवंश नि ˎ साखा जुयमाल्व जुव्वं ब्रह्मताल रुद्रताल
८. विष्णुतालनों ह्रह्रपे धाल्व जुरं थ्व थिति लोप याकया रौरव महारौरव तप-
९. न महातपन ˎ अवीचि महानरकस पह्रहपो थ्व जुरं थुते भाषया थिरा
१०. रपाया साक्षि श्रीश्रीलिंह्रिंनारायण भाट्टारकस जुव्वं ˎ थ्वते तात प्रज याक्वंस
११. लक्ष्मीवृद्धि आयुवृद्धि जनवृद्धि थ जुर ˎ थ्व थिंरारपेक्वोस शुभमस्तु ॥
१२. जत्सत्यं तत्सत्यं ॥ ॥

[५० सङ्ख्या]

ललितपुर पिंबहालको ने.सं. ४७९ को अभिलेख

ललितपुरको प्रसिद्ध पिंबहालस्थित एउटा चैत्यमा यो अभिलेख कुँदिएको शिला रहेको छ। यहाँ ने.सं. ४७९ छ।

भोलानाथ पौडेल, धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालद्वारा *संस्कृत-सन्देश* १ वर्ष १०-११-१२ अंकका १०-१३ पृष्ठमा सर्वप्रथम यो अभिलेख छापिएको हो।

मूलपाठ

१. ॐ नमो बुद्धाय ॥ नेपालेतीतसंख्ये मुनिनगजलधौ वत्सरे चैत्रमासे
२. पक्षे शुक्लोत्तरस्य प्रवरगुरुदिने पुष्यनक्षत्रे नवम्यां योगे शूलाग्रसं(ज्ञे)
३. शुभ इति गदिते बालवे चाधिकर्ण्णे तस्मिन् श्रीचैत्यमूर्ति सकलजिनतनू येन स-
४. म्यक् प्रतिष्ठः ॥ श्रीमत्वर्जेयनेन्यसुगतसुतसमं धर्म्मशास्त्रे प्रवर्त्तः।
५. सिद्धेन्द्राद् ध्यानचन्द्रात् समधिगतवर जागिकात् लक्षयज्ञे सोयं श्रीमेघपालो भव-
६. ति हि विजयी सर्वशत्रुनिहंता यज्ञे धर्म्मेषु नित्यं लघुतनय इव सर्व्वभावे
७. (प्र)वर्त्तः ॥ श्रुतानसामसदिनो यवनाधिराजः नेपालसर्व्वनगरं भश्मीक-
८. (रो)ति। तस्मिन् क्षणे पतितचैत्यमिदं च दृष्ट्वा जीर्ण्णं करोति नवकं वरपा-
९. लसिंह: ॥ ॐ स्वस्ति: ॥ श्रीनेपालिकसंवत्सरे ४७९ चैत्रशुक्लषष्ठ्यां पुष्यन-
१०. (क्ष)त्रे धृतियोगे बृहस्पतिवासरे। श्रीश्रीललितब्रुमायां श्रीमाणिगलो-
११. (त्त)रमहापिंथवहारे श्रीश्रीचैत्यरंङभट्टारकस्य त्तरच्छादि ध्वंसित
१२. तत्रैव जीर्ण्णोधारणं प्रतिपादितं। केन त्रिभयकुलोद्भवमहापात्रश्री-
१३. मेघवर्म्मणा श्रीसम्यक्सम्बुद्धप्रतिलभहेतुना प्रतिष्ठापितम् ॥ इहा
१४. ... श्रीश्रीचैत्यरंगभट्टारकाय वरसि गण्ठिपूजनार्थ नवदंम–
१५. (शि)वकादामत्रय कर्षाङ्कर्षत्रयं मूर्त्यंगमहापात्रश्रीमेघपाल-
१६. (व)र्म्मणा संप्रढौकितं स्यात् शुभमस्तुः ॥ ० ॥ छत्रप्रदाता प्रति-
१७. वर्षकस्य वाचस्पतितुल्यजगत्पति स्यात्। श्रीमेघपालस्य प्र-

१८. धानमन्त्रि राकाशिवनी या खलु चैत्य भूयात् । शुभमस्तु सर्व्वजगतां
१९. ॥ ॥ श्रेयोऽस्तु ॥ सम्वत् ४७९ अश्विनिशुक्लत्रयोदश्यां शौरवासरे
२०. श्रीमद्भट्टारकस्य वर्षप्रतिकठिनछत्रावरोहनप्रदत्तनिमित्तेन ।
२१. अमात्यमन्त्रिचूडामणिजगत्पतिनाम्नस्य नवदम्मशिवका-
२२. त्रयाङ्क प्ल ३ भूय अग्निप्रज्वलितनिमित्तार्थेन नवदम्मशिवकात्रयाङ्क
२३. प्ल ३ इति ॥ क्षित्यग्निजलवायुश्चन्द्रार्क्का वहन्ति मेदिनीमण्डले या-
२४. वच्च कालकालान्तरं गच्छेत्स्वच्छो भवति सर्व्वदा ॥ लोपालोपं यद्दान
२५. स्याच्छ्रीमद्भट्टारकाय नित्यं तर्हि न लोपनीयं स्युर्भवन्तु जय-
२६. युक्तिमानताः ॥ शुभ ॥

अनुवाद

ॐ । बुद्धलाई नमस्कार । ने.सं. ४७७ (वि.सं. १४१४) चैत्रशुक्ल नवमी तिष्यनक्षत्र शूलयोग बालवकरण बृहस्पतिवारको दिन जसले (मेघपालले) बुद्ध भगवान्‌को चैत्य र मूर्तिको प्रतिष्ठा गर्नुभयो ।

श्रीवज्रयानमा अर्का बुद्धपुत्र जस्ता, धर्मशास्त्रबमोजिम काम गर्ने, ठूला सिद्ध योगी ध्यानचन्द्रबाट लक्षहोममा वर पाएका, यज्ञमा र धर्मकर्ममा रामचन्द्र जस्तै सर्वात्मनामा लागेका, सारा शत्रुलाई सखाप पारेका त्यस्ता उहाँ श्रीमेघपाल विजयी भइरहनुभएको छ ।

मुसलमान राजा सुल्तान शमसुद्दीनले नेपालका सारा शहर ध्वस्त पाऱ्यो । त्यही बेला यो चैत्य पनि ध्वस्त भएको देखेर असल पालहरूमा श्रेष्ठ (मेघपाल)ले जीर्णोद्धार गर्नुभयो ।

कल्याण होस् । ने.सं. ४७७ (वि.सं. १४१४) चैत्रशुक्ल षष्ठी तिष्यनक्षत्र धृतियोग बृहस्पतिवारको दिन श्रीश्रीललितपुर माणिगलदेखि उत्तरतिर महापिंथबहालमा श्रीश्रीचैत्यरङ देवताको जीर्णोद्धार गरियो । त्रिभय (तीन महापात्रमध्ये एक)को कुलमा जन्मेका महापात्र श्रीमेघपाल वर्माले श्रीसम्यक् संबुद्धको पद प्राप्ति होस् भनी प्रतिष्ठा गरियो ।

... यहाँ श्रीश्रीचैत्यरङ देवताको वार्षिक गण्ठिपूजाको लागि मूर्त्यङ्क महापात्र श्रीमेघपालले नयाँ दम्मसिक्का ३ दम्म र कर्षाङ्क सोही मुद्राको चतुर्थांशको मुद्रा ३ कर्ष चढाउनुभयो । कल्याण होस् ।

कल्याण होस् । ने.सं. ४७९ (वि.सं. १४१६) आश्विनशुक्ल त्रयोदशी शनिवारको दिन श्रीचैत्य भट्टारकलाई प्रतिवर्ष ठूलो छत्र चढाउनाको लागि अमात्य मन्त्रिचूडामणि जगत्पतिले नयाँ दम्मसिक्का ३ पल ३ र होमको लागि नयाँ दम्मसिक्का ३ पल ३ चढाए ।

संसारमा जबसम्म पृथ्वी आगो पानी हावा चन्द्र सूर्य रहन्छन्, तबसम्म यो कायम रहोस् । श्रीचैत्य भट्टारकलाई चढाएको यो दानको लोप गर्नुहुँदैन । त्यसो भए जय हुनेछ ।

५० सङ्ख्या



[५१ सङ्ख्या]

ललितपुर न्हुबहालको ने.सं. ४८१ को अभिलेख

ललितपुर दलाछैँटोलस्थित न्हुबहालको चैत्यमा यो अभिलेख रहेको छ । यहाँ ने.सं. ४८१ छ ।

यो अभिलेख *मेडिईभल् नेपाल्* (*कोलोफोन्ज् यान्ड् इन्स्क्रिप्शन्ज्*)का ६३-६४ पृष्ठमा हेमराज शाक्य र तुलसीराम वैद्यद्वारा सर्वप्रथम छापिएको हो ।

मूलपाठ

१. ॐ श्रेयोऽस्तु ॥ सम्वत् ४८१ चैत्रकृष्णःअष्टम्याया । श्रीश्रीश्रीधर्म्म-
धातुवागेश्वरभट्टारकः । जीर्णोद्धार प्रतिष्ठा । श्रीन्होलवहार प्रधानाङ्ग
पात्र रणजोतिन ... नस प्रथमपुत्री श्रीउल्हासलक्ष्मी कृता । तेन पुन्येन
लोकोऽस्तु व्रजतां सौगतपदः ॥०॥ शुभमस्तु ॥ सर्वजगतां ॥ ॥

[५२ सङ्ख्या]

स्वयम्भूको ने.सं. ४९२ को अभिलेख

स्वयम्भू चैत्यको उत्तरतर्फ लहरै ठड्याइराखिएका शिलामध्ये एउटामा यो अभिलेख कुँदिएको छ। यहाँ ने.सं. ४९२ छ।

*जर्नल् अफ् द विहार् यान्ड् उडिसा रिसर्च् सोसाइटी*को २२ वर्षका ८१-९५ पृष्ठमा काशीप्रसाद जायसवालद्वारा सर्वप्रथम यो अभिलेख छापिएको हो । पछि भोलानाथ पौडेल, धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालद्वारा *संस्कृत-सन्देश* १ वर्ष १०–११-१२ अंकका १३-१७ पृष्ठमा केही पाठ सच्याई यो अभिलेख छापिएको छ ।

मूलपाठ

१. ॐ नमो धर्म्मधातवे ॥ जगताल्हादसच्छास्त्रहेतवे धर्मधातवे ॥ सर्व्वलोकतमोहानिकारिणेऽस्तु सदा नमः ॥ हर-
२. ति वहलजिह्मं यस्य नामापि श्रृ(ण्व)न् लयति च बोधिजन्मिनां ध्यायमानाः ॥ निरुपमगु-
३. णवीर्यस्त्यक्तसंसारपाशः त्रिजगति (सम)बीजः पातु वो धर्मधातुः ॥ आसीद्धर्मनिधि-
४. द्वयैकजलधिर्न्नेपालभूमण्डले ख्यातः श्रीजयराजदेवनृपतिः तेनैव राज्ञीकृते ॥
५. तस्मिन्नेव विराजति स्म विमलः स्तूपो मुनेः केतनः श्रीसाह्मे शिखरि प्रसिद्धभुवने प्र-
६. स्थापितः पूर्व्वकैः ॥ सप्तत्याभ्यधिक श्रीमत्नेपालाब्दचतुःशते । मार्गशीर्षे सिते पक्षे दशम्यां
७. गुरुवासरे ॥ सुरत्राणसमस्दीनो बंगालबहुलैर्बलैः । सहागत्य च नेपालो भग्नो दग्धश्च
८. सर्वशः ॥ कालेन कियता धीमान्स राजा त्रिदिवङ्गतः । एवं यवनदग्धस्तु स स्तूपोपि यथा स्थि-
९. तः ॥ श्रीजयार्जुनदेवेन सूनुना तस्य भूभृतः। सम्पाल्यमाने नेपाले वीरनारायणेन तु ॥ श्रीज-
१०. यस्थितमल्लेन क्षत्ररत्नाकरेन्दुना । पालिते तत्र कालेन बुद्धपुण्योदयेन च ॥ श्रीकाष्ठमण्डप-

११. पुरी विमलातिरम्या तस्यां जयी वसति वीर्यगुणैरुदाराः । श्रीराजहर्ष इति सर्वजनप्रणीतः पा-
१२. त्रान्वयामृतकरः सुविशालकीर्त्तिः ॥ तस्य श्रीरणदेव इत्यवरजः श्रीरुद्रदेवानुजः ख्यातोस्त्ये-
१३. व समस्तशुद्धचरितो वीरः प्रतापोज्वलः । ताभ्यां सार्द्धमतो विजित्य च रिपून्सत्कीर्तिकान्तद्युतिः
१४. तस्मिन्नेव पुरे मनोहरतरे श्रीराजहर्षः स्थितः ॥ आदायाज्ञां द्वयो राज्ञोरिन्द्रोपेन्द्रसमान-
१५. योः । सज्जीकृतं शुभोद्दिष्टं राजहर्षेण धीमता ॥ पुनर्न्निर्मीयते स्तूपं धर्मधातुसमुद्भवम् । ना-
१६. नारत्नसमाकीर्ण्णं शिरोमणिविभूषितम् ॥ ॥ अब्दे नेपालिकाङ्के नयननवयुगे चाश्विव-
१७. ने पूर्ण्णमायामृक्षे मासानुकारे सिततनयदिने योगसौकर्मणाख्ये । स्तूपस्यास्य प्रतिष्ठा स-
१८. कलशुभमयी कारिता तैः सुस्वर्णछत्रारोहादिलक्षाहुतिमखविधिना श्रीयुतै राजहर्षैः॥
१९. देयधर्मोयं प्रवरमहायानयायिना परमोपासक । परमधार्मिक-सर्वसत्वानुकम्पकेन । श्री-
२०. काष्ठमण्डपमहानगरावस्थितेन । श्रीकेलाछेढ्वाखाकुटुंबजामात्यमूर्त्यं-गरणशक्तिमल्लवर्म-
२१. भल्लोकसुतेन । श्रीराजहर्षमल्लभल्लोकेन । सहधर्मचारिणी-श्रीज्योतिलक्ष्म्या सहितेन । भ्रातृश्री-
२२. रणदेववर्मभल्लोक । श्रीरुद्रदेववर्मभल्लोकेन सहानुमतेन । तस्य भागिनेयश्रीसिखरपुरावस्थि-
२३. त । त्रिशक्तिगुणान्वित । महारावुत्तश्रीजूटसिंहसिंहस्यानुमतेन । यष्टिकारोपनकृते श्रीवा
२४. दारुकर्मकृते । महता कर्मकारेण अतिश्रद्धायुक्तेन चेतसा ॥ तत्र च मूर्त्यङ्गश्रीराज-
२५. पतिवर्मभल्लोकपूर्वङ्गमेन श्रीकाष्ठमण्डपस्थाने रत्नदण्डछत्रकलस-ध्वज उपस्थि-
२६. तेन चतुरहोरात्रदीपप्रज्वलितेन नाकविचित्रनेतपटाकालंकृतेन नभूत-पूर्व्वेन परिक्रम-

२७. महायात्राकृतेन ॥ ॐ श्रीश्रीश्रीसाह्मेगुधर्मधातुवागीश्वरभट्टारकाय सुवर्ण्णचक्रावली । सु-

२८. वर्णस्फुटित विश्वमणिखचितरत्नोष्णीषदण्ड ॥ सुवर्ण्णप्वह्म सुवर्णप्वाथ सौवर्णकलशध्व-

२९. जकनकदण्डसहित नवीनकृतदेवाङ्गसंछन्नछत्रम् । तस्यावरोहनकाले चतुरहोरात्रय-

३०. ज्ञपूर्ण्णायामुपढौकितम् ॥ तत्रैव स्थानाधिपवज्राचार्यश्रीजयानंदः स एव मण्डपस्थाने सि-

३१. कोमगुह्निविहारावस्थितपण्डितवज्राचार्यश्रीज्ञानकीर्तिसेनपादं कर्माचार्यं कृत्वा श्रीव-

३२. ज्रधातुदेगुरिक्रमेन जीर्ण्णोद्धारप्रतिष्ठाकृतम्भवति स्यात् तस्य तिथिप्रदाता वानिह्मंदै-

३३. वज्ररत्नपति नाम्नेति स ॥ एव स्थाने विश्वमणिकर्मकरा-(भि)ज्ञश्रीमान्चन्द्रेण दारुकर्मकर-

३४. स्थपतिपतिभारो सभ्रातृजजगरामभारोसहितेन ॥ मोदन्तां भवसङ्कटे निपतितास्त्यक्त्वा-

३५. जना दुर्गतिं निःशेषारिजितं महीं च सकलां रक्षन्तु भूमीश्वराः मेघैरम्बुधरैर्धराम्व-

३६. सुमतीं पूर्यन्तु तोयैस्सदा सत्पुण्योपचयै लभन्तु कृतिनः सम्बोधिलक्ष्मीपदम् यद्-

३७. प्रशस्तिस्थितकेस्मिन्मया मन्दधिया कृतम् यदि शुद्धमशुद्धं वा क्षमनीयं सदा बुधैः

३८. श्रेयोस्तु नेपालसंवत् ४९२ अशुनिशुक्लपूर्ण्णमास्यां तिथौ आंश्वानिनक्षत्रं । सुकर्म्मयो-

३९. गे बुधवासरे । प्रतिष्ठा संपूर्णप्रतिपद्य ध्वजावरोहनदिवस । थ्व आखर टाकरलोक-

४०. रमी श्रीमानीगल मुलमीस । स एव स्थानया मुलमीस ॥ ॥ शुभमस्तु सर्व्वजगताम्

अनुवाद

धर्मधातुलाई नमस्कार । संसारलाई आनन्द दिने असल शास्त्रका कारण भएका सारा दुनियाँको अज्ञान हटाउने भएका धर्मधातुलाई सधैँ नमस्कार ।

जसको नाम मात्र सुने पनि थुप्रै पापको नाश हुन्छ, जसको ध्यान गरे भने ज्ञान प्राप्त हुन्छ । शान्ति भएको संसारको पासो छिनालेका तीनै लोकमा समान बीज भएका धर्मधातु भगवान् बुद्धले तिमीहरूलाई रक्षा गरून् ।

दुवै धर्म (शैव र बौद्ध) मान्ने नेपालका प्रख्यात राजा श्रीजयराजदेव हुनुहुन्थ्यो । उहाँ राजाले राज्य गरिरहनुभएको वेलामा संसारमा प्रख्यात श्रीस्वयम्भूको डाँडोमा पहिलेकाले स्थापना गरिएका शाक्यमुनि (बुद्ध)को वासस्थान भएको स्तूप शोभायमान भइरहेथ्यो ।

ने.सं. ४७० (वि.सं. १४०६) मार्गशुक्ल दशमी बृहस्पतिवारका दिन धेरै बङ्गाली फौज लिएर आई सुल्तान शमसुद्दीनले नेपालमा सबैतिर भत्कायो र पोल्यो । केही कालपछि बुद्धिमान् उहाँ राजा (राजदेव) स्वर्ग जानुभयो । यस्तो अवस्था परेको हुनाले मुसलमानले डढाएको त्यो स्तूप पनि यसै रह्यो ।

उहाँ राजा (राजदेव)का छोरा वीरमा श्रेष्ठ श्रीजयार्जुनदेवले नेपालमा राज्य गरिरहनुभएको वेलामा, क्षत्रिय कुलमा पैदा भएका श्रीजयस्थिति मल्लले पनि बुद्धका पुण्यको प्रतापले त्यही समयमा शासन गरिरहनुभएको वेलामा राम्रो सफा श्रीकाष्ठमण्डप शहरमा पराक्रम र गुणले विजयी भएका, उदार, सबैले मानिएका, पात्रवंशमा जन्मेका, ठूलो कीर्ति भएका श्रीराजहर्ष बस्नुहुन्छ । उहाँका भाइ पवित्र चरित्र भएका, वीर, प्रतापी, नाउँ चलेका श्रीरणदेव र श्रीरुद्रदेव हुनुहुन्छ । असल कीर्ति फैलिएका, राम्रा श्रीराजहर्ष उहाँ दुइ भाइका साथ शत्रुहरूलाई जितेर त्यही सुन्दर शहरमा बस्नुभएको छ । इन्द्र र उपेन्द्र जस्ता दुवै राजाको (राजा जयार्जुनदेव र उपराज जयस्थिति मल्लको) आज्ञा लिई बुद्धिमान् राजहर्षद्वारा अनेक रत्न जडिएको गजुरले सिँगारिएको बुद्धको यो स्तूप तयार पारी फेरि बनाइएको हो ।

ने.सं. ४९२ (वि.सं. १४२९) आश्विनशुक्ल पूर्णिमा अश्विनीनक्षत्र सुकर्मायोग बुधवारको दिन साराको कल्याण गर्ने यो स्तूपको प्रतिष्ठा, गजूर चढाउने काम र लक्षहोम श्रीराजहर्षले गराउनुभयो । महायानका ठूला अनुयायी, परमोपासक, परमधार्मिक, सबै प्राणीउपर दया गर्ने, ठूलो शहर श्रीकाष्ठमण्डपमा बस्ने, श्रीकेलाछैं ध्वाकाका कुटुम्बज, अमात्यमूर्त्यङ्ग रणशक्ति मल्लवर्मा भल्लोकका छोरा श्रीराजहर्ष मल्ल भल्लोक र उहाँकी धर्मपत्नी श्रीज्योतिलक्ष्मीको यो दान धर्म हो, साथै उहाँका भाइ श्रीरणदेववर्मा भल्लोक, श्रीरुद्रदेववर्मा भल्लोकको यसमा अनुमति थियो । उहाँका भानिज श्रीशिखरपुर (फर्पिङ)मा रहने, त्रिशक्ति (मन्त्रशक्ति, प्रभुशक्ति, उत्साहशक्ति) गुणले युक्त भएका महारावुत्त श्रीजूटसिंहको पनि यसमा सहमति थियो ।

स्तूपको चलिसिं (मुख्य काठ) हाल्ने काम र अरू काठ हाल्ने कामको लागि ठूला कार्यकर्ता, अतिश्रद्धालु मन भएका मूर्त्यङ्ग श्रीराजपतिवर्मा भल्लोक आदि छन् । काष्ठमण्डप शहरमा रत्नदण्ड छत्र कलश ध्वजाहरू राखिएका थिए, चार दिनसम्म बत्तीहरू बालिएका थिए, चित्रविचित्र पताकाहरूले सिँगारिएको थियो, अभूतपूर्व नगरपरिक्रमा गर्ने जात्रा भएथ्यो ।

ॐ । श्रीश्रीश्रीसाह्मेगु धर्मधातु वागीश्वर भट्टारकलाई सुनको चक्रावली, सुनैका विश्वमणि जडेको रत्नोष्णीष (मुकुट), सुनको प्वह्म (?), सुनको प्वाथ (?), सुनको कलश, ध्वजा र दण्ड नयाँ बनाइएको देवताका अङ्ग ढाक्ने छत्र चढाइए । त्यो चढाउँदा चार अहोरात्र यज्ञ गरिएको थियो ।

साह्मेगु स्थानका थकाली श्रीजयानन्द वज्राचार्य तथा काष्ठमण्डप सिकोमगुह्रि बहालका श्रीज्ञानकीर्ति सेनपादलाई कर्माचार्य बनाएर श्रीवज्रधातु देगुरिक्रमले जीर्णोद्धार गरी प्रतिष्ठा गरिएको हो । यसको लागि साइत दिने ज्योतिषी वानिह्मका रत्नपति हुन् । त्यहीँका नाइके जगराम भारो र उनका भाइ हुन् ।

संसारका दुःखमा परिरहेका मानिसहरू दुःखबाट मुक्त भई सुखी होऊन् । राजाहरूले सबै शत्रुलाई जिती सम्पूर्ण पृथ्वीको रक्षा गरून् । पृथ्वीतलमा बखतमा पानी परोस् । धर्मात्माहरू असल पुण्यहरूद्वारा सम्बोधी र लक्ष्मीको पद पाऊन् ।

कम बुद्धि भएको मैले यो प्रशस्ति बनाएको हुँ । यसमा शुद्ध अशुद्ध जे भए पनि बुद्धिमान्हरूले सधैं क्षमा गर्नुहोला ।

कल्याण होस् । ने.सं. ४९२ (वि.सं. १४२९) आश्विनशुक्ल पूर्णिमा अश्विनीनक्षत्र सुकर्मयोग बुधवारको दिन प्रतिष्ठा पूरा गरी ध्वजा चढाइएको हो ।

यो अक्षर कुँद्ने लोहकर्मी श्रीमानीगलका यं मुलमी र त्यही स्थानका अर्का मुलमी हुन् । सारा संसारको कल्याण होस् ।

५२ सङ्ख्या



[५३ सङ्ख्या]

स्वयम्भूको अभिलेख

स्वयम्भूमा रहेको शिलामा यो अभिलेख कुँदिएको छ । यसको धेरै भाग अस्पष्ट भइसकेको छ ।

यो अभिलेख हेमराज शाक्य र तुलसीराम वैद्यद्वारा *मेडिईभल् नेपाल् (कोलोफोन्ज् यान्ड् इन्स्क्रिप्शन्ज्)* का ५५-५७ पृष्ठमा सर्वप्रथम छापिएको हो ।

मूलपाठ

१. (ॐ नमः श्री)धर्मधातवे ॥ ज ... धातवे । सर्वधर्म-
२. ... पापञ्जन्मिनां य-
३. ... नुभवभवभावोध्व-
४. ... आशीत् पुण्य ...
५. ... सदेव इ-
६. ... भवेरीदा-
७. ... सद्धर्मचैत्य चिन्त्य ...
८. ... गतपञ्चाधिके ...
९. ... लो ... नां पुण्यदानेन ...
१०. ... कर्मधर्मध्वजश्चैत्यः जेष्टः ॥ यावत्लोक...
११. ... शून्यता ज्ञानधामा ... रत्नसरोजैः ...
१२. ... कीर्ति ... दस्वभावसयसुखवासवर्त्ती...
१३. ... रघुवंश ... कचूडामणे श्री
१४. ... कस्य महस्य ब्रह्मज्ञा ... देवान् स्वर्ग्गपुरीं गत ...
१५. ... वान्नृपति ... त्येकतिष्ठत् ...
१६. ... (जी)र्णोद्धारविधिं
१७. ... राज इति ख्यात
१८. ... (बु)द्धिर्भवेदीदृशी ॥
१९. ... (नेपाल)हायने शुद्धे ...
२०. ... सरे भाग्यश्री ... ज ... न्तुक्रमे
२१. ... देतस्य । रा-
२२. ... नुगमजीर्ण्णो(द्धार) ... नेपा ... तामो

२३. ... जा कुले ल ...
२४. ... नास ...
२५. ... पा भवन्ति ...
२६. ... भेद्ये दारव
२७. ... निम मो ...
२८. ... मैत्री चन्द्रेण ...
२९. ...
३० . ...
३१. ...
३२. ...

५३ सङ्ख्या



[५४ सङ्ख्या]

फर्पिङ कोछुटोलको ने.सं. ४९६ को अभिलेख

फर्पिङ बजारस्थित कोछुटोलमा प्रसिद्ध झङ्केश्वरीमन्दिरको बायाँतर्फ कुमारको एउटा सुन्दर शिलामूर्ति रहेको छ। सो मूर्तिको शिरोभागमा यो अभिलेख कुँदिएको छ। यहाँ ने.सं. ४९६ छ।

यो अभिलेख *प्राचीन नेपाल* ९८-९९ सङ्ख्याको २२ पृष्ठमा सर्वप्रथम उद्धव आचार्यद्वारा अनुवादसहित छापिएको हो।

मूलपाठ

१. ॐ षट्नवतिसमायुक्ते नेपालाब्दचतुशते जेष्ठशुक्लप्रतिपदि मृगभे सोमवासरे ॥
२. महाराउतवीरस्य यक्षसिंहस्य सूनुना । श्रीमता जोधसिंहेन नरसिंहाक्षमूर्तिना ।
३. निजानुजस्य बालस्य जिष्णुसिंह इति स्मृते । देवानुयोगभावेन स्वर्गलोकगतस्य तु ।
४. तस्योद्देशेन देवस्य कुमारस्य मनोहरा । स्थापिता शिषरापुर्यां पाषाणप्रतिमा शुभा ॥

अनुवाद

ॐ । ने.सं. ४९६ (वि.सं. १४३३) ज्येष्ठशुक्ल प्रतिपदा सोमवार मृगशिरानक्षत्रमा वीर महाराउत यक्षसिंहका छोरा नरसिंह जस्ता श्रीजोधसिंहले आफ्ना बालक भाइ विष्णुसिंह दैववशले स्वर्ग जाँदा उनलाई लक्ष्य गरेर शिखरापुरीमा स्वामिकार्तिक देवताको राम्रो ढुङ्गे मूर्ति स्थापना गर्नुभयो।

[५५ सङ्ख्या]

चाँगुनारायणको ने.सं. ५०० को अभिलेख

चाँगुनारायणभण्डारका ताम्रपत्रहरूमध्ये एउटा भग्न ताम्रपत्रमा यो अभिलेख कुँदिएको छ। यहाँ ने.सं. ५०० छ।

यो अभिलेख *चाँगुनारायणका ऐतिहासिक सामग्री*को १६२ पृष्ठमा मोहनप्रसाद खनालद्वारा सर्वप्रथम छापिएको हो।

मूलपाठ

१. ...
२. ...
३. ... जोग्ये आदित्यवासरे ...
४. ...
५. ... श्रीकामू हरि समन प्रसक्ति तल ...
६. ... जय प्रति प्रजा क्ष तारागनथे स पदा
७. ... नायक नाथ प्रतिलौकिक सकल प्रा ...
८. ... वाल द्योतकेन तत दत्त ॥ ...
९. ... श्रीमन ... वरलब्धप्रसाद
१०. जयराजदेवस्य मोक्षनिमिते थाला ...
११. ... मन जजंमानस नामन ...
१२. माल्व श्रीविष्णुदासजु ...
१३. (सम्व)त ५०० वैशाखशुक्ल ५ ...

[५६ सङ्ख्या]

काठमाडौँ इटुम्बहालको ने.सं. ५०२ को अभिलेख

काठमाडौँ इटुम्बहालस्थित एउटा मन्दिरसँगै यो शिलालेख रहेको छ । यहाँ ने.सं. ५०२ छ ।

रामजी तेवारी, देवीप्रसाद भण्डारी र शङ्करमान राजवंशीद्वारा *संस्कृत-सन्देश* १ वर्ष १०-११-१२ अङ्कका ४१-४४ पृष्ठमा सर्वप्रथम यो अभिलेख छापिएको हो । पछि धनवज्र वज्राचार्यद्वारा *पूर्णिमा* ७ पूर्णाङ्कका ३३-३६ पृष्ठमा अनुवादसहित यो छापिएको छ ।

मूलपाठ

१. ॐ नमो बुद्धाय । नमो धर्म्माय । नमः संघाय । नमः तारायै ।
२. स्वस्ति ॥ वैश्यवंशावतारश्रीएकजटीचरणसेवकश्रीकांतीवरलब्धविम-
३. लनिजवृंदावलीविराजमानमहामंत्रीश्रीमदनेकरामवर्द्धनात्मजस्य सो-
४. मंवशावतारिणीश्रीगोधनलक्ष्मीपुत्रेण । यतः ॥ नेपालाधिपतिप्र-
५. भुपशुपतिः भूतेशगौरीपतिः संवासो सुरदीर्घिका भगवती श्रीवाग्-
६. मतीकुलके । स्थूलः शूक्ष्मपरम्परांतरगतः सर्व्वांशगः श्रीशिवः नित्यं राज-
७. ति भुक्तिमोक्षफलदः श्रीशंकरो शंकरः ॥ तत्र भुक्तस्य ॥ परमावदातच-
८. रितविमलकीर्त्तिनिधानभूतस्य त्रिभुवनैकसदनस्य अगनितस्ववृं-
९. दावलीविराजमानस्य श्रीश्रीमानेश्वरीवरप्रतिलब्धस्य श्रीमत्श्रीश्रीपशु-
१०. पतिसंस्थापितस्य विपक्षविध्वंसितभास्करकलिपुरंदरावतारम-
११. हामंत्राधिराजतिलकगोपिनारायनमहामंत्रीश्रीजयसिंहरामव-
१२. र्द्धनस्य प्रतिपालितविजयराज्ये ॥ तस्य एकोदरानुजः परमधा-
१३. र्म्मिकसकलगुणनिधानचतुर्दशविद्याविलासभरताङ्गभावविच-
१४. क्षणश्रीश्रीत्रिपुरसुंदरीवरप्रसादलब्धपरममाहेश्वरषडाम्ना-
१५. यागमश्रीश्रीत्रिपुरेश्वरीसिद्धापीठिश्रीपलखचोगिरिशिखरराज-
१६. दुर्गस्थानस्थापितः तत्रैव श्रीश्रीश्रीमदनेश्वरसंस्थापितः महतीपुस्क-
१७. रिणीसमण्डपजलशयननारायनस्थापितः श्रीगिरिवरमहावि-
१८. हारे श्रीश्रीस्वयंभूचैत्यश्रीश्रीएकजटीसंस्कारितः परमयोगीन्द्र-
१९. सहजनारा(य)णमहामंत्रीश्रीमदनरामवर्द्धनः ॥ श्रीमदानन्दबोध-

२०. स्य चरणांबुजसेवकः । गोरखात्मजशिष्योसौ धर्म्मविद्योगपार-
२१. गः॥ अस्ति ज्ञानार्ण्णवोद्भूतो तत्वपीयूषचंद्रमा । श्रीमन्मदनरामेन ते-
२२. न दीपांकरो कृतः॥ श्रीमान्पारावताख्ये च वीहारे जिनशासने । श्रीश्रीदी-
२३. पांकरम्बुद्धं स्थपितं तेन मंत्रिना ॥ तस्य श्रीमदनरामवर्द्धनस्य भार्या
२४. प्रीतिदात्री परमानन्दकारिणी सुगतवंशावतारिणी धर्म्मपुत्री क-
२५. नकरचितसर्व्वालंकारतोरणश्रीश्रीबुगमार्यावलोकितेश्वराय
२६. उपढोकिता । तयापि । श्रीजैत्रलक्ष्मीदेव्या । कनकविरचितश्रीश्री-
२७. महाराजश्रियमार्यताराम्प्रतिमां कृत्वा श्रीपारावताख्ये श्रीसुग-
२८. तशासनेषु स्वधर्म्मचंक्रमणविजयार्थ प्रतिस्थापितवती ॥ यतः ।
२९. सौवर्ण्णप्रतिविम्बका भगवती माता हितार्थागता यावत्तिष्ठतु चं-
३०. द्रसूर्यधरणी तावच्चिरं धर्म्मतः । लोकानां हितकारणाय सततं श्री-
३१. कीर्त्तिसंपत्तये तारा घोरभयापहा सुखददा श्रीजैत्रलक्ष्मीकृता ॥ नेत्रा-
३२. काशेषुपूर्ण्णे सरदि शुभगते यत्र नेपालदेशे मासे चाषाढशुक्ले दशमि-
३३. तिथिवरे स्वातिभे साध्ययोगे । वारे मार्तण्डपुत्रे विपुलतरधिया स्था-
३४. पिता चार्यतारा श्रीमान्पारावताख्ये सुगतगृहवरे जैत्रलक्ष्म्या प्रदात्री
३५. ॥ मदनरामसुतसौम्य मदनरूपप्रभासितः ॥ श्रीशक्तिसिंहरामोसौ शो-
३६. भनं भुवि राज्यते ॥ प्रतिष्ठापिताचार्यराजपण्डितश्रीमहाबोधि(सत्व)-
३७. देवप्रतिसंस्कारितकाष्ठमण्डपभिक्षुआरजयोनस्य शुभ-
३८. ... लगहन भारा भुलहिस गेहरया रूपीतारा-
३९. सपिण्डिस चोया थ्व देवस चक्रमस धर्म्म निर्वाहरयं प्रज्ञाधातु जुल श्रीगोत्र-
४०. समूहस पूढानं पुटन ल्हायाजु ... त्रिरत्न .... रत्न शुभ ।

अनुवाद

ॐ । बुद्धलाई नमस्कार । धर्मलाई नमस्कार । सङ्घलाई नमस्कार । तारालाई नमस्कार । कल्याण होस् । वैश्यकुलमा जन्मेका, श्रीएकजटी(देवता)को उपासना गर्ने, श्रीकान्ति(देवता)बाट वर पाएका, आफ्ना असल प्रशस्तिले सुहाएका, महामन्त्री श्रीअनेकरामवर्द्धनका चन्द्रवंशमा जन्मेकी श्रीगोधनलक्ष्मीतर्फबाट जन्मेका छोरा श्रीपशुपतिका भक्त अति असल चरित्र भएका, असल कीर्ति फैलिएका, अरूलाई शरण दिने, असंख्य आफ्ना प्रशस्तिले सुहाएका, श्रीमानेश्वरीबाट वर पाएका, श्रीपशुपतिनाथ स्थापना गरेका, शत्रुलाई सखाप पारेका, कलियुगमा इन्द्रको अवतार भएका, महामन्त्रीहरूमा श्रेष्ठ भएका, गोपीनारायण महामन्त्री श्रीजयसिंहरामवर्द्धनले

पालन गरिएको विजयराज्यमा नेपालका अधिपति, पर्वतका पति, स्थूल व्यापक भईकन पनि सूक्ष्म रूपमा रहेका, कल्याण गर्ने, मुक्त दिने, देवनदी श्रीवाग्वतीको किनारमा बस्ने भूतनाथ शङ्कर श्रीपशुपतिनाथ सुहाइरहनुभएको छ।

उहाँ जयसिंहरामका सहोदर भाइ, ठूला धर्मात्मा, गुणी, चौधै विद्यामा चाख लिने, नाट्यकलामा सिपालु, श्रीत्रिपुरेश्वरीबाट वरप्रसाद पाएका, परममाहेश्वर (शैव धर्मका ठूला उपासक), षट्शास्त्र जान्ने, श्रीपलाञ्चोकको डाँडोको किल्लाभित्र श्रीत्रिपुरेश्वरी सिद्धपीठ र त्यहीँ श्रीमदनेश्वर स्थापना गरेका, ठूलो पोखरीमा मण्डपसहित जलशयननारायण स्थापना गरेका, सिम्भुको डाँडो महाविहारमा श्रीस्वयम्भूचैत्य र एकजटी(देवता)को जीर्णोद्धार गरेका, ठूला योगी, सहजनारायण महामन्त्री श्रीमदनरामवर्द्धन हुनुहुन्छ। उहाँ मदनराम श्रीआनन्दबोधका पाउका भक्त, गोरखनाथको सम्प्रदायका अनुयायी, धर्म जान्ने, योग जान्ने, तत्त्व जान्ने ज्ञानी हुनुहुन्छ। उहाँ महामन्त्री मदनरामले श्रीदीपङ्कर बुद्ध बनाउन लाउनुभयो र पारावतबौद्धविहार (इटुम्बहाल)मा श्रीदीपङ्कर (बुद्ध) स्थापना गर्नुभयो।

उहाँ मदनरामकी पत्नी, सुखसुविधा दिने, बौद्धकुलमा जन्मेकी, धर्मात्मा जैत्रलक्ष्मीदेवी हुनुहुन्छ। उहाँ जैत्रलक्ष्मीले बुङ्मतीका श्रीआर्यावलोकितेश्वर (रातामछिन्द्रनाथ)लाई राम्रो सुनको तोरण चढाउनुभयो। उहाँले सुनको महाराजश्री(?) श्रीआर्यताराको मूर्ति बनाउन लगाई पारावतबौद्धविहारमा आफ्नो धर्मको प्रचार र जय होस् भन्नाको लागि स्थापना गर्नुभयो। जैत्रलक्ष्मीदेवीले बनाउन लाएको, हित गर्ने भगवती तारा माईको सुनको मूर्ति चन्द्र, सूर्य, पृथ्वी रहेसम्म सधैँ लोकको हित गरी श्रीसम्पत्ति, कीर्ति, सुख दिई ठूलठूला भय हटाइरहिरहोस्।

ने.सं. ५०२ (वि.सं. १४३९) आषाढशुक्ल दशमी शनैश्चरवार स्वातिनक्षत्र साध्ययोग परेको दिन ठूलो बुद्धि भएकी दानी जैत्रलक्ष्मीले श्रीपारावतविहारमा आर्यतारा स्थापना गर्नुभयो।

मदनरामका छोरा सज्जन, कामदेव जस्ता राम्रा श्रीशक्तिसिंहराम सुहाइरहनुभएको छ।

प्रतिष्ठा गर्दा आचार्य भएका राजपण्डित श्रीमहाबोधि ... देवताको जीर्णोद्धार गरेका काष्ठमण्डपका भिक्षु आरजयोन थिए। शुभ ...

५६ सङ्ख्या

[५७ सङ्ख्या]

चाँगुनारायणको ने.सं. ५०७ को अभिलेख

चाँगुनारायणभण्डारका सुवर्णपत्रहरूमध्ये एउटामा यो अभिलेख कुँदिएको छ। यहाँ ने.सं. ५०७ छ।

यो अभिलेख *चाँगुनारायणका ऐतिहासिक सामग्रीका* १६३-१६४ पृष्ठमा मोहनप्रसाद खनालद्वारा अनुवादसहित सर्वप्रथम छापिएको हो।

मूलपाठ

१. ॐ नमो भगवते वासुदेवाय ॥ विश्वंभरा धृतं येन तपमासृत्य द्रंष्ट्रिणः ॥ नमोऽस्तु तस्मै सततं वैकुण्ठाय मधूद्वि-

२. ष्वै ॥ सप्ताभ्रबाणनिर्याते नेपालिकसुवत्सरे शुक्ले माघस्य राकायां मघार्क्षे रविवासरे ॥ श्रीजयस्थितिभूपा-

३. लपालिते धम्मसंस्थितैः श्रीमज्जयतब्रह्माख्यामात्यसामन्तरक्षिते ॥ जसराम इति ख्यातो योद्धापतिस्थथैव

४. च ॥ ताभ्यां सरक्षिते कोष्ठे धममार्गैव्विराजिते ॥ विष्णुदाश द्विजः श्रीमान्विष्णुभक्तिपरायणः ॥ तस्यानुजवरो

५. श्रीमान् गंगादाश इति स्मृतः ॥ तयोः सानमतेनैव कारिता ताम्रभूमिका ॥ श्रीलक्ष्म्याः कथंडो चैव ताम्रासनस-

६. मन्विते ॥ यज्ञकेन विधानेन यज्ञकर्म प्रकारितः । प्रतिष्ठां विधिवत्कृत्वा पूर्ण्णाञ्चैव यथाविधिः ॥ अने-

७. न पूण्येन च सर्व्वसत्वाः सूखावहाः सन्तु निरापदस्यं ॥ मूचेन्तु मेघा शलिलञ्च काले वसूंधराः स-

८. न्तु समृद्धिसश्याः ॥ ॥ गावश्च विप्राः सुखिनो भवन्तु वसूंधरां पान्तु सदाधिराजः । विमुक्तदुःखा प्रभ-

९. वन्तु सन्तः प्रजा स्वधर्म्मे विरभन्तु सर्व्वाः । शुभमस्तु ॥ सम्वत् ५०७ माघशुक्ल १५ मघनक्षेत्रे रविवार

१०. तम्वतरः । वमाभौटो भारा भ्रात रुह तत्दिने भागे स्ववर्णम् विततयेत्ते भारो भ्रात सह सपरिवारः शतपुर इति शुभ ॥

अनुवाद

ॐ। भगवान् वासुदेवलाई नमस्कार। तपलाई आश्रय लिएर दाराद्वारा जसले पृथ्वीलाई धारण गरे, मधुलाई नाश गर्ने भएका वैकुण्ठका अधिपति उहाँलाई बारम्बार नमस्कार छ।

ने.सं. ५०७ (वि.सं. १४४३) माघशुक्ल पूर्णिमा मघानक्षत्र आदित्यवारमा श्रीजयस्थिति राजाले धर्मपूर्वक पालना गर्नुभएको वेलामा श्रीमान् जयतब्रह्म नाम भएका सामन्त मन्त्रीले रक्षा गर्नुभएको छ। प्रख्यात जसराम सेनानायक हुनुहुन्छ। उहाँहरूले धर्मपूर्वक किल्लाहरूको रक्षा गरिरहनुभएको समयमा विष्णुमा भक्तिभाव राख्ने ब्राह्मण श्रीमान् विष्णुदास र उहाँका भाइ श्रीमान् गङ्गादास हुनुहुन्छ। उहाँ दुइको सल्लाहले तामाको आसन राखियो। श्रीलक्ष्मीलाई गलामा गहनाविशेष र तामाको आसनी राख्ता विधिपूर्वक यज्ञ गरियो। विधिवत् प्रतिष्ठा पनि पूर्ण भयो।

यस पुण्यले सबै प्राणी सुखी तथा निरोगी होऊन्। बखतमा पानी परी पृथ्वी धान्यले परिपूर्ण होस्। गाई तथा ब्राह्मण सुखी होऊन्। सदाकाल राजाले पृथ्वीलाई पालना गरून्। सज्जन प्रजाहरू दुःखदेखि मुक्त होऊन्। सबै आफ्ना धर्ममा लागून्।

कल्याण होस्। ने.सं. ५०७ (वि.सं. १५४३) माघशुक्ल पूर्णिमा मघानक्षत्र आदित्यवार।

प्रतिवर्ष भाइभारादारसहित भई सोही दिन सुवर्णपत्रमा लेखिएको विधिविधान गर्नु। श्रीभाइभारादारका घर, स्वास्नी, परिवार सुखी होऊन्।

५७ सङ्ख्या



[५८ सङ्ख्या]

देउपाटन जयवागीश्वरीको ने.सं. ५०८ को अभिलेख

देउपाटनस्थित प्रसिद्ध जयवागीश्वरी मन्दिरको अगाडि एउटा सुनधारा छ। सो धारासँगै रहेको एउटा शिलापत्रमा यो अभिलेख कुँदिएको छ। यसको केही भाग भग्न भई केही अक्षर अस्पष्ट छन्। यहाँ ने.सं. ५०८ छ।

बाबुराम आचार्य तथा नयराज पन्तद्वारा *संस्कृत-सन्देश* १ वर्ष ८ अङ्का ४६-४८ पृष्ठ र १ वर्ष ९ अङ्का १८-२१ पृष्ठमा अनुवादसहित सर्वप्रथम यो अभिलेख छापिएको हो।

मूलपाठ

१. १ ॐ नमः शिवाय। श्रीमत्पाशुपताङ्घ्रिपङ्कजरजः पिग ... स्फीता-

२. च्चिः ... तरिपुः स्वप्रक्रियालंकृतः श्रीमान् श्रीस्थितिराजमल्ल इति यः

३. ख्यातः (स्वनाम्ना क्षि)तौ नेपाले जयति स्म निर्मलयशो-ज्योत्स्नासुधादीधितिः ॥ १ ॥ तस्याभू-

४. द्रघुवंश(जस्य धरणि)प्रोद्भूतपद्मालया प्रत्यर्थिक्षितिपालमौलि-कुसुमैर्न्नीराजितांघ्रिः सती पत्नी

५. धर्मधुरन्धरा वरतनू राजल्लदेवीति या प्रख्याता प्रचुरप्रतापदहनालीढारिदर्पाटवी ॥ २ ॥ यस्याः

६. श्रीजयधर्ममल्ल इति (यः) ख्यातः कुमाराग्रणीः सूनूः सर्वगुणालयः पृथुयशा वृद्धोपसेवारतः। माद्य(न्मत्त)-

७. गजेन्द्रकाननचारदाने(न्द्र)पञ्चाननः स्वर्लोकादवतीर्ण्णवानिव हरिस्त्रातुं जनान्भूतले ॥ ३ ॥ कुमारश्रीजय(ज्यो)-

८. तिर्मल्लदेवश्च मध्यमः। सूनुर्यस्या धनुर्व्वेदे सदाभ्यस्त इवार्ज्जुनः ॥ ४ ॥ धर्मकीर्तिप्रभायुक्तो रघुवंश...

९. संभवः। कनिष्ठस्तनयो यस्याः कीर्त्तिमल्लः सुधाकरः ॥ ५ ॥ सा सोमसूर्याग्निसमानदीप्तानेतान्कुमारान् प्र...

१०. प्रदाय। देवेन्द्रलोकं समगान्नृलोके कीर्त्या समापूर्य हि कीर्तिशेषा ॥ ६ ॥ तस्यां च देव्यां त्रिदिवं गतायाम-

११. स्तङ्गतायामिव चन्द्रिकायां। शोकाभिभूतं जगदन्धकारं हाहारवाकीर्ण्णदिगन्तरालं ॥ ७ ॥ राजल्लदेव्यास्त्रि-

१२. दिवङ्गतायास्तस्याः सुधापानसमृद्धयेऽस्याः । नाम्नाऽकरोत् श्रीस्थिति-
राजमल्लः प्रणालिकां हेममयीं सुदीप्तां ॥
१३. ८ ॥ महाप्रयत्नेन जलं सुदूराद् भगीरथो गाङ्गमिवेशमूर्न्दः: ।
आनीय चाष्टाङ्गगुणैरुपेतां सुदुर्लभां दिव्य-
१४. जलप्रवाहां ॥ ९ ॥ जीर्णा भग्नापि नष्टार्ण्णशोधिता पूर्व्वजैरियं । पुनः
संस्थाप्य विधिवत् श्रीजयस्थिति-
१५. भूभुजा ॥ १० ॥ तस्या देव्याः समुद्देशात् क्रियते स्म प्रणालिका ।
सुवर्ण्णविहिता रम्या जलयागपुरः-
१६. स्सरम् ॥ ११ ॥ पंचपट्ट(यु)तैः पात्रैः कारयित्वा महोत्सवं । प्रतिष्ठा च
कृता तस्या महासम्भारवि-
१७. स्तरा ॥१२॥ अने(न)पुण्येन च देवलोके राजल्लदेवी सुचिरं
स्थितास्तु । दिव्यामृतास्वादनतृ-
१८. प्तचित्ता देवेन्द्रव(र्यैर)भिपूजितांघ्रिः ॥ १३ ॥ अष्टाधिके पंचशते गतेब्दे
नेपालिके मासि च मा-
१९. र्गशीर्षे । शुक्ले दशम्यां सुरपूज्यवारे चार्क्षे तथा रेवतिकाभिधाने ॥
१४ ॥ राजल्लदेव्यै त्रिदिवं स्थिता-
२०. यै ˎ तद्भूभुजा श्रीस्थितिमल्लनाम्ना । गुणावदातेन सहात्मजेन कृता
प्रतिष्ठा कनकप्रणाल्याः ॥
२१. १५ ॥ य इभामभ्यसू(य)न्ते ते नरा नरकानुगाः । तेषां रोगेण
मृत्युश्च विपत्ति ... श्च जायताम् ॥ १
२२. ६ ॥ य इमां परिरक्षन्ति ते नराः स्वर्गगामिनः । तेषामायुश्च
कीर्त्तिश्च लक्ष्मीश्चापि प्रवर्द्धताम् ॥ १७ ॥
२३. सर्व्वे सन्तु वसुन्धराधिपतयः षड्वर्ग्गशत्रुच्छिदो । विप्रा वेदपरा
भवन्तु सुधियः सन्तु प्रवृद्धाः
२४. प्रजाः । काले सन्ततवर्षिणश्च जलदाः संपूर्ण्णशस्या मही
भूयाद्देवगणाः सदा हृतहविर्ग्गृ-
२५. ह्नन्तु यज्ञानले ॥ १८ ॥ स्वस्ति श्रीश्रीपशुपति-
पादपंकेरुहपरागधुलिधुसरितपवित्रभूतोत्तमाङ्गश्रीमन्मा-
श्रीश्रीजयस्थितिराजमल्लदेवेन
२६. नेश्वरीवरलब्धकृपाणशासितान्यमहीपाल
राजल्लदेव्या ...
२७. श्रीभट्टारकेभ्य इयं प्रणालिका प्रदत्तेति ॥ १९ ॥ नेपालिकसम्वत्सर
५०८ मार्गशिरशुक्लदशम्यां बृहस्पति-

२८. वासरे रेवतीनक्षत्रे वरियानयोगे गरकरणे विच्छगते सवितरि... तदा राजवैद्यः

२९. विप्रवंशप्रदीपकः । श्रीविष्णुब्रह्मनामासीत् सर्व्वलोकोपकारकः ।

अनुवाद

ॐ । शिवजीलाई नमस्कार छ । श्रीपशुपतिको चरणकमलका धूलोले फुस्रो कपाल भएका, ... शत्रुलाई जितेका, आफ्नै कामले सिँगारिएका, सफा कीर्तिका किरणले चन्द्रमा जस्तै सुहाएका, श्रीस्थिति मल्ल भन्ने नामले पृथ्वीमा प्रख्यात भएका राजा नेपालमा हुनुहुन्छ ।

रघुकुलमा जन्मेका उनकी (स्थिति मल्लकी) पृथ्वीमा प्रादुर्भाव भएकी लक्ष्मी भएकी, शत्रु राजाहरूका श्रीपेचका फूलले पाउ सिँगारिएकी, पतिव्रता, खूब धर्म-कर्म गर्ने, सुन्दरी, ठूलो प्रतापको आगोले शत्रुका घमण्डरूपी वनलाई डढाएकी राजल्लदेवी भनी प्रख्यात भएकी पत्नी हुनुभयो ।

उहाँ (राजल्लदेवी)का जेठा छोरा सबै गुण भएका, ठूलो कीर्ति भएका, बूढापाकाको सेवा गर्ने, मद चढेका बनैया मत्ता हात्ती जस्ता राजाहरूमा सिंह जस्ता भएका, मानिसहरूको सेवा गर्न स्वर्गबाट पृथ्वीतलमा ओर्लेका, विष्णु जस्ता भएका, प्रख्यात भएका, श्रीजयधर्म मल्ल हुनुहुन्छ ।

उहाँ (राजल्लदेवी)का माहिला छोरा कुमार श्रीजयज्योतिर्मल्लदेव धनुर्वेदमा सधैं अभ्यास गरेका अर्जुन जस्ता हुनुहुन्छ ।

उहाँ (राजल्लदेवी)का कान्छा छोरा, धर्मले कीर्तिले शोभाले युक्त भएका, रघुकुलमा पैदा भएका चन्द्रमा जस्ता श्रीकीर्ति मल्ल हुनुहुन्छ ।

चन्द्र सूर्य आगोको जस्तो तेज भएका यी कुमारहरूलाई छोडेर मर्त्यलोकमा कीर्ति फैलाएर कीर्तिमात्र बाँकी रहेकी, उहाँ (राजल्लदेवी) अकस्मात् स्वर्गे हुनुभयो । उहाँ महारानी स्वर्गे भएबाट, जून अस्ताए झैं सुर्ताले आकुलव्याकुल भएको दिशाविदिशामा हाहाकार मच्चिएको संसार अँध्यारो भयो !

स्वर्गमा गएकी उहाँ महारानी राजल्लदेवीलाई अमृतपान बढोस् भन्नाका लागि उनै (महारानी)का नाउँले श्रीस्थिति मल्ल राजाले सुनको चहकिलो धारा बनाउनुभयो ।

भगीरथले महादेवको शिरबाट गङ्गाजीको पानी ल्याए झैं ठूलो मेहनतले धेरै टाढाबाट पानी ल्याएर बिग्रिएर थोत्रो पानी आउन छोडेको यो धारालाई आठै अङ्ग पुगेको, सितिमिति नपाइने, असल पानीको प्रवाह भएको पारी राजा स्थिति मल्लले बनाउनुभयो । पुर्खाहरूले बनाएको राम्रो यो सुनधारालाई कायदासँग फेरि स्थापना गरेर राजा श्रीजयस्थिति मल्लले उहाँ महारानी (राजल्लदेवी)लाई लख गरी बनाउनुभएको हो । ... यज्ञ गरीकन पाँच किसिमको रेशमी कपडाले युक्त भएका पात्रहरूले ठूलो उत्सव गराएर धेरै सामान जम्मा गरेर त्यस(धारा)को प्रतिष्ठा गरियो ।

यो पुण्यले गर्दा अघाउने गरी असल अमृत पान गर्दै ठूला देवताहरूले पाउ पुजिएकी भएर राजल्लदेवीको स्वर्गमा वास होस्।

ने.सं. ५०८ (वि.सं. १४४४) मार्गशुक्ल दशमी बृहस्पतिवार रेवतीनक्षत्रमा गुणले सफा भएका श्रीस्थिति मल्ल नाम भएका राजाले छोरासहित भएर स्वर्गमा रहेकी राजल्लदेवीका निमित्त सुनधाराको प्रतिष्ठा गर्नुभयो।

जसले डाहा गरी यो धारा बिगार्छन्, ती मानिस नरक परून्। तिनीहरूको रोगले मरण होस्, तिनीहरूलाई आपत् पनि परोस्। जो यसको रक्षा गर्छन्, ती मानिस स्वर्ग जान पाऊन्, तिनीहरूको आयु कीर्ति ऐश्वर्य पनि बढोस्।

सबै राजाहरूले काम क्रोध लोभ मोह मद मात्सर्य छोडून्। विद्वान् ब्राह्मणहरू वेद पढ्ने होऊन्, दुनियाँहरूको बढिबढाउ होस्। बादलहरू सधैं बखतमा बर्सून्, पृथ्वीमा बालीनाली होस्। यज्ञ गर्नेहरूले अग्निमा होमेको पदार्थलाई देवताहरूले सधैं लिऊन्।

स्वस्ति श्रीश्रीपशुपतिनाथका पाउरूपी कमलका धूलोले कपाल फुस्रो हुनाले पवित्र भएका श्रीमानेश्वरीको वरले पाएको तरवारले अरू राजामाथि हुकूम चलाउने श्रीजयस्थितिराज मल्लले... श्रीदेवतालाई यो धारा अर्पण गर्नुभयो। ने.सं. ५०८ (वि.सं. १४४४) मार्गशुक्ल दशमी बृहस्पतिवार रेवतीनक्षत्र वरियान्योग गरकरण ... त्यस वेला देवपत्तनमा सबै लोकको उपकार गर्ने राजवैद्य असल ब्राह्मण श्रीविष्णुब्रह्म नामका थिए।

५८ सङ्ख्या



[५९ सङ्ख्या]

काठमाडौँ न्हैकंबहीको ने.सं. ५०८ को अभिलेख

काठमाडौँ लगनस्थित कीर्तिपुण्यविहार (न्हैकंबही)मा बुद्धमन्दिरको भित्तामा टाँसिराखिएका ताम्रपत्रमा यो अभिलेख कुँदिएको छ। यहाँ ने.सं. ५०८ छ।

शङ्करमान राजवंशीद्वारा *पूर्णिमा* ४ पूर्णाङ्कका ५४-५५ मा अनुवादसहित सर्वप्रथम यो छापिएको हो।

मूलपाठ

१. ॐ यो बुद्धचिंतां प्रकरोति जन्मी कायेन वाचा मनसा च वित्तैः। स एव साक्षाद् भगवान्मुनीन्द्रस्तस्मै नमो धर्म्मधुरं-
२. धराय ॥१॥ स्वस्ति श्रीमदनेकपुण्यनिलये नैपालदेशे शुभे राजा राजगुणालयः प्रविदितः सर्वार्थिकल्प-
३. द्रुमः। सम्यग्धर्मनयप्रचारकुशलः षड्वर्गवांछारतः श्रीमान् श्रीस्थितिराजमल्ल इति यो लोकार्तिरक्षाव्र-
४. ती ॥२॥ तस्यावनीशस्य पृथुप्रसादात्प्रवर्द्धमानोरुयशोविभूतिः। श्रीरंगचन्द्रस्थविरात्मजोऽभूच्छ्रीमानचन्द्रो
५. भुवि माननीयः ॥३॥ सर्व्वार्थिने सर्व्वमिदं मया स्वं सदा प्रदातव्यमिति प्रतिज्ञा। अशेषलोकव्यसनानि हन्तुमासीद्यदीयं
६. महती च चिन्ता ॥४॥ यः कीर्तिपुण्याख्यमहाविहारे स लक्षहोमं पितुराज्ञयादौ। हैमं सकूटं वरकोष्ठपालं वज्रास-
७. नं स्थापयति स्म बुद्धं ॥५॥ तत्कोष्ठपालायतनं त्रिभौमं पुरं विनिर्माय च तत्र देवं। श्रीहेरुकं यामलकं सलक्षहोमं प्रति-
८. ष्ठापितवान्स भूयः ॥६॥ पुनश्च तस्योपरि पंच हैमान्देदीप्य-मानान्कलशान्सकेतून्। आरोप्य लक्षाहुतिदानपूर्व्वं
९. तेषां प्रतिष्ठामकरोत्स एव ॥७॥ स्वात्मार्ज्जितैः सद्द्रविणैर्व्ययित्वा सत्वोपकारैकरसार्द्र-सुश्रद्धया बुद्धपदाभिलाषी। सत्वोपकारैकरसार्द्र-
१०. चेताः श्रीहर्सरामेण सहानुजेन ॥८॥ स शाक्यवंशोदधिजातचन्द्रः श्रीरंगचन्द्रात्मजमानचन्द्रः। श्रीज्ञानचन्द्रेण
११. सुतेन भूयः प्रवेशितः श्रीजिनधर्ममार्ग्गे ॥९॥ बुद्धालये रंगनके विहारे गांधुलिभट्टारकदेवतारं। निर्माय हेम्ना

१२. विधिवंत्सलक्षाहुति प्रतिष्ठापयति स्म बुद्धं ॥१०॥ अष्टोत्तरे पंचशते गतेऽब्दे नैपालिके ज्येष्ठशिते दशम्यां तिथो-
१३. त्तरे फाल्गुणसंज्ञके भे शुद्धयाख्ययोगे भृगुवासरे च ॥११॥ तस्य पुण्यबलेनैव सर्व्वेऽनुत्तरयायिनः । सन्तु सत्वा म-
१४. हासत्वबोधिचर्यापरायणाः ॥१२॥ श्रेयोऽस्तु सम्वत् ५०८ ज्येष्ठशुक्लदशम्यां उत्तरफाल्गुणनक्षत्रे शुद्धियोगे
१५. शुक्रवासरे ॥ राजाधिराजपरमेश्वरपरमभट्टारकश्रीश्रीजयस्थितिराज-मल्लदेवस्य विजयराज्ये ॥ शुभमस्तु ॥

अनुवाद

जुन प्राणीले शरीरले वचनले मनले धनले बुद्धको ध्यान गर्छ, त्यही नै साक्षात् भगवान् बुद्ध हुन्छ । धर्मको भारलाई धारण गर्ने त्यसलाई नमस्कार छ ।

कल्याण होस् । अनेक पुण्यको घर भएको असल नेपाल देशभर राजगुणले युक्त भएका, प्रख्यात भएका, सबै माग्नेहरूका कल्पवृक्ष जस्ता भएका, राम्ररी धर्म र नीति प्रचार गर्न सिपालु भएका, षड्वर्ग चाहने, लोकको दुःख हर्ने व्रत लिएका श्रीस्थितिराज मल्ल राजा हुनुहुन्छ ।

उहाँ राजाको ठूलो निगाहले यश र ऐश्वर्य बढेका स्थविर (थकाली) श्रीरङ्गचन्द्रका छोरा इज्जतदार श्रीमानचन्द्र छन् । सबै माग्नेहरूलाई यो सबै धन मैले सधैं दिनुपर्छ भन्ने उनको प्रतिज्ञा छ तथा सम्पूर्ण लोकको दुःख हटाउन उनी सधैं चिन्ता गर्दछन् । उनै मानचन्द्रले बाबुको आज्ञाले पहिले कीर्तिपुण्यमहाविहारमा लक्षहोम गरीकन सुनको कूट कोष्ठपाल वज्रासन बुद्धलाई स्थापना गरे । उनैले फेरि ती कोष्ठपालको तीनतले मन्दिर बनाएर लक्षहोम गरीकन त्यहाँ यामलक, श्रीहेरुक देवतालाई स्थापना गरे । फेरि उनैले त्यसमाथि ध्वजासहित भएका पाँचवटा सुनका चहकिला गजूर गरेर लक्षहोम र दान गरी तिनीहरूको प्रतिष्ठा गरे । प्राणीहरूको उपकार गरूँ भनी चिताइरहने, मुक्त हुन चाहने शाक्यवंशी श्रीरङ्गचन्द्रका छोरा ती मानचन्द्रले भाइ हर्षराम र छोरा ज्ञानचन्द्रसाथ बुद्धमार्गमा श्रद्धापूर्वक मन लगाइकन आफैंले कमाएको पैसा खर्च गरेर फेरि रंगनक (लगन) विहारको बुद्धमन्दिरमा गांधूलिभट्टारक बुद्धदेवको सुनको मूर्ति बनाएर विधिपूर्वक लक्षहोम गरी ने.सं. ५०८ (वि.सं. १४४५) ज्येष्ठशुक्ल दशमी तिथि उत्तरफल्गुनीनक्षत्र सिद्धियोग शुक्रवारमा स्थापना गरे । त्यस पुण्यको बलले सबै अनुत्तरदायी सत्त्व महासत्त्वहरू बोधिचर्यामा लागेका होऊन् ।

ने.सं. ५०८ (वि.सं. १४४५) ज्येष्ठशुक्ल दशमी उत्तरफल्गुनीनक्षत्र सिद्धियोग शुक्रवारमा महाराजाधिराज परमेश्वर परमभट्टारक श्रीश्रीजयस्थितिराज मल्लदेवको विजयराज्यमा । शुभ होस् ।

५९ सङ्ख्या



[६० सङ्ख्या]

फर्पिङ गोरखनाथको ने.सं. ५११ को अभिलेख

फर्पिङ बजारको पश्चिमतर्फ पहाडमा गोरखनाथपादुकास्थान रहेको छ । सो पादुकासँगै यो अभिलेख कुँदिएको शिला रहेको छ । यहाँ ने.सं. ५११ छ ।

*मेडिईभल् हिस्ट्री अफ् नेपाल्*का १३४-१३५ पृष्ठमा लुछियानो पेतेकद्वारा सर्वप्रथम यस अभिलेखको केही अंश छापिएको हो । पछि डिल्लीरमण रेग्मीद्वारा *मेडिईभल् नेपाल्* तेस्रो भागको ३१ पृष्ठमा यो अभिलेख सम्पूर्ण छापिएको छ ।

मूलपाठ

१. ॐ श्रीगोरक्षनाथपादुकेभ्यो नमः ॥ श्रेयोऽस्तु सम्वत् ५११ माघशुक्ल-श्रीपंचम्यां तिथौ ॥ उत्तरभद्रनक्षत्रे ॥ सिधियोगे ॥ बुद्धवासर ॥ राजाधिराजप-

२. रमेश्वरपरमभट्टारकश्रीश्रीजयस्थितिराजमल्लदेवस्य विजयराज्ये ॥ श्रीशिखरापुरीनगर्यां श्रीजयजथसिंहदेवैः सभ्रातृभिः प्रतिपालितायां ॥ तत्र

३. गिरिवरऋषितटगुहावरजोगीश्रीअचिन्तनाथजसराजेन ॥ पाषाणेन श्रीश्रीश्रीगोरक्षपादुका प्रतिनिर्म्मीय तस्मिन्दिने प्रतिष्ठापितमिति शुभं ॥

अनुवाद

ॐ ! श्रीगोरखनाथका पादुकालाई नमस्कार ! ने.सं. ५११/वि.सं. १४४७ माघशुक्ल श्रीपञ्चमी उत्तरभद्रनक्षत्र सिद्धियोग बुधवारको दिन राजाधिराज परमेश्वर परमभट्टारक श्रीश्रीजयस्थितिराज मल्लदेवको विजयराज्यमा श्रीजयजथसिंहदेवले भाइहरूका साथ श्रीशिखरापुरी (फर्पिङ) शहरको प्रतिपाल गरिरहेको वेलामा त्यहाँ (फर्पिङमा) ऋषितट पहाडको गुफाका असल जोगी श्रीअचिन्तनाथ जसराजले श्रीश्रीश्रीगोरखनाथका ढुङ्गाका पादुका बनाई यस दिन प्रतिष्ठा गरे । कल्याण होस् ।



६० सङ्ख्या

[६१ सङ्ख्या]

ललितपुर उवाबहीको ने.सं. ५११ को अभिलेख

ललितपुर उवाबही देवस्थलको पर्खालमा यो ताम्रपत्राभिलेख रहेको छ । यहाँ ने.सं. ५११ छ ।

*मेडिईभल् हिस्ट्री अफ् नेपाल्*को १३५ पृष्ठमा लुशियानो पेटेकद्वारा यस अभिलेखको केही अंश सर्वप्रथम छापिएको हो । पछि डिल्लीरमण रेग्मीद्वारा *मेडिईभल् नेपाल्* तेस्रो भागका ३१-३३ पृष्ठमा सम्पूर्ण यो अभिलेख छापिएको छ ।

मूलपाठ

१. ॐ स्वस्ती ॥ श्रीमत्‌देवा(व)तारं जिनगुनरत्नं स्थापितं बुद्धविम्बञ्च चक्रममूर्ति मूर्ति सुरवरनमितं देवनाथं नमामि । सत्वानां तीर्यमानां न-

२. नकनुदधे तूर्यमानं मनुख्यः संसारात्सागरातः प्रथितजिनरविवरहस्तं दधानं ॥ भूमिन्दूभूतोऽब्दे सुविश्चितयमवारेन्दुमृक्षानिले

३. इष्टे कीटलग्ने तुलगते शशी सुरद्विषो चार्यहोरा ... शिंहान् ... । धवं सुद्धभावे जहाति तद्देवावतारं महारयोः प्रति-

४. ष्टामेवं तदा ॥ अथ कलिराजवर्ष ४४९२ विक्रमराजवर्ष १४४४ शकराजवर्ष १३१३ श्रीमत्नेपालिकः श्रेयोऽस्तु ॥ सम्वत् ५११ प्रथमाषाढशुक्ल-

५. दशम्यायां घटि २५ वेला एकादश्यायां तिथौः कपिलदिने ॥ धनिकरने ॥ शशिहोरायां स्वातिनक्षत्रघटि ४९ तस्मिननेव नक्षत्रे प्रतिस्थापि-

६. तं शिवजोगघटि १५ प्रसिधिजोगे ॥ सोमवासरे त्मीन ॥ लटापटांग्रज्य दोखल्लास्त ॥ मीथुनराशिगते सविस्तरि तुलराशिगते चन्द्रमशि ॥ दिवं-

७. गतभिक्षुश्रीजयसिंहथवरभद्रेणः संमकारितः श्रीजयश्रीमहाविहारियः ॥ दानपटयः श्रीरुद्रवर्णमहाविहारवास्थीत ॥ शाक्यभिक्षु श्रीजय-

८. चंदनीयहिंस भ्राताभिक्षुश्रीराजनायकहिंस ॥ कनिष्ठभ्राता-हंसराजचाहिंस ॥ अनुजभ्रातासहदेवचाहिंस ॥ जेष्ठभ्रातापुत्र-जयतराजचाहिंस भ्राता-

९. सहेन ॥ एते दानपतिसमुहेन ॥ श्रीजसश्रीमहाविहारिः श्रीमतश्रीश्रीदेवावटारगधुह्निभटारिकस्यं लक्षाहुतिःप्रभृतिभिः सुप्रति-स्थापित भवति

१०. राजाधिराजपरमेश्वरपरमभटारिकस्य श्रीश्रीजयस्थितिराजमल्लदेवस्य विजयराजे ॥ श्रीललितपटने ॥ श्रीमानिगलश्रीश्रीमनिकुमारस्ये-

११. वित ॥ श्रीपात्र मुक्तमनि श्रीत्रीभयपात्रानां वर्तमानकालेः ॥ कृत्वा लक्षाहुति नूनं स्थापितं बुद्धविम्बकं ॥ आचार्यसुबोधिजीवेन सुसमाहितः ॥



६१ सङ्ख्या

[६२ सङ्ख्या]

ललितपुर कुम्भेश्वरको ने.सं. ५१२ को अभिलेख

ललितपुरको प्रसिद्ध कुम्भेश्वरस्थानमा यो अभिलेख कुँदिएको शिलापत्र रहेको छ। यहाँ ने.सं. ५१२ छ।

यो अभिलेख सर्वप्रथम सेसिल बेण्डालद्वारा *ए जर्नी अफ् लिटरेरि यान्ड् आर्कियोलजिकल् रिसर्च् इन् नेपाल् यान्ड् नर्दर्न् इण्डियाका* ८३-८७ पृष्ठमा छापिएको हो। पछि *इतिहास-संशोधन* ३ सङ्ख्याको १२ पृष्ठमा धनवज्र वज्राचार्य र ज्ञानमणि नेपालद्वारा यसको केही अंश शुद्ध पाठ र अनुवादसहित छापिएको छ। पछि *मेडिईभल् नेपाल्* ३ भागका ३३-३५ पृष्ठमा डिल्लीरमण रेग्मीद्वारा बढी शुद्धसँग यो छापिएको छ।

मूलपाठ

१. ॐ स्वस्ति श्रीमन्नेपालिकसम्वत् ५१२ वैशाखकृष्णषष्ट्यां तिथौ ॥ गरकरणे ॥ विस्वमुहूर्त्ते
२. श्रवणनक्षत्रे ॥ ऐन्द्रयोगे ॥ आदित्यवाशरे ॥ श्रीललितपत्तननगरोत्तमे ॥ श्रीश्रीमन्म-
३. णिकुमारसप्तफणावलीमणिकिरणसंद्योतायमानश्रीनागराजाधिष्ठिते ॥ परमेश्वरपरम-
४. भट्टारकश्रीमानेश्वरीवरलब्धप्रसादअसुरनारायणेत्यादिविविधविरुद-राजावलीपूर्व्व-
५. (क)समस्तप्रक्रियासमलंकृतमहाराजाधिराजश्रीश्रीमत्‌जयस्थितिराज-मल्लदेवेन संभुज्यमान-
६. विजयराज्ये ॥ श्रीमत्सप्तकुटुम्बजप्रधानमूर्त्यंगमहापात्रश्रीत्रिभयपात्र-प्रमुखादिभिः संपाल्य-
७. माने ॥ श्रीमानीगलोत्तरस्थाने ॥ अस्ति तत्र महातीर्थः कुंभतीर्थ इति स्मृतः। यत्रेष भगवान्देवः श्री-
८. कुम्भेश्वरशंकरः ॥ तस्याग्नेयदिशि स्थाने विघ्नराजश्च वाशुकी। दक्षिणे मातरः सर्व्वाः पितृतीर्थस्त-
९. (दुत्त)रे ॥ वायव्यां चैव दिग्भागे गौरी पुस्करिणी च ते। ऐशान्यां केशवश्चैव मध्ये कुम्भेश्वर-

१०. शिवः ॥ कुंभर्षिमुनिमुख्येन यत्तीर्थेऽपि तपः कृतं । आराधितो महादेवस्तेन कुंभे-

११. श्वरः स्मृतः ॥ पुष्करिण्यां च यत्तोये यः करोत्यवगाहनं । श्रावणे पूर्ण्णिमाश्यां वै सोपि स्वर्ग्ग-

१२. मवाप्नुवात् ॥ यत्पादाम्बुजसंपूतं निर्म्मलं दुरितापहं । प्रणालिकामुखद्वारात्तोयं वहति

१३. नित्यशः । यत्तीर्थोद्भववारिणा सुनियतं स्नात्वा नरो नित्यशः पीत्वा वारि सुनिर्म्मलं किमथवा कृत्वा

१४. मुखक्षालनम् । नित्यं योप्यभिवन्दते प्रतिदिनं श्रीदेवकुम्भेश्वरं भुक्त्वा सर्व्वसुखानि याति नगरीं सों-

१५. ते पुरीं शाम्भवीं ॥ बभूव तत्र कुम्भेशः प्रासादरहितः परं । आवासमात्रसंछन्नस्थितः कुम्भेश्वरः

१६. शिवः ॥ अस्ति पुण्याब्धिसंभूतो जयभीमो नरोत्तमः । पाद्गेंसिंकोगृहस्थाने समावासी धनेश्वरः

१७. ॥ परोपकारव्यवशायशीलो दाता गुणज्ञो हि परं विवेकी । पुत्रोत्तमोयं गणवर्म्मणोऽसौ साक्षा-

१८. त् हरिश्चन्द्र इवैष धीरः ॥ तस्यांगना महाशीला अनंतलक्ष्मीति विश्रुता । पीडिता ज्वररोगेन मुमू-

१९. र्छ शयने च सा ॥ तां जीवयितुं प्राज्ञोऽसौ जयभीमो विचक्षणः । कुंभेश्वररालयं कर्तुं प्रतिज्ञा कृ-

२०. तवांस्ततः ॥ न रक्षिता तथाप्येवं नीता स्वर्ग्गं शिवेन सा । स्वां वाचं प्रतिरक्षार्थं करोति स्म शिवालयं

२१. ॥ द्वितीया अभयलक्ष्मी च अभयदेवसुतस्तथा । जयतेजोनुजस्तस्य तेषां सुसंमतेन च ॥ कृत्वा दे-

२२. वालयं रम्यं प्रासादं हि सतोरणं । विशोधीकृत्य भूमिं च प्राकारैः परिवेष्टितं ॥ कृत्वा चातुर्म्मुखं

२३. कोशं सौवर्ण्णं रत्नमण्डितं । ढिःकिणीं सुविचित्रां च ढोकित्वा परमेश्वरं ॥ कृत्वा लक्षाहुतिं तस्मिन् वेद-

२४. घोषै सुमंगलैः । समारोपितवांस्तत्र सुवर्ण्णकलसध्वजं ॥ अनेन कृतपुण्येन चातुर्वर्ण्णादयो ज-

२५. नाः । प्राप्नुवंतु महासौख्यमंते च परमम्पदं ॥ येनाकारि महेश्वरस्य भवनं विष्णोस्तथान्यस्य वा तस्मि-

२६. न् काष्ठशिलेष्टकं निपतितं कुर्व्वंति ये स्थापनं ॥ तेषामेव सुखं भवत्यनुदिनं भूत्वा धनाढ्यं नरास्तेऽ-

२७. न्ते यान्ति पुरीं शिवस्य नगरीं मोदन्ति तस्मिन्सदा ॥ शुभं भवतु सर्व्वेषां शिवं भवतु सर्व्वदा: ॥ ॥

अनुवाद

ॐ । कल्याण होस् । ने.सं. ५१२ (वि.सं. १४४९) वैशाखकृष्ण षष्ठी गरकरण विश्वमुहूर्त श्रवणनक्षत्र ऐन्द्रयोग आदित्यवारको दिन श्रीश्रीमणिकुमार र सातवटा फणाका मणिको किरण सुहाएको, श्रीनागराजको वासस्थान भएको, असल शहर ललितपुरमा परमेश्वर परमभट्टारक श्रीमानेश्वरीबाट वरप्रसाद पाएका असुरनारायण इत्यादि अनेक प्रशस्ति भएका, आफ्नै सारा कामले सिँगारिएका, महाराजाधिराज श्रीश्रीजयस्थितिराज मल्लदेवको विजयराज्यमा श्रीसप्तकुटुम्बज (सातपरिवारका) प्रधान मूर्त्यङ्ग तीन प्रमुख महापात्रले शासन चलाइरहेको बेलामा श्रीमानीगलको उत्तरपट्टि कुम्भतीर्थ भनी कहलाएको ठूलो तीर्थ छ । जहाँ भगवान् कुम्भेश्वर महादेव छन् । त्यसको आग्नेयपट्टि गणेश र वासुकि छन् । दक्षिणपट्टि मातृदेवताहरू छन् तथा पितृतीर्थ छ । उत्तर र वायव्यपट्टि गौरी र पोखरी छन् । ईशानपट्टि केशव छन् । बीचमा कुम्भेश्वर महादेव छन् । त्यसैले कुम्भेश्वर कहलाएका छन् ।

श्रावणपूर्णिमाको दिन यहाँको पोखरीमा जसले स्नान गर्छ, त्यो मानिस पक्का स्वर्ग पुग्छ । जसको (कुम्भेश्वरको) चरणकमलले पवित्र भएको, पाप नाश गर्ने सफा पानी धाराद्वारा जहाँ सधैं बग्दछ । जो मानिस यस तीर्थको पानीले राम्ररी नुहाएर अथवा पानीको आचमन गरेर अथवा मुख धोएर प्रतिदिन कुम्भेश्वरको वन्दना गर्दछ, त्यो मानिस यहाँ हरकिसिमका सुख भोग गरेर अन्त्यमा शिवपुरीमा जान्छ ।

त्यहाँ (पहिले) कुम्भेश्वरको ठूलो मन्दिर थिएन र छाप्रो जस्तो मात्र थियो । त्यहीं कुम्भेश्वर महादेव रहेका थिए । पाद्गोसिंको भन्ने ठाउँमा बस्ने धर्मात्मा, धनी, परोपकार गर्ने बानी भएका, दानी, गुण जान्ने, विवेक भएका, गणवर्माका छोरा, हरिश्चन्द्र जस्ता धैर्यशाली, असल मानिस जयभीम छन् । तिनकी असल स्वभाव भएकी अनन्तलक्ष्मी नाउँ भएकी पत्नी ज्वररोगले गर्दा ओछ्यानमा मूर्छा परिन् । बुद्धिमान् जयभीमले तिनलाई बचाउन कुम्भेश्वर महादेवको मन्दिर बनाउँछु भनी भाकल गरे । तिनी त बचिनन्, महादेवद्वारा तिनी स्वर्गलोगमा लगिइन्, तर आफ्नो प्रतिज्ञा पूरा गर्न (तिनले) शिवको मन्दिर बनाउन लाए ।

अर्की पत्नी अभयलक्ष्मी, छोरा अभयदेव, भाइ जयतेजको अनुमति लिई तिनले तोरणसहितको राम्रो देवमन्दिर बनाउन लाए, चारैतिर पर्खाल बनाउन लाए, रत्नले सिँगारिएको चतुर्मुख सुनको कोश र गजबको ढिःकिणी बनाउन लगाई

महादेवलाई चढाए । त्यस वेला लक्षाहुति यज्ञ गरी मङ्गल गर्ने वेदपाठको साथै मन्दिरमा सुनको गजूर चढाए । यस पुण्यले चार वर्ण आदि जनताले ठूलो सुख पाऊन् तथा अन्त्यमा परमपद पाऊन् । जो महादेवको मन्दिर वा विष्णु आदि अरू देवताको मन्दिर बनाउँछन्, त्यसमा काठ, ईंट, ढुङ्गा थप्छन्, तिनीहरू धनी हुन्छन्, सधैं सुखी हुन्छन्, अन्त्यमा शिवपुरीमा जान्छन्, त्यहाँ आनन्दसँग रहन्छन् ।

सबैलाई सधैं कुशलमङ्गल रहोस् ।

६२ सङ्ख्या



[६३ सङ्ख्या]

चाँगुनारायणको ने.सं. ५१३ को अभिलेख

चाँगुनारायणभण्डारमा रहेका बत्ती बाल्ने पानसहरूमध्येको एउटा पानसमा यो अभिलेख कुँदिएको छ। यहाँ ने.सं. ५१३ छ।

यो अभिलेख *चाँगुनारायणका ऐतिहासिक सामग्री*को १६५ पृष्ठमा मोहनप्रसाद खनालद्वारा अनुवादसहित सर्वप्रथम छापिएको हो।

मूलपाठ

१. शुभ ॥ दोलषापट्टननिवाशित ‸ शुभराजनाम्ने स्वार्थपूनहेतुनां ‸ श्रीश्रीश्रीदोलागिरीनिवाशितगरुडनारायन-

२. स्यार्थन ‸ संप्रढोषितं ‸ कांश दिवा ठिमेक ‸ कार्त्तिकमासमेकदिवा प्रज्वलितं ॥ सम्वत् ५१३ जेष्ठवदि ८ शुभ।

अनुवाद

शुभ। दोलखाशहरका निवासी शुभराजले मनको इच्छा पूरा होस् भनी दोलागिरीमा विराजमान हुनुभएका श्रीश्रीश्रीगरुडनारायणलाई कार्तिक महिनामा बत्ती बाल्नको लागि काँसको दियो चढाए।

ने.सं. ५१३ (वि.सं. १४५०) ज्येष्ठकृष्ण अष्टमी। शुभ।

[६४ सङ्ख्या]

बनेपाको ने.सं. ५१४ को अभिलेख

बनेपाको पश्चिमी ढोकास्थित जलद्रोणीको उत्तरतर्फको पर्खालमा टाँसिएको सूर्यमूर्तिको तल्लो भागमा यो अभिलेख कुँदिएको छ। यहाँ ने.सं. ५१४ छ।

डिल्लीरमण रेग्मीद्वारा *मेडिईभल् नेपाल्* तेस्रो भागका ३५-३६ पृष्ठमा सर्वप्रथम यो अभिलेख छापिएको हो ।

मूलपाठ

कर्माआचार्ययोगाः ॥

१. ॐ ॐ नमः सूर्याय ॥ नमस्ते सूररूपाय सूर्याय करुणात्मने ।
सप्ताश्वरथरूढाय वन्देहं स्वर्ग्गदायिणे ॥ श्रीमत्श्रीजयसिंहराम-
राज्ञस्यानुजश्रीमत्श्रीमदनरामयो पालितौ श्रीवणिकापूरीस्थाने ॥
२. संस्थापिता आदित्यमूर्त्तिदेवता ॥ द्विजश्रीराजश्रमेन यय्यमानाः सर्व्वैः ॥
विषुदेव ‸ सुगतिराम ‸ पदमसीह ‸ जसराज ‸ मनू ‸ तेज ‸ भीम ‸
रहस्पति ‸ जय ‸ वन ‸ जगसीह ‸ जीवा ‸ लषयि ‸ मेगराम ‸ धर्म्म ‸
३. जयतराज ‸ जोती ‸ अनन्तब्रह्म ‸ उल्हास ‸ वटासाहू ‸ रामसी ‸ जयत
आस ॥ ॥ देवसिल्पिन्यञ्च विश्वकर्म्मणस्यात्मजौ राजमूलमी ‸
जयतमूलमीकेण निर्मिता ॥ यजमान-
४. स्य व्रतसंपूर्ण्णार्थे ॥ चतुर्दशोत्तरे बानसते गतेब्दे नेपालिके
तपसप्तम्यां तिथौ गुरुवासरे रेवतीनक्षत्रे सिद्धियोगे ॥ धार्म्मिकोस्तु
महीपालाः लोका सन्तु निरामया भूमि श-
५. स्यवतीश्चास्तु काले वष्यन्तु तोयदा ॥ ॥ शुभमस्तु सर्व्वजगताम् ॥ ॥

अनुवाद

ॐ ॐ । सूर्यलाई नमस्कार । दयालु, सातघोडे रथमा चढेका, स्वर्ग दिने सूर्य देवतालाई म ढोग्दछु ।

श्रीश्रीजयसिंहराम राजा र उहाँका भाइ श्रीश्रीमदनरामले प्रतिपाल गरेको वणिक्पुरी (बनेपा)मा सूर्य देवताको मूर्तिको प्रतिष्ठा ब्राह्मण श्रीराजश्रमद्वारा गरियो ।

यजमान यी सबै हुन् - विष्णुदेव, सुगतिराम, पद्मसिंह, जसराज, मनू, तेज, भीम, रहस्पति, जय, वन, जगसिंह, जीवा, लखयि, मेगराम, धर्म, जयतराज, ज्योति, अनन्तब्रह्म, उह्लास, वटासाहू, रामसी, जयत, आस ।

कालिगड विश्वकर्माका छोरा राज मूलमी र जयत मूलमीले देवताको मूर्ति बनाएका हुन् ।

ने.सं. ५१४ (वि.सं. १४५०) माघ सप्तमी बृहस्पतिवार रेवतीनक्षत्र सिद्धियोगमा यजमानहरूको व्रत पूरा पार्न (देवस्थापना) गरिएको हो ।

राजा धर्मात्मा होऊन् । दुनियाँ निरोगी होऊन् । पृथ्वी अनाजले भरिएको होओस् । बखतमा पानी परोस् । सबै संसारको कल्याण होस् ।

सङ्ख्या ४३

[६५ सङ्ख्या]

चाँगुनारायणको गहनाको अभिलेख

चाँगुनारायणभण्डारमा रहेको गहनामा यो अभिलेख कुँदिएको छ ।

*चाँगुनारायणका ऐतिहासिक सामग्री*को १६६ पृष्ठमा मोहनप्रसाद खनालद्वारा सर्वप्रथम यो अभिलेख अनुवादसहित छापिएको हो ।

मूलपाठ

१. शुभ ॥ श्रीश्रीश्रीगरुडनारायणअर्चनार्थेन ् श्रीभक्तापूलि ् पूषूर्वन्ता ् जयतसिंहन ् थ्व षूंति दोहोरपाङा तत अर्चनेण पुत्रपौत्रादिल-

२. क्ष्मीवृद्धिरस्तु

अनुवाद

शुभ । श्रीश्रीश्रीगरुडनारायणमा भक्तिभाव राखी श्रीभक्तपुर पुखुरवन्ताका जयसिंहले यो खुंति (गहनाविशेष) चढाए । यो चढाएको पुण्यले पुत्रपौत्रादि लक्ष्मी वृद्धि होस् ।

[६६ सङ्ख्या]

भक्तपुर अनन्तलिङ्गेश्वरको अभिलेख

भक्तपुरको प्रसिद्ध सूर्यविनायकमन्दिरको दक्षिणतर्फको पहाडमा अनन्तलिङ्गेश्वरको मन्दिर रहेको छ । सो मन्दिरको दक्षिण-पश्चिम कुनासँगैको भित्तामा रहेको जलहरीमा यो अभिलेख अनुवादसहित कुँदिएको छ ।

यो अभिलेख *मध्यकालीन अभिलेख*को १४ पृष्ठमा मोहनप्रसाद खनालद्वारा सर्वप्रथम छापिएको हो ।

मूलपाठ

१. ॐ नमः शिवाय ॥ सम्वत ... माघशुक्ल-
२. त्रयोदशीप्रचतुर्दश्यां तिथौ श्रवणनक्षत्र व्यातिपा-
३. तयोगे बृहस्पतिवासरे श्रीश्रीराजल्लदेव्या विजये श्री-
४. ... शगन... दद्यांपन शुभ जगतां ..

[६७ सङ्ख्या]

नालाको ने.सं. ५१७ को अभिलेख

नालाको प्रसिद्ध जलद्रोणीसँगैको उत्तरतर्फको पर्खालमा रहेको सूर्यमूर्तिको तल्लो भागमा यो अभिलेख कुँदिएको छ। यहाँ ने.सं. ५१७ छ।

डिल्लीरमण रेग्मीद्वारा *मेडिईभल् नेपाल्* तेस्रो भागका ४१-४२ पृष्ठमा सर्वप्रथम यो अभिलेख छापिएको हो।

मूलपाठ

१. १ ॐ नमोः भास्करायः ॥ श्रेयोस्तु ॥ सम्वत् ५१७ मार्गशुक्ल ॥ सप्तमितिथौ ॥ अश्विननिनक्षेत्र ॥ शुभजोग ॥
२. आचार्यउपाध्याविप्रश्रीजिवाजुस ॥ श्रीश्रीशिवशिङ्गरामरायस एकछत्र ॥ कनेष्टअमात्यश्रीश्रीसक्ती-
३. शिंङ्गरामस्य उभयस्य विजयराज ॥ विसक्रमाराज मुलमिस व जयत मूलमिस उभयस्य क्रनि ॥ श्रीना-
४. लंउपरीमस्थाने ॥ जोजमान गोपति मुलमिस ्‌ शमुचय नाना लोक एक चेतन। श्रीश्रीसूर्य सदृय-
५. कं सप्तमिव्रत ्‌। संपोर्ण्णा यंङा जुरों। पुनि पात्र ॥ कल्यान शुभ सर्व्वदा थजुर शुभमस्तु ्‌ सवादा ॥

अनुवाद

ॐ। सूर्यलाई नमस्कार। कल्याण होस्। ने.सं. ५१७ (वि.सं.१४५३) मार्गशुक्ल सप्तमी अश्विनीनक्षत्र शुभयोगमा आचार्य उपाध्याय ब्राह्मण श्रीजीवाजु। एकछत्र शासन गर्ने श्रीश्रीशिवसिंहराम राय कान्छा अमात्य श्रीश्रीशक्तिसिंहराम दुवैको विजयराज्यमा विसक्रमराज मूलमी र जयत मूलमी दुवैको पालामा श्रीनाला उपरिस्थानमा यजमान गोपति मूलमी आदि अनेक मानिसहरू मिली एकचित्त गरी सप्तमीव्रत सम्पूर्ण गरी सूर्यको ढुङ्गे मूर्ति स्थापना गरियो। सधैं कुशल मङ्गल रहोस्।



६७ सङ्ख्या

[६८ सङ्ख्या]

पनौतीको ने.सं. ५२१ को अभिलेख

पनौतीमा इन्द्रेश्वरको प्रसिद्ध मन्दिर रहेको छ । सो मन्दिरका पुजारी रामजीप्रसाद जङ्गमको संग्रहमा रहेका ताम्रपत्रहरूमध्ये एउटामा यो अभिलेख कुँदिएको छ। यहाँ ने.सं. ५२१ छ।

रामजी तेवारी, धनवज्र वज्राचार्य र दिनेशराज पन्तद्वारा *पूर्णिमा* १४ पूर्णाङ्कका १३०-१३२ पृष्ठमा अनुवादसहित सर्वप्रथम यो अभिलेख छापिएको हो ।

मूलपाठ

१. ॐ नमः श्रीगोपीनारायणाय ॥ स्वस्ति ॥ एषा पूर्ण्णवती रम्या ख्याता नेपालमण्डले । यत्रास्ते भगवा-
२. न्देवः श्रीमानिंद्रेश्वरः शिवः ॥ अत्रासीज्जयसिंहरामनृपतिः प्रख्यातभूमण्डले श्रीमान् श्रीभगवान्
३. शिवः पशुपतिर्येन प्रतिष्ठापितः । येनैवापि जयार्ज्जुनो नरपतिः पुष्याभिषेकः कृतो येनासौ स्थिति-
४. राजमल्लनृपतिः पट्टाभिषेकीकृतः ॥ कृत्वा येन तुलार्च्चनम्मधुरिपुं संस्थाप्य चेन्द्रेश्वरे दत्तन्तत्र स्वदे-
५. हतुल्यकनकं ग्रासे रवे राहुना । भूयश्चापि हिरण्यनिर्मितरथं साश्वन्तथा हास्तिनं रम्यं कल्पत-
६. रुं च विप्रविदुषे दानम्प्रदत्तम्महत् । साष्टादशम्भारतपर्व्वपुण्यं शास्त्रं समालेखयति स्म
७. धीरः । आरण्यपर्व्वाख्यमिदं हि श्रुत्वा जगाम स्वर्गं जयसिंहरामः ॥ नेपाले शशिनेत्र-
८. पञ्चकगते मासे सिते कार्त्तिके चाश्विन्यां सचतुर्दशीतिथिविधौ सूर्ये व्यतीपातके ।
९. राज्याङ्गानि निधाय बान्धवजने लोकानुकंपाकरो दुर्देवाज्जयसिंहरामनृपतिः श्रीवि-
१०. ष्णुलोकं ययौ । हाहाहा जयसिंहरामनृपते प्रत्यक्षकल्पद्रुमो विप्राणामपि चार्थिनाञ्च

११. विदुषां षड्दर्शनानां तथा । सर्व्वाशापरिपूरणाय सुफलः सत्कीर्त्तिपुष्पान्वितः कष्टं दैव-
१२. वशात्स एव विटपी लूनो यमेनाधुना । तद्रूपप्रतिमां हैमां गोपिनारायणन्ततः । कृत्वा
१३. चतुर्म्मुखन्देवम् शिवस्य प्रतिमां पुनः । अस्मिन् पुरवरे रम्ये स्थापितम्परमेश्वरम् । यावच्चं-
१४. द्रार्क्कपर्यन्तं सुस्थिरत्वेन तिष्ठतु ॥ सम्वत् ५२१ कार्त्तिकशुक्लचतुर्द्दश्यान्तिथौ ॥ अश्विनीनक्ष-
१५. त्रे ॥ व्यतीपातयोगे ॥ आदित्यवासरे ॥ थ्व दिन कुन्हुं महामंत्रीश्वर जयसिंहराम वड महाथ
१६. भारोस श्रीविष्णुलोक संप्राप्त जुया दिन जुरों । थ्व उदेशनान श्रीगोपिनारायण परमभट्टारक-
१७. स श्रीपरमेश्वरीस सहित याङन सुवर्णप्रतिमा द्वयकं जयसिंहराम वड महाथ भारोस प्रतिरू-
१८. प लीन याङन प्रतिष्ठा याङन थ्व पूलस समान याङा दिन कुन्हु थापरपा जुरों । चतुर्मुख सुवर्ण्णकोश
१९. श्रीश्रीइन्द्रेश्वर सदाशिव भट्टारकस डोहोरपा जुरों ॥ दंश दंश थ्वस संवच्छलो दिन कुन्हु श्रीश्रीपशुपति-
२०. सकेनो श्रीचंगुसनो श्रीविष्णुतीर्थसनो पंचामृतस्नान याय ‸ लिंछिया ब्राह्मणसनो लिंछीयां भिक्षुजुसनो वंगजिभोगये
२१. याङन लुं डोहरपा द्वं जुरों ॥ शुभः ॥

अनुवाद

ॐ । श्रीगोपीनारायणलाई नमस्कार । कल्याण होस् । यो राम्रो पूर्णवती (पनौती शहर) नेपालमण्डलमा प्रख्यात छ । जहाँ भगवान् श्रीइन्द्रेश्वर महादेव रहनुभएको छ । यस शहरमा प्रसिद्ध जयसिंहराम राजा हुनुहुन्थ्यो । उहाँले भगवान् श्रीपशुपति स्थापना गर्नुभयो । राजा जयार्जुनको पुष्याभिषेक उहाँले नै गर्नुभएको थियो । राजा स्थितिराज मल्लको पट्टाभिषेक उहाँले नै गर्नुभएको थियो । उहाँले यहाँ इन्द्रेश्वरमा गोपीनारायणको स्थापना गरी सूर्यगहणमा सुवर्णतुलादान गर्नुभयो । फेरि घोडासहित सुनको रथ, हात्ती र राम्रो कल्पवृक्षसमेत गरी ठूलो दान विद्वान् ब्राह्मणलाई दिनुभयो । धैर्यशाली उहाँले महाभारतका अठाह्रै पर्व लेखाउनुभयो । (आखिरमा) वनपर्व सुनी उहाँ जयसिंहराम स्वर्ग जानुभयो । ने.सं. ५२१ (वि.सं. १४५७) कार्तिकशुक्ल चतुर्दशी आदित्यवार अश्विनीनक्षत्र

व्यतिपातयोग यस दिन राजपाठ दाजुभाइहरूमा बिसाई लोकउपर दया गर्ने उहाँ जयसिंहराम राजा दैवयोगले स्वर्ग जानुभयो । बाहुन, विद्वान्, जोगी, गरीबगुरुवा सबैको आशा पुऱ्याउनका लागि फलले लटरम्म भएको, असल यशरूपी फूलले धपक्क ढाकेको प्रत्यक्ष कल्पवृक्ष जस्तो भएको, जयसिंहरामको त्यही रूख (शरीर) अपशोच ! अहिले यमराजद्वारा ढालियो ।

अनि उहाँको सुनको सालिक, गोपीनारायणको मूर्ति, इन्द्रेश्वर महादेवको चतुर्मुख प्रतिमा बनाई यहाँ राम्रो शहरमा स्थापना गरियो । चन्द्र सूर्य रहुन्जेल यी स्थिर भई रहून् । ने.सं. ५२१ (वि.सं. १४५७) कार्तिकशुक्ल चतुर्दशी आदित्यवार अश्विनीनक्षत्र व्यतिपातयोग यस दिन मुख्य महामन्त्री जयसिंहराम वड महाथ स्वर्गे हुनुभयो । उहाँलाई लक्ष्य गरी देवीसहित श्रीगोपीनारायण देवको सुनको मूर्ति बनाई त्यसमा जयसिंहराम वड महाथको रूप लीन गराई यहाँ शहरमा स्थापना गरियो । श्रीश्रीइन्द्रेश्वर महादेवलाई चतुर्मुख र सुनको कोश चढाइयो । प्रतिवर्ष यस दिन श्रीश्रीपशुपति, श्रीचाँगुनारायण र श्रीविष्णुतीर्थमा पञ्चामृतस्नान गराउनू । ब्राह्मण, भिक्षुहरूलाई भोजन गराउन सुन पनि चढाइयो ।

[६९ सङ्ख्या]

पशुपतिनाथको ने.सं. ५२३ को अभिलेख

पशुपतिनाथ मन्दिरको उत्तरतर्फको पर्खालमुनि ठडिएर रहेको एउटा शिलापत्रमा यो अभिलेख कुँदिएको छ। यहाँ ने.सं. ५२३ छ।

*मेडिईभल् हिस्ट्री अफ् नेपाल्*को १४३ पृष्ठमा लुशियानो पेटेकद्वारा यस अभिलेखको केही अंश सर्वप्रथम छापिएको हो । पछि डिल्लीरमण रेग्मीद्वारा *मेडिईभल् नेपाल्* तेस्रो भागका ३९-४० पृष्ठमा सम्पूर्ण यो अभिलेख छापिएको छ ।

मूलपाठ

१. ॐ ॐ नमः शिवाय ॥ येषां भवेष्वचरजंगमसर्व्वकारं । जीवत्व-
२. मेति वरमोक्षपदं प्रदो यः । कर्पूरहारहिमकामृतपू-
३. र्ण्णदेही कारुण्यमूर्त्तिधर पान्तु सदाशिवो वः ॥ ॥ स्वस्ति सम्व-
४. त्सरे ५२३ माघशुक्लपूर्णिमायां चन्द्रग्रासे मघनक्षत्रे शुक्रमजोगे बु-
५. द्धवासरे ॥ श्रीश्रीपरमभट्टारकजुवराजजयधर्म्ममल्लदेवस्य मध्य-
६. मानुजश्रीश्रीजयज्योतिर्मल्लदेवस्य कनिष्ठानुजश्रीश्रीकीर्तिम-
७. ल्लदेवस्य ॥ तेषां विजयराज्ये । श्रीदामोदरभट्टस्य पुत्रदाताश्रीकृष्णभ-
८. ट्टमणिभार्ज्यामाकृर्तिलक्ष्मीपुत्ररामसिंहसहितेन ॥ ॥
९. पोस्यं च्वंम्वपिस्यं खनकं नवगंठि श्रीमच्छ्रीश्रीसोमेश्वरभट्टारकस
१०. भूमि स मतथु गंठिगंङ श्रीजयपति - सोमेशरमिश सुप्रतिष्ठा य-
११. ज्ञ याचकन जुरो ध्वजारोहण जुरों ॥ अनेन तस्य पुण्येन राजा
१२. भवतु धार्मिकः । काले वर्षा धनश्चास्तु लोका भद्रंतु सर्व्वदा ॥ थ्व
सुनां लोपा ... जुनिलाकू थ्व जुरो ॥
१३. लिंप्वा यातंसां पञ्चमहापातक ... जुनिलाकू थ्व जुरो ॥
१४. थ्व सुनां प्रतिपाल यातंसा थ्व जंमस जीवन मोक्ष शुभमस्तु ॥ ॥

अनुवाद

ॐ ॐ । महादेवलाई नमस्कार । जसबाट चर अचर सारा संसारले जीवन पाएको छ, मुक्ति दिने कर्पूर मोतीको माला, चन्द्रले शरीर पूर्ण भएका, दयालु ती महादेवले तिमीहरूको रक्षा गरून् ।

कल्याण होस् । ने.सं. ५२३ (वि.सं. १४५९) माघशुक्ल पूर्णिमा मघानक्षत्र सुकर्मायोग बुधवारको दिन चन्द्रग्रहणको अवसरमा श्रीश्रीपरमभट्टारक युवराज जयधर्म मल्लदेव, उहाँका माहिला भाइ श्रीश्रीजयज्योतिर् मल्लदेव, कान्छा भाइ श्रीश्रीजयकीर्ति मल्लदेव, उहाँहरूको विजयराज्यमा श्रीदामोदर भट्टका छोरा श्रीकृष्ण भट्टले पत्नी कीर्तिलक्ष्मी, छोरा रामसिंहसहित भई अघि रहेको भत्काई श्रीसोमेश्वर देवताको नयाँ ग्रन्थकूटमन्दिर बनाई प्रतिष्ठा गरियो । यज्ञ गराई गजूर, ध्वजा चढाइयो ।

तिनको यस पुण्यले राजा धर्मात्मा होऊन् । बखतमा पानी परोस् । लोकको भलो होस् । यो कसैले लोप गरे भने पञ्चमहापातक लागोस् । प्रतिपाल गरे भने यही जन्ममा जीवनमोक्ष होस् । शुभ होस् ।

६९ सङ्ख्या



[७० सङ्ख्या]

ललितपुर थंबुटोलको ने.सं. ५२३ को अभिलेख

ललितपुर थंबुटोलमा रहेको जलद्रोणीमा यो अभिलेख कुँदिएको छ । यसमा ने.सं. ५२३ छ ।

*मेडिईभल् हिस्ट्री अफ् नेपाल्*को १४३ पृष्ठमा लुशियानो पेटेकद्वारा यस अभिलेखको केही अंश सर्वप्रथम छापिएको हो । पछि *मेडिईभल् नेपाल्* ३ भागको ४० पृष्ठमा डिल्लीरमण रेग्मीद्वारा सम्पूर्ण यो अभिलेख छापिएको छ ।

मूलपाठ

१. ९ ॐ श्रीयोस्तुः ॥ सम्वत् ५२३ वैशाषकृष्णदसंम्यायां तिथौ ॥ रेवति(नक्षत्रे)
२. आयुष्मानयोगे बुद्धवासरे । वृषराशिगते सवितरि मीनराशिग(ते च)-
३. न्द्रे ॥ जुवराजराजश्रीश्रीजयधर्म्ममल्लदेवस्य विजयराज्ये ॥ श्री (मानि)-
४. गलाधिपश्रीदक्षिणविहारथंबुश्रीब्रह्मपूरिस्थाने स्थितं कपंजी ...
५. र थ्व दिन कोन्हु प्रतिष्ठा याङा जुरं ॥ द्विजवर मूर्त्यङ्ग आचार्य श्रीजय...
६. यकजुसं ॥ यजमान मूर्त्यङ्ग अग्निहोत्र...यकश्री...जुसं ॥ थ्वत्ये ...
७. थान समूहसुन वासर ल्होङा जुय्वं ॥ थ्व गुठि ... जुय्वं ल्यंगव-
८. अग्निशालाश थोंङता ॥ श्रीनकविहारक्रमी ... अने(न पु)-
९. ण्येन सकलराष्ट्रायां चतुर्वर्ण्णजनानाञ्च ... श्री ...
१०. दिलोकानां सकलसत्त्वानां ...
११. गल वृद्धिर(स्तु) ... षिति ...

अनुवाद

ॐ । कल्याण होस् । नें.सं. ५२३ (वि.सं. १४६०) वैशाखकृष्ण दशमी रेवतीनक्षत्र आयुष्मान्योग बुधवार वृषराशिमा सूर्य रहँदा मीनराशिमा चन्द्रमा रहँदा युवराज राजा श्रीश्रीजयधर्म मल्लदेवको विजयराज्यमा श्रीमानीगलका अधिपको अन्तर्गत श्रीदक्षिणविहार थंबु श्रीब्रह्मपुरीस्थानमा रहेका यो दिन प्रतिष्ठा गरियो । असल ब्राह्मण मूर्त्यङ्ग आचार्य श्रीजय ... यजमान मूर्त्यङ्ग अग्निहोत्री ... । यी र स्थानीय जनसमूहले ... जीर्णोद्धार गरियो । यस गूठीबाट बचेको ... अग्निशालालाई दिनू । श्रीनकविहारका कर्मी ...

यस पुण्यले चार वर्ण आदि सारा राष्ट्रवासीहरूको ... सबै प्राणीहरूको मङ्गल होस् ।

७० सङ्ख्या



[७१ सङ्ख्या]

ललितपुर सुनधाराको ने.सं. ५२४ को अभिलेख

ललितपुर सुनधारास्थित शिवमन्दिरसँगै यो अभिलेख कुँदिएको शिलापत्र रहेको छ। यसको निकै भाग भग्न छ। यहाँ ने.सं. ५२४ छ।

नरहरिनाथद्वारा *इतिहास-प्रकाश* पहिलो भागको ५९ पृष्ठमा सर्वप्रथम यो अभिलेख छापिएको हो । पछि शङ्करमान राजवंशीद्वारा *पूर्णिमा* ५ पूर्णाङ्कको १४ पृष्ठमा यस अभिलेखको केही अंश सुधारी छापिएको छ।

मूलपाठ

१. ꣽ ॐ नमः शिवाय ॥ अथ॥ श्रीकलिगतवर्ष ४५०५ श्रीविक्रमराजव-
२. र्ष १४६१ श्रीशकराजवर्ष १३२६ श्रीमन्तःनेपालिकः। श्रेयोऽस्तु ॥ संवत् ५
३. २४ चैत्रकृष्ण ॥ अष्टम्यायां तिथौः ॥ उत्तराषाढनक्षत्रे ॥ साध्ययोगे ॥ बृहस्पतिवा-
४. शरे ॥ युवराजराजाधिराजश्रीश्रीमज्जयधर्ममल्लदेवस्य विजयराज्ये ॥ श्रीश्रीकुमारदेवता-
५. धिष्ठितश्रीनोगलस्थाने ॥ श्री ... रका सदाशिवस्यालये परमा-
६. चार्य ... श्रीजयराज नायकजुस ...माचा
७. ... वहार- शचंद भारोशः दा-
८. ... श्रीहनायगणः पुत्र मेघनाथ-
९. ... मेगराज भारोशः मेगचंन्द्र भा-
१०. ... श्रीसदाशि-
११. ... य ...

अनुवाद

ॐ । महादेवलाई नमस्कार । अनि कलिगतसंवत् ४५०५ विक्रमसंवत् १४६१ शकसंवत् १३२६ नेपालसंवत् ५२४ चैत्रकृष्ण अष्टमी उत्तराषाढानक्षत्र साध्ययोग बृहस्पतिवारको दिन युवराज राजाधिराज श्रीश्रीजयधर्म मल्लदेवको विजयराज्यमा श्रीश्रीकुमारदेवताको अधिष्ठान भएको नोगलटोलमा ... श्रीसदाशिवको मन्दिरमा ठूला आचार्य ... जयराज नाइकेको परिवार ... ... मेघनाथ मेघराज ... मेघचन्द्र भारोहरूले ... सदाशिव...

७१ सङ्ख्या



[७२ सङ्ख्या]

पशुपतिनाथको अभिलेख

पशुपतिनाथ मन्दिरको पश्चिमतर्फको प्राङ्गणमा यो शिलालेख रहेको छ।

यो अभिलेख *संस्कृत-सन्देश* १ वर्ष १०-११-१२ अङ्कका ४६-४९ पृष्ठमा रामजी तेवारी, देवीप्रसाद भण्डारी र शङ्करमान राजवंशीद्वारा सर्वप्रथम छापिएको हो।

मूलपाठ

१. ९ ॐ नमो भगवते श्रीशंकरनारायणाय ॥ यौ तौ शंखकपालभूषणकरौ मालाक्षि-
२. मालाधरौ देवौ द्वारवतीश्मसाननिलयौ नागारिगोवाहनौ । द्वित्र्यक्षौ बलिदक्षयज्ञमथ-
३. नौ श्रीशैलजावल्लभौ पापं मे हरतां सदा हरिहरौ श्रीवत्सगंगाधरौ ॥ स्वस्ति ॥ राजाधिरा-
४. जपरमेश्वरपरमट्टारकयुवराजश्रीश्रीजयधर्म्ममल्लदेवस्य विजयराज्ये ॥ श्रीश्रीभुवंत-
५. राजकुलमहामंत्रेश्वरश्री ३ पशुपतिलिंगस्थापनाचार । श्री ३ इन्द्रेश्वर-प्रासादकनककलश-
६. ध्वजावरोहनकृतसुवर्ण्णतोलापुरुषमहादानकृतराजलक्ष्मीसमालिंगित-हामंत्राधिरा-
७. जश्रीजयसिंहरामवर्द्धणेन । तदनुजसोमित्रार्ज्जुणोयमेवाचार्यमुखकमल-विनिसृता भारती-
८. नवमालिकावतंशशिरोमणिश्री ३ मदनेश्वरलिंगसंस्थापनाचारश्री-उन्मत्तभैरवादिन-
९. वमातृकाप्रासादध्वजावरोहनकृत श्री ३ त्रिपुरसुंदरीवरप्रतिलब्दपरम-माहेश्वरमहा-
१०. मात्यश्रीमदनरामवर्द्धणेन सह प्रतिपालितराज्ये । श्रीपूर्ण्णमत्या पट्टमंडप(स्था)ने स्वटंछे-
११. गृहाधिवासितेन । परमेष्ठीकुलावतारभारद्वाजगोत्रश्रीशंकरनारायणसं ... वेद-

१२. वेदाङ्गपदक्रमादिसांगोपांगोद्भवामृतास्वादसंदोहमानरघुवंशोद्भवराज-
पुरोहितद्वि-
१३. जवरोत्तमश्रीलक्ष्मीपतिआराध्यसर्म्मणः प्रपौत्रेण । श्रीपशुपतिचरण-
कमलसेवितवेदव्या-
१४ करणादिचतुर्द्दशविद्यानिधानश्रीत्रिपुरसुंदरीसमाराधितानन्दसंदोहपीयूष-
धारामृत-
१५. पूरितरघुवंशोद्भवराजपुरोहितद्विजवरोत्तमश्रीश्रीपतिआराध्यसर्म्मणः
पौत्रेण क-
१६. मलासनकुलावतंशविध्वस्त श्री३पशुपतिलिङ्गप्रतिष्ठाकृताचार्यश्री ...
१७. प्रासादध्वजावरोहणादिप्रतिष्ठाकृत श्री३त्रिपुरसुंदरीचरणक(मल)... वे-
१८. दाङ्गमंत्रनयव्याख्यानोपदेशपरमगुरुरघुवंशोद्भवंराजपुरोहित ...
१९. रयणपतिआराध्यसर्म्मणः कनिष्ठपुत्रेण माताश्रीतेजलक्ष्मीगर्भोद्भ ...
२०. तारराजोपाध्यायद्विजवरोत्तमश्रीरहंसपतिआराध्यसर्म्मणानुजे ...
२१. राजोपाध्यायद्विजवरोत्तमश्रीरणपतिआराध्यसर्म्मणानुजेन ॥ श्री ...(चर)-
२२. णारविंदपरिसेवितेन । श्री ३ शंकरनारायणपादपद्मपरागपरिपिंज ...
२३. श्री ३ मानेश्वरीपराशक्तिपादेन । परमधार्म्मिकेन । परमावदात ...
२४. मलकीर्तिपरंपरापूरितासामहीमण्डलेन । षडान्वयागमकुमुदनीवन ...
२५. णगरिमवेदवेदाङ्गविशारदेन । श्री ३ त्रिपुर(सुं)दरीवरप्रसादप्रति ...
२६. परमामृतानंदितमाहेश्वरावदातपरममाहेश्वरेण । श्री ३ इन्द्रेश्वरप्रा-
(सादध्वजा)-
२७. वरोहणादि(सुव)र्ण्णतुलापुरुषमहादानप्रति ... पुरुषोत्तम ...
२८. क्रियावि ... नरघुवं(शो)द्भवराजपु ... मश्रीराज ...
२९. ध्यसर्म्मणः ... कादश ... श्रीपशुपति ...
३०.... कनकलश ...
३१.... त्यां समायु ...
३२.... युत ... श्रीश्रीजयत ...
३३. ...वरिश ... तीयासंग्र ...
३४. ... मनि ... चार्यश्री ...
३५.... अनेन दा ...
३६. ... सवाम्वेवा ...
३७.... दातोत्तमः सौष्ठ ...
३८. पद्म ... म शुधाधाराप्ल ...
३९.... महामाहेश्वरे सोगु ...

४०. ... द्वितीयपौषमासे ...
४१. ... वासरे ॥ राजाधिरा ...
४२. ... ग विजयराजस श्री ...
४३. ... हाथ भारोसन किंज ...
४४. ... प्रतिपालया ...
४५. ... तिआराध्यसर्म्मण सजुया छ्य ...
४६. ... । राजपुरोहितद्विज ... रयणया
४७. ... ह्मकाय राजपुरोहित ...
४८. ... । एकादशीधर्म्म ...
४९. ... शंकरनारा ...
५०. ... सलुंगज ...
५१. ... कन्यादान ...
५२. ... रीसाकाय ...
५३. ... स आयु ... क्ष्मीप्रताप ऐ ...
५४. ... त्वयाव ... (सु)खपरत्रमोक्षसंप्राप्ताः भव...

अनुवाद

ॐ । भगवान् श्रीशङ्करनारायणलाई नमस्कार । शङ्ख र कपालले सिँगारिएका, हातमा माला र अक्षमाला लिने, द्वारवती बस्ने र श्मशानमा बस्ने, गरुड वाहन भएका र साँढे वाहन भएका, दुइ आँखा भएका र तीन आँखा भएका बलिलाई मथन गर्ने र दक्षप्रजापतिको यज्ञ मथन गर्ने, लक्ष्मीका प्यारा र पार्वतीका प्यारा, श्रीवत्स लिने र गङ्गा लिने जुन हरि (विष्णु) हर (महादेव) छन्, ती दुइले सधैं मेरो पाप हरून् ।

कल्याण होस् । राजाधिराज परमेश्वर परमभट्टारक युवराज श्रीश्रीजयधर्म मल्लदेवको विजयराज्यमा श्रीश्रीभुवंत राजकुलका महामन्त्री श्री ३ पशुपतिको लिङ्ग स्थापना गरेका, श्री ३ इन्द्रेश्वरको मन्दिरमा सुनका कलश र ध्वजा चढाएका, पुरुषको सुवर्णतोला महादान गरेका, राजलक्ष्मीले युक्त भएका, महाराजाधिराज श्रीजयसिंहरामवर्द्धन तथा उहाँका भाइ लक्ष्मण र अर्जुन जस्ता, सरस्वती वास भएका, (विद्वान्)हरूमा शिरोमणि भएका श्री ३ मदनेश्वरलिङ्ग स्थापना गरेका, श्रीउन्मत्त भैरव आदि र नवमातृकाको मन्दिरमा ध्वजा चढाएका, श्री ३ त्रिपुरसुन्दरीबाट वर पाएका, परममाहेश्वर, महामात्य श्रीमदनरामवर्द्धन मिली राज्यको प्रतिपाल गरिरहेको बेलामा पूर्णमती (पनौती) पट्टमण्डपस्थान स्वटंछेमा बस्ने, ब्रह्मकुलमा जन्मेका, भारद्वाजगोत्रका, श्रीशंकरनारायण ... गरेका, वेदवेदाङ्गका सारा अङ्गउपाङ्ग चाख मानी राम्ररी अध्ययन गरेका, रघुवंशी राजाहरूका पुरोहित, असल ब्राह्मण श्रीलक्ष्मीपति आराध्यशर्माका पनाति,

श्रीपशुपतिका चरणकमलको सेवा गर्ने, वेद व्याकरण आदि चौधै विद्या पढेका, श्रीत्रिपुरसुन्दरीको आराधनाबाट भएको आनन्दरूपी अमृतको धाराले तृप्त भएका, रघुंवशी राजाका पुरोहित, असल ब्राह्मण श्रीश्रीपति आराध्यशर्माका नाति, ब्राह्मणकुलमा जन्मेका, ध्वस्त पारिएका श्री ३ पशुपतिको लिङ्ग प्रतिष्ठा गर्दा आचार्य बनाइएका ... को मन्दिरमा ध्वजा चढाउने काम प्रतिष्ठा गरेका, ... वेदवेदाङ्ग मन्त्रने व्याख्यान गर्ने र पढाउने काममा ठूला गुरु भएका, रघुवंशी राजाका पुरोहित ... रणपति आराध्यशर्माका कान्छा छोरा, आमा तेजलक्ष्मीको गर्भबाट जन्मेका ... राजोपाध्याय, असल ब्राह्मण श्रीरणपति आराध्यशर्माका भाइ ... चरणकमलको धूलोले कपाल फुस्रो भएका, श्री ३ मानेश्वरी पराशक्ति पाद भएका, परम धार्मिक, अति सफा ... कीर्ति पृथ्वीमा फैलिएका षट्शास्त्र र वेदवेदाङ्गमा सिपालु भएका श्री ३ त्रिपुरसुन्दरीबाट वरप्रसाद पाएका हुनाले ... अत्यन्त आनन्दित भएका, परममाहेश्वर श्री ३ इन्द्रेश्वरको मन्दिरमा ध्वजा चढाउँदा, सुवर्णतोला महादान गर्दा ... (आचार्य भएका) रघुवंशी राजाका पुरोहित, श्रीराज ... आराध्यशर्माले ... श्रीपशुपति ... सुनको गजूर ...श्रीश्रीजयत ... दोस्रो ल्याइते पत्नी ... यो दानले ... दानीहरूमा श्रेष्ठ ... सुन्दर .... महामाहेश्वर ...

... द्वितीय पौषमा ... वारमा । राजाधिराज ... को विजयराज्यमा महाथ भारोका भाइ ... सँग मिली राज्यको प्रतिपाल गरिरहेको वेलामा । ... आराध्यशर्माका ... राजपुरोहित ब्राह्मण ... एकादशीधर्म ... शङ्करनारायण ... कन्यादान ...

आयु ... लक्ष्मी प्रताप ऐश्वर्य बढून् । यो लोकमा सुख अर्को लोकमा मोक्ष होस् ।

७२ सङ्ख्या



[७३ सङ्ख्या]

फर्पिङ कोछुटोलको ने.सं. ५२७ को अभिलेख

फर्पिङको कोछुटोलस्थित प्रसिद्ध भङ्केश्वरीमन्दिरमा यो अभिलेख रहेको छ। यहाँ ने.सं. ५२७ छ।

*मेडिईभल् हिस्ट्री अफ् नेपाल्*को १४४ पृष्ठमा लुशियानो पेटेकद्वारा यस अभिलेखको केही अंश सर्वप्रथम छापिएको हो। पछि *मेडिईभल् नेपाल्* तेस्रो भागका ४२-४४ पृष्ठमा डिल्लीरमण रेग्मीद्वारा यो अभिलेख सम्पूर्ण छापिएको छ।

मूलपाठ

१. ॐ नमो देव्यै ॥ स्वस्ति नेपालभूखण्डे ख्याता श्रीशिखरापुरी। गोपालेशोपि यत्रा-
२. स्ते विष्णुतीर्थेशमाधवः ॥ त्रिक्रमेश्वरदेवोपि यूथेश्वरसदाशिवः। भंकेश्वरी
३. तथा देवी राजंते यत्र देवताः ॥ तत्क्षणे चास्ति नृपतिर्नेपाल-मंडलाधिपः। जुवराजाधि-
४. राजश्रीश्रीजयधर्ममल्लकः ॥ सुरकीकुलचंद्रोसौ श्रीजयजैत्रसिंहकः। श्रीजययोधसिं-
५. हश्च श्रीरामसिंहकस्तथा ॥ श्रीदेवसिंह इत्येते शिखरापत्तनाधिपाः। वीराः प्रतापवंतश्च
६. नीतिज्ञा जितवैरिणः ॥ प्रजानुरक्ता धर्मज्ञाः कल्पवृक्षा इवार्थिनां। एतैर्भूपतिभिर्नित्यं
७. पालिता शिखरापुरी ॥ तत्रास्तेऽसुरसंहारी भगवत्युग्रचंडिका। भग्नालयस्थिता देवी सं-
८. छन्नावासमात्रकैः ॥ मतिर्बभूव तत्कर्त्तुं शक्तिदत्तस्य धीमतः ॥ तेनालयं कृतं देव्याः
९. शक्तिदत्तेन धीमता ॥ सहदत्तोनुजस्तस्य जयतसिंहस्तथापरः। सर्वाणीश्चानूजश्चापि
१०. तेषां ससंमतेन च ॥ कृत्वा लक्षाहुतिं यज्ञं सुवर्ण्णकलशध्वजं। आरोपितं तु तत्रैव शक्ति-

११. दत्तेन तद्दिने ॥ नगनेत्रशरे वर्षे फाल्गुणे शुक्लपक्षके । तृतीयायां शुक्लयोगे रेवत्यां
१२. शुक्रवासरे ॥ पुण्येनानेन भूपानां राष्ट्राणां मंगलादिकं । लक्ष्मी वृद्धिं च भवतु यजमा-
१३. नस्य सर्वदा ॥ ॥ शुभ श्रेयोऽस्तु सम्वत् ५२७ फाल्गुनशुक्लतृतीयायां तिथौ ॥ रेवती-
१४. नक्षत्रे ॥ शुक्लयोगे ॥ शुक्रवाशरे ॥ समस्तप्रक्रियासमलंकृत-युवराजाधिराजश्री-
१५. श्रीमज्जयधर्ममल्लदेवस्य विजयराज्ये ॥ श्रीश्रीझंकेश्वरीवरलब्ध-प्रसादेत्यादिविरु-
१६. दावलीविभ्राजमानसमस्तप्रक्रियासमलंकृतरावुत्तश्रीजयजैत्रसिंहदेव ॥ तथा रा-
१७. वुत्तश्रीजययोधसिंहदेव ॥ तथा रावुत्तश्रीरामसिंहदेव ॥ तथा रावुत्तश्रीदेवसिंह-
१८. देव ॥ एतैर्भूपतिभिः संपालिते ॥ श्रीशिखरपत्तननगरे कोटोलस्थाने ॥ थंथ-
१९. क्वाछ्यंगृहाधिवास्तव्यकुलज्येष्ठविशुनिदासनायकस ॥ सपुत्र-परिवारान्वित ॥ तस्य
२०. बंधुजनयजमानस्य कुलज्येष्ठसीहनायकस तस्य भार्या मतिलक्ष्मीभरीस ॥ पुत्र जय-
२१. सीहनायकस तस्य भार्या द्रव्यलक्ष्मीभरीस ॥ तस्य पुत्र शक्तिदासनायकस भार्या
२२. ह्यंतनलक्ष्मीभरीस ॥ तस्य पुत्र यजमाननायकशकतिदत्तकारजीस भार्या गो-
२३. तनलक्ष्मीभरीस ॥ तस्य भ्रातृ सहदत्तभारोस भार्या जयमंजलीलक्ष्मीभरीस ॥ तस्य
२४. भ्रातृ जयतसीहभारोस भार्या पंडुनिलक्ष्मीभरीस ॥ तस्य भ्रातृ सर्वाणीभारोस
२५. तस्य भार्या जीतलक्ष्मीभरीस ॥ तनयस देवदत्तभारो मंदवदत्तभारो समयदत्तभा-
२६. रो संपूर्णदत्तभारो थ्वते सुसंमतन श्रीश्रीउग्रचंडापरमेश्वरीस ॥ प्रासाद जीर्णो-

२७. द्वार याङ सुवर्ण्णकलशत्रय ध्वजा द्वयकं लक्षाहुति यज्ञ याङनं थ्व दिन कुन्हुं प्रतिष्ठा या-

२८. ङा दिन जुरों ॥ अनेन पुण्येन सुरकीकुलभूपतीनां चातुर्वर्ण्णजनादीनां राष्ट्रानां य-

२९. जमानादीनां च आयुरारोग्यऐश्वर्यजनधनलक्ष्मीसंततिसंतानवृद्धिरस्तु ॥ ॥

७३ सङ्ख्या



[७४ सङ्ख्या]

पशुपति राजराजेश्वरीको ने.सं. ५२८ को अभिलेख

पशुपति राजराजेश्वरीमन्दिरको दायाँपट्टि यो शिलालेख रहेको छ । यहाँ ने.सं. ५२८ छ ।

यो अभिलेख *मेडिईभल् नेपाल्* तेस्रो भागका ४४-४५ पृष्ठमा डिल्लीरमण रेग्मीद्वारा सर्वप्रथम छापिएको हो ।

मूलपाठ

१. ॐ नमो महामायै ॥ श्रीनैपालिकवत्सरे वसुकरा...
२. गते माघे मास्यसिते महेश्वरतिथौ भास्वद्दिने मैत्रभे । एषा श्री ...
३. कवन्दितमहाराजेश्वरीश्रीपरां देवीयागपुरस्सरं च विधिवद्देवा ...
४. स्थापिता ॥ ० ॥ स्वस्ति श्रीमन्नैपालिकसम्वत्सरे ५२८ माघकृष्णअष्ठम्यां तिथौ
५. आदीत्यवासरे जेष्टनक्षत्रे श्रीश्रीराजाधिराजपरमेश्वरपरमभट्टारकेत्यादिश्रीश्री-
६. युवराजजयधर्ममल्लदेवतदनुजश्रीश्रीजयज्योतिमल्लदेवतदुभयस्य वि-
७. जयराज्ये ॥ ॥ श्रीमच्छ्रीश्रीपशुपतिस्थानस्य दक्षिण ...
८. या मगरमण्डलहारीतगोत्रश्रीनारायणभ(ट्टया) काय श्री ...
९. स्य श्रीश्रीश्रीपशुपतिभट्टारकचरणकमल ... पराय ... (ध)र्मात्मा
१०. ... विप्र श्रीदेवराजभट्टसन
११. भगन यांङ च्वंगस अव श्रीदेवायतन आदीन श्रीजगत्माताश्रीश्रीश्रीराजेश्व-
१२. रीश गण्डो लेपन श्रीकण्ठादि नवदुर्गास वाह ... याङन ...
१३. कं याङन ध्वजात्वं यावुं ... यावन मालकोन क्रिया याचकं श्रीदेवी प्रति-
१४. स्थापन यात्वं जुरो ॥ ॥ अनेन तस्य पुण्येन राजा भवतु धार्मिकः ॥ कालेवर्षी घन-
१५. श्चास्तु लोका नन्दन्तु सर्व्वदा ॥ ० ॥ शुभमस्तु सर्व्वजगतां ॥ ॥

अनुवाद

ॐ । महामायालाई नमस्कार । नेपालसंवत् ५२८ (वि.सं. १४६४) माघ महिना कृष्णपक्ष अष्टमीतिथि रविवार अनुराधाक्षत्रमा श्रीले वन्दना गरिएकी महाराजेश्वरी श्रीले युक्त भएकी देवी ... यज्ञादि विधिपूर्वक देवी स्थापना गरियो ।

कल्याण होस् । नेपालसंवत् ५२८ माघकृष्ण अष्टमीतिथि आदित्यवार ज्येष्ठानक्षत्रमा श्रीश्रीराजाधिराज परमेश्वर परमभट्टारकेत्यादि श्रीश्रीयुवराज जयधर्म मल्लदेव उहाँका भाइ श्रीश्रीजयज्योतिर् मल्ल देव ती दुइको विजयराज्यमा श्रीमत् श्रीपशुपतिस्थानको दक्षिण ... मगरमण्डल हारीतगोत्र श्रीनारायण भट्टका छोरा श्रीश्रीश्रीपशुपति भट्टारकको चरणकमलमा लागेका धर्मात्मा ब्राह्मण श्रीदेवराज भट्टले भक्तिपूर्वक मन्दिर बनाई श्रीश्रीराजेश्वरीलाई गलाको गहना श्रीकण्ठादि र नवदुर्गालाई वाहन चढाई ध्वजारोहण क्रिया गरी श्रीदेवी स्थापना गरे ।

यस पुण्यले राजा धर्मात्मा होऊन्, समयमा वर्षा होस्, दुनियाँ सधैं खुशी होऊन् । सबै जगत्को कल्याण होस् ।

७४ सङ्ख्या



[७५ सङ्ख्या]

चाँगुनारायणको ने.सं. ५२८ को अभिलेख

चाँगुनारायणको भण्डारमा रहेको सुवर्णपत्रमा यो अभिलेख कुँदिएको छ। यहाँ ने.सं. ५२८ छ।

*चाँगुनारायणका ऐतिहासिक सामग्री*का १६७-१६९ पृष्ठमा मोहनप्रसाद खनालद्वारा सर्वप्रथम यो अभिलेख अनुवादसहित छापिएको हो।

मूलपाठ

१. ૨ नमो नारायणाय ॥ संसाराण्र्णवतारणेकभनिमा वैकुण्ठ-रामास्यग्लवोश्लारौ ॥ पिनि किस केवनिस
२. शैलोपमेनोपहणलेर्पयः परमात्मरूपतरुके धर्म्मादिवर्गप्रदः सर्व्वेषां जगतां हिताय गुरवे तुभ्यं नमः
३. सांप्रतं ॥ स्वस्ति श्रीपशुपतिभटारिकपादानुगृहीतरघुवंशालंकार-श्रीजयस्थितिमल्लदेवचरणकमलांकितो
४. भूभागौ सहजसौजन्यगुणसंतोषितौ कृपाश्रमविस्तीर्ण्णाशी-र्व्वादधवलवदनकीर्तिपरिपुरितो शकल-
५. दिग्भूभागप्रणता । शेषभूपसामंतमौलिमालार्चितपादपद्मौ राजाधि-राजपरमेश्वरौ श्रीजयधर्म्म-
६. मल्लजोतिर्म्मल्लदेवपादा विजयिनौ ॥ नारायणचरणकमलांकित-मस्तकश्रीविद्यानिधानपरमःकरु-
७. णाद्र्दबुद्धि ॥ परानिराजभवरः सुभजेकसिंहः श्रीमान् विनीतजयभैरवमल्लदेवः ॥ ॥ नेपालहाय-
८. ने नागे युग्मबाणगते शुभे । माघपञ्चदशे पूषे आयुस्माने च भार्गवे ॥ यमनियमस्वाध्याय-
९. शालाभिरतद्विजवरश्रीगंगुप्रमुखाभिधानतेसिंहद्विजवरयेण जसनावसू-पण्डितेन तस्य स्वकी-
१०. येन विभवेन स्वर्ण्णप्रतिमाद्वारःप्रतिष्ठा कृतः ॥ सकलजन-दोलाशिखरनिसिरः परमप्र-
११. धानराजवल्लभकोष्ठनायकत्रयप्रमुखं तेजद्युति योगालिंधान जयत राज विखेश अमे-

१२. भरराजभतारिक ् रगुभाण्डरिशिल्पितारहर्षनामंभिस्त्रयःसहितनारा-
यणवरलब्दप्रसाद-

१३ महोदस्तु ॥ शाखानुसाखआराधितआदिततमोहारी ॥ यंता भंदारी ।
नीवा कमी जयते-

१४. जकस्य ् सुव्रन रचीत अनंतराजकस्य ॥ तंवकार जययताकस्यः
नेपालिकस-

१५. म्वत ५२८ माघशुक्पुनमास्या दीने पुस्वनखेत्र आयुखमानजोगे
शुक्वास(रे)

१६. शुभमस्तु सदा ॥

अनुवाद

नारायणलाई नमस्कार छ । संसाररूपी समुद्रबाट उद्धार गर्ने एक मात्र महिमायुक्त वैकुण्ठ निवासी पर्वतजस्तै ... परमात्मारूपी वृक्ष भएर धर्मादि वर्ग (धर्म, अर्थ, काम, मोक्ष) दिने भएका सम्पूर्ण जगत्को कल्याणको निम्ति गुरु भएका तपाईँलाई नमस्कार गर्छु ।

कल्याण होस् । पशुपतिभट्टारकका पाउको अनुग्रह पाएका रघुवंशको गहना भएका श्रीजयस्थिति मल्लदेवको कमलरूपी पाउले चिनु लगाएका (टेकेका) भूभाग (राज्यमा) सहज सौजन्य गुणले सन्तोष गराउने, कृपारूपी आश्रयदाता, ठूलो आशीर्वादरूपी सफा सेता मुख हुने कीर्तिले समस्त भूभाग ढाक्ने भएका सम्पूर्ण सामन्त राजाहरूका श्रीपेचका मालाले कमलजस्ता पाउ पुजिएका राजाधिराज परमेश्वर श्रीजयधर्म मल्ल र ज्योतिर् मल्लदेवहरूको जय होस् ।

नारायणको चरणकमलको निधारमा छाप लागेका, विद्याका खानि, अत्यन्त करुणाशील बुद्धि भएका, अर्काका राज्यमा घुम्ने भमरा जस्तै, असल वेलामा जन्म भएकाले एक्ला सिंह जस्तै पराकमी श्रीमान् विनयशील जयभैरव मल्लदेव हुनुहुन्छ ।

ने.सं. ५२८ (वि.सं. १४६४) माघपूर्णिमा पुष्यनक्षत्र आयुष्मान्योग शुक्वार यम नियमसँग सधैँ स्वाध्यायमा लागेका ब्राह्मणमा श्रीगंगु आदि नाउँ भएकामध्ये सिंह जस्तै श्रेष्ठ ब्राह्मण जसनावसू पण्डितले आफ्नो निजी धन लगाएर स्वर्णप्रतिमायुक्त ढोका बनाएर प्रतिष्ठा गरे ।

दोलाशिखरवासी सम्पूर्ण प्राणीलाई र अत्यन्त ठूला प्रियपात्र बैठकेहरूमध्ये तीन प्रमुख- तेजद्युति योगालिंधान जयतराज विसेख अमेभरराज भट्टारक रघु भण्डारी शिल्पी तारहर्ष नाउँ हुने तीनै जनालाई नारायणको वरप्रसाद मिलोस् ।

पहिलेदेखि नै शाखाप्रशाखाले सेवा गरिएका यंता भण्डारी, नीवा कर्मी, जयतेजको सुवर्ण बनाउने अनन्तराज तामा बनाउनेको कल्याण होस् ।

ने.सं. ५२८ (वि.सं. १४६४) माघशुक्ल पूर्णिमा पुष्यनक्षत्र आयुष्मान्योग शुक्वार । सधैँ शुभ होस् ।

७५ सङ्ख्या



[७६ सङ्ख्या]

भक्तपुर सूर्यमढीटोलको ने.सं. ५२८ को अभिलेख

भक्तपुर सूर्यमढीटोलस्थित नारायणमन्दिरको प्राङ्गणको शिलास्तम्भमा यो अभिलेख कुँदिएको छ। यसमा ने.सं. ५२८ छ।

डिल्लीरमण रेग्मीद्वारा *मेडिईभल् नेपाल्* तेस्रो भागको ४४ पृष्ठमा सर्वप्रथम यो छापिएको हो। पछि हेमराज शाक्य र तुलसीराम वैद्यद्वारा *मेडिईभल् नेपाल् (कोलोफोन्ज् यान्ड् इन्स्क्रिप्सन्ज्)*का ६७-६८ पृष्ठमा यो अभिलेख पूरा गरी छापिएको छ।

मूलपाठ

१. १ ॐ नमो नारायनाय ॥ स्वस्ति श्रीमन्ने-
२. पालिकसम्वसरे ५२८ माघशुक्लपू-
३. र्णमाश्यां तिथौ शुक्रवासरे ॥ सत्पु-
४. ण्यकीर्त्ति सुकृतेकसिन्धु नरोत्तमः ॥
५. नरोत्तमः श्रीजयधर्म(म)ल्लः। स-
६. ज्जनानंदककल्पवृक्षो तस्यानुज
७. : श्रीजयजोतिमल्लः ॥ तयो राज्ये
८. श्रीभक्तापुरीस्थाने ॥ माघीव्रतगो-
९. ष्ठीसमुच्चयेन पाषाणथंभोपरि गरु-
१०. डदेवता प्रतिष्ठा कृताः ॥ शुभ ॥

अनुवाद

ॐ। नारायणलाई नमस्कार। कल्याण होस्। ने.सं. ५२८ (वि.सं. १४६४) माघशुक्ल पूर्णिमा शुक्रवारको दिन असल पुण्य र कीर्ति भएका, धर्मात्मा मानिसमा उत्तम भएका श्रीजयधर्म मल्ल र सज्जनलाई आनन्द दिने कल्पवृक्ष जस्ता उहाँका भाइ श्रीजयज्योतिर् मल्ल दुवैको विजयराज्यमा श्रीभक्तपुरमा माघव्रत बस्ने गोष्ठीका गूठियारहरूले ढुङ्गो खामोमाथि गरुड देवता राखी प्रतिष्ठा गरियो। शुभ होस्।

७६ सङ्ख्या



[७७ सङ्ख्या]

ललितपुर हिरण्यवर्णमहाविहारको ने.सं. ५२९ को अभिलेख

ललितपुरको प्रसिद्ध हिरण्यवर्णमहाविहारमा यो अभिलेख कुँदिएको ताम्रपत्र रहेको छ। यहाँ ने.सं. ५२९ छ।

मूलपाठ

१. ॐ शुभ ॥ श्रेयोऽस्तु ॥ सम्वत् ५२९ माघकृष्णनवम्यां तिथौ ॥ जे-
२. ष्ठानक्षत्रे ॥ ह्वषणयोगे ॥ शुक्रवासरे ॥ उत्तरविहाराधिप-
३. तिश्रीश्रीचोगांवराधिस्थितश्रीहिरण्यवर्ण्णमहाविहारगणम-
४. ध्यस्थितश्रीश्रीचैत्यभट्टारकस्यालये तत्रैव वज्राचार्यश्रीदक्षज-
५. नय यास्य श्रीमेगराम थवरयासन भार्या धर्म्मपत्नी जयलक्ष्मी भरी-
६. स सहितन कन(क)कलश धजावरोहन याङा दिन जुरोः ॥ शुभमस्तु ॥

अनुवाद

ॐ। कल्याण होस्। ने.सं. ५२९ (वि.सं. १४६५) माघकृष्ण नवमी ज्येष्ठानक्षत्र हर्षणयोग शुक्रवारको दिन श्रीउत्तरविहारका अधिपति श्रीश्रीचोगांवरमा रहेको श्रीहिरण्यवर्ण महाविहारको आँगनको बीचमा रहेको श्रीश्रीचैत्य भट्टारकको मन्दिरमा त्यहींका वज्राचार्य ... श्रीमंगराम थवर र उनकी धर्मपत्नी जयलक्ष्मी भरीले सुनका कलश र ध्वजा चढाए। कल्याण होस्।



७७ सङ्ख्या

[७८ सङ्ख्या]

भक्तपुर सुकुलढोकाको ने.सं. ५३० को अभिलेख

भक्तपुर सुकुलढोकास्थित विद्यापीठमन्दिरको बाहिर दायाँपट्टि यो शिलापत्र रहेको छ। यहाँ ने. सं. ५३० छ।

यो अभिलेख *मेडिईभल् नेपाल्* तेस्रो भागका ४६-४७ पृष्ठमा डिल्लीरमण रेग्मीद्वारा सर्वप्रथम छापिएको हो।

मूलपाठ

१. ॐ नमः परशंभवे ॥ व्यक्ताव्यक्तस्वरूपाय पराय परमात्मने । यो-
२. गज्ञानाधिगम्याय नमोऽस्तु परशंभवे ॥ श्रीरत्नदेवचरणं निर्मितं चापि
३. या । आगमोक्तविधानेन प्रतिष्ठा क्रियते मुदा ॥ आकाश-वन्हिविशिखगते
४. नेपालहायने । वैशाखसितपक्षस्य तृतीयायां प्रजापतौ ॥ पक्षे वासरशी-
५. तांशौ सौभाग्ये योगसंयुते । श्रीजयज्योतिमल्लेन पालिते राज्यमुत्तमे ॥
६. आचार्यजशचन्देन पूजयित्वा विधानतः । यज्ञं चापि कृतं तेन मन्त्र-
७. मुद्रासमन्वितः ॥ श्रेयसानेन जगतां सर्व्वदास्तु निरामयं । काले वर्षतु जी-
८. मूत शश्यपूर्णा वसुंधरा ॥ अतः परं नेपालभाषा ॥०॥ श्रीयोऽस्तु सं-
९. वत् ५३० वैशाखशुक्लतृतीयायां रोहिणिनक्षेत्रे सोभाग्ययोगे सोम-
१०. वासरे श्रीत्रिपुरविद्यापीठिया द्वारपादुका स्थापनया दिन जुरों ॥ जज-
११. मान कर्माचार्य जोतिचन्द्र भास सहसराम भास हरख भास प्रभृतिन
१२. समस्त समतनं जग्य यङ थापरपा जुरो ॥ शुभमस्तु सर्व्वेषां सर्व्वदा ॥ १२ करमि आदित मूलमीस्यं ज्या यंङ पादुका जुरो

[७९ सङ्ख्या]

ललितपुर कुम्भेश्वरको ने.सं. ५३० को अभिलेख

ललितपुरको प्रसिद्ध कुम्भेश्वरमन्दिरको मूल ढोकानिर यो शिलालेख रहेको छ। यहाँ ने.सं. ५३० छ।

*मेडिईभल् हिस्ट्री अफ् नेपाल्*को १५५ पृष्ठमा लुशियानो पेटेकद्वारा यस अभिलेखको केही अंश सर्वप्रथम छापिएको हो। पछि *मेडिईभल् नेपाल्* तेस्रो भागको ४७ पृष्ठमा डिल्लीरमण रेग्मीद्वारा सम्पूर्ण यो अभिलेख छापिएको छ।

मूलपाठ

१. ॐ नमो रत्नत्रयाम ... नेपालसम्वत्सर
२. ५३० वैशाखशुक्ल् ... दश्यां ...
३. नक्षत्रे ॥ व(ज्र)योगे ॥ ... समस्त ...
४. प्रक्रियासमलंकृतराजा(धि)राजश्रीश्रीजयज्योति-
५. मल्लदेवस्य विजयराज्ये श्रीमानीगलोत्तरवि-
६. हारश्रीयोखा - हाधिवास्तव्य सुवर्ण्णकार ज-
७. सराज ब्रह्म भार्या मयलक्ष्मी भरिरस ॥ पुन
८. भार्या जातनव भरी ससम्मतेन ॥ मेसा यि-
९. ति जीर्णोद्धार याङा पाषाणरचित श्रीचैत्यभट्टा-
१०. रक सद्वयकं कुन्हु प्रतिष्ठा याङा जुरों ॥ ॥
११. यितिया नाभि ... यगाल वंकाले योयसा
१२. ङानयंतु तेव जुरों योय साङान ये मटेव जु-
१३. रो: ॥ अनेन पुण्येन सर्व्वसत्वा सुखिनो भवन्तुः ॥
१४. लिषित श्रीह्नाहवंकोवहार येताजुस ॥ शुभमस्तु ॥

अनुवाद

ॐ। रत्नत्रय (बुद्ध, धर्म, संघ) लाई नमस्कार।

ने.सं. ५३० (वि.सं. १४६७) वैशाखशुक्ल ... नक्षत्र ... योगमा आफ्ना सारा कामले सिंगारिएका, राजाधिराज श्रीश्रीजयज्योति मल्लदेवको विजयराज्यमा श्रीमानिगल उत्तरविहार श्रीयोखा ... मा बस्ने सुवर्णकार (सुनार) जसराज ब्रह्म र उनकी पत्नी मयलक्ष्मी भरी, अर्की पत्नी जातन ... भरीको सल्लाहले मेसा हिटी (मेसानामक धारा) को जीर्णोद्धार गरियो। ढुङ्गे चैत्यभट्टारक बनाई ... दिन

प्रतिष्ठा गरियो । धाराको मुहान बिग्रियो भने बनाउनुपर्छ, धारालाई हानि पुग्ने काम गर्नुहुँदैन ।

यस पुण्यले सबै प्राणीहरू सुखी होऊन् । श्रीह्राहवंकोविहारका येताजुले यो लेखेका हुन् । कल्याण होस् ।

७९. सङ्ख्या



[८० सङ्ख्या]

चाँगुनारायणको ने.सं. ५३३ को अभिलेख

चाँगुनारायणबाट हनूमान्ढोकादरबारमा ल्याइएका विभिन्न गरगहनाहरूमध्ये सुनको एउटा गहनाविशेषमा यो अभिलेख कुँदिएको छ। यहाँ ने.सं. ५३३ छ।

यो अभिलेख *चाँगुनारायणका ऐतिहासिक सामग्री*को १७० पृष्ठमा मोहनप्रसाद खनालद्वारा अनुवादसहित सर्वप्रथम छापिएको हो।

मूलपाठ

१. श्रीश्रीश्रीचंगुनारायनस्तं खुंति दोहोरपातों ‸ ववाया बाबुन दुंता थ्व पुन्यन सुष वादन ये माल्व ख शुभमस्तु सर्व्वदा

२. ᳵ सम्वत् ५३३ कार्त्तिकशु-

३. क्ल द्वादश्यायां तिथ्व।

अनुवाद

श्रीश्रीश्रीचाँगुनारायणलाई खुंति (गहनाविशेष) चढाइयो, ववाया बाबुले चढाए। यस पुण्यले सुखसमृद्धि होस्। सधैं शुभ होस्।

ने.सं. ५३३ (वि.सं. १४६९) कार्तिकशुक्ल द्वादशी तिथि।

८० सङ्ख्या



[८१ सङ्ख्या]

पशुपतिको ने.सं. ५३३ को अभिलेख

पशुपतिनाथमन्दिरको पश्चिमतर्फको प्राङ्गणमा रहेका शिलाहरूमध्ये एउटामा यो लेख कुँदिएको छ। यहाँ ने.सं. ५३३ छ।

यस अभिलेखको धेरै अंश *इन्डियन् यान्टिक्वरि* ९ वर्षका १८३-१८४ पृष्ठमा भगवानलाल इन्द्रजी र जर्ज बूलरद्वारा सर्वप्रथम छापिएको हो । पछि *संस्कृत-सन्देश* १ वर्ष १०-११-१२ अङ्कका ६९-७१ पृष्ठमा नरहरिनाथद्वारा बढी शुद्ध रूपमा सम्पूर्ण यो अभिलेख छापिएको छ । पछि *नेपालको माध्यमिक कालको इतिहास*का ३३७-३४० पृष्ठमा ज्ञानमणि नेपालद्वारा अनुवादसहित यो छापिएको छ ।

मूलपाठ

१. ॐ नमः श्रीपशुपतये ॥ श्रीश्रीनेपालखण्डे शकलमलहरे व्यापितं पुण्यभूमौ सम्भुं श्रीव-
२. त्सलेशं परमपशुपतिं पञ्चवक्त्रस्वरूपं । श्रीवाग्मत्यास्तटाले वरुणदिशि वरे वासुकीना-
३. गपूज्यं तं देवं नौमि नित्यं मुनिजनशकलैर्वन्दितं पादयुग्मं ॥ श्रीसूर्यवंशप्रभवः प्रतापी
४. श्रीपट्टवन्तः स्थितिमल्लदेवः । राजल्लदेव्याः पतिरिन्दुमूर्तिस्तस्यात्मजः श्रीजयधर्म्ममल्लः॥
५. विद्वज्जनाम्भोजविकाशभानुर्विपक्षराजोन्नतचित्तहारी । श्रीवीरनारायण-मूर्त्तिरिषः
६. श्रीधर्ममल्लो युवराजसिंहः ॥ तस्यानुजो गुणनिधिः सुकृतैकसिन्धु-श्चिन्तामणिः क्षितिरुहो-
७. पमदर्शनानां । भूदेवदेवपरिपूजनसाभिलाषी भ्राता तु मध्यजवरो जयजोतिमल्लः ॥ तस्या-
८. नुजो मदनरूपसमानदेहः सत्सुन्दरीहृदयपङ्कजभानुमूर्त्तिः । सम्मान-दानगुणल-
९. क्षणभूषितांगो भ्राता कनिष्ठरुचिरो जयकीर्त्तिमल्लः ॥ उद्दण्डक्षितिपाल-मण्डनम-
१०. णिः सन्नीतिरत्नाकरो धर्माधर्मविचारणैकचतुरः श्रीशम्भुभक्तिः सदा । पुण्यानामभि-

११. लाषचित्तसततं वांछाप्रदो धार्मिको देवः श्रीजयजोतिमल्लनृपतिः संसारदेवीपति
१२. ॥ स्वस्ति श्रीश्रीपशुपतिचरणकमलधूलधूसरितशिरोरुहश्रीमन्मानेश्वरी-वर-
१३. लब्धप्रशादितप्रणामावनिपतिमुकुटकोटिपत्रांकुररुचिरचरणपल्लव-चानक्य-
१४. प्रभृतिविद्याविद्यावदातसमस्तराजनीतिरत्नाकरनिखिलगान्धर्वविद्यागु-
१५. रुपरममाहेश्वररघुकुलकमलवनप्रकाशनैकभास्करदेवद्विजगुरुचरणा-
१६. राधनैकस्वभावषड्दर्शनाराधनैकचित्तशकलार्थिजनकल्पतरुसर्व्वगुणैक-
१७. निधानदैत्यनारायणावतारश्रीपद्माचलशिखरोपरिधर्मालयस्थाना-
१८. सृतश्रीधर्मधातुवागीश्वरमूर्त्तिःस्वयम्भुचैत्यभग्नस्थापनमहाकीर्तिभाजन-
१९. विविधविरुदावलीसमलंकृतश्रीश्रीरघुवंशावतंशमहाराजाधिराजपरमेश्व-
२०. रपरमभट्टारकश्रीमत्श्रीश्रीजयजोतिमल्लदेवेन लक्षाहुतिर्महायज्ञपू-
२१. जाभिर्गणगुरुमातृगणदेवताः समाराधयित्वा श्रीदेवपट्टनमहास्थाने श्री-
२२. श्रीपशुपतिभट्टारकस्य महाप्रासादोपरि सुवर्ण्णकलशावरोहणप्र-
२३. तिष्ठा कृता ॥ तस्य राज्ञः ॥ जामाता जयभैरवेति नृपतिर्भूपाल-चूडाम-
२४. णिर्नानाशास्त्रविचारणैकनिपुणः सद्भारथीभूषितः । दाता धैर्यगुणेन भू-
२५. षिततनुः सत्येन भीष्मोपमो लोके प्रीतिकरः परार्थरसिकः श्रीजीवरक्षा-
२६. पतिः ॥ श्रीजोतिमल्लहृदयनन्दनयक्षमल्लः सर्व्वांगसुन्दरवपू रतिमं-
२७. जुवाणी । भक्तापुरीनगरवासितसौख्यकारी दुर्भिक्षदुःखभयहारण-
२८. देवमूर्त्तिः ॥ जयल्लक्ष्म्याः सुतः श्रीमान् सुरूपः पुण्यवत्सलः । जयतराजेति
२९. विख्यातो जयतलक्ष्मीपतिः सुधीः ॥ अनेन पुण्येन च तस्य भूयात्
३०. सहस्रवर्षायुरहार्यकीर्तिः । नरेश्वरः श्रीजयजोतिमल्लः सपु-
३१. त्रपौत्रः सहभृत्यवर्गः ॥ वर्षन्तु काले जलदा धरित्री समृद्धश-
३२. श्यास्तु फलन्तु वृक्षाः । निरापदः सर्वजना भजन्तु षट्कर्म्म वे-
३३. दे प्रभजन्तु विप्राः ॥०॥ अनेन प्रभुना तस्मिन् ... सेवां करो-
३४. ति हि । सुवर्ण्णमुकुटं देवं ... चन्द्रसूर्या
३५. गतौ यावत् स्थिता यावच्च मेदिनी ।। सुवर्ण्णकलशस्तत्र तावत्काले प्र-
३६. स्थिरो भवेत् ॥ सम्वन्नैपालिकाख्ये त्रिभुवनदहने कामबाणे प्र-

३७. याते माघे शुक्ले च कामे तिथिरुतुदिति वै प्रीतियोगे च पुण्ये
३८. वारे पूषाभिधाने मकररविगते युग्मराशौ शशांके
३९. शम्भोः प्रासादश्रृंगे कनकमयध्वजं तत्र संरोहणं स्या-
४०. त् ॥ ० ॥ ६ सम्वत् ५३३ माघशुक्ल त्रयोदशी पुनर्वसुनक्ष-
४१. त्र प्रीतियोग आदित्यवार मिथुन चन्द्र ॥ शुभमस्तु ॥

अनुवाद

ॐ । श्रीपशुपतिलाई नमस्कार । सारा पाप नाश गर्ने, पुण्यभूमि नेपालमण्डलमा व्याप्त भएर रहेका, श्रीवत्सलादेवीका पति, श्रीवाग्वतीको तीरनजीकै पश्चिमपट्टि रहेका वासुकि नागराजाले पूजा गरिएका सारा, मुनिहरूले पाउ ढोगिएका पञ्चमुखी महादेव पशुपतिनाथलाई सधैं ढोग्दछु ।

सूर्यवंशमा जन्मेका, प्रतापी, पगरी लाएका, राम्रा, राजल्लदेवीका पति स्थिति मल्लदेव हुनुभयो । उहाँका छोरा जयधर्म मल्ल हुनुहुन्छ । युवराजाधिराज वीरनारायण उहाँ धर्म मल्ल विद्वान्हरूलाई प्रोत्साहन दिने, शत्रु राजाहरूको मनमा ढ्याङ्ग्रो ठोक्न लाउने हुनुहुन्छ । उहाँका माहिला भाइ जयज्योतिर् मल्ल गुणी, धर्मात्मा, ... दान दिने, देवता ब्राह्मणलाई पूजा गर्न मन पराउने हुनुहुन्छ । उहाँका कान्छा भाइ जयकीर्ति मल्ल कामदेव जस्ता राम्रो जीउ भएका, असल सुन्दरीहरूको मनलाई प्रसन्न पार्ने, सम्मान दान गुण लक्षणहरूले शरीर सुहाएका हुनुहुन्छ । संसारदेवीका पति राजा श्रीजयज्योतिर् मल्ल ठूला राजाहरूमा शिरोमणि, नीति जान्ने, धर्म अधर्म छुट्ट्याउन सिपालु, सधैं पशुपतिनाथको भक्ति गर्ने, सधैं पुण्य गर्न चाहने, धर्मात्मा, दानी हुनुहुन्छ ।

कल्याण होस् । श्रीश्रीपशुपतिका पाउरूपी कमलको धूलोले कपाल फुस्रो भएका, श्रीमानेश्वरीको वरप्रसाद पाएका, ढोग्न आएका राजाहरूका मुकुटका फूलहरूले चरण सुहाएका, चाणक्य आदि विद्याहरूले सफा भएको, राजनीतिका समुद्र, सम्पूर्ण गानविद्याका गुरु, परममाहेश्वर (शिवका ठूला उपासक), रघुको कुललाई विकसित पार्ने, देवता ब्राह्मण गुरुको पाउको आराधना गर्ने, षड्दर्शनको अध्ययनमा मन लाएका, माग्नेहरूको लागि कल्पवृक्षजस्ता, सबै गुणका स्वामी भएका, दैत्यनारायणको अवतार भएका, पद्माचलशिखर (सिम्भूको डाँडो) को चुचुरोको पुण्य भूमिमा रहेका बिग्रेका श्रीधर्मधातु वागीश्वरका मूर्ति स्वयम्भूको चैत्य जीर्णोद्धार गर्नाले ठूलो कीर्ति कमाएका, अनेक किसिमका प्रशस्तिहरूले सिंगारिएका, श्रीरघुकुलका गहना भएका, महाराजाधिराज, परमेश्वर, परमभट्टारक श्रीश्रीश्रीजयज्योतिर् मल्लदेवले लक्षाहुति महायज्ञ पूजाद्वारा गणेश मातृ देवताहरूको आराधना गरी श्रीदेवपत्तन महास्थानमा श्रीपशुपतिनाथको मन्दिरमा सुवर्णको गजुर चढाई प्रतिष्ठा गर्नुभयो ।

उहाँ (ज्योतिर् मल्ल)का जुवाइँ, जीवरक्षाका पति, राजाहरूमा शिरोमणि, अनेक शास्त्रको अध्ययनमा सिपालु, पढैया, दानी, धैर्य भएका, साँचो बोल्नामा भीष्म जस्ता, दुनियाँका मन परेका, अर्काको भलाइ गर्ने जयभैरव हुनुहुन्छ।

श्रीज्योतिर् मल्लका छोरा राम्रो जीउ भएका, मीठो बोली वचन भएका भक्तपुरका बासिन्दाहरूलाई सुख दिने, अनिकालको दुःख भय हटाउन देवतास्वरूप भएका यक्ष मल्ल हुनुहुन्छ।

जयल्लक्ष्मीका छोरा, जयतलक्ष्मीका पति, राम्रा, धर्मात्मा, बुद्धिमान् श्रीजयतराज हुनुहुन्छ।

यस पुण्यले छोरा नाति नोकरचाकरसमेत राजा श्रीजयज्योतिर् मल्लको हजार वर्ष आयु होस्।

समयमा पानी परोस्, पृथ्वी अनाजले परिपूर्ण होस्, रूखमा फल फलून्, सारा जनतामा कुनै आपत् नपरोस्, सबै जनहरू षट्कर्म गर्ने र ब्राह्मणहरू वेद पढ्ने होऊन्।

उहाँ ज्योतिर् मल्लले त्यहाँ ... सुनको मुकुट चढाउनुभयो। चन्द्र सूर्य पृथ्वी रहेसम्म त्यहाँ सुनको गजुर कायम रहोस्।

ने.सं. ५३३ (वि.सं. १४६९) माघशुक्ल त्रयोदशी पुनर्वसुनक्षत्र प्रीतियोग आदित्यवार मकरराशिमा सूर्य भएमा मिथुनराशिमा चन्द्रमा भएमा पशुपतिको मन्दिरमा सुनको ध्वजा चढाइयो। कल्याण होस्।

८१ सङ्ख्या

[८२ सङ्ख्या]

ललितपुर इखाछेटोलको ने.सं. ५३३ को अभिलेख

ललितपुर इखाछेँटोलको गणेशस्थानको शिलालेखमा यो अभिलेख कुँदिएको छ। यहाँ ने.सं. ५३३ छ।

मूलपाठ

१. ॎ श्रेयोऽस्तु ॥ सम्वत ५३३ भार्द्दपदशुक्लःद्वादस्यायां तिथौ । श्रवण–
२. प्रधनेष्टनक्षत्रे । धृतीयोगे । आदित्यवाशरे । थ्व कुन्हु अजय भारोण
३. आदित्यवार धर्म पषर याङा ... यका जुरों ॥ शुभ ॥

८२ सङ्ख्या

[८३ सङ्ख्या]

हाँडिगाउँको ने.सं. ५३४ को अभिलेख

काठमाडौं हाँडिगाउँस्थित सत्यनारायणमन्दिरनजिकै रहेको उमामहेश्वरको मूर्तिमा यो अभिलेख कुँदिएको छ। यहाँ ने.सं. ५३४ छ।

यो अभिलेख *मेडिईभल् नेपाल्* तेस्रो भागका ५०-५१ पृष्ठमा डिल्लीरमण रेग्मीद्वारा सर्वप्रथम छापिएको हो।

मूलपाठ

१. ॥ ॐ नम: शिवाय ॥ ...
२. तृभ्यां राज्यमवाप्नुन्यात् ॥ स्वस्ति ... श्रीश्रीराजपरमभट्टारक-परमेश्वरदैत्यनारायनश्रीश्री ... देव
३. विजयराजे ॥ विजयरथललितपुरे श्रीश्री ... नारायणसंनिधाने ॥ ईशानकोने सर्व्वलोकानां धर्म्मार्थेन श्रीश्रीश्रीउमालिंगितमहेश्वर ...
४. तपाषांडप्रतिमा कृत्वा ॥ ... स्थापयेत् ॥ होनानवह श्रीदुंथनिह्मं श्रीललितापुरिमंद्धिवाशि-द्विजवर श्रीजयपतिवुसुश्रमने ॥ श्रीललितापुरिमंद्धिवाशि-
५. तार आदीत भा ... महाराष्ट्रगतोद्विजवरश्रीलक्ष्मीदेवसोमश्रमने तस्य भार्या श्री ...
६. निमुको नारायन ... नत्रदुर्गाप्रासाद अग्रेकृतं । पुन प्रनालि जीनोधारश्च ... कृ(त)
७. दानपुनेन ...प्रसनेन ॥ नेपालवछलगते जुगअग्निबाने मासे च माघशुक्ले ...
८. नुवारे थापयं ... प । ... अनित्यानि सरीरानि अनित्या धनजोवने । अनित्या जीवभार्याश्च धर्मकीर्ति सनित्यता ॥ एतत्मालोचितमा-
९. त्मा जसकीर्त्ति ... लक्ष्मिदेवेन हरकात्यायनीगन ॥ श्रेयोऽस्तु नेपालिकसम्वत्सरे ५३४ माघशुक्लतृतीयायां पूर्व्वभद्रनक्षेत्र शिद्धि-
१०. जोगे बुधवासरे श्रीश्रीश्रीउमामहेश्वर थापन दिन लोहकार कीज्याया तुं ज्या जसपति शुभमस्तु सर्व्वलोकाना पुन्यानां तथेव च लेखकपथकयो शुभ ॥



८३ सङ्ख्या

[८४ सङ्ख्या]

ललितपुर भण्डारखालको ने.सं. ५३५ को अभिलेख

ललितपुर भण्डारखालको बीचमा तीनतिर पर्खाल भएको एउटा देवस्थलको भित्तामा यो शिलालेख रहेको छ। यसको तल्लो भाग भग्न भई अस्पष्ट रहेको छ। यहाँ ने.सं. ५३५ छ।

*मेडिईभल् हिस्ट्री अफ् नेपाल्*को १५६ पृष्ठमा लुशियानो पेटेकद्वारा यस अभिलेखको केही अंश सर्वप्रथम छापिएको हो। पछि संशोधन-मण्डलद्वारा *अभिलेख-संग्रह* दशौं भागको ३ पृष्ठमा यो अभिलेख सम्पूर्ण छापिएको छ।

मूलपाठ

१. ॥ ॐ नमः शिवाय ॥ शुभ ॥ श्रेयोऽस्तु ॥ सम्वत् ५३५ पौषशुक्लपूर्णमा-
२. स्याम् दिने पुनर्व्वसुनक्षत्रे वेधृतीयोगे ॥ बुधवासरे ॥ राजाधिराजपर-
३. मेश्वरपरमभट्टारकश्रीश्रीमत्जयजोतिमरदेवस्य विजयराज्ये ॥ श्री-
४. मानीगलश्रीवंथुनिह्मंगृहांगणाधिष्ठितपरमेश्वरश्रीसदाशिवश्रीश्री-
५. मणिकेश्वरभट्टारकस्य स एव गृहाधिवास्तव्यपात्रश्रीयेंकुलिवर्म्मणा
६. ॥ भार्य्याश्रीमधनलक्ष्मीतनयश्रीजयसिंहसहितेन ॥ शिवरात्रव्रतोद्या-
७. पननिमित्तेन शिवरात्रचतुर्द्दशि कुन्हु परमेश्वर श्रीश्रीसदाशिवसके
८. दंशदंश अविच्छिन्न याङ पंचामृतसनान होम विल्वपत्रारोहण पू-
९. जा याये उद्देशान् थसिंथलिः लिबु क्षेत्र रोव स्वत्या निक्षेप दा-
१०. न याङ श्रीश्रीसदाशिवस डोहरपा जुरों ॥ थ्व निक्षेप दान
११. याङा बुं श्रीश्रीराजकुल श्रीपात्रलोक स्वबांधवलोक सुछिनो
१२. ... लोपालोप याव मटेव जुरो ॥ कदाचित् लोपालोप याका-
१३. ले ब्रह्महत्या गोहत्या स्त्रीहत्या ... या फल लाक्व जुरों ॥ थ्व
१४. ... लोप मयास्यं ... लिंगस्थापन गोसह-
१५. स्रदान ... सनो ... न फल जुरं ति
१६. ...
१७. ... जा नाच शं ... ॥ ॥ शुभ ॥

अनुवाद

ॐ । महादेवलाई नमस्कार । कल्याण होस् । ने.सं. ५३५ (वि.सं. १४७१) पौषशुक्ल पूर्णिमा पुनर्वसुनक्षत्र वैधृतियोग बुधवारमा राजाधिराज परमेश्वर परमभट्टारक श्रीश्रीजयज्योतिर् मल्लदेवको विजयराज्यमा श्रीमानीगल श्रीवंथुनिह्मं घरको आँगनमा रहेका परमेश्वर श्रीसदाशिव श्रीश्रीमणिकेश्वर भट्टारकको निमित्त उही (वंथुनिह्म) घरमा बस्ने पात्र श्रीयंकुलिवर्मा, उनकी पत्नी श्रीमदनलक्ष्मी र छोरा श्रीजयसिंहसहित भई शिवरात्रि व्रत मनाउन शिवरात्रि चतुर्दशीको दिन परमेश्वर श्रीश्रीसदाशिवलाई प्रतिवर्ष अटूट गरी पञ्चामृतस्नान होम बिल्वपत्र चढाउन पूजा गर्नाको निमित थसिंथलि लिबु खेत साढे तीन रोपनी गूठी राखी श्रीश्रीसदाशिवलाई चढाइयो ।

यो गूठी राखिएको खेत श्रीश्रीराजकुल (राजदरबार), श्रीपात्रहरू र आफ्ना बन्धुहरू कसैले लोप गर्न हुँदैन । लोप गरे ब्रह्महत्या, गौहत्या, स्त्रीहत्या ... को पाप लाग्छ । यसको लोप नगरी... (प्रतिपाल गरे) शिवलिङ्ग स्थापना गरेको हजार गाई दान दिएको फल पाइन्छ । ...

८४ सङ्ख्या



[८५ सङ्ख्या]

ललितपुर भीमसेनमन्दिरको ने.सं. ५३५ को अभिलेख

ललितपुरको प्रसिद्ध भीमसेन मन्दिरअगाडि मण्डिछेँको प्राङ्गणमा रहेको महादेवमन्दिरभित्रको लक्ष्मीनारायणमूर्तिको पादपीठमा यो अभिलेख रहेको छ। यहाँ ने.सं. ५३५ छ।

यो अभिलेख *मेडिईभल् नेपाल्* (*कोलोफोन्ज् यान्ड् इन्स्क्रिप्शन्ज्*)का ६९-७० पृष्ठमा हेमराज शाक्य र तुलसीराम वैद्यद्वारा सर्वप्रथम छापिएको हो।

मूलपाठ

१. ꣸ ॐ नमो नारायनाय ॥ एकादशीमुपतसंधिनिराम्बलक्षः संव्वत्तरस्तु कुसुमे ह-
२. रिमर्चयन्ति । निर्द्धोत्पाण्डरपटा इव राजहसः तेयातिविष्णुस्तवनमः पुनभवास
३. :॥ प्रतिथितोतोसि देवेश लक्ष्मीनारायनेति च । येकादशीव्रतं पुन्यः पुन्यं श्रीविष्णुवर्द्धनः
४. ॥ उद्यापनं कृत चेव महापुन्यफलेति चः । आत्मं च प्रतिविम्बञ्च तस्य पुन्यञ्च केशवः ॥ तेः
५. पुन्यञ्च मयाभावः पुत्रीदीना विसेषतः । तस्य उल्हासपुत्रेण हाको चेव द्वयं शुभं । पुत्र
६. यो भञ्चलक्ष्मी च वर्द्धते च चिरायुषं ॥ राजरामजयशिफहयो । शिल्पिसे मुत्तम । विश्वक्रः
७. वतारञ्च श्रैष्टनोयमुदीर्रयेत् ॥ ॥ श्रीमत्श्रीरघुवंसावतारः समस्त-विरुदावलीवरिक्रि-
८. याविराज्यमानः द्वैत्यनारायनः ॥ यो जुवराजाद्धिराजः ममेश्वरमद्भटारकः ॥ श्रीश्रीजयज्यो-
९. तिर्म्मल्लदेवाना रा(ज्य)विजयराजेः । नेपासमाब्द शररररग्निवामः माघे च एकदशिशुक्लपक्षः रि-
१०. क्षे तथे चेवे मृगशिरे यः सवेदतीयोग समिक्षवारेः ॥ सम्वत् ५३५ माघशुक्लएकादस्यां मृग-

११. शिरनक्षत्रे ॥ वेधृतीयोगिः ॥ सोम्यवासरे ॥ प्रतिष्ठितोसि देवोस उथापमञ्च केशवः स्तेय पुन्येन सर्वम्

१२. राजाराष्ट शुभदियना शुभ ॥



८५ सङ्ख्या

[८६ सङ्ख्या]

ललितपुर इखाछोको ने.सं. ५३५ को अभिलेख

यो ताम्रपत्राभिलेख ललितपुर आनन्दबहाल इखाछेंका बेखावज्र वज्राचार्यसँग रहेको छ। यहाँ ने.सं. ५३५ छ।

यो अभिलेख *पुरातत्त्व-पत्रसंग्रह* दोस्रो भागका १५१-१५३ पृष्ठमा शङ्करमान राजवंशीद्वारा सर्वप्रथम छापिएको हो । पछि हेमराज शाक्य तथा तुलसीराम वैद्यद्वारा *मेडिईभल् नेपाल् (कोलोफोन्ज् यान्ड् इन्स्क्रिप्शन्ज्)*का ७१-७४ पृष्ठमा बढी शुद्धसँग यो छापिएको छ।

मूलपाठ

१. ॐ नमः श्रीवज्रवरुणनवनागराजाय ! । शुद्धस्फटिकसंकाशं अष्टकुलनागाधिपं प्रभुं ॥ जाज्वल्यमहामणिकधराय ओं नमाम्यहं नमोस्तु ते महापद्मनागराजं नमाम्यहं ॥ मास द्वा-

२. दश १२ संवत् दिन ७ इहकाल बषतस जलवृष्टि मजुयाओ सागरसमुद्रस लंख शून्य जुओ काल बषत थ्व ॥ माघशुक्ल पूर्ण्णिमासः रात्रिघटि २७ कलाम अष्टसिद्धि गुरु श्रीवज्राचार्य्य तुहूदेवजुन

३. पूरश्चर्ण संपूर्ण्ण ॥ रातोदिन ९२ थ्व पुण्यनं जलउत्पत्ति जुयाव धरित्रीनं जलवृष्टि जुस्यं हाहाकाल जुओ लोक सत्व प्राणि जगत् रक्षा उद्धार जुलो ॥ श्रेयोऽस्तु ॥ संवत् ५३५ फाल्गुणशुक्लया अष्टमी मध्यान्ह

४. श्रवणानक्षत्र इन्द्रयोग बृहस्पतिवार दिन घटी ३ वि २५ लग्न व्यला घटि १५ वि ५५ संपूर्ण्ण व्यला घटि २७ वि १७ थ्वते स्थापना याङा दिन व्यलासं थ्व जलधारा प्रवेश याङ लंख हायकं जुलो ॥ ॥

५. दानपति इषाक्षे आलोक ओतागृह श्रीवज्राचार्य्य वैद्य तुहूदेवजु भार्य्या इन्द्रलक्ष्मी दुतीयभार्य्या जयलक्ष्मी पुत्र फ्यकुदेवजु पुत्री शुंदरलक्ष्मी ॥ थ्वतेया धर्म्मचित्त उत्पन्न जुयाओ थ्व जलधर्म किताप कल्प-

६. कल्प महाकल्प सदासर्वकाल स्थिर याय निमितेय ॥ आलोकहितिक्यवक्षत्रनामसंज्ञकं नवम्येकपादाधिकनवरोपनिक रोओ गु ९ थ्व लंखधारा पंचधर्म्मधातु भट्टारक कीर्ति याङ प्रतिष्ठा द-
७. शकर्म्म याङा दिन पूर्ण्णिमासं जुलो वर्षवर्षस बुसाधन ङायक्यमाल स्यनिबेलस जीर्ण्णउद्धार यायमाल ॥ ॥ ल्होन्य बेलस थ्व लंख नादि मण्डलसं समस्त मेघ शिला छत्रण साधन लोहतनं तोकपू-
८. स्यं तया लोहत पोलाओ स्वयमत्यओ न्हां ॥ फोर जुल धासा मनुष्यया मस्तकया पूर्ण्ण अंगनादि हीन जुओ थ्यं जुयीओन्हां ॥ थुतिया निमितिन चतुर्दिगसं विदिगसं ॥ गोमुखनाग ॥ मेघमुखनाग ॥ सिंघ-
९. मुखनाग ॥ व्याघ्रमुखनाग ॥ मृगमुखनाग ॥ गजमुखनाग ॥ भुजंगनाग ॥ भुजंगमहावृक्ष ॥ भुजंखालनाग ॥ विमागाल पद्मजलाशयसंलिंगितं ॥ मध्यस्थाने ॥ महालक्ष्मी ॥ श्रीविघ्नान्तक भैरव समस्त का-
१०. लि ॥ उग्रचण्डि ॽ विद्यचण्डि ॽ डाकिनीयक्ष ॥ थुति देवता साधन यास्यं तया ॥ ॥ थ्व शुद्ध भूमिस मूल मार्ग चाकल उयकां तया भिंत्रस कस्तुंर सांभु मल मूत्र क्षंगुयालकाम थुति सुद्धा शरीरस द-
११. यकं थ्व शुद्धभूमिस ओयमत्यओ अथवा यः अनेग फोर यायमत्यओ ॥ थुति अभिचित्त याङ थ्व हितिया भूमिस निमित्त यायमाल ॥ ॥ थूति शुद्धचित्त मयातसा थ्व भूमिस बिज्याक देव को-
१२. प जुयाओ अंगभंग जुस्यं पंचमहापातक लाओथ्यं ॥ लोक दक्वस्यंनं हितचित्त याय थुति ॥ शुभम् ॥ ॥ थ्व अक्षरपत्र आलोक हितिफुस शिलापत्रवस्थितं धर्म्मधातुस सहिवस्थितं ॥
१३. यथा दृष्टं तथा लिखितं ॥ शुभमस्तु सर्वदा कल्याणसिद्धि ॥ ॥। शुभम्भूयात् ॥

[८७ सङ्ख्या]

चीनका बादशाहले शक्तिसिंहरामलाई पठाएको ने.सं. ५३५ को पर्वाना

यो पर्वाना परराष्ट्रमन्त्रालयमा छ। यसमा ने.सं. ५३५ छ।

भ्वाइस् अफ् हिस्ट्री १ वर्षका २५-२७ पृष्ठमा धनवज्र वज्राचार्यद्वारा सर्वप्रथम यो अनुवादसहित छापिएको हो। पछि *रोलम्ब* ३ वर्ष २ अङ्कको नेपाली भागका ४-७ पृष्ठमा शाहकालमा भएको नेपाली अनुवादसहित कतैकतै शुद्ध पाठसहित शङ्करमान राजवंशीद्वारा यो छापिएको छ।

मूलपाठ

१. स्वस्ति ॥ आकाशादुत्पन्नः । गगनोपममहाराजाधिराजपरमेश्वरः। श्रीश्रीतायी-
२. मिङमहाप्रकाशमहाराजा ॥ अस्माकं । पारमानं । आज्ञाम्विश्व-मण्डलेषु । प्रचरन्तिः स-
३. त्कुर्व्वन्ति च ॥ ॥ पूर्व्वयुगाद्यनवरतापर्यन्त अपरिमिताकालान्तरेषु प्रर्याप्ताः । तथा
४. ... तानुहृदयत्वात् ॥ ॥ यत्र यत्रैव । ये ये मानवोत्तमाः सत्पुरुषाः ॥ मयाज्ञप्तशासनं ।
५. सद्धर्मप्रसादैः समाचरेयुः । तदास्माकं हृदयानन्दिताभिलाषः स्यात् । यदास्मान् प-
६. रिसेवयिष्यंति । अस्मदाज्ञा करिष्यन्ते च ॥ ॥ अथानन्तरेणापि मत् । आकाशापर्यन्त ।
७. कनकाचलाद् दक्षिणतो समुन्द्रान्तगृहो जाम्बूद्वीपाधिपति ॥ ॥ सर्व्वसत्त्वप्रतिपाल
८. ... सनेकदक्षः । न स्वपरविभागहृदयः सर्व्वसत्वेष्वकारणवत्सल-स्वभावः ॥ ॥
९. (तथै)व । शक्तिसिंहरामः । पश्चिमदिशविलविदाøर्यावर्तनेपाल-पल्लखचोनगरे स्थितः ।
१०. यद्यत्कार्यकर्म्मणि यथास्मत्महाचीनेश्वरस्याज्ञां युष्माभिः परिपालिताः । तेन त्वया य-

११. थास्मत्आकाशोपमराजगृहे स्थितेति मत्वा । तथेव स्वं मन्दिरं चिन्तयेत् ॥ ॥ पुनः त्व-
१२. यास्मासु । परमभक्तिवत्सलः । दानादिषट्पारमिता परिपालिता आर्यावर्त्तनेपा-
१३. (लम)ण्डलेषु । सर्व्वसत्त्वेषु महाकरुणानुकम्पादाता इति वार्त्तां ममाग्रे सर्वे जनाः प्रव-
१४. दन्ति । मया श्रुतं च ॥ ॥ तेन मम चित्तप्रमोदितोल्लासितः ॥ ॥ त्वया प्रतिसम्व-
१५. त्सरे । मत्सकाशं मदर्थं । विविधोपहारवस्तुपुरुषःप्रस्थापनात् । तवात्मानं मया ज्ञा-
१६. (त)ः । अपि च । सदाभिलिखितानन्दचित्तेन माम्प्रति सानुकूलेन च अस्माकं आज्ञा ग-
१७. ... माम्मन्यमानेन । समानावयोः हृदयं व्यवहारञ्च ॥ ॥ तस्मात् त्वाम्मया भ-
१८. द्रम्भद्रं समुदिरितः ॥ ॥ ततरिदानीं । युष्मदर्थं प्रहित । प्रसाद । वङ शक्तिसिं-
१९. हरामः ॥ ॥ पुनः सुवर्ण्णस्वमुद्रिकाः । पुनः ॥ लुङाभिधानपारमानः ॥ एतत्म-
२०. (या) भक्तिप्रीतिसुमनसा । तुभ्यं प्रदातुं मया प्रस्थापितपुरुषाः । तिङतासि ... रिजिनः ।
२१. ...॥ ॥ मदाज्ञाम्प्रहितप्रसादं परिमोदितानन्देन त्वया प्रतिगृहितव्या ॥ ॥
२२. ततः प्रभृति यथाहं तथेव त्वं ॥ ॥ इति मत्वा । सदास्माकं पारमानाज्ञाम्प्रवर्त्तयि-
२३. तव्याः ॥ ॥ पुनः त्वया परिशुद्धहृदयेन सर्व्वत्र सर्व्वदा सर्वसत्त्वान् प्रतिपालनीयं
२४. ॥ ॥ अनेन कुशलमूलेन युष्माकं पुत्रपौत्र । जन आयुरारोग्य । सुभिक्षाक्षेमं या-
२५. ... ता चन्द्रमेदनीपर्यन्तं वृद्धि भवेयुः । विशिष्यतो । जम्बूद्वीपेश्वरमहाराजेश्वर-
२६. (रा)ज्ञः हृदये तिष्ठामीति मत्वा युष्माभिः परिचिंतयेत् ॥ ॥ किम्बहुनोक्तेन ॥ मद्भ-
२७. क्तिपरायण त्वं । महाचीनाब्द ५३५ आषाढशुक्लदशम्यां । लिखितमिति मङ्गल ।

अनुवाद

कल्याण होस् । आकाशबाट पैदा भएका, आकाश जस्ता, महाराजाधिराज परमेश्वर हामी श्रीश्रीतायीमिङ महाप्रकाश महाराजको पर्वाना आज्ञा संसारभर पुग्छ, त्यसको सम्मान हुन्छ । धेरै अघिदेखि यस्तो भइरहेको छ, धेरै पछिसम्म अटूट रूपमा यस्तो भइरहने छ । ... जहाँजहाँ जुनजुन उत्तम सज्जनहरूले हाम्रो आज्ञालाई सद्धर्म र खुशीसाथ पालना गर्नेछन्, त्यस वेला हाम्रो मन प्रसन्न हुनेछ । जब हाम्रो सेवा गरिनेछ, हाम्रो आज्ञाको पालन गरिनेछ । अनि हामीपछि पनि यस्तै हुनेछ । आकाशसम्म, सुमेरुदेखि दक्षिणतिर समुद्रसम्म प्रभाव फैलिएका, जम्बूद्वीपका मालिक, सारा प्राणीको प्रतिपालन ... गर्न सिपालु, आफू र अरू भन्ने भेदभाव मनमा नलिने, सारा प्राणीमा विनाकारण माया गर्ने स्वभाव भएका हामी छौं । त्यसै गरी पश्चिम दिशाका ...जान्ने आर्यावर्त, नेपाल, पल्लखचो (पलाञ्चोक) शहरमा बस्ने तिमी शक्तिसिंहराम पनि छौ । तिमीले जुनजुन कामकाजमा हामी महाचीनेश्वरको आज्ञाको पालन गर्‍यौ । त्यस कारण तिमीले आफ्नै घरमा बसे तापनि हाम्रै आकाश जस्तो राजदरबारमा रहेको सम्झ । फेरि तिमी हामीमा ठूलो भक्ति माया राख्छौ, दान आदि षट्पारमिताको पालन गर्छौ, आर्यावर्त नेपालमण्डलका सबै प्राणीमा ठूलो दया राख्छौ भन्ने कुरा हामीलाई सबैले भन्दछन् । यो हामीले सुनेका छौं । त्यसबाट हाम्रो मनमा खुशी लागेको छ ।

प्रतिवर्ष तिमीले हाम्रो लागि अनेक किसिमका उपहारसहित दूत हामीकहाँ पठाएका हुनाले तिम्रो आत्मालाई हामीले चिन्यौं । अर्को कुरा सधैं प्रसन्न चित्तले हामीप्रति अनुकूल रहेको र हाम्रो आज्ञा मानेका हुनाले ... हामी दुइको व्यवहार र मन उस्तै मिलेको छ । त्यस कारण हामीले तिमीलाई हित हुने कुरा भनेका छौं ।

अनि अहिले तिम्रो लागि वङ शक्तिसिंहराम भन्ने पदवी निगाहसाथ पठाइदिएका छौं । साथै सुनका आफ्ना मुद्रा र लुङ पारमान (सुनका छाप लागेका पर्वाना) पठाएका छौं । भक्ति र मायाले प्रसन्न भएका हामीले उपर्युक्त कुरा तिमीलाई प्रदान गर्न तिङतासि रिजिन ... भन्ने हाम्रा दूत पठाएका छौं । हाम्रो आज्ञा र हामीले निगाहसाथ पठाइदिएका कुरा तिमीले खुशीसाथ स्वीकार गरिलिनू ।

अबउप्रान्त जस्तो हामी त्यस्तै तिमी भन्ने ठानी सधैं हाम्रो पर्वाना आज्ञाको पालन गर्नू । फेरि तिमीले शुद्ध चित्तले सधैं सबै ठाउँमा सबै प्राणीको प्रतिपालन गर्नू । यो असल कामको कारणले तिम्रा छोरा नाति र अरू मानिसको आयु आरोग्य सहकाल कल्याण होस् । ... सूर्य चन्द्र पृथ्वी रहेसम्म बढिबढाउ होस् । विशेष गरेर जम्बूद्वीपका मालिक, महाराजाधिराजको हृदयमा स्थान पाएको छु भन्ने कुरा तिमीले पहिचान्नू । धेरै कुरा के गरौं । तिमी हाम्रो भक्त छँदैछौ ।

महाचीनसंवत् (नेपालसंवत्) ५३५ (वि.सं. १४७२) आषाढशुक्ल दशमीको दिन यो लेखिएको हो । मङ्गल होस् ।

८७ सङ्ख्या



[८८ सङ्ख्या]

भक्तपुर तचपाटोलको अभिलेख

भक्तपुर तचपाटोलमा नारायणको मन्दिरमा यो अभिलेख छ।

मूलपाठ

१. १ ॐ नमो भगवते वासुदेवाय । ... नारायणदेवं द्वा-
२. दशोत्तमरूपिणं । नमामि ... सर्व्वपापहरं
३. हरिं । स्वस्ति ॥ श्रीश्रीश्रीपशुपतिचरणकमलधूलिधूस-
४. रितशिरोरुहश्रीमन्मानेश्वरीवरलब्धप्रसादितरघु-
५. कूलकमलवनप्रकाशनैकगगनमणिश्रीश्रीराजाधिराज-
६. परमेश्वरपरमभट्टारकश्रीमच्छ्रीजयज्योतिमल्लदेवस्य
७. विजयराज्ये ॥ नेपालेश्वरसूर्यवंशतिलकश्री ...
८. ... सत्यधैर्यगुणवान् सत्कीर्ति ... मयः स्मि
९. ... लेश्वरमौलिवंदितपदो श्रीजोतिमल्लप्रभुस्तस्या ...
१०. ... स्थापितः ॥ वानीवंशप्रदीप
११. ... वाच्छा सदा ...
१२. ... यो नवर ...
१३. ... त्मेदहं उपल ...
१४. ... णो सर्व्वाग ...
१५. ... कालः स्थिरो भवेत् ।

अनुवाद

ॐ । भगवान् वासुदेव(श्रीकृष्ण)लाई नमस्कार । उत्तम बाह्र अवतार लिने नारायणलाई ढोग्दछु ।

कल्याण होस् । श्रीश्रीश्रीपशुपतिका चरणकमलका धूलाले कपाल फुसो भएका, श्रीमानेश्वरीबाट वरप्रसाद पाएका, रघुकुलको विकास गर्ने राजाधिराज परमेश्वर परमभट्टारक श्रीश्रीजयज्योतिर् मल्लदेवको विजयराज्यमा । नेपालका मालिक सूर्यवंशका टीका जस्ता सत्य धैर्य गुण भएका असल कीर्ति फैलिएका राजाहरूले पाउ ढोगिएका श्रीज्योतिर् मल्ल हुनुहुन्छ। ...

स्थापना गरियो ... कुलका बत्ती जस्ता ... सधैं इच्छा ... ढुङ्गाको मूर्ति ... स्थिर भई रहोस् ।

८८ सङ्ख्या

[८९ सङ्ख्या]

पशुपतिमन्दिरको ने.सं. ५३६ को अभिलेख

पशुपतिनाथमन्दिरको नैर्ऋत्यपट्टिको घरको भित्तामा यो शिलालेख रहेको छ। यसको केही अंश भग्न छ। यहाँ ने.सं. ५३६ छ।

यस अभिलेखको केही भाग *कान्तिपुर-शिलालेख-सूची*का ४४-४५ पृष्ठमा शङ्करमान राजवंशीद्वारा सर्वप्रथम छापिएको हो।

मूलपाठ

१. ॐ नमः शिवाय ॥ श्रीश्रीश्रीभगवान्सुरः पशुपतिः ख्याततो-
२. ऽस्ति भूमण्डले संसारार्ण्णववारिणो सुखकरो मुक्तिप्र-
३. दो योगिनां। यच्छक्तिः सकलार्थदा भगवती श्री-
४. वच्छलादेवता यत्मानार्थमुपागता दुरितहा
५. पुण्यप्रदा वाग्वती ॥ नेपालभूमिपरिवर्त्तिनरेश्व-
६. रेशः श्रीश्रीमतः पशुपतेश्चरणानुभक्तिः माने-
७. श्वरीसमुपलब्धवरप्रसादः श्रीराजनीतिगुणना-
८. यकशास्त्रसिंधुः। श्रीसंसारदेवी च समन्विता सं-
९. पन्नलक्ष्मीधृतसर्व्वलक्ष्मी। ताभ्यां युतो भूतल एव
१०. भाति श्रीज्योतिमल्लाच्युत एष वीरः ॥ अनेन संपा-
११. लितसर्व्वराज्ये निष्कण्टकत्वेन च वर्त्तमाने। नेपा-
१२. लदेशे कृतसर्व्वमित्रे राज्ञा समावर्त्तितसर्व्वलोके
१३. ऋग्वेदाध्ययनः सदा शिवरतः ख्यातोस्ति पृथ्वीतले
१४. नाम्ना सोमगुरोर्यतीः पशुपति नित्यं समाराधकः
१५. स्नानध्यानसवेदमंत्रबहुभिः स्तोत्रादिजापादि-
१६. भिः शैवज्ञानतपोभ्यलंकृतवपुः ...
१७. सदा ॥ तपोधरेण ...
१८. जीर्ण्णोद्धारं पुनः ...
१९. -नैऋत्यदिशि यु ...
२०. ... देवालय ...
२१. ...
२२. ...

२३ ... शुभे
२४ ...
२५. ...
२६. ...
२७. ...
२८. ... (स)-
२९. म्वत् ५३६ माघशुक्लपञ्च ...

अनुवाद

ॐ । महादेवलाई नमस्कार । संसाररूपी सागरबाट सुखपूर्वक तार्ने योगीहरूलाई मुक्ति दिने भगवान् श्रीपशुपतिनाथ पृथ्वीमा प्रख्यात छन् । जसको शक्तिस्वरूप भएकी सबै कुरा पूरा गरी दिने भगवती श्रीवच्छलादेवी छन् । पाप हर्ने, पुण्य दिने वाग्वती नदी जसको स्नान गराउनाको लागि बनेको छ ।

नेपालका राजाहरूमा मुख्य भएका, श्रीपशुपतिको चरणमा भक्ति गर्ने, मानेश्वरीबाट वरप्रसाद पाएका, राजनीति साहित्य आदि शास्त्रहरू जान्ने, वीरनारायणस्वरूप भएका श्रीज्योतिर् मल्ल श्रीसंसारदेवी र लक्ष्मी दुइ रानीसहित भई संसारमा सुहाइरहनुभएको छ । उहाँले सारा राजाहरूलाई मित्र पारीकन निष्कण्टकपूर्वक पालना गरिएको नेपाल राज्यमा ऋग्वेदको अध्ययन गरेका, सधैं पशुपतिको सेवामा लागेका, नाउँ चलेका, स्नान ध्यान वेदपाठ स्तोत्रपाठ जप आदि र शैव सम्प्रदायसम्बन्धी ज्ञान तपस्याद्वारा शरीर सुहाएका सोमगुरु स्वामी छन् ।

ती तपस्वीले ... मन्दिरको जीर्णोद्धार गरे ... । ने.सं. ५३६ (वि.सं. १४७२) माघशुक्ल पञ्चमी ...

८९ सङ्ख्या



[९० सङ्ख्या]

पशुपतिको ने.सं. ५३६ को अभिलेख

पशुपतिमन्दिरभित्र नैर्ऋत्यपट्टि यो शिलालेख रहेको छ। यहाँ ने.सं. ५३६ छ। यस अभिलेखको केही अंश *मेडिईभल् हिस्ट्री अफ् नेपाल्*को दोस्रो संस्करणको १६३ पृष्ठमा लुशियानो पेटेकद्वारा सर्वप्रथम छापिएको हो।

मूलपाठ

१. ॱ ॐ नमः श्रीश्रीश्रीपशुपतिवल्लभायै ॥ ... परमेश्वरी भगवती श्री
२. नीलां ... अभिलाषसिद्धि ...
३. पतेः गौरीश्वरीरूपिणी पायात् ...
४. धिपत्रिभुवनेच्छा ...
५. भागविपुलान् ...
६. श्रीदेवकीर्त्तननामोत्तर ...
७. रसराजहंसः भूयात् ...
८. श्रीयत् ... हिनी
९. ... कार्य स
१०. ... श्रीमत ज ...
११. ... गाय श
१२. ... घरित्रा ...
१३. त्तमह ...
१४. ... श्रीश्रीपशुपति ... (मा)-
१५. नेश्वरीवरलब्धप्रसादितप्रणामावनिप(ति)मुकुटकोटीपत्रांकुररुचिर-(चरणपल्लवचान)-
१६. क्यप्रभृतिविद्यावदातसमस्तरा(जनीतिरत्नाकर) ...
१७. माहेश्वररघुकुलसरोजवनप्रोत्फुल्ल ...
१८. ... षट्दर्शनाराधनाचित्तचतुरशकल ...
१९. महाशागरदैत्यनारायणावतार ... (स्वय)-
२०. म्भूस्थापनकीर्तिभाजनश्रीश्रीय ...
२१. ...कीर्तिसुरभिकृतदिग ... प्रबलतर-
२२. विविध ... तश्री ... (पर)-

२३. मभट्टारकश्रीमच्छिश्रीजयज्योतिर्मल्ल ...
२४. ... राज ...
२५. ... पुण्य ... य ... दाता ...
२६. पति ... तस्य ...
२७. जतीह सदा दाय-दयादीनादयो र ...
२८. माराधकानोम य ... मिधेयविहिता श्री ...
२९. जयतराज ... निधानो जननि ...
३०. विवेकी सुकोद्देशशास्त्रानिखिलजनपदान्नकाकारी ॥ श्रीश्रीपशुपति–
३१. भट्टारकस्य महाप्रासादाभ्यन्तरे दक्षिणद्वाराग्रे प्रतिष्ठां कृत्वा काञ्चनेन निर्मित-
३२. सर्वालंकारभूषिता महागौरी स्थापना कृता ॥ जीमूतेन सदा प्रवर्षतु जलं काले
३३. मही सम्पदा राज्ञा पातु समस्तदेशधरणी भूयात् सदा साधुता भूदेव...
३४. द पठने सीराढचता गौगणाः कल्यानं सततं भवंतु नृपतेः श्रीजोतिमल्लप्रभोः नेपाला-
३५. ब्दगते रसे च दहने श्रीसंभुवक्त्रे हि तत् मासे माधवशुक्लके तिथिवरे श्रीपूर्ण्णमास्यां -
३६. वं । ताराया पवनाभिधेयविदिते श्रीसुद्धियोगोत्तमे वारे भास्कर ...
३७. यति गौरीप्रतिष्ठा कृता ॥ ० ॥ शुभमस्तु सर्व्वजगतां ॥ अतः परं देशभाषा
३८. ॥ सम्वत् ५३६ वैशाषशुक्लपूर्ण्णमास्यां स्वातिनक्षत्रे सुद्धियोगे आदित्यवासरे ॥

९० सङ्ख्या



[९१ सङ्ख्या]

ललितपुर चिकंबहिलको ने.सं. ५३६ को अभिलेख

ललितपुर चिकंबहिलमा यो शिलालेख रहेको छ। यहाँ ने.सं. ५३६ छ।

*मेडिईभल् हिस्ट्री अफ् नेपाल्*को १५६ पृष्ठमा लुशियानो पेटेकद्वारा यस अभिलेखको केही अंश सर्वप्रथम छापिएको हो । पछि *मेडिईभल् नेपाल्* तेस्रो भागको ५३ पृष्ठमा डिल्लीरमण रेग्मीद्वारा सम्पूर्ण यो अभिलेख छापिएको छ ।

मूलपाठ

१. ॡ ॐ नमः श्रीगनपत्ये नमः ॥ गना-
२. ना गनपतिश्च दो गजमुक्तो त्रिलोचणं
३. प्रसनो भवतु मे नित्यं वरंदाता विना-
४. यक । मनोवांछितसिद्धिस्तं पूजितो
५. रखुभि सह सर्व्वविघ्नहरं देवं गना-
६. धिपते नमो नमः ॥ शुभः श्रेयोऽस्तुः ॥
७. सम्वत ५३६ अश्विनिशुक्लः । पूर्ण्ण-
८. मास्यान्तिथौ ॥ रेवतिघति २ । अश्विनि-
९. नक्षत्रे ॥ ह्रषणजोघटि । ९ वजजोगे ॥
१०. अंगारवाशरे ॥ श्रीश्रीयंदु यिनायदेव
११. स्थाप्न जुव दिवश ॥ श्रीश्रीजोतिम्लदेव
१२. स्थाकुरस विजयराजो भवतु ॥ थ्व
१३. देव स्थाप्रपा भुं मुक्तपं बिया ‸ थं दं मुगु
१४. न्हि पुनमुल -- प्रमुखन । थ्व लाछ थं
१५. दं मुगुह्नि राज रो ॥ सुभःमस्तु सव्वदा ॥

अनुवाद

ॐ । श्रीगणेशलाई नमस्कार । गणका मालिक ... तीन आँखा भएका, वर दिने गणेश मदेखि सधैं प्रसन्न होऊन् । मनले चिताएको सिद्धि दिने, सबै विघ्न हर्ने मुसाहरूसहितका गणेशलाई सधैँ नमस्कार छ ।

कल्याण होस् । ने.सं. ५३६ (वि.सं. १४७३) आश्विनशुक्ल पूर्णिमा रेवती २ घडीउप्रान्त अश्विनीनक्षत्र हर्षण ९ घडीउप्रान्त वज्रयोग मङ्गलवारको दिन श्रीश्रीयंदु यिनायदेवता (गणेश) स्थापना गरियो । श्रीश्रीज्योतिर् मल्लदेव ठाकुरको विजयराज्यमा यो देवता स्थापना गर्दा ... प्रमुख थिए । सधैँ कल्याण होस् ।

९१ सङ्ख्या



[९२ सङ्ख्या]

बनेपा दछुटोलको ने.स. ५३७ को अभिलेख

बनेपा दछुटोलको नारायणमन्दिरमा रहेको गणेशमूर्तिको जलहरीमा यो अभिलेख कुँदिएको छ। यसमा ने.सं. ५३७ छ।

मूलपाठ

१. ॥ ॐ नमो मनविणायकाय ॥ षंन्मूखाय नमस्तुभ्यं षट्भुजाय ष-
२. न्मूर्त्तये। फणासप्तविभूषाय लोकार्त्तिभयहारिणे ॥ यजमा-
३. नाचार्यश्रीजीवश्रमजुस भार्या श्रीपञ्जुनिलक्ष्मी सा ॥ पद्मल-
४. क्ष्मी च ॥ तदनुजश्रीजीतश्रमस्य भार्या श्रीविजनलक्ष्मी सा ॥ क-
५. निष्टश्रीजशदेवस भार्या श्रीशुभलक्ष्मीस ॥ थ्वते द्विजवरस-
६. न धर्मप्रतिष्ठास देवस द्वयका ॥ श्रीश्रीपशुपतिपादारविन्द-
७. परागपिञ्जरितमुत्तमाङ्गश्रीशक्तिसिंहरामराज्ञस्य विजय-
८. राजे ॥ अश्वशूचिशेरश्वार्क्षे नेपालिक्यां विनिर्ग्गते। पक्षे मा-
९. घार्ज्जुने षष्ट्यां शुभयोगे रविर्द्दिने ॥ शुभमस्तु सर्व्वदा ॥ ० ॥

अनुवाद

ॐ। मनविनायकलाई नमस्कार। छ मुख, छ हात र छ मूर्तिरूपका लोकको दुःख र भय हर्ने तपाईंलाई (गणेशलाई) नमस्कार छ।

यजमान आचार्य श्रीजिवश्रमकी पत्नी श्रीपञ्जुनिलक्ष्मी र पद्मलक्ष्मी, यिनका भाइ श्रीजीतश्रमकी पत्नी श्रीविजनलक्ष्मी, कान्छा भाइ श्रीजशदेवकी पत्नी श्रीशुभलक्ष्मी, यो असल ब्राह्मणपरिवारले धर्म प्रतिष्ठा गरी देवता स्थापना गरियो।

श्रीश्रीपशुपतिका चरणकमलको धुलाले शिर फुस्रो भएका, श्रीशक्तिसिंहराम राजाको विजयराज्यमा ने.सं. ५३७ (वि.सं. १४७३) माघशुक्ल षष्ठी शुभयोग आदित्यवारको दिन। सधैं शुभ होस्।



९२ सङ्ख्या

[९३ सङ्ख्या]

काष्ठमण्डपको ने.सं. ५३७ को अभिलेख

काठमाडौँको प्रसिद्ध काष्ठमण्डप अर्थात् मरुसत्तलमा टाँगिएको कोले (नाप्ने भाँडो)मा यो अभिलेख कुँदिएको छ। यहाँ ने.सं. ५३७ छ।

गौतमवज्र वज्राचार्यद्वारा *हनूमान्ढोकाराजदरबार*का १९६-१९७ पृष्ठमा सर्वप्रथम यो अभिलेख छापिएको हो।

मूलपाठ

१. शुभ ॥ श्रीयंग्रमन्दोस ॢ निरकं थवंको ॢ
२. जोगी भरादत्वं ॢ सहजिरवदायिनिस्यं ॢ
३. थ्व कोलेन फलके कुरच्छि धारे ॢ ग्वरदो
४. छग्वर धारे दोहोपा जुरो ॢ थ्वया पूण्यार्थ-
५. न जोजमान स्वर्ग संप्राप्ता भवंन्ति ॥ श्रेयो-
६. स्तु ॥ सम्वत् ५३७ आखाढकृष्ण ॥ अमावा-
७. स्याया तिथ्व ॥ प्वक्षनक्षत्रे ॥ ... जोगे ॥ सनि-
८. चरवासरे ॥ शुभ ॥

[९४ सङ्ख्या]

फर्पिङको ने.सं. ५३८ को अभिलेख

फर्पिङको हरिशङ्करजात्रामा समावेश गरिने नन्दीकेश्वरको रथको छत्रमा यो अभिलेख कुँदिएको छ। यहाँ ने.सं. ५३८ छ।

मूलपाठ

१. सम्वत् ५३८ मार्गसिरकृष्णत्रयोदशियां तिथौ आदित्यवार थ्व कोन्हु जयतराज दिवंगत प्रयाव दिन थ्वयातं देसनान श्रीविजायति जसवधन आचारजू चिपुरख लनीमा जमिकन श्रीश्रीश्रीपरमेश्वर सदाशिवस रथस सुवर्णछत्र दोहरपा जुरो शुभ्म् ॥

[९५ सङ्ख्या]

भक्तपुर क्वाथनटोलको ने.सं. ५४२ को अभिलेख

भक्तपुरको क्वाथनटोलस्थित पोखरीसँगैको सूर्यमूर्तिमा यो अभिलेख कुँदिएको छ। यहाँ ने.सं. ५४२ छ।

यो अभिलेख *मेडिईभल् नेपाल्* तेस्रो भागका ५३-५४ पृष्ठमा डिल्लीरमण रेग्मीद्वारा सर्वप्रथम छापिएको हो।

मूलपाठ

१. ॐ नमः सूर्याय ॥ त्रैलोक्यनेत्रमखिलं तिमिरोघहारं ् सप्ता-
२. श्वयानगमनं किरणाधिपेशं। सिन्दूरसन्निभतनुं ग्रहरा-
३. जमादौ श्रीपद्मपाणिमधुना सततं नमामि ॥ १ स्वस्ति
४ काष्ठायां परितः स्थितश्च नृपतेर्मौलेर्मणिरञ्जितं पा-
५. दाब्जं शकलार्त्तिहारणकृतं तत्पादसंप्राप्तवान्। राज्ये
६. तस्य च जोतिमल्लनृपतेः संसारदेवीपते सांतिन्यायघने-
७. कपूरितवरे भक्तापूरीपट्टने ॥ एषा मार्त्तण्डभक्तिः कु-
८. लतिलकवपुर्वाद्यविद्यावरिष्ठा मातुः कुक्षेः पवित्री पितरजनहृदा-
९. नन्दसंजातकारी। नामोयं तेजब्रह्मो दृशदरवितनुः कारितः
१०. स्थापनीया श्रद्धा कार्यादि सर्व्वे नियतमतिशयः पुण्यवान् साधु-
११. चित्तः ॥ नेपालहायनगते द्वयवेदभूते ् शुक्रे च शुक्लतिथि-
१२. के रविसङ्ज्ञके च। पूर्ण्णं करोति सप्तमीव्रतराजमत्र पाषाण-
१३. भास्कररथं परिपूजयित्वा ॥ सुपुण्यश्रद्धया प्रभवन्तु लक्ष्मी-
१४. रायुराज्यधनधान्यसंपूर्ण्णशश्यभूरारोग्य ...
१५. ... वर्षन्तु मेघाः समये धरित्र्यां ॥ यावन्मेरुस्थि-
१६. न तो ... ताव पाषाण ... सोयं
१७. स्थितो भवतु ... तेजब्रह्ममुलमी ... श्री-
१८. ... सम्वत् ५४२ जे-
१९. ष्टशुक्लसप्तम्यां... योग बुद्धवार ॥ शुभ ॥

अनुवाद

ॐ । सूर्यलाई नमस्कार । तीनै लोकका आँखा भएका, सारा अन्धकार नाश गर्ने, सात घोडे यानमा चढ्ने, किरण(घाम)का मालिक, सिन्दूर जस्ता राता जीउ भएका, ग्रहहरूका राजा, हातमा कमल लिएका सूर्यलाई पहिले सधैँ ढोग्दछु ।

कल्याण होस् । चारै दिशामा रहेका राजाका शिरपेचका मणिको किरणले चरणकमल सुहाएका, सेवा गर्ने, सबैको दुःख हर्ने, संसारदेवीका पति श्रीज्योतिर् मल्ल राजाले न्यायनीतिपूर्वक राज्य गरिरहनुभएको वेलामा भक्तपुर शहरमा सूर्यको भक्ति गर्ने कुलका टीका जस्ता, बाजाको विद्यामा सिपालु, आमाको कोखलाई पवित्र पारेका, पितृहरूको मनलाई आनन्द दिने, धर्मात्मा, शुद्ध मन भएका, तेजब्रह्म भन्नेले श्रद्धापूर्वक यो ढुङ्गाको सूर्यमूर्तिको स्थापना गरे । ने.सं. ५४२ (वि.सं. १४७९) ज्येष्ठशुक्ल सप्तमीको दिन सप्तमीव्रत पूरा गरी ढुङ्गे सूर्यमूर्ति स्थापना गरिएको हो । यस पुण्यले पृथ्वी धनधान्यले पूर्ण होस्, आरोग्य होस्, पृथ्वीमा समयमा पानी परोस् । जबसम्म सुमेरु पहाड रहन्छ, ... तबसम्म यो ढुङ्गे मूर्ति कायम रहोस् । ... तेजब्रह्म मुलमी ... ने.सं. ५४२ (वि.सं. १४७९) ज्येष्ठशुक्ल सप्तमी ... योग बुधवार । शुभ होस् ।

९५ सङ्ख्या



[९६ सङ्ख्या]

काष्ठमण्डपको ने.सं. ५४३ को अभिलेख

काठमाडौँको प्रसिद्ध काष्ठमण्डपमा केही ताम्रपत्रहरू टाँसी राखिएका छन्। तिनमध्ये एउटामा यो अभिलेख कुँदिएको छ। यहाँ ने.सं. ५४३ छ।

यो अभिलेख *संस्कृत-सन्देश* १ वर्ष ६ अङ्कका ६-७ पृष्ठमा नरहरिनाथद्वारा सर्वप्रथम छापिएको हो । पछि डिल्लीरमण रेग्मीद्वारा *मेडिईभल् नेपाल्* तेस्रो भागका ५४-५५ पृष्ठमा केही शुद्धसँग यो छापिएको छ।

मूलपाठ

१. ॥ शुभ ॥ स्वस्ति ॥ श्रीश्रीश्रीपशुपतिभट्टारकस्य पादपंकजपराग-
बहुलकीर्तिः तस्य पादपद्मोपजीविनः रघुवंशावता-
२. रअन्धकार ... श्रीमतः ॥ श्रीश्रीमानेश्वरीवरलब्धप्रसादविराजमानः
श्रीश्रीराघवकुलकमलप्रकाशितस्य श्री-
३. श्रीरघुवंशतिलकायमानःसमस्तप्रक्रियाविराजमानःमहामहः ॥ महारा-
जाद्धिराजप्रमेश्वरप्रमभट्टारकःश्रीश्रीजयजोतिम-
४. लदेवस्य विजयराजेः तत श्रीमानिगलः श्रीश्रीश्रीमनीकुत्मार-
चरणांबुजसेवितः श्रीतृभयमहापात्रप्रमुखादिः
५. श्रीदक्षिणविहारप्रधानमहामहः महापात्र सहानुमतेनः सप्तकुतुंबज-
महापात्रस्वशुद्धिसमुच्चयेन थ्वते श्री-
६. श्रीराजकुल श्रीमनीगलः । तवतवमीस्वशुद्धिसंमतसोपन्नेनः श्रीयदः
श्रीयंगलः श्रीयंबु गृहमंशयावमते
७. यकं जावतः चंद्रार्कमेदनी वहरप तोतः तावत थिर याङ लोपा लोपः।
मद्धयकं थ्व निक्षेपपत्र थिर कालात्र
८. याङ तंवपत्र चोसन तया जुरों । तंवपत्र केन कश्चित लोपयित्वा
महारौरवनारके प्रतिपतयेतः कदाचि-
९. तः थ्व भाषा सुना लोप रय रंङासः । गोहथ्या त्रिहथ्याः ब्रह्महथ्याः
निसाष निरमूल वंजमाल्व जुरों ॥
१०. ॥ श्रेयोस्तु सम्वत् ५४३ आषाढशुक्लदशम्यायां तिथौ ॥ स्वातिनक्षत्रे ।
सिद्धियोगे ॥ शुक्रवासरे ॥
११. थ्व संवच्छर नहा चोङङा पति तोच माल्वं मषो डाद्वा काले अकर्ण्ण
जुरों शुभं मंगल भवतु सर्वजगतः ॥



१६ सङ्ख्या

[९७ सङ्ख्या]

ललितपुर भण्डारखालको ने.सं. ५४७ को अभिलेख

ललितपुर भण्डारखालस्थित एउटा देवमन्दिरमा रहेको चन्द्रमाको मूर्तिको पादपीठमा यो अभिलेख कुँदिएको छ । हाल यो अभिलेखसहितको मूर्ति पाटन सङ्ग्रहालयमा छ । यहाँ ने.सं. ५४७ छ ।

संशोधन-मण्डलद्वारा *अभिलेख-संग्रह* दशौं भागको ४ पृष्ठमा यो अभिलेख सर्वप्रथम छापिएको हो ।

मूलपाठ

१. ꣽ नमः सोमाय । श्रीयोऽस्तु सम्वत् ५४७ कार्तिकशुक्लाः- पूर्ण्णमास्यायां तिथौः वि-
२. ष्टेघटि ८ वणिककर्ण्णे । श्रीदिने । वेद्धहोरायां ् आश्वनिघटि २३ भरनिनक्षत्रे
३. सुद्धिजोगे बुद्धवासरेः । वेला उदयाभ्यन्तरतो घटि २४ विघटि ४६ तदा मीन-
४. लग्ने ॥ थ्व दिन कुन्हु श्रीपूर्ण्णमीव्रतप्रतिष्ठा दिवस्थापूजव्वं । श्रीश्री-
५. जोतिमरदेवस्य विजयराज्ये श्रीवथुनिह्मं श्रीयेकलिवर्म्मन भार्ज्या श्रीमदनलक्ष्मी भरीस
६. सर्व्वमतेनः । शुभ ॥ मस्तुः ॥

अनुवाद

ॐ । चन्द्रमालाई नमस्कार । कल्याण होस् । ने.सं. ५४७ (वि.सं. १४८३) कार्तिकशुक्ल पूर्णिमा विष्टि (भद्रा) ८ घडी वणिक्करण विद्धहोरा अश्विनी २३ घडीप्रान्त भरणीनक्षत्र शुद्धियोग बुधवारको दिन सूर्योदयदेखि २४ घडी ४६ पला जाँदा मीनलग्नमा श्रीपूर्णिमाव्रत पूरा गरी श्रीश्रीज्योतिर् मल्लदेवको विजयराज्यमा श्रीवँथुनिह्मंका श्रीयेंकुलिवर्माकी पत्नी श्रीमदनलक्ष्मीभरीको सम्मतिले देवताको स्थापना गरियो । शुभ होस् ।

९७ सङ्ख्या

[९८ सङ्ख्या]

ललितपुर इवाबहीको ने.सं. ५४७ को अभिलेख

ललितपुर इवाबहिलको भगवान्मन्दिरको ढोकामाथि यो अभिलेख कुँदिएको ताम्रपत्र रहेको छ । यसमा ने.सं. ५४७ छ ।

*मेडिईभल् हिस्ट्री अफ् नेपाल्*को १५९ पृष्ठमा लुशियानो पेटेकद्वारा यस अभिलेखको केही अंश सर्वप्रथम छापिएको हो । पछि शङ्करमान राजवंशीद्वारा *पुरातत्त्व-पत्रसंग्रह* दोस्रो भागका १५४-१५५ पृष्ठमा सम्पूर्ण यो अभिलेख छापिएको छ । पछि *मेडिईभल् नेपाल्* तेस्रो भागका ५६-५७ पृष्ठमा डिल्लीरमण रेग्मीद्वारा केही पाठ सच्याई यो छापिएको छ ।

मूलपाठ

१. ॐ नमो बुद्धाय । स्वस्ति ॥ श्रीललितपत्तने ॥ श्रीश्रीमत्पशुपतिचरण-
कमलसेवितश्रीश्रीमानेश्वरीवरलब्धप्रसादितपरमभट्टारकपरमेश्वरम-
कमलसेवितश्रीश्रीमानेश्वरीवरलब्धप्रसादितपरमभट्टारकपरमेश्वरम-
२. हाराजाधिराजश्रीश्रीमज्जयज्योतिमल्लदेवस्य विजयराज्ये ॥ श्रीमानी-
गलके ॥ श्रीश्रीमदार्यावलोकितेश्वरचरणपंकजशेवितश्रीश्रीमन्मणि-
३. कुमारपादाम्बुजाराधनतत्परभग्नराजस्थापनाचार्यलुब्दराजगजां-
कुशसरणागतराजवज्रपंजरमर्यादामहोदधित्यादिविराजमान श्रीदक्षि-
४. णविहारकुटुंबज प्रधानमहापात्र दैत्यनारायण श्रीराजसिंहमल्लदेव-
वर्म्मणसन ॥ प्रधानमहापात्र चक्रनारायण श्रीउदयसिंहमल्लवर्म्मणस-
५. न ॥ प्रधानमहापात्र अचुकनारायण श्रीजयधर्म्मसिंहमल्लवर्म्मणसन ॥
थ्वस त्रिभय प्रमुखसन ॥ प्रधानमहापात्र असुरनारायण श्रीरुद्रसिं-
६. हवर्म्मणसन ॥ प्रधानमहापात्र असुररनारायण श्रीजयभीम-
मल्लवर्मणसन ॥ थ्वस पंचभेसन ॥ राजश्रीमहाविहारे डोञया
पादस्थापन याङा
७. दिन ॥ श्रियोऽस्तु सम्वत ५३८ फाल्गुणशुक्लचतुर्थीपरपंचमी ॥
अश्विनिनक्षत्रे ॥ शुक्लयोग ॥ बृहस्पतिवार ॥ थ्व दिन कोन्हु
मिथुनलग्नस पाद ।
८. स्थापन ॥०॥ सम्वत् ५३८ वैशाखकृष्ण एकादशी ॥ उत्तरभद्रनक्षत्र
विष्कुंभपरप्रीतियोग ॥ आदीतवार ॥ थ्व दिन कोन्हुं द्वारस्थापन ॥ ० ॥

९. सम्वत ५४७ ज्येष्ठशुक्ल तृतीया ॥ पुनर्वसुपरपुष्यनक्षत्र ॥ ध्रुवयोग ॥ बृहस्पतिवार ॥ कन्यलग्नस ॥ लक्षाहुतिआरंभ अग्निस्थापन ॥ शुक्लदश-

१०. मी ॥ चित्रनक्षत्र ॥ परिघयोग ॥ बुदवार ॥ उप्रकन्यलग्नस ॥ श्रीश्रीश्रीगधुद्दि तथागतस थंङन सुवर्णरचित बोधिसत्त्व-देवस्थापनाप्रतिष्ठा ॥

११. थ्वन संती कर्कटलग्नस ॥ कनककलशत्रय ध्वजावरोहणस ॥ श्रीश्रीजयज्योतिमल्लदेव ठाकुरस बिज्याचकं उत्तरसातक खंड ज्वङन जिम-

१२. नेन्हु लक्षाहुति टंवु बिज्याङन राम भारोसन नवकृत वीरबाहु प्याषन द्वयकं थ्वस सकलकोजे श्रीभारो पनि षुत्म्मं प्याखन हुयक महाउच्छाह या-

१३. ङन लक्षाहुतियज्ञ संपूर्ण जुव जुरों ॥ मूलवज्राचार्य श्रीबूबहार श्रीपंडुजुस ॥ कर्मवज्राचार्य श्रीटवबहार श्रीलोकरामजुस ॥ थ्व बहीरिस स्वंपर-

१४. या भिक्षु श्रीउदयचन्द्रजुस ॥ बहिरिया दिन सोक्य मेगयुदिसिंहस ॥ व्यष्टदाङा वंकुलि मूलमीस ज्यंतराम मूलमीस लिखित उदय राउत्तस ॥ शुभ ॥

अनुवाद

ॐ । बुद्धलाई नमस्कार । कल्याण होस् ।

श्रीललितपुरमा श्रीश्रीपशुपतिका चरणकमलको सेवा गर्ने, श्रीश्रीमानेश्वरीबाट वरप्रसाद पाएका, परमभट्टारक परमेश्वर महाराजाधिराज श्रीश्रीजयज्योतिर् मल्लदेवको विजयराज्यमा श्रीमानीगलमा श्रीश्रीआर्यावलोकितेश्वर (मत्स्येन्द्रनाथ)का चरणकमलको सेवा गर्ने, श्रीश्रीमणिकुमारका चरणकमलको आराधनामा लागेका, राज्यच्युत राजाको राज्य थामिदिनामा सिपालु, लोभी राजारूपी हात्तीमा अङ्कुशे भएका, शरण पर्न आएका राजाहरूको वज्र जस्तो पिँजडा भएका र शरण पर्न आएकालाई रक्षा गर्ने, मर्यादाको पालना गर्ने इत्यादि (प्रशस्ति)ले सुहाएका श्रीदक्षिणविहारका कुटुम्बज प्रधान महापात्र दैत्यनारायण श्रीराजसिंह मल्लदेव वर्मा, प्रधानमहापात्र चक्रनारायण श्रीउदयसिंह मल्ल वर्मा, प्रधान महापात्र अचुकनारायण श्रीजयधर्मसिंह मल्ल वर्मा यी तीन प्रमुखले र प्रधान महापात्र असुरनारायण श्रीरुद्रसिंह वर्मा, प्रधानमहापात्र असुरनारायण श्रीजयभीम मल्ल वर्मा यी पाँच जनाले राजश्रीमहाविहारमा ... पाद स्थापना गरियो । ने.सं. ५३८ (वि.सं. १४७४) फाल्गुनशुक्ल चतुर्थीउप्रान्त पञ्चमी अश्विनीनक्षत्र शुक्लयोग

बृहस्पतिवारको दिन मिथुनलग्नमा जग हालिएको हो । ने.सं. ५३८ (वि.सं. १४७५) वैशाखकृष्ण एकादशी उत्तरभाद्रनक्षत्र विष्कम्भउप्रान्त प्रीतियोग आदित्यवारको दिन ढोका जडान गरियो ।

ने.सं. ५४७ (वि.सं. १४८४) ज्येष्ठशुक्ल तृतीया पुनर्वसूउप्रान्त पुष्यनक्षत्र ध्रुवयोग बृहस्पतिवारको दिन कन्यालग्नमा लक्षाहुतिको आरम्भ गरी अग्निस्थापना गरियो । ज्येष्ठशुक्ल दशमी चित्रानक्षत्र परिघयोग बुधवार कन्यालग्नमा श्रीश्रीश्रीगधुह्रि तथागतलाई उठाई सुनको बोधिसत्त्वको प्रतिष्ठा गरियो । यसको भोलिपल्ट कर्कटलग्नमा सुनका तीनवटा गजुर र ध्वजा चढाउँदा श्रीश्रीजयज्योतिर् मल्ल देव ठाकुर आउनुभई उत्तर सातक (?) खड्ग लिनुभई बाह्रदिने लक्षाहुतिसम्म बस्नुभयो । राम भारोले नयाँ नाटक वीरबाहु बनाएका थिए । यसमा ... ६ जना श्रीभारोहरूले नाचमा भाग लिए । यसरी ठूलो खुशियाली गरी लक्षाहुति यज्ञ पूर्ण गरियो ।

मूल वज्राचार्य श्रीबुबहालका श्रीपंडुज्यू कर्मवज्राचार्य श्रीतवबहालका श्रीलोकरामज्यू । यो बहिलका स्वंपरका (?) भिक्षु श्रीउदयचन्द्रज्यू । बहिलको साइत हेर्ने ज्योतिषी मेयगुदिसिंह । ... गर्ने वंकुलि मूलमी ज्यंतराम मूलमी । यो ताम्रपत्रका लेखक उदय राउत । शुभ होस् ।



९८ सङ्ख्या

[९९ सङ्ख्या]

ललितपुर चाखाबहिलको ने.सं. ५४९ को अभिलेख

ललितपुर चाखाबहिलस्थित महादेव मन्दिरभित्र रहेको चन्द्रमूर्तिमा यो अभिलेख कुँदिएको छ। यहाँ ने.सं. ५४९ छ।

यो अभिलेख *मेडिईभल् नेपाल् (कोलोफोन्ज् यान्ड् इन्स्क्रिप्शन्ज्)*का ७५-७६ पृष्ठमा हेमराज शाक्य र तुलसीराम वैद्यद्वारा सर्वप्रथम छापिएको हो।

मूलपाठ

१. ॐ श्रियोऽस्तु ॥ सम्वत् ५४९ माघपूर्णिमास्याया तिथौ पुष्यप्रअश्लेशन-
२. क्षत्रे सोभाग्यजोग बृहस्पतिवासरे पौर्ण्णमाव्रत प्रति-
३. ष्ठादिन थू: ध्रमुनि श्रीदुथ्वो चाखाविहार योटागृह श्रीराजवस
४. (अ)वतार: रावत अनंतराम भारोस भार्या जयलक्ष्म भर। स–
५. व उदयराम भारोस भार्या उल्हासलक्ष्मी भरीस भरात्य न्हष
६. × × भारोस भार्या आसलक्ष्मी भरीस पुत्री वशूलक्ष्मी।

[१०० सङ्ख्या]

काठमाडौँ विश्वकर्माविहारको ने.सं. ५४९ को अभिलेख

काठमाडौँको विश्वकर्माविहारमा यो अभिलेख कुँदिएको ताम्रपत्र रहेको छ। यहाँ ने.सं. ५४९ छ।

यो अभिलेख *मेडिईभल् नेपाल्* तेस्रो भागका ५७-५८ पृष्ठमा डिल्लीरमण रेग्मीद्वारा सर्वप्रथम छापिएको हो।

मूलपाठ

१. श्रेयोऽस्तु सम्वत् ५४९ चैत्रशुक्लदशम्यां तिथो अंगारवासरे
२. सुकरमजोगेः पौक्षनक्षत्रे राजाधिराजप्रमेश्वरप्रमभट्टारकः ।
३. श्रीश्रीजयजक्षमल्लदेवस्यः विजयराजेः । दिवंगतःपिताराज्यदा-
४. पालस निमितेनः श्रीश्रीअक्षोभःसुवर्ण्णपठिमाभट्टारका-
५. यः पुत्रजयतेजपालभ्रातृअनन्तराजपाल सहोद्र उभेसन प्रतिथा-
६. पयित्वाः पुत्रपौत्र सर्वे सुखिन सन्तुः जावत् चन्द्रार्कमेदनी प्रजते ।
७. कालोत्रतो भवतुः । शुभमस्तुः ॥

[१०१ सङ्ख्या]

फर्पिङ कोथेटोलको ने.सं. ५५२ को अभिलेख

फर्पिङबजारमा थरपटोलको नारायणडबलीबाट कोथेटोल जाने बाटोमा रहेको एउटा पाटीमा यो शिलालेख रहेको छ। यहाँ ने.सं. ५५२ छ।

पूर्णिमा ७ पूर्णाङ्कको ४० पृष्ठमा यस अभिलेखको केही अंश शङ्करमान राजवंशीद्वारा सर्वप्रथम छापिएको हो। पछि *प्राचीन नेपाल* १२० सङ्ख्याको नेपाली खण्डका १२-१३ पृष्ठमा उद्धव आचार्यद्वारा अनुवादसहित सम्पूर्ण यो अभिलेख छापिएको छ।

मूलपाठ

१. ॥ ॐ नमः श्रीशक्तिपुरुषोत्तमाय । संसारे यस्य कुक्षौ वसति निरुपमं स्वर्ग्गम-
२. र्त्यं च नागं दुर्ल्लक्षं यस्य मूर्त्तिर्गममिव समो योगिनां ज्ञानगंम्यं । त्रैलो-
३. क्यं व्यापि देहो विविधतनुधृतो मत्स्यकुर्म्मादिरूपं सोयं देवो मुरारिर्ज्जगदव-
४. नपुरो नित्य मुर्ध्ना नमामि ॥ श्रीनेपालमण्डले ॥ परमभट्टारकपरमेश्वरमहा-
५. राजाधिराजश्रीश्रीमज्जयज्योतिमल्लदेवस्य विजयराज्ये ॥ ० ॥ श्रीशिखरपत्तने
६. श्रीरामसिंहः सुरकीकुलेशः श्रीधर्म्मसिंहो भुवनैकवीरः श्रीदेवसिंहो रिपुह-
७. स्तिसिंहः श्रीनाथसिंहो मदनावतारः ॥ श्रीश्रीगोपालेश्वर-चरणपरायणश्रीश्री-
८. मत्तिलब्रह्मेश्वराराधनतत्परश्रीश्रीशिखरनारायणचरणसेवितसुरंकीवंशा-
९. वतंस सर्व्वे श्रीराउत्ताः संभुज्यमानराज्ये ॥०॥ सेनात्मजा तादृशलोकिकानां सद्रापि-
१०. नीनां च शिरोमणीति । लोकोपकारी कणकः प्रवर्षी श्रीजेतलक्ष्मी भुवने प्रसिद्धाः ।
११. चंद्रानता विशालाक्षी वितोष्ठी चारुभाषिता । जैतलक्ष्मीति विख्याता देवसिंहस्य

१२. वल्लभां ॥ तस्यानुजोस्ति गुणसागरकृष्णमूर्तिः सत्कीर्तिकांति-कुमुदोज्वलशोभमानः

१३. गांभीर्यसागरसमो भुवनेषु धीरः श्रीशक्तिसिंहनृपवीरमहागुणज्ञः ॥ की-

१४. र्त्तिलक्ष्मी प्रिया तस्य गर्भाधानं भवेत् तथा । दशमे मास संपूर्ण्णे सुषुवे च कुमारकं । आनं-

१५. दपरमं लेभे पितामात्रा जनास्तथा । श्रीयशकीर्त्तिसिंहेति कृतो नामावधारणं ॥

१६. एवं महोत्सवे काले मासैकं च गते सति । सुजेन पीडितो बाल गतोसौ विष्णुमं-

१७. दिरं । तमुद्दिस्य कृतं देव बालस्य प्रतिविंबकं पाषाणनिर्म्मितं देवं श्रीशक्तिपु-

१८. रुषोत्तमं ॥ स्थापितं रक्षकोने तु कृत्वा यज्ञं चतुर्दिनं । प्रतिष्ठितं तु विधिना संपूर्ण

१९. कृतयज्ञकः । चंद्रे विरिंचिवदने विशिषे गतेब्दे माघे शिते विधितिथौ वसुदेवताभे ।

२०. सच्छुद्धियोगवरके रविवारमुख्ये संस्थापितं च विधिना पुरुषोत्तमं तु ॥ इति श्रीशक्ति-

२१. पुरुषोत्तमस्थापनं ॥ ० ॥ ततोत्थितं विश्वकर्म्म देहलीयोज्यभूमिकं । विधिना स्था-

२२. पितं द्वारं यज्ञं कृत्वा दिनैककं । हस्ते च भूतहरवक्रकेपि मासे तथा कृष्णकवन्हिति-

२३. थ्यां । भं चोत्तरःफाल्गुण शूलयोगे सूर्ये दिने स्थापित द्वारकं तु ॥ इति द्वारस्थापनं

२४. ॥०॥ विश्वकर्म्मादिकालोकै काष्ठं तु योजितं पुनः । यज्ञं कृत्वा दिनैकं च तुलिकां तु

२५. प्रतिस्थितं । यक्षे च बाणेन्द्रियवत्सरे तु मासे तथा फाल्गुणचाष्टमीके । भं ज्येष्ठयुक्ते तनु-

२६. शुद्धियोगे भानोर्दिने तु चुलिकां प्ररोप्य ॥ इति चुलिकांस्थापनं ॥०॥ परमभट्टार-

२७. कपरमेश्वरमहाराजाधिराजश्रीश्रीमज्जययक्षमल्लदेवस्य विजयराज्ये ॥०॥ सि-

२८. द्धिं कृत्वा तु सर्वत्र छादितं श्रृंखलेन च । सुवर्ण्णकलशैकं तु विधिना च प्रतिष्ठितं । पु-

२९. र कृष्णयारेकेन यज्ञं कृतदिनाष्टकं ॥ जैतलक्ष्मी वधू द्वे च शक्तिसिंहो नृपस्तथा । ज्योति-

३०. सिंहकुमारश्च संपूर्ण्णं कृतयज्ञकं । नेत्रे शरे भूतपते गतेऽब्दे राधो शिते षष्टतिथौ शि-

३१. वर्क्षे । सूर्ये दिने सुक्रमयोगमुख्ये स्वर्णध्वजारोपित विष्णुहर्म्ये ॥ शुभमस्तु सर्वजगतामिति ॥

अनुवाद

श्रीशक्तिपुरुषोत्तमलाई नमस्कार । जसको पेटभित्र स्वर्ग, पृथ्वी र पाताल तीनै लोक रहेका छन्, जसको दर्शन दुर्लभ छ, आकाश जस्तो, योगीहरूले मात्र ज्ञानद्वारा जानिने, तीन लोक ढाक्ने जीउ भएका, माछा कछुवा आदि अनेक अवतार लिएका त्यस्ता देवता श्रीकृष्णलाई सधैं ढोग्दछु ।

श्रीनेपालमण्डलमा परमभट्टारक परमेश्वर महाराजाधिराज श्रीश्रीजयज्योतिर् मल्लदेवको विजयराज्यमा श्रीशिखरपत्तन(फर्पिङ)मा सुरकी कुलका मालिक श्रीरामसिंह, वीर श्रीधर्मसिंह, शत्रुलाई खतम पार्ने श्रीदेवसिंह, कामदेवका अवतार भएका श्रीनाथसिंह, श्रीश्रीगोपालेश्वरको पाउको सेवा गर्ने, श्रीश्रीतिलब्रह्मेश्वरको सेवामा लागेका, श्रीश्रीशिखरनारायणको पाउको सेवा गरेका, सुरंकी कुलका गहना जस्ता, सबै राउत्तहरूले पालना गरिएका राज्यमा सेनकी छोरी श्रीजैतलक्ष्मी ... महिलाहरूमा शिरोमणि, लोकको उपकार गर्ने, सुन दान दिने नाउँ चलेकी छिन् । चन्द्रमा जस्तो राम्रो अनुहार भएकी, ठूलो आँखा भएकी, गोल काँक्री जस्तो ओठ भएकी राम्रो बोलीवचन भएकी जैतलक्ष्मी देवसिंहकी पत्नी हुन् ।

तिनका (देवसिंहका) भाइ शक्तिसिंह गुणी, असल कीर्ति फैलिएका, गम्भीर, धीर, राजाहरूमा श्रेष्ठ छन् । तिनकी पत्नी कीर्तिलक्ष्मी हुन् । तिनको गर्भाधान भयो । दश महिना पूरा भएपछि तिनले छोरा जन्माइन् । आमा बाबु र अरू मानिसहरूलाई ठूलो आनन्द भयो, यशकीर्तिसिंह भन्ने नाम राखियो । यसरी ठूलो उत्सवसाथ एक महीना बितेपछि बिरामी भई सो बालकको मृत्यु भयो । सोही बालकलाई लख गरी शक्तिपुरुषोत्तमको ढुङ्गेमूर्ति स्थापना गरियो । सो प्रतिष्ठा गर्दा चार दिनसम्म यज्ञ गरिएको थियो ।

ने.सं. ५४१ (वि.सं. १४७७) माघशुक्ल द्वितीया धनिष्ठानक्षत्र शुद्धियोग आदित्यवारको दिन विधिपूर्वक पुरुषोत्तमको स्थापना गरिएको हो । श्रीशक्तिपुरुषोत्तमको स्थापना गरिएको कुरा सिद्धियो । त्यसपछि क्रमशः मन्दिर बनाउने कालिगडी काम हुन थाल्यो । एक दिन यज्ञ गरी ढोका हालियो । ने.सं. ५५१ (वि.सं. १४८७) माघकृष्ण प्रतिपदा उत्तरफल्गुनीनक्षत्र शूलयोग आदित्यवारको

दिन ढोका हालिएको हो । ढोका हालेको कुरा सिद्धियो । सिकर्मी आदिहरूले काठको काम गर्न थाले । एक दिने यज्ञ गरेर चुलिकास्थापना गरियो । ने.सं. ५५२ (वि.सं. १४८८) फाल्गुनशुक्ल अष्टमी ज्येष्ठानक्षत्र शुद्धियोग आदित्यवार चुलिका स्थापना गरियो । चुलिकास्थापनाको कुरा सिद्धियो ।

परमभट्टारक परमेश्वर महाराजाधिराज श्रीश्रीजययक्ष मल्लदेवको विजयराज्यमा सिद्ध गरेर छाना हालिएको हो । सुनको गजुर पनि विधिपूर्वक चढाइयो । आठ दिनसम्म यज्ञ गरियो । शक्तिसिंह राजा जैतलक्ष्मी र कुमार ज्योतिसिंह भइकन यज्ञ सम्पूर्ण गरिएको हो ।

ने.सं. ५५२ (वि.सं. १४८९) वैशाखशुक्ल षष्ठी आर्द्रानक्षत्र सुकर्मायोग आदित्यवारको दिन विष्णुको मन्दिरमा सुनको ध्वजा चढाइयो । सारा संसारको कल्याण होस् ।

१०१ सङ्ख्या



[१०२ सङ्ख्या]

ललितपुर मुछेँको ने.सं. ५५८ को अभिलेख

ललितपुर मुछेँको प्राङ्गणमा रहेको गणेशमूर्तिमा यो अभिलेख कुँदिएको छ । यहाँ ने.सं. ५५८ छ ।

यो अभिलेख *मेडिईभल् नेपाल् (कोलोफोन्ज् यान्ड् इन्स्क्रिप्शन्ज्)*का ७७-७८ पृष्ठमा हेमराज शाक्य र तुलसीराम वैद्यद्वारा सर्वप्रथम छापिएको हो ।

मूलपाठ

१. (ॐ स्व)स्ति श्रीमन्नेपालिक श्रेयोऽस्तु ॥ सम्वत् ५५८ माघशुक्ल:षष्टंम्या
२. ... ॥ अशुनिपरभरणिनक्षत्रे । शुक्लजोगे । शुक्रवास-
३. (रे) ... जगतवर्द्धन भसन । श्रीउल्हासवर्द्धनजुस
४. ... तस । व्रतप्रतिष्ठा याङा जुरों ॥ शुभ ॥



१०२ सङ्ख्या

[१०३ सङ्ख्या]

ठिमी श्रीबहालटोलको ने.सं. ५५८ को अभिलेख

ठिमी श्रीबहालटोलस्थित शिवालयमा यो शिलालेख रहेको छ । यहाँ ने.सं. ५५८ छ ।

इतिहास-संशोधनको प्रमाणप्रमेयको मूल भागको ४१ पृष्ठमा संशोधन-मण्डलद्वारा सर्वप्रथम यसको केही अंश अनुवादसहित छापिएको हो । पछि *पूर्णिमा* ७ पूर्णाङ्कको ४३ पृष्ठमा शङ्करमान राजवंशीद्वारा यस अभिलेखको अलि बढी अंश अनुवादसहित छापिएको छ । पछि *मेडिईभल् नेपाल्* तेस्रो भागका ६१-६३ पृष्ठमा डिल्लीरमण रेग्मीद्वारा यो अभिलेख सम्पूर्ण छापिएको छ ।

मूलपाठ

१. ꣸ ॐ नमः शिवाय ॥ गौरीशं चंद्रमौलिं सकलगुणमयं शंकरं लोकना-
२. थं त्रैलोक्ये रत्नरूपं सुरनरमुनिभिः पूजितं दैत्यनाथैः । धर्म्मस्थं ˎ नाग-
३. हारं गणगुरुजनकं ˎ मंगलं नीलकण्ठं देवं श्रीव्योमकेशं ˎ त्रिनयन-
४. विदितं लिङ्गमूर्त्तिन्नमामि ॥०॥ स्वस्ति ॥ श्रीश्रीश्रीपशुपतिचरणा-
५. रविन्दसेवापरायणश्रीमन्मानेश्वरीदेवीवरलब्धपरंपरानु-
६. गतदेदीप्यमानमहाराजलक्ष्मीकनिखिलनरपतिचक्रचूडामणिरि-
७. पुराजगजकुंभस्थलविदारणमहाभीष्मकण्ठीरुहविविधविरुदा-
८. वलीसमलंकृतराजाधिराजपरेमश्वरपरमभट्टारकरघुवंशकम-
९. लवनविकाशनैकभास्करसकलविद्यानिधानगुणिगणालंकृतश्रीने-
१०. पालमण्डलेश्वरश्रीलक्ष्मीनारायणावतारश्रीश्रीजययक्षमल्लदेव सरू-
११. पदेवीउदयानदेवीहृदयसरोवरराजहंसः ॥ ज्योतिमल्लसुतो भाति
१२. स श्रीमान् भूपतिः कृतीः । सूर्यवंशावतंसोयं यक्षमल्लो गुणाश्रयः । संसा-
१३. रदेव्यास्तनयः सुबुद्धिर्व्विवेकनारायण एष भाति । श्रीयक्षमल्लानुजः
१४. शास्त्रवेदीः श्रीजीवमल्लो नृपरत्नमूर्त्तिः ॥ तयोर्द्वयोर्व्विजयराज्ये ॥०॥
१५. तत्रैव त्रिभैरवस्थानमनोहरथेंमीदेशपूर्व्वदिग्विभागे वं-
१६. खाशिवभट्टारकस्य प्राशाद नवकृतं यङन ˎ आवन चेया इन्दल

१७. दुंछे नायक जगसीमास पिथिनायक स जिवाकरमीस गुणा दुवार
१८. भास थ्व सकल प्रमुखन गातपि सकल समुचय मेलरपं सोंक्षे आवन
१९. चेया तव ल्हेङाननि येटाछे गुण (दुवा)र भास किंज हिदयराम दुवा-
२०. र भास मलय दुवार भास थ्व सकल ह्मसं प्रत्येकन येथोक्षे
२१. आवन चेया ‸ थम पूर्व्वज लोकसम देव थापरपा ॥ अतःप-
२२. रं दत्तभाषा ॥ थ्व देवसके दति ... गुणा दुवार भासे किंज हि-
२३. दयराम दुवार भासे ‸ यंद्वलुवुं रूपाशिस ‸ थववो रोव ङा
२४. पेक ५ थ्व बुया वरसानन दिन ... याये भूय फेतखा बु रोव
२५. पि ४ थ्वया वरसानं वर्षवर्ष ... निसीन शिवरात्र चवद-
२६. शन पंचामृत दयक देव बू...छोयकेमाल ताम्रलिंग बु
२७. थ्वस कीर्त्ति पूजन यायेमाल थ्व देव...(पू)जारी श्रीउदयचंद भारो मेगु
२८. भारो थ्व फुकिंजसे निस्तरपं यनेमाल...(मनिस्त)...पयंग्वस पंच
२९. महापातकफल लाक्व ॥ सम्वत् ५(५८) फाल्गुणशुक्ल पूर्णमासी भौ-
३०. मवार देवल प्रतिष्ठा दिन ॥ थ्व पुण्यफलन जनधन पुत्रपौत्र लक्ष्मी
३१. आयुआरोग्य सौभाग्यमाणि सिद्धिरस्तु ॥ अयं प्रासाद कल्पान्तरप-
३२. र्यंत स्थिरो भूयात् । अभयराजेन रचितं तत्पुत्रेण लिखितं गुणिराजेन टंक-
३३. रेखा लिखिता ॥ स्नानकलश दुन्ता फुकिजिसें ॥ शुभम्

अनुवाद

ॐ । महादेवलाई नमस्कार । पार्वतीका पति, शिरमा चन्द्रमा भएका, सारा गुणहरू भएका, कल्याण गर्ने, लोकका मालिक, तीनै लोकका रत्नस्वरूप भएका, देव दानव मानवहरूले पूजा गरिएका, धर्ममा रहेका, सर्पका माला लाएका, तीन आँखा भएका, नीलो घाँटी भएका, आकाश नै केश भएका, लिङ्ग रूपका महादेवलाई ढोग्दछु ।

कल्याण होस् । श्री ३ पशुपतिको चरणकमलको सेवा गर्नमा लागेका, श्रीमानेश्वरी देवीबाट वर पाएका, परम्पराका अनुयायी, तेजिला, महाराजलक्ष्मीसहित भएका, सारा राजाहरूमा शिरोमणि भएका, अनेक प्रशस्तिले सुहाएका, राजाधिराज, परमेश्वर, परमभट्टारक, रघुकुलको विकास गरेका, सारा विद्याका खानि भएका, गुणी, श्रीनेपालमण्डलका मालिक, लक्ष्मीनारायणका

अवतारस्वरूप भएका श्रीश्रीजययक्ष मल्लदेव हुनुहुन्छ । ज्योतिर् मल्ल र संसारदेवीका छोरा, स्वरूपदेवी र उद्यानदेवीका पति, सूर्य वंशका गहना भएका, श्रीयक्ष मल्ल गुणी, बुद्धिमान्, विवेकी हुनुहुन्छ ।

उहाँ दुइजनाको विजयराज्यमा त्यहीं त्रिभैरव स्थानले मनोहर भएको ठिमी देशको पूर्व भागमा रहेका वंखा महादेवको मन्दिरको जीर्णोद्धार गरियो । ईंट छाप्ने काम गरियो । इन्दल दुंछेंका नायक जगसीमा, पिथिनायक जीवा कर्मी, द्वारे गुणा यी प्रमुख भई सो इलाकाका सबैजना मिली सोछेंमा ईंट छाप्ने काम गरियो । ... का भाइ हृदयराम द्वारे मलय द्वारे ... यी सबै प्रत्येकले यथोछेंमा ईंट छाप्ने काम गरियो । आफ्ना पुर्खाहरूलाई लक्ष्य गरी (?) देवता स्थापना गरियो ।

यसपछि दत्तभाषा । यी देवताका लागि द्वारे गुणाका भाइ द्वारे हृदयरामले आफ्नो यंद्धल रूपासिको खेत ५ रोपनी गूठी राखे । यस खेतको वर्षवर्धनको दिन ... गर्नू । फेरि फेतखाको ४ रोपनी खेतले प्रतिवर्ष ... शिवरात्रि चतुर्दशीको दिन पञ्चामृत राखी देवताको पूजा गर्नु ... बत्ती बाल्नु । ताम्रलिङ्गको खेतले कीर्ति पूजा गर्नु । यसका पुजारी श्रीउदयचन्द भारो, मेवु भारो र उनका दाजु भाइहरूले सो पूजा चलाउनु । ... लोप गरे पञ्चमहापापको फल लागेस् ।

ने.सं. ५५८ (वि.सं. १४९४) फाल्गुनशुक्ल पूर्णिमा मङ्गलवारको दिन देवलको प्रतिष्ठा गरियो । यस पुण्यले जनधन, छोरानाति, लक्ष्मी, आयुआरोग्य सौभाग्य सिद्धि होस्, यो मन्दिर धेरै कालसम्म स्थिर रहोस् ।

अभयराजले यो लेख बनाएका हुन् । उनका छोरा गुणीराजले शिलामा कुँदेका हुन् । नातेदारहरूले स्नानकलश बनाए । शुभ होस् ।

१०३ सङ्ख्या



[१०४ सङ्ख्या]

भक्तपुर तौमढीटोलको ने.सं. ५६० को अभिलेख

भक्तपुर तौमढीटोलको भैरवको प्रसिद्ध मन्दिरसँगै बायाँतर्फ एउटा ठूलो शिलापत्र ठड्याइएको छ । सोही शिलामा यो अभिलेख कुँदिएको छ । यहाँ ने.सं. ५६० छ ।

*मेडिईभल् हिस्ट्री अफ् नेपाल्*को १६२ पृष्ठमा लुशियानो पेटेकद्वारा सर्वप्रथम यस अभिलेखको उल्लेख भएको हो । पछि *पूर्णिमा* ८ पूर्णाङ्कको १४ पृष्ठमा शङ्करमान राजवंशीद्वारा यस अभिलेखको केही अंश अनुवादसहित छापिएको छ । पछि *मेडिईभल् नेपाल्* तेस्रो भागका ६३-६७ पृष्ठमा डिल्लीरमण रेग्मीद्वारा सम्पूर्ण यो अभिलेख छापिएको छ ।

मूलपाठ

१. ॐ नमः शिवाय ॥ देवदेवं महेशानं विश्वेश्वरं महेश्वरं नमामि...
२. ... देव गोविन्दं नमामि माघमाधवं ॥ शिवगंगा महेशा ...
३. भास्वद्वंशसमूहके नय ... ज्योतिमल्लो नृपो राज्ञस्तस्य सुतः ... चक्रेश्वरः । ...
४. वतीर्ण्णो नृपो राजा श्री(जयय)क्षमल्लनृप...भार-श्रवणमौक्तिककुण्ड ...
५. शुकं परिवृतं मत्वा ...
६. र्थिनां प्रार्थनां दान ... भुजः । ... देव्याः प्राणेश्वर नृपेश्वरः ॥ ... भाति पथा ... सरस्वती । ... स्ते जा-
७. तलक्ष्म्यामेक ... तस्यानुजश्रीः । पुण्य...गुण...मल्लो नृपोत्तमः । यशोदेव्या पतिः श्रीमान् भूखण्डे भुवने गुणी
८. ॥ श्रीजीवमल्ल ... परमारदेव्याः । तस्या सुतो बालक जीव ... विभ्राज ... वार्क्ककुले प्रसूता ॥ वीर ... पु-
९. ण्यालय-ना ... पुरीदेशे तिलमाधवसंनिधौ ॥ शिवनुतिपूजः पुण्यमार्ग्गानुभाजः क ... भोज ...
१०. ... जः । पृथु ...॥ राज इह भुवन...रि यक्षमल्लो नृपश्रीः ॥ ॥ स्वस्ति श्रीभगवतः श्रीश्रीश्रीपशुपतेः पादपंक-

११. जरेणुरंजितो...(मा)नेश्वरीवरलब्धप्रसादसंभूतप्रभूत...नवसुविभ्राज्य-
मान ...राज्यलक्ष्मीक ् नृपनयनीतिविद्यातर्क्कछंदव्या-
१२. करणादिवेदांग ... नानाविधविदग्धविद्याधरमहाचातुर्य... माहात्म्य-
गुणगभीरप्रणताशेषभूपसामंतमौलिमालालालि-
१३. तपादपुंडरीक अ ... ख्यातादिश्रुतकथाकुण्डलश्रवणालंकारसुजन-
परिजनानंदकारमहाकीर्त्तिपुरस्कारकरणीकृतमा ... स्र्व कु-
१४. लकमलविकासनैकसहस्रांशुप्रमत्तबलपौरुषवैरिगणारण्यदावानलनगर-
नागरीकुलकामिनीकंदर्पबृहत्कीर्त्तिस ... लितहे-
१५. मप्रणालीनिर्म्मितपादादिस्थापनविजयवेजयंतीप्रतिस्पर्द्धिनिर्म्माण-
महापुण्यप्रासादप्रतिष्ठाकृतश्रीलक्ष्मीनारायणमूर्त्यंकितश्रीश्री-
१६. जययक्षमल्लदेवेन ॥ श्रीयक्षमल्लः परमं विधाता सृष्टिक्षयाख्या ...
नेपालभूचक्रसुचक्रवर्त्ती तेना ... सुतरां स
१७. राज्ञः ॥ विघ्नेशादिसहोपनिर्म्मितकरं प्रोत्तुंगभृंगोत्तमं पूर्व्वदक्षिण-
पश्चिमोत्तरदिशि ... । आपादः कलसावरोहण कृतं ...
१८. सल्लक्षणालंकृतं प्रासादं सुमहत्तरगुणवरं पूर्णप्रतिष्ठा कृतं ॥ भूमौ
...मकराकृति नवकृतं सौवर्ण्णमूर्त्यंकितं ् सर्पे ...
१९. -परिगतं श्रेयः कलाकारितं । भक्तापू परमं विभूषणमिमं हेमप्रणाली-
वरं एवं कीर्त्तियशो ... रुचिरं तेनात्र संस्थापनं ॥ ॥ ...
२०. स्थापनपूरणार्थं प्रासादनिर्म्माण जाश्रयार्थं ॥ ... मनार्थं
श्रीश्रीसंसारदेव्या ...
२१. ... तार्कवंसजान् । कौशल्या तादृशी पुण्या एषा मे-गुणास्पदा ...
ओजस्करो भूपतिः श्रीमान ...
२२. ... वदातयस - दिग द्योतयन् भास्वत् ... धर्म्मविनीति ... कविः
सर्व्वार्थ ... साख्याद्वै श्रवणोपमो ...
२३. ... श्रीयक्षमल्लोधुना ॥ यत्रागमे सकललोकवृताभिराम ... भिरावृत-
शशी इव राज्यमानः । सर्व्वार्थिकाम ...
२४. ... को विवेकी श्रीजीवमल्ल इति यद् भुवि मण्डितश्रीः ॥ मातुः
संसारदेव्याश्च जेष्ठपुत्रस्य धीमतः । कनेष्ठ-
२५. ... तस्य पुण्येनानेन कर्म्मणा ॥ धर्म्मेणानेन भूयाद् दुरितमलहरं
वांछिता सिद्धिपूर्ण्णं कल्याणं सौख्यभागं ...
२६. ... स्फीतराज्यांगलब्धा । धर्म्मार्थकाममोक्षं फलचतुरधिकं प्राप्तमस्य
क्रमाद् वै भूयो भूयो रमंते ...

२७. ... तत्कीर्त्ति सत्कर्म्मपुण्ये ॥ आकाशगंगा इव दीर्घरेखा दीर्घायुषं वर्षसहस्रसंख्यां । ...
२८. ... त्यवर्ग्गा निर्व्याधिता जीवंतु तेन तावत् ॥ वृष्टिं वर्षंतु मेघाः प्रभवतु धरणी शस्यपूर्ण्णा समंतात् विप्रा वेद ...
२९. ... रजना धर्म्मनीतिक्रियायां राजानः सर्व्वलोकान् प्रतिदिवसि मुदा पालयंतु सभृत्यान् गावः क्षीराद्यजा ...
३०. नृपतिंभक्तिसुप्रीतमस्तु ॥ यावन्नेपालखण्डे वसति पशुपतिर्वासुकी वाग्मतिस्था । ब्रह्मक्षत्रि प्रयोगः ...
३१. ... यावदामंतु शास्ता । यावदन्नाप्रचारस्तरुवर फलवान् पुष्पवान् यावदास्ते तावत्कालं स्थिरोस्तादयन ...
३२. ... थवा चलोस्तु । सून्येस्कन्दमुखेन्द्रिसंख्यकशते नेपालसंवत्सरे ज्येष्ठे पाण्डरपक्षकान्तकतिथौ नक्षत्र ...
३३. ... योगे सुद्धिमते दिवाविधुसुते भास्वद् वृषे संस्थिते कन्ये चन्द्रमसीति तत्र कृतवान् पूर्ण्णा प्रतिष्ठा विधे ॥ ... (अतः)
३४. (परं) देशभाषा ॥ ॥ श्रीश्रीजययक्षमल्ल प्रभुठाकुरसं पाद स्थापना दिन गजुह्रि छासे पुल दयका ‸ लुंयितिनो दयका ...
३५. ... लुन ङासें दयकं तया ॥ पुलस ... लुहंडन मेमि तं छोयके दिन प्रति अछिद्रन चिकन अष्टाछि धारे हनेमाल ॥ भुय ...
३६. ... सतछि ॥ इन्द्रजात्रास च्यान्हु ॥ महाअष्टमी कोन्हु विश्वजात्रा नीन्हु थ्वते दिन मभीसें कोथु फलेया बजि पु ...
३७. ... थ्व मिपु प्रति चिकन हने अष्टाछी हाने ॥ वसुंवादन पूजा याये न्हीनस्त चलस दयक पुल दुंवने योंग्व यिनायसके ...
३८. ... पहपय च ताल थायमाल्व ॥ शित आदिन समस्त यातं बुं‸ दयया यदि ॥ ट्वंखास काय दम्म ५४ ॥ थ्यंमीस काय दम्म ...
३९. ... रोव ६ वलन सहित ॥ थ्वते पुलस दुंता ॥ भूय यितीस दुंता ॥ कंपो बु रोव ६ ॥ यंवि बु रोव ८ ॥ भूय स्व कपो बु रोव ३ ॥ ...
४०. बु रोव ३ ॥ आरवि बु रोव ४ ॥ भूय दम्मशिवका १५ ॥ थ्वते दम्मन यितीया वर्सवादन याये ॥ इन्द्रजात्रान स्वान छाये ...
४१. ... याये ॥ पीतिसार दंछि स्व टं पी सुदि ‸ बुङन सख्वालन पायेमाल्व ॥ थंङ क्वव्वा श्रीश्रीराजकुल पात्रकुल ...
४२. वङन वु अणि थ्वते आय ममोक्व जुरों । निज देशवासी निग्वस मटेवन लंख्व कायके यितीस मटेव जुरों ॥ निज ...

४३. र देश सुछिस्यंनो पुलस मे छोयकं थुयके खुरके मटेव जुरों ॥ पुन लिं खे प्राकारण मे छुसिं बूस तसें चच ...

४४. ...जुरो ॥ थ्वतेन मरपंत ज्या ् सेन सुमेव चिंता यङन बुद्धारपेमाल । थम थम खंङन मगांकाले ् गाकाले ् गोहथ्या ब्रह्महथ्या ...

४५. पंचमहापातक लाक्व जुरो ॥ ॥ सम्वत् ५६० जेष्ठशुदि ११ बुद्धवार थ्व कोन्हु संपूर्ण्ण दिन जुरो ॥ ॥ शुभमस्तु सर्व्वदा ॥

४६. भुय ... चार्य आदिन ... वङा देश ... पायमाल जुरों शुभ ॥

१०४ सङ्ख्या



[१०५ सङ्ख्या]

चाँगुनारायणको अभिलेख

भक्तपुर चाँगुनारायणको भण्डारमा रहेको गहनामा यो अभिलेख कुँदिएको छ। चाँगुनारायणको ऐतिहासिक सामग्रीको १७१ पृष्ठमा मोहनप्रसाद खनालद्वारा अनुवादसहित सर्वप्रथम यो छापिएको हो।

मूलपाठ

१. श्रीश्रीश्रीरामचन्द्रप्रित्यर्थं विष्णुदासेन हृदयालंकार ् उपडोखितं । शुभमस्तुः ॥

अनुवाद

श्रीश्रीश्रीरामचन्द्रलाई प्रसन्न पार्न विष्णुदासले हृदयालंकार (गहनाविशेष) चढाए। शुभ होस्।

[१०६ सङ्ख्या]

काठमाडौँ चाबहिलको ने.सं. ५६४ को अभिलेख

काठमाडौँ चाबहिलको थथुबहिलस्थित क्वापादेवताको मूल कक्षको भण्डारमा यो सुवर्णपत्राभिलेख रहेको छ। यहाँ ने.सं. ५६४ छ।

यो अभिलेख *कन्जर्भेशन् यान्ड् रेस्टोरेशन् अफ् चारुमतीविहार*नामक अप्रकाशित प्रतिवेदनका ५६-५७ पृष्ठमा देवेन्द्रनाथ तिवारी र श्यामसुन्दर राजवंशीद्वारा सर्वप्रथम दिइएको हो।

मूलपाठ

१. ... जननीयनां ॥ स्वस्ति श्रीअंशुवर्ममहाविहारश्रीमद्‍भगवती-श्रीवज्रयोगिनीअतितद्वायुक्तन प्रतिस्थापिता ॥ कृतिरियं परमे
२. ... श्रीश्रीजययक्षमल्लदेवस्य विजयराज्ये ॥ ॥ याते वेदरसेन्द्रयसत्व-समन्वयासम्वत्सरे मासे षस्ठांकदिवसेऽस्मिना
३. या सम्यक् प्रतिष्ठा कृता ॥ अवनावर्नयुत्स्मान लक्ष्मीरायः य वन्दना ॥ दातुः श्रीमणिल् दस्म कूलवृन्द नाम प्रमान ॥
४. विरसन स्वस्तद्यां यंकुलि मया भरीस प्रतिविम्ब श्रीवज्रवाराही तद् भारि ज्ञात्वण याङा जुव ॥ सर्वसत्वानां शुभमस्तु ॥

[१०७ सङ्ख्या]

चाँगुनारायणको ने.सं. ५६६ को अभिलेख

चाँगुनारायणभण्डारका बत्ती बाल्ने पानसहरूमध्ये एउटामा यो अभिलेख कुँदिएको छ। यहाँ ने.सं. ५६६ छ।

यो अभिलेख *चाँगुनारायणका ऐतिहासिक सामग्री*को १७२ पृष्ठमा मोहनप्रसाद खनालद्वारा सर्वप्रथम अनुवादसहित छापिएको हो।

मूलपाठ

१. शुभ ॥ श्रीश्रीचाँगुनारायणसके ‸ साङादेश मनिकयोति मूलमि स्यं वितुमयिन ‸ यङाज मूलमिस्य दिवंगत ङय लूवया उदेशनान सारिकस मेतं छोय-

२. के यातं त्वाकदिवा पछि दुंता तया दिनप्रति अछेन्द्रं याङ छोयकेमाल ‸ सम्वत् ५६६ आखाढवदि २ ॥ शुभ ॥

अनुवाद

शुभ । श्रीश्रीचाँगुनारायणलाई साँगादेशका मनिकज्योति मुलमी र पत्नी वितुमयीले स्वर्गवासी यङाज मुलमीलाई लख गरी ... सालिक भएको बत्ती बाल्ने पानसविशेष चढाए। प्रतिदिन अटूट रूपले बत्ती बाल्नुपर्छ।

ने.सं. ५६६ (वि.सं. १५०३) आषाढकृष्ण द्वितीया। शुभ।

[१०८ सङ्ख्या]

पशुपतिको ने.सं. ५६७ को अभिलेख

पशुपतिगोश्वाराको सङ्ग्रहमा रहेको ताम्रपत्रमा यो अभिलेख कुँदिएको छ। यहाँ ने.सं. ५६७ छ।

यो अभिलेख *मेडिईभल् नेपाल्* तेस्रो भागका ५८-६१ पृष्ठमा डिल्लीरमण रेग्मीद्वारा सर्वप्रथम छापिएको हो।

महेशराज पन्तद्वारा *पूर्णिमा* १२३ पूर्णाङ्कका १-५ पृष्ठमा छापिएको मूलपाठ र *पूर्णिमा* १२४ पूर्णाङ्कका १-३० पृष्ठमा छापिएको अनुवाद यहाँ दिइएको छ।

मूलपाठ

१. ॐ ॐ नमः पशुपतये ॥ सूर्येन्दुवन्हित्रयलोचनाय ‸ नागेन्द्रकर्ण्णावृतकुण्डलाय । वामाङ्ग गौरी सह संगताय ‸ श्रीकण्ठकण्ठाय नमः शिवाय ॥ दिवङ्गतायाः प्रतिमा जनन्या ‸ जाम्बूनदा -

२. भाकृतिनिर्म्मितांगा । स पूण्यपुण्येन स कृत्रिमेण ‸ ब्रह्मत्व मोक्षत्व शिवत्व भूयात् ॥ सौवर्ण्णप्रतिबिम्बकान्तिगवरीसंसारदेव्याकृतिं ‸ तत्संस्थाप्य कृतामिमां पशुपतेः प्रासादगर्ब्भालये । या-

३. वद्वाशुकिनागक्षेत्र कथितस्तावूद् गता वाग्मती ‸ शम्भूमाशदृशी यथा भवतु तां शैवे तथा लीयतां ॥ नेपालभूखण्ड पवित्रयन्तौ ‸ श्रीयक्षमल्लौ सह जीवमल्लौ । मातुः समूद्देशकृतार्थहेतो ‸ सुच्छ्रद्धया स्व-

४. र्गपुरं नयन्तु ॥ पक्षत्रये ब्राह्मणसत्समीपे ‸ संकल्पयन्तं बहूधा प्रदानं । मातुः समूद्दशित तत्प्रदानाद् ब्रह्मत्व मोक्षत्व शिवत्व भूयात् ॥ दानेन पूण्येन अनेन भूयात् समृद्धिमारोग्य सपूत्रपौत्रं । यू-

५. गान्तकल्पान्तगतावधिस्थे ‸ श्रीराज्यलक्ष्मी भवतु ह्यखण्डं ॥ ० ॥ नादे स्कन्दमूखे ह्यनगविशिखे नेपालसम्वत्सरे ‸ मासादौ शितसप्तमीवरुणभे योगेशनौ गीस्पतौ । हाहाकार कृतं जनस्य निखि-

६. लं संत्यक्त लक्ष्म्यास्पदं । तत्कैलाशपूरं जगाम दिवसे संसारदेवीति सा ॥०॥ संसारदेवी ठकुरिणीस प्रतिमा गौरीसके ‸ दिनप्रति अखण्ड याङन जोगारपे ‸ भोजा ‸ के कुह्नछिन थुया जा ‸

७. अमस छता ˎ क्यं स्वंता ˎ चि चेकन ˎ थ्वतेन ˎ त्यवत्या के हांने ˎ थ्व
भोजा ˎ गौरीसके ह्नङव ताव ˎ संसारदेवी ठकुरिणीसतं न्हिठंङ ˎ दुखि
देशांतरी ˎ सुद्धा पोओ बिये ˎ यिनकोया ˎ मेस धरि पाटछि १
८. फलके कूह्नछि १ थ्व निसराव गौरीसके ह्नङव ताव ˎ संसारदेवी
ठकुरिणीसतं न्हिठंङाव ˎ हयिं लावड पालन बिये ˎ यिनकोयातं ˎ
मेतं चिकन ˎ अष्टाछि १ गौरीसकेवो पशुपतिसकेवो ˎ
९. संसारदेवी ठकूरिणीसतं न्हिठंङाव न्हिथांवु ˎ मेतां बियाव ˎ छोयके ॥
ठिंसला पुनिशि कोन्हु ˎ इह्नमंढे ˎ त्यवछि केन द्वाको ˎ छोङाव येंने ˎ
प्वस पुनिशि कोन्हु ˎ म्वाटमंढे ˎ त्यवछि केन द्वाको छोङाव
१०. येने । दिनक्षयसंक्रांति कोन्हू ˎ हामलजा ˎ घेर ˎ साषर थ्वतेन फंछि
केन द्वाको येंने । चितला पूनिशि कोन्हु चाकुमंढे ˎ त्यवछि केन
द्वाको येंने । पसादचवदश कोन्ह ˎ डोनयेला चतावमंढे त्य-
११. वछि केन द्वाको छोङाव येंने । चंगुणिला ˎ विश्वसंक्रांति कोन्हु
चतावमंढे ˎ त्यवछि केन द्वाको छोङाव येंने ˎ कह्नवह्न सिठिं कोन्हु ˎ
कह्नवह्नमंढे ˎ त्यवछि केन द्वाको छोङाव येंने । गुणिला
१२. पुनिशि कोन्हु ष्वरपमंढे ˎ टुलिटला क्यं ˎ त्यवछि केन द्वाको येंने ।
महनि ˎ नवमि कोन्हु ˎ व्छसलावो ˎ फलकेवोन ˎ फंछि केन द्वाको
येंने । सुखरात्रि कोन्हु ˎ धरिख्यं ˎ कस्तिधाज्य ˎ साषर ˎ माठ-
१३. लडुवा ˎ थ्वतेन नेफा केन द्वाको येंने । जुधान पुनिशि कोन्हु ˎ सके
माङ दुदुदाया फंछि केन द्वाको येंने भोजा निसराव बाहिकन
थ्वतेतावुं को शीपघाट लिस्यें गौरीसके ह्नङव
१४. ताव ˎ संसारदेवी ठकुरिणीस ह्निनठंङाव दुखी देशांतरी बिये ।
पशुपतिस स्नान याको न्हांवु ˎ संसारदेवी ठकुरिणीसतं न्हिठंङन न्हि
स्वं पोल धारे ˎ गाडु ढालरपे । दं संवच्छली
१५. कोन्हु ˎ दंस दंशवुं स्वंकन क्वाक्वन सेले ˎ सेले धुनङाव ˎ गौरीट्वनो
पाशुपतिट्वनो पंचामृतन स्नान याये ˎ धरि ˎ दुदु ˎ घेर ˎ कस्तिन ˎ
दम्मछि १ साषर दम्मछि १ स्वान ङचाङ छाये ˎ दम्म-
१६. छि १ दक्षिणा ˎ गौरीसतं ˎ पाशुपतिसतंन दम्मछि १ दक्षिणा
पुजावारीयातं ˎ दम्मछि १ न्हस दामन ˎ लिं पीट ङचाङाव ˎ गावो
पाटावो हेले ˎ थ्वते धुनङाव ˎ पुजावारी द्वाकोवुं ˎ भंडिरि
१७. द्वाकोवुं ˎ ब्यष्ट द्वाकोवुं ˎ गुठि द्वाकोवुं ˎ मुङन भोज याये । धरि
फलके ˎ लाव जिमछ दाम ११ हाने ˎ थ्व समस्ता वसपेयातं आय
दुंतुं तया । मागल को बूया ˎ गंग्व वा पं ˎ ङय

१८. पं ५० धारे प्यंड काये ॱ ननिसालया ॱ बढंदाम शिवका पि ४ धारे कायेॱ बू रोव १६ म्वाढगाह्न को ॱ बू रोव ३ वंधबू बू रोव १५ कांड्वं को ॱ बू रोव ११ वंटाबू ॱ बू रोव ९ म्वा-

१९. ढगाह्न ॱ बू रोव १२ पेकबहार को ॱ बू रोव ३ पेकबहार को ॱ बू रोव ९ म्वाढगाह्न थ्वते आयस लोभामोहोन ॱ ग्रासरपो द्वा काले ॱ आयन गाक्व थ्यं ॱ चोस्यं तकोतावूं ॱ गुठि-

२०. न मनिस्तरप काले ॱ श्रीश्रीश्रीपाशुपतिस निग्रह ॱ लाक्व जुरों दिवंगत मामो देवीस उदेसन ॱ श्रीश्रीजयजक्ष मलदेव प्रभु ठाकूरसन श्रीश्रीजयजीव मलदेव प्र-

२१. भु ठाकूरसन ॱ उभयस्यं दूंता जुरों अंनदान आदिन ॱ थ्वतेता दानया फलन - माम संसारदेवी ठकूरिणिट्वं शिवलोक विष्णुलोक संप्राप्तो भवंतु ॱ भोजा येंने भो पा-

२२. टछि १ मेत थंङ येने ॱ कंस बांडलठु पाटछि १ निसराव येने ॱ सं भोचा पाटछि १ कंस सोपारि ट्वाकछि १ थ्वते गुठियाके च्वंग्व ॥०॥ शुभमस्तु सर्व्वजगतां ॥०॥
(दायाँ फट्केमा तलबाट २१ पङ्क्तिको हाराहारीबाट उठाई तेर्सो पारेर सानो अक्षरमा)
गाडु ढालरपेयातं दि ॱ बु रोव १२ म्वाढगाह्न ॱ लावड हयिं आदिन ॱ पुजावारी द्वाकोस्तं ॥

अनुवाद

ॐ ॐ पशुपतिलाई नमस्कार ।

सूर्य चन्द्र र अग्नि तीन आँखा भएका, कान ढाकेका नागराज कुण्डल भएका, बायाँ अङ्गमा गौरीसँग मिलेर रहेका, श्रीकण्ठ (रूपका) शिवजीलाई नमस्कार ।

स्वर्गे भइबक्सेका मुमाको सुन जस्तो चम्कने आकृति र (सुनले) बनाइएको अङ्ग भएको प्रतिमा बनाएको त्यस पुण्यले (उहाँको) ब्रह्मत्व मोक्ष शिवत्व होओस् ।

सुनको प्रतिमा (अर्थात्) गौरी (रूपको) संसारदेवीको बनाइएको, कान्ति भएको यस आकृतिलाई पशुपतिको मन्दिरको गर्भगृहमा स्थापना गरेर जबसम्म वासुकिनागक्षेत्र कहिन्छ, तबसम्म वाग्वती जान्छिन् (बग्छिन्), शम्भु (महादेव)मा उमा (पार्वती) जसरी (लीन) भइबक्सेको छ, त्यसै गरी उहाँलाई शिवजीकोमा लीन गरियोस् ।

पृथ्वीको एक टुक्रा भएको नेपाललाई पवित्र गरिबक्सेको श्रीयक्ष मल्लले जीव मल्लसहित भई मुमालाई लख गरेर राम्रो श्रद्धापूर्वक गरेको कामको कारणले (उहाँलाई) स्वर्गको शहरमा लगोस् ।

तीन पक्षमा (४५ दिनमा) सज्जन ब्राह्मणको नजीकमा सङ्कल्प गरी धेरै किसिमका दान गरियो । मुमालाई लख गरिएको त्यस दानबाट (उहाँको) ब्रह्मत्व मोक्ष शिवत्व होओस् ।

यस दानको पुण्यले छोरानातिसमेतको समृद्धि र आरोग्य होओस् । युग नटुङ्गेसम्मको र कल्प नटुङ्गेसम्मको अवधिभर श्रीराज्यलक्ष्मी अखण्ड होओस् ।

ने.सं. ५६७ (वि.सं. १५०३) मार्गशुक्ल सप्तमी शतभिषानक्षत्र वज्रयोग बृहस्पतिवारको दिन उहाँ संसारदेवीको सवारी त्यस कैलास सहरमा भयो भनी सारा मानिसहरूले हाहाकार गरे, लक्ष्मीले ठाउँ छोडिन् ।

संसारदेवी ठकुर्नीको प्रतिमा गौरीलाई दिनकादिन नटुटाईकन जोरजाम गर्नु पर्ने ।

भुजा । चामल कुरुवा एकले पकाएको भात, आमिष एक थोक, दालतरकारी तीन थोक, नून, तेल यति साढे दुइ कुरुवा चामलले पुऱ्याउने । यो भुजा गौरीलाई अगाडि राखेर संसारदेवी ठकुर्नीलाई (चढाई) सधैँ दुःखी (र) देशान्तरी (परदेशी)लाई सुद्धा भाग दिने ।

साँझको । भैँसीको (दूधको) दही कहतारो एक १, चिउरा कुरुवा एक १ । यो सिधा गौरीलाई अगाडि राखेर संसारदेवी ठकुर्नीलाई (चढाई) सधैँ हयिहरू (र) रावललाई पारण दिने ।

साँझको लागि बत्ती । तेल एक १ छटाक । गौरीलाई र पशुपतिलाई, संसारदेवी ठकुर्नीलाई सधैँ बत्ती दिएर बाल्ने ।

मङ्सीरको पूर्णिमाको दिन योमरी दुइ कुरुवा चामलले सबै पकाई लाने । पूसको पूर्णिमाको दिन भटमासको रोटी दुइ कुरुवा चामलले सबै पकाई लाने । माघे सङ्क्रान्तिको दिन तिल (हालेको ?) भात, घिउ, सखर यति एक पाथी चामलले सबै लाने । फागुनको पूर्णिमाको दिन चाकुमरी दुइ कुरुवा चामलले सबै लाने । पिशाचचतुर्दशीको दिन डोनयेला र चटामरी दुइ कुरुवा चामलले सबै पकाई लाने । चैतमा वैशाखसङ्क्रान्तिको दिन चटामरी दुइ कुरुवा चामलले सबै पकाई लाने । केराउ (खाने) सिठीको दिन केराउको रोटी दुइ कुरुवा चामलले सबै पकाई खाने । साउनको पूर्णिमाको दिन ख्वरपमंढे र बिरौँलाको व्यन्जन दुइ कुरुवा चामलले सबै लाने । दसैँको नवमीको दिन छोयला र चिउरा एक पाथी चामलले सबै लाने । सुखरात्रिको दिन तातेको दूधमा दही मिसाउँदा फाटेको दूध, महबाट बनेको पदार्थ, सखर, माठलडुवा यति दुइ पाथी चामलले सबै लाने । कार्तिकपूर्णिमाको दिन उसिनेको पिँडालु र खुवा एक पाथी चामलले सबै लाने ।

भुजा र सिधाबाहेक यति थोक तल शीपघाटको पछाडिबाट लाने । गौरीलाई अगाडि राखेर संसारदेवी ठकुर्नीलाई (चढाई) सधैँ दुःखी (र) देशान्तरीहरूलाई दिने ।

पशुपतिमा स्नान गर्ने जतिले संसारदेवी ठकुर्नीलाई सधैँ दिनको तीन फेर मात्र गाडु खन्याउने ।

वर्षवर्धनको दिन वर्षवर्षमा सुकेको कर्कलो (र) तातो (पानी)ले (प्रतिमा) माझ्ने । माझिसकेपछि गौरीलाई र पशुपतिलाई पञ्चामृतले स्नान गर्ने । दही, दूध, घिउ र महको दम्म एक १ । सखर दम्म एक १ । फूल किनेर चढाउने । दम्म एक १ दक्षिणा गौरीलाई । पशुपतिलाई पनि दम्म एक १ । दक्षिणा पुजारीलाई दम्म एक १ । सात दामले पीताम्बर किनेर पछ्यौरा र तल्लो वस्त्र फेर्ने । यति गरिसकेपछि पुजारी सबै, भँडेल सबै, बिसेत सबै, गुठी(का) सबै जम्मा भई भोज गर्ने । दही, चिउरा, मासु एघाह्र दाम ११ ले पुऱ्याउने ।

यो सबै (काम) चलाउनको लागि आयस्ता भित्र्याएर राख्ने । मागल तलको खेतको सुकेको धान पाथी पचास पाथी ५० मात्र कूत लिने । ननिसालको बढंदाम शिवका चार ४ मात्र लिने । खेत रोपनी १६ म्वाढंगाह्र तलको, खेत रोपनी ३ वंधबु, खेत रोपनी १५ कांड्वं तलको, खेत रोपनी ११ वंटाबु, खेत रोपनी ९ म्वाढगाह्र, खेत रोपनी १२ पेकबहार तलको, खेत रोपनी ३ पेकबहार तलको, खेत रोपनी ९ म्वाढगोह्र ।

यति आयस्तामा (कसैलाई) लोभ र मोहले ग्रस्त गऱ्यो भने (र) आयस्ताले पुगे जस्तै, लेखिएको जति गूठिले मतलब राखेन भने श्रीश्रीश्रीपशुपतिको निग्रह लाग्ने भयो ।

स्वर्गे भइबक्सेका मुमा (संसार)देवीको लखले श्रीश्रीजययक्ष मल्लदेव प्रभु ठाकुर र श्रीश्रीजयजीव मल्लदेव प्रभु ठाकुर दुवैबाट चढाइएको भयो । अन्नदान आदिले यति दानको फलले मुमा संसारदेवी ठकुर्नीलाई शिवलोक विष्णुलोक प्राप्त होओस् ।

भुजा लान थाल एउटा १, बत्ती उठाएर लान काँसको बांदलू एउटा १, सिधा लान सानो थाल एउटा १, तेल हाल्ने काँसको भाँडा एउटा १ । यति गूठीमा रहेको ।

सबै प्राणीहरूको शुभ होओस् ।

गाडु खन्याउनको लागि खेत रोपनी १२ म्वाढगाह्र(को) रावल हयि आदि पुजारी सबैलाई ।



१०८ सङ्ख्या

[१०९ सङ्ख्या]

ललितपुर ससुखेलको ने.सं. ५६७ को अभिलेख

ललितपुरको प्रसिद्ध बालकुमारीमन्दिरसँगैको ससुखेलमा यो शिलालेख छ । यहाँ ने.सं. ५६७ छ ।

यस अभिलेखको केही अंश *इतिहास-संशोधन*को *प्रमाणप्रमेय*को मूल भागको ५ पृष्ठमा संशोधन-मण्डलद्वारा अनुवादसहित सर्वप्रथम छापिएको हो । पछि *मेडिईभल् नेपाल्* तेस्रो भागका ६७-६८ पृष्ठमा डिल्लीरमण रेग्मीद्वारा यो अभिलेख पूरा छापिएको छ ।

मूलपाठ

१. ꣸ ॐ नमः श्रीसारदायै ॥ या शक्तिः परमेष्ठिनो मधुरिपो -
२. : शंभोस्त्रिसंध्यासु च स्याद् बालायुवतीजरात्रिगुणगा पद्मास-
३. नस्था यया । सज्जाप्यावलिपुस्तकाभयवरा दोर्भिश्चतुर्भिर्द्धृ-
४. ता सा देवी जगतां प्रसूरयतु वः श्रीसारदा नित्यशः ॥ १
५. श्रीयक्षमल्लो भूपोऽस्ति नेपाले तेन पालिते । स्थापिता
६. सारदा देवी ललितापुरप्राग्दिशि ॥ त्रिभिः प्रधानैः पा-
७. त्रैश्च पालितो ललितापुरः । श्रीमान्मणिकुमारोऽत्र
८. भाति सप्तकुटुंबकैः ॥ संवद्भूधरषण्महेशवदनेऽती-
९. ते च नेपालिके ज्येष्ठे शुक्लहुताशनाख्यतिथिके वारे
१०. हिमांशोः शुभे । रीक्षे सन्मृगशीर्षके वरधृतौ यो-
११. गे वृषस्थे रवौ ͵ लोकैर्व्विंशतिभिः कृता मखवरे श्री-
१२. सारदास्थापना ॥ तदारभ्य सरस्वत्याः पादयुग्मश-
१३. रोरुहः । प्रणमंति जनाः सर्व्वे विद्यां च प्राप्तुकामया ॥
१४. स्वस्ति श्रीनेपालिकसंवत् ५६७ ज्येष्ठशुक्लप्रतिप-
१५. द्यां तिथौ ॥ रोहिणीघटि २३ परमृगशिरनक्षत्रे ॥ धृति-
१६. योगे ॥ सोमवासरे ॥ वृषराशिगते सवितरि ॥ तदे-
१७. व राशिगते चंद्रमसि ॥ तद्दिने श्रीश्रीसरस्वतीस्थाप-
१८. ना प्रतिष्ठा कृता ॥ दानपतिभिर्व्विंशतिभिर्मूल-
१९. नायक वुदा तेज तुकू ͵ गोराम विसिनी ͵ लूंत ͵ शिरा-
२०. म ͵ मधनजु ͵ पंडु ͵ जयत ͵ लुंत ͵ जगता ͵ पंडु ͵ चंद ͵ ते-

२१. जा ्ह्यंतराम ्जोती जीतराज ्स्वंधुवा भारो मीति
२२. :स्थापना कृता आचार्येण लुंतराजेव प्रतिष्ठिता क-
२३. र्म्मकारेण जिवापुण्येन जयतेन च कृतेति ॥ अनेन
२४. लब्धपुण्येन लोकाः संतु गुणोदयाः । धर्म्मे तिष्ठं-
२५. तु राजानः काले वर्षंतु वारिदाः ॥ शुभ सर्व्वदाः ।

अनुवाद

ॐ । सरस्वतीलाई नमस्कार । जुन सरस्वती ब्रह्मा विष्णु महेश तीनैको शक्ति स्वरूपकी छन्, जुन सरस्वती बालिका युवती र वृद्धा तीन गुणकी छन्, कमलमा बसेकी, चार हातमा जयमाला, पुस्तक, अभय वर लिएकी, संसारको आमा भएकी ती सरस्वती देवीले सधैं संसारलाई रक्षा गरून् ।

राजा श्रीयक्ष मल्लले नेपालमा शासन गरिरहनुभएको वेलामा ललितपुरको पूर्वपट्टि सरस्वती देवीको स्थापना गरियो । यस वेलामा ललितपुरको शासन सप्तकुटुम्बज तीन महापात्रहरूले चलाइरहनुभएको छ । यस ललितपुरमा श्रीमणिकुमार (स्वामिकार्तिक) सुहाइरहनुभएको छ ।

ने.सं. ५६७ (वि.सं. १५०४) ज्येष्ठशुक्ल प्रतिपदा सोमवार मृगशिरानक्षत्र धृतियोगमा सूर्य वृषराशिमा बसेमा बीस जना मिली यज्ञ गरिकन सरस्वतीको स्थापना गरियो । त्यस वेलादेखि सबै मानिसहरू विद्या पाउन सरस्वतीका दुइ पाउलाई ढोग्छन् ।

कल्याण होस् । ने.सं. ५६७ (वि.सं. १५०४) ज्येष्ठशुक्ल प्रतिपदा रोहिणीनक्षत्र २३ घडीउप्रान्त मृगशिरानक्षत्र धृतियोग सोमवारमा सूर्य वृषराशिमा बसेमा त्यही राशिमा चन्द्रमा बसेमा त्यो दिन श्रीश्रीसरस्वतीको स्थापना गरी प्रतिष्ठा गरियो ।

मूल नाइके बूढा तेज तुकु गोराम विसिनी लुंत शिराम मधनजु पंडु जयत लुंत जयत पंडु चंद तेजा ह्यन्तराम ज्योति जीतराज स्वंधुवा भारो यी बीसजना दानपति हुन् । स्थापना गर्ने आचार्य लुंतराज छन् । कर्मकर जिवापुण्य र जयत हुन् । यसबाट भएको पुण्यले दुनियाँ गुणी होऊन् । राजा धर्ममा रहून्, बखतमा पानी परोस् । सधैं कल्याण होस् ।

१०९ सङ्ख्या



[११० सङ्ख्या]

ललितपुर बुबहालको ने.सं. ५६७ को अभिलेख

ललितपुरको बुबहालस्थित वज्रसत्वको मूर्तिको बायाँतर्फ यो शिलालेख रहेको छ । यहाँ ने.सं. ५६७ छ ।

यस अभिलेखको केही अंश *पूर्णिमा* ८ पूर्णाङ्कको १६ पृष्ठमा शङ्करमान राजवंशीद्वारा सर्वप्रथम अनुवादसहित छापिएको हो । पछि *मेडिईभल् नेपाल्* तेस्रो भागका ६८-६९ पृष्ठमा डिल्लीरमण रेग्मीद्वारा यो अभिलेख पूरा छापिएको छ ।

मूलपाठ

१. ॡ ॐ नमो रत्नत्रयाय ॥ स्वस्ति ॥ श्रीमत्नेपालिक-
२. सम्वत् ५६७ ज्येष्ठशुक्लतृतीयाप्रचतुर्थ्यायां
३. तिथो पुनर्व्वसुनक्षत्रे वृद्धियोगे बृहष्पति-
४. वासरे ॥ थ्व दिन कुन्हु ॥ श्रीगवर्म्मपिंथबहार
५. महाविहारस काष्ठरचित श्रीमत्श्रीश्रीवज्र-
६. सत्वतथागत भटारकस अहोरात्र महा-
७. जग्य याङनः कंसचित सुवर्णरचित चन्द्र-
८. मा भट्टारकसः घंठग्वह वसि भृंगारभोः
९. भृंगारतहाडप्वंः न्हसकन ॥ थ्वते उपवोहा
१०. रपने यात- प्रयात्वं जुरो राजाद्धिराज-
११. श्रीश्रीजयजक्षमल्लदेवस्य विजयराज्ये ॥ म-
१२. हापात्र श्री ... चंद ... वर्मा श्रीकयतपा-
१३. लवर्म्मस ...वर्मा स्वविहा-
१४. रवासि ... भार्या किर्तिल-
१५. क्ष्मीसहि(त) ... (अ)नेन लक्ष्मीरस्तु ।

अनुवाद

ॐ । रत्नत्रय (बुद्ध धर्म संघ) लाई नमस्कार । कल्याण होस् ।

ने.सं. ५६७ (वि.सं. १५०४) ज्येष्ठशुक्ल तृतीयाउप्रान्त चतुर्थी पुनर्वसुनक्षत्र वृद्धियोग बृहस्पतिवारको दिन श्रीगवर्म पिंथविहारमा महाविहारमा अहोरात्र ठूलो यज्ञ गरिकन काठको श्रीश्रीवज्रसत्त्व तथागत देवताको स्थापना गरियो । कांसको सुनले मोलम्बा लाएको चन्द्रमा देवता, दुइटा घण्टा सातवटा भृंगार (?) चढाए । ...

राजाधिराज श्रीश्री जययक्ष मल्लदेवको विजयराज्यमा महापात्र श्री ... चंद ... वर्मा श्रीकयतपाल वर्मा ... वर्मा, आफ्नो विहारमा बस्ने ... पत्नी कीर्तिलक्ष्मीसहित भइकन (यो पुण्यकर्म गरिएको हो) । यसबाट ऐश्वर्य बढोस् ।

११० सङ्ख्या



[१११ सङ्ख्या]

ललितपुर दुपाटटोलको अभिलेख

ललितपुर दुपाटटोलको गणेशस्थाननिरको चैत्यमा यो शिलालेख कुँदिएको छ। यसको केही अंश *पूर्णिमा* १० पूर्णाङ्कको २१ पृष्ठमा शङ्करमान राजवंशीद्वारा अनुवादसहित सर्वप्रथम छापिएको हो।

मूलपाठ

१. ...
२. ...
३. वज्रजो-
४. (गे शु)कवासरे ... मदिवसः महा-
५. (रा)जाधिराजाप्रमेश्वरपरम(भ)-
६. टारकश्रीश्रीजययक्षमलदेवस्य विजय(रा)-
७. (ज्ये) श्रीलडीतब्रुमाया श्रीदुपातश्रीमत्-
८. श्रीश्रीचैत्यभटारिकासक स एव चैत्यभ-
९. टारिकास्त वं विनक्क ग्वभुवीहारयात्वं जुर
१०. दानपति श्रीतवलच्छेवीहार जितराजस
११. राक। यदत्र पुण्यं भवतु मातापितृ-
१२. पूर्व्वङ्गमेन सकलसत्व अनुत्रफलं प्राप्तेयति।
१३. शुभ॥

अनुवाद

... वज्रयोग शुक्रवारको दिन ... महाराजाधिराज परमेश्वर परमभट्टारक श्रीश्रीजययक्ष मल्लदेवको विजयराज्यमा श्रीललितब्रुमा (ललितपुर) श्रीदुपातटोलका श्रीश्रीचैत्य भट्टारकलाई ... विहारलाई समेत चढाइयो। दानपति श्रीतवलच्छेविहारका जितराज छन्। यसबाट जुन पुण्य हुन्छ, त्यसबाट आमाबावुलगायत सारा प्राणीलाई अनुत्तर फल प्राप्ति होस्। कल्याण होस्।

१११ सङ्ख्या



[११२ सङ्ख्या]

भक्तपुर जगन्नाथमन्दिरको ने.सं. ५७१ को अभिलेख

भक्तपुर दरबारको पटाङ्गिनीमा चारधामका मन्दिर छन् । तिनमा रामेश्वर र जगन्नाथ मन्दिरहरूको उत्तराभिमुख सिँढीनिर पहिलो अभिलेख कुँदिएको शिलापत्र रहेको छ । यसैगरी यी मन्दिरहरूकै पूर्वाभिमुख सिँढीको तेस्रो खुड्किलोनिर अर्को शिलापत्रमा दोस्रो अभिलेख कुँदिएको छ । यी दुवैका धेरै अंश भग्न छन् । यहाँ ने.सं. ५७१ छ ।

यी अभिलेखहरू पूर्णिमा ७४ पूर्णाङ्कका ३-४ पृष्ठमा महेशराज पन्तद्वारा सर्वप्रथम छापिएका हुन् ।

मूलपाठ

पहिलो

१. ... गुरौ ॥

२. ... (ल)क्ष्म्याः दिवंगते ॥ शुभ ॥

३. (ॐ अद्य श्वेतव)राहकल्पे वैवश्वतमन्वन्तरे कलियुगे ् भरतखण्डे जम्बूदीपे हिमवन्तपादे श्रीनेपालमण्डले श्री-

४. ... भूमिमुखजलधारां भूपाते ... लविद्याकृतिना विनिर्गतदक्षिणमुखजलनालिकां ...

५. लोके संप्राप्ता भवतु तेन पुण्येन पुत्रपौत्रसंततिसंतान्मा-युरारोग्यमैश्वैर्य ... महाराजस

दोस्रो

१. ... विभौ व ॥ अद्य कार्तिकमासे कृष्णपक्षे अमावास्यान्तिथौ ... नक्षत्रे पुष्ययोगे शनिचरवासरे ... राशिगते सवितरि ... रासिगते चन्द्रमसि ... चा

२. (ल)क्ष्मीनाम्नै तस्यै उदेशनार्थ श्रीश्रीजययक्षमल्लदेवप्रभु ... दि ... त ... जल ... तां ... दिवंगत ...

३. पक्षे दिन कोन्हु यिति प्रतिष्ठा याङा ॥*॥ संवत् ५७१ ... ि ...

[११३ सङ्ख्या]

ललितपुर लुभुको ने.सं. ५७२ को अभिलेख

ललितपुर लुभु कोलाछिटोलमा नारायणमन्दिर छ । त्यहाँ रहेको शिलामा यो लेख कुँदिएको छ । यहाँ ने.सं. ५७२ छ ।

यस अभिलेखको केही अंश *पूर्णिमा* ८ पूर्णाङ्कको १८ पृष्ठमा शङ्करमान राजवंशीद्वारा सर्वप्रथम अनुवादसहित छापिएको हो । पछि *मेडिईभल् नेपाल्* तेस्रो भागका ६९-७१ पृष्ठमा डिल्लीरमण रेग्मीद्वारा सम्पूर्ण यो अभिलेख छापिएको छ ।

मूलपाठ

१. ॐ नमः श्रीवासुदेवाय ॥ ... पुनरपि च गदारत्नशंखांकहस्ता ...
२. ... दैत्यानां दर्प्पहंता सकलतनुभृतां
३. विश्व ... पायाद् वा देवदेवः परमगुणमयः श्रीप्रदाता मुरारिः ॥०॥ श्रीमान्ने-
४. ... श्रीमान्पशुपतिस्तत्र त- भूपेश्वरोऽस्ति ह ...
५. ... श्रीश्रीनाथरूप इह जन्मकृतोत्तम श्रीमान् स्वपक्षजन ...
६. नायकश्रीश्रीयक्षमल्ल इति राजति भूपतिश्रीः ॥ तस्यात्मजः श्रीजयरायमल्लो मध्यात्मजः
७. श्रीजयरत्नमल्लः । स राजते श्रीरणमल्लदेवः कनिष्ठपुत्रः कहरीशरूपः । स्वस्ति श्रीमत्-
८. श्रीपशुपतिसेवितेत्यादि ॥ श्रीश्रीजययक्षमल्लदेवस्य विजयराज्ये ॥०॥ अस्ति सुवर्ण्णक्षेत्रा-
९. - नेपा(लप)त्तनोत्तमे ... त्र जीवचंद्रेण सुखंडोमध्ये टोलके ॥ तत्र दैवज्ञवर ...
१०. श्रीध ... ज ... स्थापयद् विष्णोर्ज्जीवचन्द्रेण धीमता ॥ अहोरात्रेण यत्रेन ...
११. ... तत्रेव स्थापयेच्च कलिका पुनः ॥ ल-कन ... जां ...
१२. ... कारये क्रमशोनेन वेदोक्तविधिना गुरुः ॥०॥ नेपा ...
१३. ... चैत्रमासे च शुक्ले नक्षत्रे वै मघाख्ये भृगुसुतदिवसे-गंडयोगेतीरम्ये
१४. ... शशिनि हरिगते मंदिरे श्रीमुरारेः स्वार्ण्णछत्रध्वजां च प्रद ...

१५. ... सभार्यः ॥ भार्या जयतलक्ष्मीश्च जीवचंद्रो विचक्षणः । जयसिंहो क-
१६. ... कनिष्ठकः ॥ जानुमयी द्वितीया च नायकादि...
१७. ... ध्वजदानतः ॥ अनेन पुण्येन भवंतु लोका नित्यप्रमोदाः
१८. ... प्रवर्षतु घनाः संपूर्णा भवंतु-श-रचलाश्च नित्यं ॥०॥
१९. (अतः परं ने)पालभा(षा) श्रेयोस्तु ॥ सम्वत् ५६५ मार्गशिरशुक्लः-षष्टम्यां तिथौ ॥ श्र-
२०. (वणन)क्षत्रे ॥ ... गे ॥ आदित्यवासरे ॥ थ्व दिन कोन्हु पादस्थापनः ॥०॥ स एव
२१. (द)शमी उत्रभद्रनक्षत्रः शुद्धियोग बृहस्पतिवार थ्व दिन कोन्हु श्रीश्रीश्रीनारा-
२२. (यण)स्थापन अहोरात्र यज्ञन जुरों ॥ ० ॥ स एव शुक्लपुनीसि बुद्धवार द्वारस्था-
२३. पनः ॥०॥ सम्वत् ५६७ माघकृष्ण द्वादशी आदित्यवार थ्व दिन कोन्हु चुलिका
२४. छाया ॥०॥ सम्वत् ५७० भाद्रपदकृष्ण तृतीया अंगारवार कोश दुंता दिन
२५. जुरों ॥०॥ सम्वत् ५७२ चैत्रशुक्लएकादश्यां तिथौ ॥ मघनक्षत्रे ॥ वृद्धियो-
२६. गे ॥ शुक्रवासरे ॥ थ्व दिन कोन्हु ॥ प्यंन्हु यज्ञ याङ गजुडिनो ध्वजानो छाया
२७. ॥०॥ श्रीश्रीजययक्षमल्लदेव ठाकुर्रस विजयराजस ॥ कोटनायक हृदय-
२८. राम मुलमीस प्रज्यायस ॥ श्रीगयपतिजुसन ॥ देवज्ञ जीवब्रह्म भास-
२९. न ॥ आचार्य शिवा भासन ॥ प्रतिष्ठा याङा ॥ थंकादी जसपि भास ॥ जीव-
३०. राम भास ॥ आदितराम भास ॥ दाता जीवचंद भास भार्या जयतलक्ष्मी
३१. भरी ज्येष्ठपुत्र जयसिंह भारो द्वितीयपुत्र ज्योतिराज भारो ॥ आख-
३२. र श्री ... देव जुस ॥ देवज्या गुणिराज भासः लुंत भासः ॥ गंठिज्या त्रं
३३. भा ... यास ॥०॥ गजुडिज्या उदीतराम भासः । आदितराम भा-

३४. स ... ज्या ... पाल जुसः श्रीजयसिंहजुसः । सिजल धा-
३५. ना ... ॥। लुं धावा कर्ष प्रत्ये दंम शरछि चोङ य-
३६. षु ... ॥ दुवार ॥ अंन सुभिक्ष कालस ध्वजा छाया जुरों शुभः ॥

अनुवाद

श्रीवासुदेवलाई नमस्कार । ... हातमा ... गदा शङ्ख लिएका ... दैत्यहरूको घमण्ड तोड्ने सारा प्राणीहरूको ... गर्ने, ठूला गुणहरू भएका, ऐश्वर्य दिने ठूला देवता कृष्णले तिमीहरूलाई रक्षा गरुन् ।

त्यही श्रीपशुपति ... श्रीश्रीनाथस्वरूप भएका, आफ्ना पक्षका मानिसको (भलो गर्ने) उत्तम ठूला राजा श्रीश्रीयक्ष मल्ल सुहाइरहनुभएको छ । उहाँका छोरा श्रीजयराय मल्ल, माहिला श्रीजयरत्न मल्ल, कान्छा श्रीरण मल्ल हुनुहुन्छ ।

श्रीपशुपतिको सेवा गरेका आदि (प्रशस्ति भएका) श्रीश्रीजययक्ष मल्लदेवको विजयराज्यमा उत्तम नेपाल देशमा सुवर्णक्षेत्र (लुभु) भन्ने प्रदेश छ । त्यहाँ सुखंडो भन्ने माझको टोलमा बस्ने बुद्धिमान् असल ज्योतिषी जीवचन्द्रले विष्णुको स्थापना गरे । त्यहाँ अहोरात्र यज्ञ गरी (त्यस मन्दिरमा) चुलिका (माथिल्लो छाना) हालियो । ... क्रमशः वेदमा बताएअनुसारको विधिले गुरुले पूजा गरे ।

ने.सं. ... चैत्रशुक्ल ... मघानक्षत्र गण्डयोग शुक्रवारको दिन श्रीकृष्णको मन्दिरमा पत्नीसहित भई सुनको छत्र ध्वजा चढाए । विद्वान् जीवचन्द्र उनकी पत्नी जयतलक्ष्मी भाइ जयसिंह दोस्री (पत्नी) जानुमयी ... नायक कुलका । ... ध्वज दानबाट...

यस पुण्यले लोकमा सधैं आनन्द रहोस् ... बखतमा पानी परोस् । ...

अब नेपालभाषा । कल्याण होस् । ने.सं. ५६५ (वि.सं. १५०१) मार्गशुक्ल षष्ठी श्रवणनक्षत्र ... योग आदित्यवारको दिन जग हालियो । मार्गशुक्ल दशमी उत्तरभद्रनक्षत्र शुद्धियोग बृहस्पतिवारको दिन नारायणको स्थापना र अहोरात्र यज्ञ भयो । मार्गशुक्ल पूर्णिमा बुधवारको दिन ढोका हालियो । ने.सं. ५६७ (वि.सं. १५०३) माघकृष्ण द्वादशी आदित्यवारको दिन छाना हालियो । ने.सं. ५७० (वि.सं. १५०७) भाद्रकृष्ण तृतीया मङ्गलवारको दिन कोश चढाइयो । ने.सं. ५७२ (वि.सं. १५०९) चैत्रशुक्ल एकादशी मघानक्षत्र वृद्धियोग शुक्रवारको दिन चार दिनसम्म यज्ञ गरी गजुर ध्वजा चढाइयो ।

श्रीश्रीजययक्ष मल्लदेव ठाकुरको विजयराज्यमा कोटनायक हृदयराम मुलमीको पालामा श्रीगयपतिज्यू, जीवब्रह्म जोशी, शिवा आचार्यले प्रतिष्ठा गरियो । थकाली (पूजा गर्दा प्रमुख भइ काम गर्ने जजमान) जसपि भा जीवराम भा आदित्यराय भा, दानपति जीवचन्द्र भा, उनकी पत्नी जयतलक्ष्मी भरी, जेठा छोरा जयसिंह भारो, माहिला छोरा ज्योतिराज भारो ।

अक्षर कुँद्ने ... देव । देवता बनाउने गुणिराज भा, लुंत भा । मन्दिर बनाउने काम यं भा ... गजुर बनाउने उदितराम भा । ... काम गर्ने ... पाल जयसिंहज्यू । तामा धार्नी ... । सुन ... प्रत्येकको शय दम्म भाउ रह्यो । ... द्वारे । अन्न सस्तो भएको वेलामा ध्वजा चढाइयो ।

११३ सङ्ख्या



[११४ सङ्ख्या]

साँगाको ने.सं. ५७३ को अभिलेख

साँगाबजारस्थित नारायणमन्दिरभित्र रहेको गणेशमूर्तिको पादपीठमा यो अभिलेख कुँदिएको छ। यहाँ ने.सं. ५७३ छ।

यस अभिलेखको धेरै अंश सर्वप्रथम शङ्करमान राजवंशीद्वारा *पूर्णिमा* ८ पूर्णाङ्कको १९ पृष्ठमा अनुवादसहित छापिएको हो।

मूलपाठ

१. ॡ ॐ नमः श्रीमनविनायकायः ॥ श्रीनेपालमण्ड-
२. ले प्रभुःश्रीश्रीजयजक्षमल्लदेवस्य विज(य)राज्ये
३. श्रीश्रेंगिरापुरीस्थाने जजमानभीमदत्तवर्म्मणेन
४. स्वभार्यासहितनः श्रीश्रीश्रीगणेश्वरव्रत उद्यापन
५. कृतः ॥ सम्वत ५७३ माघशुक्लषष्ठम्यायां तिथौ रेव(ती)-
६. नक्षत्रे शिद्धियोगे अंगारवासरे पुत्रपौत्रलक्ष्मीवृद्धिर-
७. स्तु। श्रीगुरु आचार्य श्रीजीवराजजुसः ॥ विश्व ...

अनुवाद

ॐ। श्रीमनविनायकलाई नमस्कार।

श्रीनेपालमण्डलका राजा श्रीश्रीजययक्ष मल्लदेवको विजयराज्यमा श्रीश्रृङ्गिरापुरीस्थान (साँगा)मा जजमान भीमदत्त वर्माले आफ्नी पत्नीसहित भई ने.सं. ५७३ (वि. सं. १५०९) माघशुक्ल षष्ठी रेवतीनक्षत्र सिद्धियोग मङ्गलवारको दिन श्री ३ गणेशको व्रत पूरा गरियो।

छोरा नाति र सम्पत्तिको वृद्धि होस्। श्रीगुरु आचार्य श्रीजीवराजज्यू। विश्व ...



११४ सङ्ख्या

[११५ सङ्ख्या]

पशुपतिको ने.सं. ५७३ को अभिलेख

पशुपति गोश्वारामा संग्रहित ताम्रपत्रहरूमध्ये एउटामा यो अभिलेख कुँदिएको छ। यहाँ ने.सं. ५७३ छ।

डिल्लीरमण रेग्मीद्वारा *मेडिईभल् नेपाल्* तेस्रो भागका ७२-७३ पृष्ठमा सर्वप्रथम यो छापिएको हो।

मूलपाठ

१. ॡ ॐ नमः श्रीश्रीश्रीपशुपतये ॥ प्रमुखनृपगणाद्याश्चागतास्ते त्वदाग्रे शकलवचनमेकी स्वीकृतं सत्यमुक्तं। यदि कथितविलोपं पापलब्दं भवेयु-

२. र्विदित पशुपते त्वं साखिभूतस्त्वमेव ॥ ॥ श्रीश्रीश्रीपशुपतिभट्टारकस्य श्रीश्रीश्रीउभयभैरवस्य अग्रस श्रीधर्म्मशिलास थिरारपा अठि

३. भाषा थ्वते जुरों श्रीत्रिपुरराजकुल ् श्रीश्रीजयजक्ष मल्लदेव प्रभु ठाकुरट्वं प्रमुखन श्रीमानीगल ् येथबहार ् उदय भारोट्वं प्रमुखन गुंबहारया

४. वुं थवथव सकुडा सकुडावुं श्रीशिखरपट्टन ् फनंपि शक्तिसिंह रावुतट्वं प्रमुखन ् चवभय ससकुत्रावुं थ्वतेवुं ् मन मेलरपं ् थवथव-

५. स साषोन साख ् पुटानपुट ् निस्तरपे ् आत्म श्रीदिव्य थिरारपा भाषा थ्वते जुरों भाषा चंपारान ् लोहावर ् थ्वते नेगुडि आदिन ् कोकि

६. परचक्र खंस हिरवोर वव द्वाकाकाले ओ खं मडेंस्यं महेयकं ् यने पस्तननो ् कोके हाथार ् युलंवंलं आदिन गोनलंन वरस

७. नो लिंखंस जास्यं ् मजास्यं चोंङा पस्थाव जुरसनो कोके खंस ् थमथम धंको मुङान गनाने धापो ् अनान ् थमथम पर्जंत वुं ् वुंङन

८. न्हफरवने पस्तनेन न्हफरवने खंस लिसालन हेलिक याङन ् मचोने पस्तननो फेढायस उर्गावने ठायस उर्गावन तस्यं

९. थम चोंने ठायस ॱ थम चोङन ॱ अर्थ सामर्थन चोंल्यवोल्यं भेड जुवसोस्यं यंनेपस्तननो ॱ जदि कदाचित् पिंपंत याङ दिक्वट्वं द्वाकाले दुवनान
१०. दि क्वस्य ॱ ट्वं याङयेंने माल्व, थ्वते अठि भाषास द्वाकाले मनिस्तरपो श्रीश्रीश्रीपशुपतिट्वं फोडरपा महापातक लाक्व जुरों निसाष जुयमाल थ्व-
११. ते तंव सासनस ॱ चोस्यंतको अठि भाषा ॱ निस्तरपकास ॱ जनधन लक्ष्मी ॱ संततिसंतान ॱ पुत्रपौत्रवृद्धि ॱ आयुआरोग्य ॱ थ्वते वुं जुयमाल्व ॱ जदि
१२. कदाचित् कोके खं डेङन ॱ लं तस्यं हव द्वाकाले ॱ कोके खं मद्वक्व उखं जुस्यं कोके खं डेंङ लं तस्य हवसके ॱ छुस दिस्यंनों उपद्रव जुको कायटेव जु-
१३. रों थ्वते तंव सासनस ॱ चोस्यं थिरारपको भाषाया ॱ दृष्टसाखि श्रीश्रीश्रीचंडपितामहट्वं ॥ ॥ श्रेयोऽस्तु ॥ सम्वत् ५७३ जेष्टकृष्णदश-
१४. म्यां तिथौ ॱ रेवतिनक्षत्रे ॱ शोभनयोगे ॱ शुक्रवासरे ॥ ॥ शुभमस्तु ॥

अनुवाद

ॐ । श्री ३ पशुपतिलाई नमस्कार ।

प्रमुख राजाहरू हजुरको सामुन्ने भेला भएका छन् । सबै कुरा एक मत भई स्वीकार गरेका छन्, शपथ खाएका छन् । भनेका कुरा टेरेनन् भने पाप लागोस् । हे पशुपतिनाथ हजुर साक्षी हुनुहुन्छ, हजुरलाई सबै कुरा थाहा छ ।

श्रीश्रीश्रीपशुपतिनाथको श्रीश्रीश्रीउग्रभैरवको अगाडि श्रीधर्मशिला छोई शपथ खाएका कुरा यी हुन्–

श्रीत्रिपुरराजकुलका श्रीश्रीजययक्ष मल्लदेव प्रभु ठाकुर नै प्रमुख भई श्रीमानीगल येथबहालका उदय भारो प्रमुख भई, गुंबहालका आफआफ्ना प्रतिनिधि, श्रीशिखरपट्टन फर्पिङका शक्तिसिंह राउत नै प्रमुख भई यी चार ठाउँका यी प्रतिनिधिहरूले मनमा मेल राखी आफआफ्ना सन्तानदरसन्तानसम्म बेहोर्ने गरी दिव्यशिला छोई शपथ खाएका कुरा यी हुन्–

चम्पारन, लोहावर यी दुइ राज्य आदि कोकी परचक्रले कुरो लाउन आए भने उनीहरूको कुरा नसुन्ने, त्यस कुराको ढाकछोप नगर्ने, कोकीहरू पूर्व पश्चिम जुन बाटोबाट लड्न आए तापनि उनीहरूको साथ नदिने, कोकीको कुरामा आफूआफूमा मिलेर जहाँजहाँबाट हुन्छ, त्यहाँत्यहाँबाट आफैं अघि सरी रोक्ने, अघि सरी रोक्न जाने कुरामा हेलचक्र्याइँ ढिलाइ नगर्ने, रोक्ने ठाउँमा रोकी ठाना हाल्ने

ठाउँमा ठाना हाली आफू रहने ठाउँमा आफू रही काज गर्ने । आर्थिक कुराको लाभ हानि मिलेर बेहोर्ने, केही गरी मिली एकसाथ हमला गर्नुपर्ने भएमा त्यसै गरी मिलेर हमला गर्ने ।

यी कुराहरूको पालना गरिएन भने श्री ३ पशुपति फोडेको महापाप लागोस्, निशाख (सन्तानको कुनै हाँगाबिँगा नबचेको) होस् । यस ताम्रपत्रमा लेखिए जति कुराहरूको पालना गरियो भने जन, धन, लक्ष्मी छोरा नाती आदि सन्तानको वृद्धि होस्, आयु आरोग्य होस् ।

केही गरी कुनै वेला कोकीका कुरा सुनी उनीहरूलाई बाटो देखाई ल्याए भने कोकीका कुरा सुनी उनीहरूलाई बाटो देखाई ल्याउनेसँग त्यस घटनाबाट भए जति उपद्रव (नोक्सान)को भर्ना गरी लिन पाइन्छ । यो सनद ताम्रपत्रमा लेखिए जति निश्चित कुराका दृष्टसाक्षी श्री ३ चण्डपितामह (सूर्य) छन् ।

ने.सं. ५७३ (वि.सं. १५१०) ज्येष्ठकृष्णदशमी रेवतीनक्षत्र शोभनयोग शुक्रवार । कल्याण होस् ।



११५ सङ्ख्या

[११६ सङ्ख्या]

भक्तपुर दरबारको ने.सं. ५७३ को अभिलेख

भक्तपुरको प्रसिद्ध पचपन्नभ्याले दरबारको सुनढोकाको दायाँपट्टि पर्खालमा यो अभिलेख कुँदिएको ताम्रपत्र रहेको छ। यहाँ ने.सं. ५७३ छ।

नरहरिनाथद्वारा *इतिहास प्रकाश* पहिलो अङ्कका ५९-६० पृष्ठमा सर्वप्रथम यो अभिलेख छापिएको हो । पछि धनवज्र वज्राचार्यद्वारा *पूर्णिमा* २ पूर्णाङ्कका २३-२६ पृष्ठमा अनुवादसहित यो अभिलेख छापिएको छ। पछि महेशराज पन्तद्वारा पूर्णिमा ११९ पूर्णाङ्कका १७-१९ पृष्ठमा मूलपाठ बढी शुद्धसंग छापिएको छ।

मूलपाठ

१. १ ॐ नमो वसुन्धरायै ॥ विष्णोर्ब्बाहुलताकफोणिशिखरेणोद्धारिता मे-
२. दिनी गंगाद्या सरिताम्बरैव रुचिरालंकारिता स्थावणी । नानाद्र-
३. व्यमयप्रगुप्तकरणा सन्यासलग्नाहिती ‸ त्वां नौमीह वसुन्धरे वर-
४. णशालं रक्ष तं सर्व्वदा ॥ नेपालभूमण्डलचक्रवर्त्तिना ‸ उपांगच-
५. क्रामलकीर्त्तिकेतुना । श्रीयक्षमल्लप्रभुना सुविस्तरं ‸ भक्तापुरीप्रावर-
६. णं चकार तत् ॥ ब्रह्मक्षत्रियवैश्यशूद्रकजनैरट्टं नवं निर्म्मितं ‸ पाषा-
७. णं बहुकाष्ठभाररचितं चादाय सर्व्वैर्ज्जनैः । द्वारे कोटसमन्वितं दि-
८. शि दिशि प्राकारतुंगोत्तमं ‸ कुर्व्वंति स्म सखातकीमतिमहाकष्टै-
९. श्च वित्तैर्व्ययैः ॥ दुर्ग्गप्राकारभागे ह्यपहरति कदा संस्थितं दिग्वि-
१०. दिक्षु पाषाणं काष्ठलोष्ठं तदिह विनिहितं कश्चिदट्टं तदेकं । पापी-
११. यान् ब्रह्महंता शिशुवध कृतवान् सोपि गोघ्नः पुमान् वै ‸ एवं संरक्षत-
१२. व्यं नगर नरवरैर्भूपतेः शासनं हि ॥ तस्मिन्नेपालिकाब्दे त्रिमुनिहर-
१३. मुखे श्रावणे पूर्ण्णमाश्यामायुष्मान्योगयुक्ते भृगुसुतदिवसे ऋक्ष-
१४. नारायणाख्ये । प्राकारं द्वारकोटं नगरपरिवृतारम्भकालं करो-
१५. ति श्रीमद्भक्तापुरे श्रीनृपमकुटमणिर्यक्षमल्लो नृपेन्द्रः ॥ ॥
१६. शुभ ॥ श्रीश्रीजययक्ष मल्लदेव ‸ प्रभु ‸ ठाकुरस ‸ विजयराजस ‸ श्रीख्वप्वंस खारनो ग-
१७. ड ‸ प्राकारनो लंक्वाठनो ‸ दयका जुरों थ्व गड दयके निमितिन ‸ ख्वप्वंस बसरपो

१८. लोकस्यं ॒ अनेक कष्ट नस्यं ॒ वितनवुं ॒ उपेखरपं ॒ दयका गड जुरों ब्रह्म क्षत्रि ॒ वै-
१९. श्य शूद्र ॒ चतुर्वर्ण्ण आदिन ॒ एक चित याङन ॒ शिंकु ॒ अटकु ॒ चाकु ॒ थमथम बुस्यं शरीर
२०. कष्टरपं ॒ दयकं तया थ्व गड जुरों अवनलि ॒ खारनो प्राकारनो ॒ लंक्वाठनो ॒ थ्वते ॒ थव
२१. छें पयिन मयाक्वनवुं ॒ पयिन याङ ॒ येंनेमाल जुरों श्रीश्रीप्रभु ठाकुरस्यंनो ॒ प्रदि-
२२. क प्रधानननो ॒ प्रजा पाखननो ॒ ख्वपं देशश ॒बसरपको ॒ समस्तस्यंवु ॒ भाडन थं ॒ थंथु-
२३. लं ॒ कोथुलं ॒ थवथव ॒ भुंस चोंग्व क्वाठयातं ॒ थमथम खागां ल्हास्यं सो खायेमाल ॒ सो
२४. मबिव द्वालें ॒ सोथु प्रति कुडछि धारे के काये ॒ क्वाठप्वलोड चिचकवह्मंन सल खि ॒ चा
२५. तान जोंङन ॒ सिठिन ह्डा ॒ क्वाठनायकन निदानन ॒ लांक्वाठ प्वलोड ॒ चिर मवकाले ॒ सिठि
२६. सांति ॒ क्वाठनायकयाके काये ॒ जिमने दाम १२ थवथव दिशन ॒ प्वलोड हिलमालओ-
२७. स ॒ क्वाठनायकन हिले ॒ गड प्राकार यासे पोये दिन ॒ महालक्ष्मी- धर्म्मविसर्ज्जन ॒ को-
२८. न्हु ख्वप्वं देशश बसरपको समस्तस्यंवु ॒ खारड्याडिस ॒ सडं ॒ मेस ॒ सा ॒ फा ॒ थ्वतेस्यवुं ॒ न्हो-
२९. यके मटेव ॒ न्होस्यं स्यकालें ॒ मोंडि दम्मछि १ धारे ॒ स्यंनकवयाके ॒ राजन काये जुरों
३०. खार दंग्व स्यंग्व सोस्यं ॒पाठिगामन यियके ॒ ज्या याचके ॒ प्राकारनो ॒ लंक्वाठनो स्यं-
३१. काले थम डंङ भुं ॒थमथमवुं ज्या याचके ॒ थं छोयकं तकोस्यं ॒ चिंता यायमाल जु-
३२. रों गड प्राकारनो ॒ लंक्वाठनो ॒ आराधरपं पिस्य स्यंनकव द्वाकाले ॒ गोहथ्या ॒ ब्र-
३३. ह्महथ्या ॒ त्रीहथ्या ॒ आदिन ॒ पंचमहापातक लाक्व जुरों स्यंनक- वन्हयाकेवुं ॒ राज-

३४. न काये दम्म गु ९ गड प्राकारयानों लंक्वाठयानो ऽ अट ऽ ल्वह्त्वं ऽ सिंका कालं अट-

३५. पा प्रति ऽ ल्वह्त्वं ग्वड प्रति ऽ सिं ट्वाक प्रति ऽ दम्मछि १ धारे राजन काये जुरों ॥ श्रेयोस्तु

३६. सम्वत् ५७३ श्रावणशुक्लपूर्ण्णमाश्यां ऽ श्रवणनक्षत्रे आयुष्मान्योगे ऽ शुक्रवासरे ऽ श्रीश्री–

३७. जययक्ष मल्लदेव प्रभु ठाकुरस्यं ऽ प्राकार आदिन ऽ गड आरंभ याङा दिवस ॥ शुभः ॥

अनुवाद

ॐ । पृथ्वीलाई नमस्कार । विष्णुका बाहुलीका कुइनाको टुप्पोले उठाइएकी, गङ्गा आदि ठूलठूला नदीरूपी राम्रा गहनाले सिँगारिएकी, स्थिर भएकी, भित्र अनेक प्रकारका पदार्थहरू भएकी, राम्रोसँग रहेकी यस्ती हे पृथ्वी तिमीलाई नमस्कार छ। यो गढ पर्खाललाई सधैँ रक्षा गर ।

नेपालभूमण्डलका चक्रवर्ती भएका, (राज्यका) अङ्ग अपाङ्गहरूमा कीर्ति फैलिएका राजा श्रीयक्ष मल्लले भक्तपुरमा यो ठूलो गढ बनाउनुभयो ।

ब्राह्मण क्षत्री वैश्य शूद्र आदि सबै जनताले प्रशस्त ढुङ्गा काठपात बोकेर ल्याई ठूलो कष्ट गरी धेरै पैसा खर्च गरी चारैतिर खाई ठूल्ठूला पर्खाल ढोकाढोकामा किल्ला भएको यो नयाँ गढ बनाइएको हो । यस गढको पर्खालमा तथा यताउति रहेका ढुङ्गा काठपात इँट आदि एक टुक्रा कसैले चोरेर लियो भने त्यसलाई पञ्चमहापाप लाग्नेछ । असल शहरियाहरूले राजाको यो हुकूम मान्नुपर्छ । ने.सं. ५७३ (वि.सं. १५१०) श्रावणशुक्ल पूर्णिमा शुक्रवार श्रवणनक्षत्र आयुष्मान्योगमा राजाहरूमा शिरोमणि भएका श्रीयक्ष मल्लले श्रीभक्तपुर शहरको चारैतिर पर्खाल, ढोकामा किल्ला बनाउन लाउनुभएको हो ।

श्रीश्रीजययक्ष मल्लदेव प्रभु ठाकुरको विजयराज्यमा श्रीभक्तपुरमा खाई गडप्राकार (गढको पर्खाल) लंक्वाठ (ढोकाका किल्ला)हरू बनाइए । यो गढ बनाउनाको लागि भक्तपुरका बासिन्दाहरूले धेरै कष्ट सहनुपरेको थियो, पैसा खर्च गर्नुपरेको थियो, धेरै समय दिनुपरेको थियो । ब्राह्मण क्षत्री वैश्य शूद्र चारै वर्ण आदिले मन लाईकन काठको भारी, इँटको भारी, माटोको भारी आफैंआफैंले बोकी शरीरले कष्ट गरीकन यो गढ बनाइएको हो ।

अबदेखि खाई, पर्खाल, ढोकाका किल्लासँग सम्बन्ध राख्ने काम आफ्नो घरको इलाकाबाट गर्नुपर्ने जति आफैंआफैंले गर्दै लैजानुपर्छ । श्रीश्रीप्रभु ठाकुरले (राजाले), भारादारहरूले तथा प्रजाहरूले भक्तपुरमा बस्ने यी सबैले बर्सांद लाग्नुभन्दा पहिले थंथु लं (उकालो चढी जानुपर्ने बाटो), कोन्थु लं (ओह्रालो लागी जानुपर्ने बाटो) र आफ्नोआफ्नो इलाकामा परेका किल्लाको हेरविचार आफैंआफैंले गर्नुपर्छ । यसो

गरेनन् भने प्रत्येकलाई एक कुरुवा चामलका दरले दण्ड गर्नू । किल्लाका छाना मर्मत गर्ने मानिसलाई सरसामानको बन्दोबस्त गरिदिई सिठीभन्दा पहिले क्वाठनायकले मर्मत गर्न लाउनुपर्छ । किल्लाका छाना मर्मत गर्न लाएन भने सिठीको भोलिपल्ट क्वाठनायकलाई १२ दाम दण्ड गर्नू । आफ्नोआफ्नो इलाकाका किल्लाका छाना बनाउनुपर्ने भएमा क्वाठनायकले बनाउन लाउनू । गढको पर्खालको परीक्षा गर्ने काम महालक्ष्मीधर्मविसर्जन (आश्विनकृष्ण अष्टमी) का दिन गर्नू ।

भक्तपुरमा बस्ने कसैले खाईका माटाका ढिस्कामा घोडा राँगो, गाई, सुङ्गुरद्वारा कुल्चाउन नलाउनू । कुल्चाएर बिगारेको खण्डमा कुल्चने प्रत्येक वस्तुभाउको १ दामको दरले कुल्चाउनेसँग राजाले दण्ड गर्नू । खाई भत्कियो, पुरियो भने पाठिगाम(?) द्वारा सफा पार्न लाउनू, बनाउन लाउनू । पर्खाल, ढोकाका किल्ला भत्के बिग्रे भने आफ्नोआफ्नो इलाकाले बनाएको आफैंआफैंले मर्मत गर्नू ।

यहाँ लेखिएअनुसार यसको हेरविचार गर्नुपर्छ । कसैले गढको पर्खाल, ढोकाका किल्ला बिगार्न खोज्यो भने त्यसलाई गोहत्या ब्रह्महत्या स्त्रीहत्या आदि पञ्चमहापाप लागोस् । बिगार्नेलाई राजाले ९ दाम दण्ड गर्नू । गढको पर्खालको, ढोकाका किल्लाको ईँट ढुङ्गा काठ कसैले चोरेर लियो भने एक टुक्रा ईँट ढुङ्गा काठको १ दामको दरले त्यसलाई राजाले दण्ड गर्नू ।

ने.सं. ५७३ (वि.सं. १५१०) श्रावणशुक्ल पूर्णिमा श्रवणनक्षत्र आयुष्मान्योग शुक्रवारका दिन श्रीश्रीयक्ष मल्लदेव प्रभु ठाकुरले पर्खाल आदि गढको आरम्भ गर्नुभयो । शुभ ।

११६ सङ्ख्या



[११७ सङ्ख्या]

ललितपुर सौगलटोलको ने.सं. ५७४ को अभिलेख

ललितपुर सौगलटोलको जलद्रोणीसँगैको डबलीनिर रहेको लक्ष्मीनारायणमूर्तिको पादपीठमा यो अभिलेख रहेको छ। यसको धेरै भाग भग्न छ। यहाँ ने.सं. ५७४ छ।

यस अभिलेखको केही अंश *पूर्णि*मा ९ पूर्णाङ्कको ११ पृष्ठमा शङ्करमान राजवंशीद्वारा सर्वप्रथम अनुवादसहित छापिएको हो। पछि *मेडिईभल् नेपाल्* तेस्रो भागको ७६ पृष्ठमा डिल्लीरमण रेग्मीद्वारा सम्पूर्ण यो अभिलेख छापिएको छ।

मूलपाठ

१. ॐ नम श्रीश्रीश्रीलक्ष्मीनारायण(ाय) ...
२. श्रीश्रीजयजक्षमल्लदेवस्य वि(जयराज्ये)...
३. श्रीध्वंन्वावताररूपावैद्यवर्मना ...
४. दशउदा ... सम्वत् ५७४ द्विपौषशुक्ल...

अनुवाद

ॐ। श्री ३ लक्ष्मीनारायणलाई नमस्कार। श्रीश्रीजयजक्ष मल्लदेवको विजयराज्यमा धन्वन्तरिका अवतार जस्ता रूपा वैद्य वर्माले (यो बनाएको हो।)

ने.सं. ५७४ (वि.सं. १५१०) द्विपौषशुक्ल ...



११७ सङ्ख्या

[११८ सङ्ख्या]

पशुपतिको ने.सं. ५७४ को अभिलेख

पशुपतिमा रहेको शिलामा यो अभिलेख कुँदिएको छ । यहाँ ने.सं. ५७४ छ ।

मूलपाठ

१. ꣸ ॐ नमो ...
२. ...
३. ...
४. ...
५. ...
६. ...
७. ...
८. ...
९. ...
१०. ...
११. ...
१२. ...
१३. ...
१४. ...
१५. ...
१६. ...
१७. ...
१८. ...
१९. ...
२०. ...
२१. ...
२२. ...
२३. ...
२४. ...
२५. ...
२६. ...

२७. ...
२८. ...
२९. ...
३०. ...
३१. ...
३२. ...
३३. ... राजपर
३४. ... देवतागण
३५. ... वामभागे श्री-
३६. ... राजराजाधि-
३७. ... तिर्भूपतिश्री-
३८. ... तोलादान कृतं
३९. ... रायमल्लविभुना
४०. ... पशुपतेरग्रभा-
४१. ... स्वर्णमूर्तिः श्रीमच्छ्रीरायमल्ल ... रति तदा दीर्घमायू
४२. ... दीर्घायुरस्तु निरुजोस्तु सुमंगलोऽस्तु ॥ ... पौत्रकुलसन्तति
४३. ... रस्तु ॥ श्रीयक्षमल्लतनयत्रयभूपतीना ... सुखमस्तु परस्परा
४४. ...दानेन तेन निरुजोस्तु चिरायुरस्तु ॥ चन्द्रार्क्कतारास्तमनोदयश्च यावद्धि
४५. ... गरुडध्वजञ्च तावत् ... स्थिरोऽस्तु ॥ नलतुरगमृडास्य तत्र नै
४६. ... मानू परागे । दिवसि शशि शीर्षस्य पक्ष ...न कनकतोलांराय
४७. ... नेपालिके वत्सरे ... नागतिथौ- शुक्रे स्वर्णध्वजा रो ... शिते
४८. अतःपरं नेपालभाषा ॥ श्रेयोस्तु ... मार्गशिरकृष्णअमावाश्या मूलनक्षत्र
४९. ... सुवर्णतोला दान याङा ... ॥ सम्वत् ५७४ माघशुक्लपञ्चम्यां उतरभ(द्र)
५०. ... आदिनारायण ... गजुडि छाया दिन ॥ शुभमस्तु सर्व्वदा ॥

११८ सङ्ख्या



[११९ सङ्ख्या]

चाँगुनारायणको ने.सं. ५७८ को अभिलेख

चाँगुनारायणभण्डारका केही ताम्रपत्रहरूमध्ये एउटामा यो अभिलेख कुँदिएको छ। यहाँ ने.सं. ५७८ छ।

यो अभिलेख *चाँगुनारायणका ऐतिहासिक सामग्री*को १७३ पृष्ठमा मोहनप्रसाद खनालद्वारा अनुवादसहित सर्वप्रथम छापिएको हो।

मूलपाठ

१. श्रेयोऽस्तु। सम्वत् ५७८ चैत्रकृष्णनवमीतिथौ श्रवण(न)क्षेत्र ॥
२. शुभयोगे ॥ शुक्रवासरे चा मेषे रवौ मकरस्थे निशाकरे ॥
३. तस्मिन दिने ॥ यितालू राजभारोन स्वपुत्रीदिवंगतमा-
४. वुमयी तं नरज(ा)तनिमित्त मावुलक्ष्मी कृता ॥ शुभमस्तु ॥ : ॥

अनुवाद

कल्याण होस्। ने.सं. ५७८ (वि.सं. १५१४) चैत्रकृष्ण नवमी तिथि श्रवणनक्षत्र शुभयोग शुकवार मेषराशिमा सूर्य मकरराशिमा चन्द्रमा भएको दिन यितालुका राज भारोले आफ्नी स्वर्गवासी छोरी मावुमयीको पुनर्जन्म नहोस् भनी मावुलक्ष्मी (प्रतिमा) बनाए। शुभ होस्।

[१२० सङ्ख्या]

बनेपाको ने.सं. ५७९ को अभिलेख

बनेपा शहरको पश्चिमढोकामा धारानिरको चोकस्थित गणेशमूर्तिको पादपीठमा यो अभिलेख कुँदिएको छ। यहाँ ने.सं. ५७९ छ।

मूलपाठ

१. ॡ ॐ श्रेयोऽस्तु ॥ सम्वत् ५७९ माघमासशुक्लपक्ष ...
२. रे- रेवतिनक्षत्रे २९ सिद्धियोगे २९ रववासरे ...
३. व्रतप्रतिष्ठा राजाधिराजश्रीश्रीजयजक्षमल्ल ...
४. ... जजमान जिवराजः ...

अनुवाद

ॐ। कल्याण होस्। ने.सं. ५७९ (वि.सं. १५१५) माघशुक्ल ... रेवतीनक्षत्र २९ घडी सिद्धियोग २९ घडी आदित्यवारको दिन ... राजाधिराज श्रीश्रीजययक्ष मल्लको (विजयराज्यमा) व्रत पूरा गरी (गणेशको मूर्तिको) प्रतिष्ठा गरियो। ... जजमान जीवराज ...



१२० सङ्ख्या

[१२१ सङ्ख्या]

पनौतीको ने.सं. ५८२ को अभिलेख

पनौतीदोभानमा रहेको नारायणमूर्तिको पादपीठमा यो अभिलेख कुँदिएको छ। यहाँ ने.सं. ५८२ छ।

मूलपाठ

१. ॡ ॐ नमो नारायण ॥ सम्वत ५८२ आषाढ ...
२. तिथौ ... नक्षत्र
३. मकराशिगते ... राशि शनिश्चर ...
४. ...



१२१ सङ्ख्या

[१२२ सङ्ख्या]

काठमाडौँ टेबहालको ने.सं. ५८३ को अभिलेख

काठमाडौँ टेबहालको चन्द्रमूर्तिमा यो अभिलेख कुँदिएको छ। यहाँ ने.सं. ५८३ छ।

पूर्णिमा ९ पूर्णाङ्कको १३ पृष्ठमा शङ्करमान राजवंशीद्वारा यस अभिलेखको केही अंश अनुवादसहित सर्वप्रथम छापिएको हो। पछि *मेडिईभल् नेपाल्* तेस्रो भागका ७८-७९ पृष्ठमा डिल्लीरमण रेग्मीद्वारा सम्पूर्ण यो अभिलेख छापिएको छ।

मूलपाठ

श्री

१. १ नमः श्रीकुमुदबांधवे ॥ तुषार(कु)ण्डसंकासं उदये धीर अर्ण्णवे । नमामि निशिनाथाय जगदा-

२. (न)न्तलोचनम् ॥ श्रीमत्तेदोविहारेयं थापितोऽयं निशाकरः । पूर्ण्णिमाव्रतपूरित्वात

३. सज्जनः ॥ श्रेयोऽस्तु । सम्वत् ५८३ कार्त्तिशुक्लपूर्ण्णिमास्यां तिथौ ॥ राजाद्धिराजपरमेश्वरपरम(भ)-

४. ट्टारकरविकुलकमलविकासनभास्करःश्रीश्रीजयजक्षमल्लदेवस्य विजयराज्ये ॥ थ्व पुनि-

५. -या जेष्टभिक्षु श्रीजयराज -- प्वलाकार मदु भारो ‸ । मेगराज जोती । रत्नराज । सको । जयतेजजु । जयं-

६. तराज ॥ भरि मनिसरामः । जय ... जयमयी । गोमयि । जिवामयि । रहसूत । हरखत जयमयी-

७. -मयी ... थ्वते घरमनि जासन प्रतिष्ठा ... याङा शुभ-

अनुवाद

चन्द्रमालाई नमस्कार। हिउँ जस्तो सफा, समुद्रबाट उदाएका, संसारको आँखा भएका चन्द्रमालाई ढोग्दछु। पूर्णिमाव्रत पूरा गरीकन तेदोविहार (टेबहाल)मा यी चन्द्रमाको स्थापना गरिएको हो।

कल्याण होस्। ने.सं. ५८३ (वि.सं. १५१९) कार्तिकशुक्ल पूर्णिमाको दिन राजाधिराज परमेश्वर परमभट्टारक सूर्यवंशको विकास गर्ने श्रीश्रीजययक्ष मल्लदेवको विजयराज्यमा ... का जेठा भिक्षु श्रीजयराज ... प्वलाकार, मदु भारो मेघराज, ज्योति, रत्नराज, सको, जयतेज, जयन्तराज यी भारोहरू र ... जयमयी, गोमयी, जीवामयी, रहसूत, हरख, जयमयी ... यी भरीहरू मिली प्रतिष्ठा ... गरिएको हो।

१२२ सङ्ख्या



१२२ सङ्ख्या

[१२३ सङ्ख्या]

भक्तपुर दत्तात्रेयको ने.सं. ५८५ को अभिलेख

भक्तपुर दत्तात्रेयमन्दिरको अगाडिको मन्दिरमा रहेको विष्णुमूर्तिमा यो लेख कुँदिएको छ। यहाँ ने.सं. ५८५ छ।

मेडिईभल् नेपाल् तेस्रो भागको ७८ पृष्ठमा डिल्लीरमण रेग्मीद्वारा सर्वप्रथम यो अभिलेख छापिएको हो।

मूलपाठ

१. ... महाराजाधिराज ...
२. ... यक्षमल्लदेवस्य विजयराज्ये: श्रियोऽस्तु ॥
३. ... (स)म्वत् ५८५ द्विपौषमासे पूर्ण्णमास्यां तिथौ।
४. ... नक्षत्रे प्रितिपरआयुषमाजोगे शनि-
५. ... वासरे श्रीश्रीशु स्थापिर्वर्त प्रति ...
६. ... जजमानश्री

१२३ सङ्ख्या

[१२४ सङ्ख्या]

काठमाडौँ मरुसत्तलको ने.सं. ५८५ को अभिलेख

काष्ठमण्डपमा टाँसिएका ताम्रपत्रहरूमध्ये एउटा ताम्रपत्रमा यो कुँदिएको छ। यहाँ ने.सं. ५८५ छ।

यो अभिलेख *संस्कृत-सन्देश* १ वर्ष ६ अङ्कका ७-८ पृष्ठमा नरहरिनाथद्वारा सर्वप्रथम छापिएको हो। पछि डिल्लीरमण रेग्मीद्वारा *मेडिईभल् नेपाल्* तेस्रो भागका ७९-८० पृष्ठमा केही शुद्धसँग यो छापिएको छ।

मूलपाठ

१. ॐ नमः श्रीगोरक्षनाथाय ॥ अनादि परमं ब्रह्म निष्कलं सचराचरम् । ध्यायन्ते योगि-
२. नो नित्यं गोरक्षं प्रणमाम्यहं ॥ प्रासादकाष्ठश्च सुधौतरम्यः स्वर्णध्वजालंकृतमण्ड-
३. पोऽयं योगीश्वराणां निवसंति नित्यं श्रीयक्षमल्लः प्रभु राजतेऽसौ ॥ श्रीगौडदे-
४. शागतदातृयोगी चैतन्यनाथो वरदानशौण्डः । नेपालदेशे क्रयितुं च क्षेत्रं
५. चक्रं ददौ श्रीअवधूतकेभ्यः ॥ श्रीमन्नेपालवर्षे हरवदनवसुःकामबाणे च कृ-
६. ष्ण आषाढे चेन्दुदर्शे अहिपतिवरभे भौमवारे प्रयुक्ते । योगीभ्यश्च प्रदत्ता विविध-
७. षडरसा दत्तवान् अन्नदानं वर्षे वर्षे प्रदानं पुनरपि प्रददौ माघमासे सुपूर्ण्णं ॥
८. यावच्चन्द्रश्च सूर्यश्च यावत्मेरौ महीतले । तावत्कालं प्रदत्तोयमक्षयं दातृ संलभेत्
९. ॥ यदि लोपात्प्रदानोयं पंचपातकमश्नुते । अत्रैव दीयते दानमन्नदानफलं लभेत् ॥
१०. अथ नेपालभाषा कपंगीलिबु बु रोव ९ थ्व बूया वरसानन ् गुठिस्थन सवे जुरों। जाके फं ४० थ्व
११. के फं २० मास फं ४ ची चेकन हलडि पालो के फं १६ घरीपात ५ के फं २ खा व्याय ् फं ३ कंसीघड
१२. पी पि तुहिन प्यंवो ् रवंशीन फा व्या छिवोन गुठीयातं ् जुरोम् ॥ सम्वत् ५८५ आषा-
१३. ढकृष्ण अमावाश्या कोन्हु जुरो थ्वकोन्हु प्रतिवर्ष चक बिये जुरोम् ॥

[१२५ सङ्ख्या]

चाँगुनारायणको अभिलेख

चाँगुनारायणको भण्डारमा रहेको पानसमा यो अभिलेख कुँदिएको छ ।

*चाँगुनारायणका ऐतिहासिक सामग्री*को १७६ पृष्ठमा मोहनप्रसाद खनालद्वारा सर्वप्रथम अनुवादसहित यो अभिलेख छापिएको हो ।

मूलपाठ

१. श्रीश्रीगरुडनारायणभट्टारकसके ् श्रीश्रीकपुरदेवीसन ् कार्त्तिक लछि मितं छोयके दुन्ता ् थ्व ट्वाक दिवा ् शुभमस्तु सर्व्वदा ॥

अनुवाद

श्रीश्रीश्रीगरुडनारायण भट्टारकलाई श्रीश्रीकपूरदेवीले कार्तिक महिनाभरि बत्ती बाल्नको लागि यो पानस चढाउनुभयो । सधैं शुभ होस् ।

[१२६ सङ्ख्या]

चाँगुनारायणको ने.सं. ५८५ को अभिलेख

चाँगुनारायणभण्डारका पानसहरूमध्ये एउटामा यो अभिलेख कुँदिएको छ । यहाँ ने.सं. ५८५ छ ।

यो अभिलेख *चाँगुनारायणका ऐतिहासिक सामग्री*को १७८ पृष्ठमा मोहनप्रसाद खनालद्वारा सर्वप्रथम अनुवादसहित छापिएको हो ।

मूलपाठ

१. ॥ १ स्वस्ति ॥ श्रीश्रीश्रीगरुडनारायणभट्टारकसके श्रीश्रीसरस्वतीदेवी ठकुरिनीसन कार्त्तिक लछि मितं छोयके दुंता थ्व ट्वाक दिवा ॥ सम्वत् ५८५ आश्विनशुदि १५ शुभमस्तु ॥ ० ॥

अनुवाद

कल्याण होस् । श्रीश्रीश्रीगरुडनारायण भट्टारकलाई श्रीश्रीसरस्वतीदेवी ठकुरिणीले कार्तिक महिनाभरि बत्ती बाल्नको लागि यो पानसविशेष चढाउनुभयो ।

ने.सं. ५८५ (वि.सं. १५२२) आश्विनशुक्ल पूर्णिमा । सधैं शुभ होस् ।

१२६ सङ्ख्या



[१२७ सङ्ख्या]

चाँगुनारायणको ने.सं. ५८५ को अभिलेख

चाँगुनारायणभण्डारका पानसहरूमध्ये एउटामा यो अभिलेख कुँदिएको छ । यहाँ ने.सं. ५८५ छ ।

यो अभिलेख *चाँगुनारायणका ऐतिहासिक सामग्री*को १७७ पृष्ठमा मोहनप्रसाद खनालद्वारा अनुवादसहित सर्वप्रथम छापिएको हो ।

मूलपाठ

१. स्वस्ति ॥ श्रीश्रीश्रीगरुडनारायण भट्टारकसके मावुमयि भरीसन ॒ कार्त्तिक लछि मित छोयके दुंता ॒ थ्व ट्वाक दिवा ॥ सम्वत् ५८५ आश्विनशुदि १५ ॥ शुभमस्तु सर्वदा ॥

अनुवाद

कल्याण होस् । श्रीश्रीश्रीगरुडनारायण भट्टारकलाई मावुमयि भरीले कार्तिक महिनाभरि बत्ती बाल्नको लागि यो पानसविशेष चढाइन् ।

ने.सं. ५८५ (वि.सं. १५२२) आश्विनशुक्ल पूर्णिमा । सधैं शुभ होस् ।

[१२८ सङ्ख्या]

चाँगुनारायणको ने.सं. ५८५ को अभिलेख

यो अभिलेख चाँगुनारायणभण्डारका पानसहरूमध्ये एउटामा कुँदिएको छ । यहाँ ने.सं. ५८५ छ ।

यो अभिलेख *चाँगुनारायणका ऐतिहासिक सामग्री*को १७५ पृष्ठमा मोहनप्रसाद खनालद्वारा सर्वप्रथम अनुवादसहित छापिएको हो ।

मूलपाठ

१. स्वस्ति ॥ श्रीश्रीश्रीगरुडनारायणभट्टारकसके ͺ जीवलक्ष्मीमयि भरिसन ͺ कार्त्तिक लछि मितं दुंता ͺ थ्व ट्वाक दिवा ॥ सम्वत् ५८५ आश्विनशुदि १५ शुभमस्तु सर्वदा ॥

अनुवाद

कल्याण होस् । श्रीश्रीश्रीगरुडनारायणलाई जीवलक्ष्मीमयी भरीले कार्तिक महिनाभरि बत्ती बाल्नको लागि यो पानसविशेष चढाइन् ।

ने.सं. ५८५ (वि.सं. १५२२) आश्विनशुक्ल पूर्णिमा । सधैँ शुभ होस् ।

[१२९ सङ्ख्या]

चाँगुनारायणको ने.सं. ५८५ को अभिलेख

यो अभिलेख चाँगुनारायणभण्डारका पानसहरूमध्ये एउटामा कुँदिएको छ । यहाँ ने.सं. ५८५ छ ।

यो अभिलेख *चाँगुनारायणका ऐतिहासिक सामग्री*को १७४ पृष्ठमा मोहनप्रसाद खनालद्वारा अनुवादसहित सर्वप्रथम छापिएको हो ।

मूलपाठ

१. स्वस्ति ॥ श्रीश्रीश्रीगरुडनारायणभट्टारकसके ् प्रतापसन कार्त्तिक लछि मितं छोयकें दुंता ् थ्व ट्वाक दिवा ॥ सम्वत् ५८५ आश्विनशुदि १५ शुभमस्तु सर्वदा ॥

अनुवाद

कल्याण होस् । श्रीश्रीश्रीगरुडनारायण भट्टारकलाई प्रतापले कार्तिक महिनाभरि बत्ती बाल्नको लागि यो पानसविशेष चढाए ।

ने.सं. ५८५ (वि.सं. १५२२) आश्विनशुक्ल पूर्णिमा । सधैं शुभ होस् ।

[१३०·सङ्ख्या]

ललितपुर सौगलटोलको ने.सं. ५८७ को अभिलेख

ललितपुर सौगलटोलस्थित डबलीनिरको व्यक्तिगत प्राङ्गणमा एउटा सूर्यमूर्ति रहेको छ। यसको पादपीठमा यो अभिलेख कुँदिएको छ। यहाँ ने.सं. ५८७ छ।

यो अभिलेख *मेडिईभल् नेपाल् (कोलांफोन्ज् यान्ड् इन्स्क्रिप्शन्ज्)*का ७९-८० पृष्ठमा हेमराज शाक्य र तुलसीराम वैद्यद्वारा सर्वप्रथम छापिएको हो।

मूलपाठ

१. (ॐ) नमो सूर्याय ॥ सम्वत् ५८७ माघशुक्लसप्तंम्यान्तिथौ ॥ अश्विननिनक्षत्रे। साध्ययोगे

२. … सरे । सप्तमिव्रतपदिस्था याङा ॥ श्रीसातिग्लहथोनिह्मवास्तव्य ॥ श्रीसुलि …

३. मत मनिकराज भारो भात्यमल श्रीराजभारोस भार्या पुत्रस्य शुभ ॥

१३० सङ्ख्या

[१३१ सङ्ख्या]

भक्तपुर सिद्धपोखरीको ने.सं. ५८७ को अभिलेख

भक्तपुरको प्रसिद्ध सिद्धपोखरीको पूर्वी भागमा रहेको विष्णुमूर्तिको पादपीठमा यो अभिलेख कुँदिएको छ । यहाँ ने.सं. ५८७ छ ।

मूलपाठ

१. स्वस्ति श्रेयोऽस्तु । सम्वत ५८७ माघशुक्लपूर्णिमा-
२. तिथौ असलेखनक्षत्रे सौभाग्ययोगे ् अंगारवारे
३. मकरराशिगते सवितरि कर्कटराशिगते चन्द्रमसि
४. थ्व कोन्हुस लामो संपूर्ण याङा ् तेखाचोटोलवास्तव्य
५. यज्ञाकेसजुस ् प्रमुखन दयका शुभमस्तु शर्वदा ।

अनुवाद

कल्याण होस् । ने.सं. ५८७ (वि.सं. १५२३) माघशुक्ल पूर्णिमा अश्लेषानक्षत्र सौभाग्ययोग मङ्गलवार मकरराशिमा सूर्य र कर्कटराशिमा चन्द्रमा गएको बेलामा यो ... पूरा गरीकन तेखाचोटोलमा बस्ने यज्ञकेश मुख्य भई यो विष्णुमूर्ति बनाइएको हो । सधैं कल्याण होस् ।

१३१ सङ्ख्या

[१३२ सङ्ख्या]

भक्तपुर तुलाछेँटोलको ने.सं. ५८८ को अभिलेख

भक्तपुर तुलाछेँटोलको धारामा यो शिलालेख छ। यहाँ ने.सं. ५८८ छ।

यस अभिलेखको केही अंश *मेडिईभल् हिस्ट्री अफ् नेपाल्*को १६४ पृष्ठमा लुशियानो पेटेकद्वारा सर्वप्रथम छापिएको हो । पछि यस अभिलेखको अलि बढी भाग *पूर्णिमा* ९ पूर्णाङ्कको १४ पृष्ठमा शङ्करमान राजवंशीद्वारा अनुवादसहित छापिएको छ । पछि *मेडिईभल् नेपाल्* ३ भागका ८०-८२ पृष्ठमा डिल्लीरमण रेग्मीद्वारा सम्पूर्ण अभिलेख छापिएको छ।

मूलपाठ

१. ॐ नमो नारायणाय ॥ ... श्रीमत्श्रीराजाधिराजपरमेश्वर-परमभट्टारकेन श्रीमता श्रीनेपा-
२. लेश्वरचक्रचूडामणिना श्रीलक्ष्मीनारायणावतारश्रीश्रीजययक्ष-मल्लदेवेन । दिवंगतपुत्रज-
३. यराजमल्लदेवकुमाराय तस्मै उद्देशनार्थं श्रीश्रीश्रीविष्णुप्रासाद-पादस्थापनादिध्वजावरो-
४. हनपर्यन्तं संपूर्ण्ण कृतं दिवंगतपुत्रजयराजमल्लदेवकुमारस्य शरीरप्रमाणप्रतिमा सुव-
५. र्ण्णेन ‸ श्रीश्रीश्रीहृषीकेशमूर्तिनिर्म्मानं कृत्वा स्थापितं सुवर्ण्णरचित-तोरणसहप्रतिष्ठा कृता पुन-
६. श्च षट्दर्शनजनावाससत्रशालाअग्निशालासहकूपसहमंदिरसूपशाला-जलधुनुसहप्र-
७. नालीजलं प्रवाहयित्वा एते निर्म्मितो ... बु रोव जिमङापेक १५ भूय हागाङ्ग बु रोव
८. ... ३ भूय खरमस बु रोव खु ६ भूय एकती बु रोव ... ७ भूय ...
९. -बु रोव च्या ८ भूय देशको बु रोव ङापेक ५ भूय वाद्वलर टाक्व...
१०. ... यन्दलनको सुदिव एतत्क्षेत्र ...
११. ... तीया लख गलद्व ... या ...
१२. ... दिने सम्प्रदत्तं । एतत्क्षेत्र ... व्यस्य प्रवृद्धि ...
१३. एतदद्रव्येन षट्दर्शनेभ्यो भोज्यकारणार्थं प्रतिदिनं जल...व्यंजन ...
१४. टिकदीपार्थं पुनश्च प्रतिपर्व्वणि अन्नप्रदत्तार्थं प्रतिजात्रायां दीप...

१५. ... र्थं संप्रदत्तमिति । भूय ब्रह्मभोज्ययात श्रीश्रीश्रीनारायण सत पंचामृत...
१६. वस्त्र हेलेयातं ङततया वाछलभडे बु रोव जिपेक १० भूय वाछलभडे बु रोव
१७. च्यापेक ८ । भूय चितस्वान सिधर दक्षणाके धुनि पूजावारीस्यं दयके पुजावारीसतं
१८. बिस्यतया चकुवाझोह्न बु रोव जिपेक १० ॥ अनेन दानेन दिवंगतपुत्रजयराजम-
१९. ल्लदेवकुमारः शिवलोकं विष्णुलोकं ब्रह्मलोकं संप्राप्तो भवतु ॥ श्रीश्रीजययक्षम-
२०. ल्लदेवानां ˎ पुत्रपौत्र ˎ आयुरारोग्य ˎ ऐश्वर्यजनधनमहाराज्यलक्ष्मी - वृद्धिरस्तु ॥ वांद्व-
२१. लं बु रोव च्यापेक ८ डविनि बु रोव च्यापेक ८ थ्वने खंडबुन ˎ नेह्मस्यं ह्निनछमं धारे-
२२. स्यं ˎ पालनपाल ˎ श्रीश्रीश्रीनारायण द्वपेये ˎ मेतंच्याये येलजुसंनि सनासांटोले
२३. अछिद्र याङ ˎ चापे येमाल न्हि चोंनेममाल कतिनिपुनिशि कोन्हुं निस फागुपु-
२४. निशिट्वं र देवल ह्नवने चोंग्व ˎ छेंचास डचंने चाननेवाल धारेदेवल स चरचकयात व-
२५. नेमाल ˎ फागुपुनिशिकोन्हुं निस ˎ कतिनिपुन्हिशिट्वं ˎ ताह्नपेस्यं ˎ देवल । फडसडचेने
२६. माल ˎ डचंग्व मडचंग्व चिंता याये ˎ देव लियावो ˎ सतरनायक वोस्यं ˎ ह्निथंबुमाल ॥ श्रे-
२७. योऽस्तु ॥ सम्वत ५८८ कार्तिककृष्णद्वितीयायां ˎ तिथौ ˎ मृगशिरनक्षत्रे ˎ साध्ययो-
२८. गे ˎ शुक्रवासरे ˎ थ्व कोन्हु श्रीश्रीश्रीविष्णुस्थापन दिन ॥ शुभमस्तु सर्व्वदा ॥ ॥

अनुवाद

ॐ । नारायणलाई नमस्कार । श्रीराजाधिराज परमेश्वर परमभट्टारक श्रीनेपालका राजाहरूमा शिरोमणि भएका, लक्ष्मीनारायणका अवतार भएका, श्रीश्रीजययक्ष मल्लदेवले स्वर्गे भएका आफ्ना छोरा जयराज मल्लदेव कुमारको

निमित्त श्री ३ विष्णुको मन्दिरको जग हाल्नुदेखि ध्वजा चढाउनेसम्म सबै काम पूरा गर्नुभयो । स्वर्ग भएका छोरा जयराज मल्लदेव कुमारको शरीर जत्रो श्रीश्रीश्रीनारायणको सुनको मूर्ति बनाई स्थापना गरियो । सुनको तोरणसमेत चढाई प्रतिष्ठा गरियो । फेरि षड्दर्शन पढेकाहरूलाई बस्न सत्तल, अग्निशाला, कूवा, असल भान्साघर, टुटे धारा, धारा बनाइए ।

यसको लागि ... को खेत १५ रोपनी, फेरि हागाङ्को खेत ... ३ रोपनीं, फेरि खरमसको खेत ६ रोपनी, फेरि एकतीको खेत ... ७ रोपनी, फेरि ... को खेत ८ रोपनी, फेरि देशको को खेत ५ रोपनी, फेरि वाद्वलर ... यति खेत गूठी राखिए । यी खेतको आयस्ता र ... रुपियाँको ब्याजको रूपमा उठेको पैसाले षट्दर्शन (जोगी) हरूलाई भोजन गराउन प्रतिदिन ... बत्तीको लागि, फेरि पर्वपिच्छे अन्न दान दिन, जात्रापिच्छे ... को लागि दान दिइयो । फेरि ब्राह्मणलाई भोजन गराउन, श्रीश्रीश्रीनारायणलाई पञ्चामृतस्नान, वस्त्र फेर्न थप गूठी राखियो । वाछलभडेको खेत १० रोपनी, फेरि वाछलभडेकै खेत ८ रोपनी । फेरि फूल सिन्दूर दक्षिणाको बन्दोबस्त पूजारीले नै गर्नू । पूजारीलाई चकुवाभोद्वको खेत १० रोपनी दिइयो ।

यस दान पुण्यले स्वर्ग भएका छोरा जयराज मल्लदेव कुमारलाई शिवलोक विष्णुलोक ब्रह्मलोकको प्राप्ति होस् । श्रीश्रीजययक्ष मल्लदेवका छोरा नातिहरूको आयु आरोग्य ऐश्वर्य जनधन राज्यलक्ष्मीको वृद्धि होस् ।

वांद्वलंको खेत ८ रोपनी, डविनिको खेत ८ रोपनी यी खेतबाट दुइ जनामध्ये एक जनाले पालोपालो गरी श्री ३ नारायणकहाँ बत्ती बाल्ने काम गर्नुपर्छ । नियमको पालना गर्नुपर्छ । कार्तिकपूर्णिमादेखि फाल्गुनपूर्णिमासम्म देवलको सामुन्ने रहेको घरमा सुत्नुपर्छ । सुते नसुतेको कुराको विचार देवल र सत्तलका नाइकेले दिनकादिन गर्नुपर्छ ।

कल्याण होस् । ने.सं. ५८८ (वि.सं. १५२४) कार्तिककृष्ण द्वितीया मृगशिरानक्षत्र साध्ययोग शुक्रवारको दिन श्री ३ विष्णुको स्थापना गरिएको हो । सधैं शुभ होस् ।

१३२ सङ्ख्या



[१३३ सङ्ख्या]

भक्तपुर सिद्धपोखरीको ने.सं. ५८९ को अभिलेख

भक्तपुरको सिद्धपोखरीमा रहेको चन्द्रमूर्तिमा यो अभिलेख कुँदिएको छ । यहाँ ने.सं. ५८९ छ ।

मूलपाठ

१. ॐ सम्वत् ५८९ वैशाखशुक्लपूर्णिमा-
२. स्यां स्वातिनक्षत्र वियानयोगे अंगार-
३. रवासरे यथाकर्ण्णमुहुते मेषराशि-
४. गते सवितरि तुलराशिगते चन्द्रमशि
५. विप्र श्रीडोयजुस प्रमुखवतीसमूच-
६. य पूर्ण्णमीव्रत कृत शुभमस्तु ॥

अनुवाद

ने.सं. ५८९ (वि.सं. १५२६) वैशाखशुक्ल पूर्णिमा स्वातिनक्षत्र वरियान्योग मङ्गलवार पर्नुपर्ने करण परेको मुहूर्तमा मेषराशिमा सूर्य र तुलाराशिमा चन्द्रमा गएको वेलामा ब्राह्मण श्रीडोयजु मुख्य भई व्रत बस्नेहरूको समूहले पूर्णिमाव्रत पूरा गरी यो मूर्ति स्थापना गरिएको हो । शुभ होस् ।

[१३४ सङ्ख्या]

पशुपतिको ने.सं. ५९१ को अभिलेख

पशुपतिनाथ मन्दिरको प्राङ्गणको पश्चिमपट्टि केही शिलापत्रहरू लहरै राखिएका छन्, तीमध्ये एउटामा यो अभिलेख कुँदिएको छ। यहाँ ने.सं. ५९१ छ।

यस अभिलेखको केही अंश *इतिहास-संशोधन* १ सङ्ख्याका ४-५ पृष्ठमा श्यामराज पोखेल, मोहननाथ पाण्डे र बाबुराम नेपालद्वारा अनुवादसहित सर्वप्रथम छापिएको हो। पछि यस अभिलेखको केही बढी अंश *मेडिईभल् हिस्ट्री अफ् नेपाल्*को १६४ पृष्ठमा लुशियानो पेटेकद्वारा छापिएको छ। पछि सम्पूर्ण यो अभिलेख *मेडिईभल् नेपाल्* तेस्रो भागका ८२-८५ पृष्ठमा डिल्लीरमण रेग्मीद्वारा छापिएको छ। पछि *पशुपतिनाथको दर्शन-स्पर्शन पूजनसम्बन्धमा समीक्षा*का ५४-५५ पृष्ठमा ज्ञानमणि नेपालद्वारा यस अभिलेखको संस्कृत भाग बढी शुद्धसँग अनुवादसहित छापिएको छ।

मूलपाठ

१. ॡ ॐ नमः श्रीभैरवाय ॥ शूलश्रीवरदासिपात्रडमरुं हस्ते वरे दक्षिणे खट्वांकाभयपा-

२. शबिंदुविधिकं वामे करे धारितः। प्रेतस्थो गिरिजागणेशवटुकैः सार्द्धं च नेत्र-

३. त्रयं श्रीनारायणभट्टविप्रविदितं श्रीभैरवो रक्षतु ॥ भूतानाम्पशुपाशमोच-

४. नकरं यत्रार्द्धनारीश्वरं वाग्मत्याः सविधे सुरासुरनुतं सर्व्वार्थकामप्रदं।

५. शक्त्या वच्छलया सहैव बहुभिर्देवैश्च वंदे सदा श्रीमद्वासुकिना समम्पशुप-

६. तिं श्रीपंचवक्त्रं शिवं ॥ स्वस्ति ॥ श्रीसूर्यवंशनृपतिर्जययक्षमल्लः प्रौढप्रताप-

७. भुवनैकमहाप्रवीणः। नेपालमण्डलविभूषितराजराजो भूयाद् विपक्ष-

८. मथनो भुवि सुप्रसिद्धः ॥ तत्पुत्राः श्रीमंतः कुमाराः सन्ति ॥ ज्येष्ठः श्रीजयरा-

९. यमल्लनृपतिः श्रीरत्नमल्लः प्रभुः श्रीमच्छ्रीरणमल्लदेवगुणवान् श्रीराम-

१०. मल्लो नृपः । ख्यातः श्रीअरिमल्लदेवसुकृती श्रीपूर्ण्णमल्लो वरस्तेषां वैरि-
११. गणाः प्रयांतु निधनं शंभोः प्रसादादिह ॥ तद्विजयराज्ये ॥ उद्भूतो द्विज-
१२. वंशनिर्मलतरे वाधूलसत्संततौ ॽ देशे चोडवरे हि तैत्तिरिसमाख्याताप्र-
१३. साखाभिधे पंचप्रावरके षडंगपठितो नारायणो भट्टको ॽ लोकानां शुभ-
१४. दायिनः पशुपतेः पादांबुजे भक्तिमान् ॥ नागे वसौ मदनबाणगते च वर्षे
१५. चैत्रे तमे हरतिथौ श्रवणे च ऋक्षे । योगे शुभे भृगुदिने क्रियते तदा चेन्नारा-
१६. यणद्विजवरेण च भैरवोयं ॥ नेपालहायनगते विधुरंध्रबाणे ॽ माघे शि-
१७. ते तिथिवरे नवमीप्रशस्ते । ऋक्षे विधेः शशिसुतेहनि ऐन्द्रयोगे तस्मिन्
१८. सुवर्ण्णकलशत्रयरोहणं स्यात् ॥ श्रीनारायणभट्टस्य ॽ जयलक्ष्म्याश्च
१९. स्वामिनः । भुक्तिमुक्तिफलं भूयात्तेन पुण्येन शाश्वतं ॥ अतः परन्देश-
२०. भाषा ॥ ॥ तरकेहेयोटों बु रोव १ ... पं १६ द्वल बु जिमने पेक-
२१. रिंशिश रोव ५ प्यंड वापं ५ - अङ्कन वापं २१ श्रीभैरवशनिमित्तिन दुंता
२२. नित्यकर्म याक्व आचादहा शकें वापं ९ श्रीभैरवश पात्र दिनप्रति पूर-
२३. ण याय निमित्तिन वापं १ मेतं छ्वोयकेयातं वापं १ थ्वतेन शेष वापं १०
२४. ज्वजमानस्यं धाया थ्व गुठिन देवशके पूजा निस्तरपेमाल्व ॥ ॥
२५. १ नेपालाब्दरसाष्टखे तपसि चेच्चा ...पाशुपते
२६. : पुनश्च शतदा नं मोक्षकामयासो ...ष्यवि
२७. ... म्प्रासादभागध्वजां श्रीनारायण ... त-
२८. त्पूजितः ॥ तत्प्रतिष्ठा ... वा
२९. पं ... न्हुश ... वान श्रीपशुपतिश भडिरिस ... के
३०. ... श्रीपशुपतिशके डोहरपे ॽ थ्वतेश अ ...
३१. ... हपिंजुटों ॽ द्वाकों ॽ भंडिरि समस्तवु ॽ जीवनि ... को ...

३२. ... य के ॥ ॥ न्हाबु रो व १४ प्यंड वापं १४ थ्वते आय तयासे ...
३३. ... क १५ यिदिशिह्नं १ श्रीहरिशंकर प्रमुखन अटुट्ट या ...
३४. ... ॥ ॥ चवलंकालंव लु कर्ष १ श्रीहखराजजुशके व्वया ्क ...
३५. ... म भारोयाके वेया ्कर्ष ३ उल्हाश भारोयाके ... थ्वते वल
३६. ... श्रीनारायणभट्टन डोहरपा ... ॥ ॥ ... बु रोव ४ थ्व बुया ...
३७. ... ग्वल थ्वंथ्व ... थव दत्तदा ... धर्मचि
३८. निमित्तिन गो ... ॥ ॥ ... न ... कर्ष ...
३९. ... बिस्यंत ... ॥ ॥
४०. ...
४१. ...
४२. ...

अनुवाद

श्रीभैरवलाई नमस्कार । दायाँ हातमा शूल तरवार पात्र डमरु र वरदमुद्रा लिएका, बायाँ हातमा खट्वांक पासो र बिन्दुविधिक अभयमुद्रा लिएका, प्रेत आसन भएका, पार्वती गणेश र वटुकसहित भएका, तीन आँखा भएका, भैरवले नाम चलेका ब्राह्मण श्रीनारायण भट्टलाई रक्षा गरून् ।

प्राणीहरूलाई मुक्त पार्ने वाग्वतीको नजीकै रहेका, देव र दानवले स्तुति गरिएका, सबै अर्थ र काम दिने, अर्धनारीश्वर शक्तिस्वरूप वच्छलादेवी, वासुकि र अरू धेरै देवता साथ भएका पञ्चमुखी पशुपतिनाथलाई ढोग्दछु ।

कल्याण होस् । सूर्यवंशमा पैदा भएका, ठूलो प्रतापले पृथ्वीमा प्रख्यात भएका, नेपालमण्डलका राजाधिराज जययक्ष मल्लका शत्रुहरू नाश होऊन् । उहाँका छोरा राजकुमारहरू जेठा श्रीजयराय मल्लदेव, श्रीरत्न मल्लदेव, गुणी श्रीरण मल्लदेव, श्रीराम मल्लदेव, धर्मात्मा प्रख्यात श्रीअरि मल्लदेव, कान्छा पूर्ण मल्लदेव हुनुहुन्छ । महादेवको निगाहबाट उहाँहरूका शत्रुहरू नाश होऊन् ।

उहाँहरूको विजयराज्यमा असल चोल देशमा तैत्तिरीयशाखाध्यायी, वाधूलशाखाको चोखो कुलमा जन्मेका, पञ्च प्रवर भएका, षडङ्ग पढेका, लोकको शुभ गर्ने, पशुपतिका चरणकमलमा भक्ति गर्ने नारायण भट्ट छन् । ने.सं. ५८८ (वि.सं. १५२५) चैत्रकृष्ण एकादशी श्रवणनक्षत्र शुभयोग शुक्रवारको दिन असल ब्राह्मण नारायण भट्टले यी भैरवको स्थापना गरेका हुन् ।

ने.सं. ५९१ (वि.सं. १५२७) माघशुक्ल नवमी रोहिणीनक्षत्र बुधवार ऐन्द्रयोगमा त्यहाँ तीनवटा सुनका गजूर चढाइए । त्यस पुण्यले जयलक्ष्मीका पति श्रीनारायण भट्टलाई सधैं भुक्ति र मुक्तिको फल प्राप्त होस् ।

यसपछि देशभाषा । तरकेहे भन्ने ठाउँमा १ रोपनी खेत ... १६ द्वल भन्ने ठाउँको १४ रोपनी खेत, रिशि भन्ने ठाउँको ५ रोपनी खेत, त्यसको कुत धान ५ पं जम्मा धान २१ पं श्रीभैरवलाई चढाइयो । नित्यकर्म गर्ने आचार्यलाई धान ९ पं

प्रतिदिन श्रीभैरवको पात्र भर्नाको लागि धान १ पं बत्ती बाल्न धान १ पं यति गरी बाँकी रहेको धान १० पं जजमानले चिताएअनुसार यो गूठीले देवताको पूजा गर्नुपर्छ ।

ने.सं. ... माघमा ... श्रीनारायण भट्टले पशुपतिको मन्दिरमा ध्वजा चढाए, पूजा गरी त्यसको प्रतिष्ठा गरियो ।

... धान ... श्रीपशुपतिका भण्डारीलाई श्री ... श्रीपशुपतिलाई चढाउनू, यसको ...सारा भण्डारीहरूले ... खेत १४ रोपनी त्यसको कुत ज्योतिषी श्रीहरिशंकर प्रमुख गरी अटूट गरी ... १ कर्ष सुन श्रीहर्षराजसँग रहेको छ । ... भारी ३ कर्ष । उह्लास भारोसँग ... । ... श्रीनारायण चढाए । ... खेत रोपनी ४ यो खेतको ... धर्मनिमित्त ...।

१३४ सङ्ख्या



[१३५ सङ्ख्या]

चाँगुनारायणको ने.सं. ५९१ को अभिलेख

यो अभिलेख चाँगुनारायणभण्डारका पानसहरूमध्ये एउटामा कुँदिएको छ । यहाँ ने.सं. ५९१ छ ।

यो अभिलेख *चाँगुनारायणका ऐतिहासिक सामग्री*को १८२ पृष्ठमा मोहनप्रसाद खनालद्वारा अनुवादसहित सर्वप्रथम छापिएको हो ।

मूलपाठ

१. शुभ ॥ श्रीश्रीश्रीचंगुनारायणसके कार्त्तिक लछि मितं छोयके ॱ श्रीश्रीरत्नदेवी ठकुरीनीश्यं दुंता ट्वाकदिवा थ्व ॱ सम्वत् ५८५ आश्विनशुक्लपूर्णमाश्यां तिथौ ॱ शुभमस्तु सर्वदा ॥

अनुवाद

शुभ । श्रीश्रीश्रीचाँगुनारायणलाई कार्तिक महिनाभरि बत्ती बाल्नको लागि श्रीश्रीरत्नादेवी ठकुरिणीले यो पानसविशेष चढाउनुभयो ।

ने.सं. ५९१ (वि.सं. १५२८) आश्विनशुक्ल पूर्णिमा तिथि । सधैं शुभ होस् ।

[१३६ सङ्ख्या]

ललितपुर चापागाउँको ने.सं. ५९२ को अभिलेख

ललितपुर चापागाउँको गाङ्घुवटोलस्थित जलद्रोणीमा यो अभिलेख कुँदिएको छ। यहाँ ने.सं. ५९२ छ।

यो अभिलेख *मेडिईभल् नेपाल्* तेस्रो भागको ८५ पृष्ठमा डिल्लीरमण रेग्मीद्वारा सर्वप्रथम छापिएको हो।

मूलपाठ

१. श्रेयोस्तु सम्वत् ५९२ ज्यस्तकृष्णपञ्चम्यायान्तीथ्व ॥
२. धालेवो जलधुनि न्हवदसे चोरे तवखतकं ल्होङा जुरो
३. श्रीदुन्थरिगाम ग्वथननि प्याकुभारो प्रमुखनं ल्होङा
४. गुथि थ्वथ्व ॥ राम ॥ संतटि ॥ नाथ ॥ मयतसिं

[१३७ सङ्ख्या]

भक्तपुर महालक्ष्मीपीठको ने.सं. ५९३ को अभिलेख

भक्तपुर महालक्ष्मीपीठको दक्षिणतिर धारामा यो शिलालेख छ । यहाँ ने.सं. ५९३ छ ।

यो अभिलेख *पासूका* ५ वर्ष ८ अङ्को ३ पृष्ठमा *पासूका*का सम्पादकद्वारा सर्वप्रथम छापिएको हो ।

मूलपाठ

१. ॐ नमः पूर्ण्णचन्द्राय नमस्त अर्मतं धार सना ... व
२. ... ती जयते दूत पूर्ण्णचन्द्रन ... स्तु ॥
३. ... विर्य ... ... श्चरा
४. ... चिराज
५. ॥ भक्ता ... ङरथ्या
६. तत्रा ग ... यान् संपू
७. ... धत्रा ... ग्रह्नास
८. ... मार्ग्नमा ... तिथौ घटि ४३
९. (सम्व)त ५९३ व ... टि २५ बुधवासरे
१०. शाधन अत्र ... ॥ रामभारो प्रभो
११. ...: पुरुषन ...
१२. ... कामना ... (प्र)तिस्था याङा ॥ गदि
१३. ... जजलोहवः ... ॥ राजदेव जस ॥ तस्य य
१४. ... मानस्य आ ... च्यंः नधुन लक्ष्मी ॥ शुभमस्तु सर्व्वदाकालं ॥

[१३८ सङ्ख्या]

चाँगुनारायणको ने.सं. ५९४ को अभिलेख

यो अभिलेख चाँगुनारायणभण्डारका पानसहरूमध्ये एउटामा कुँदिएको छ । यहाँ ने.सं. ५९४ छ ।

*चाँगुनारायणका ऐतिहासिक सामग्री*को १८३ पृष्ठमा मोहनप्रसाद खनालद्वारा सर्वप्रथम अनुवादसहित यो छापिएको हो ।

मूलपाठ

१. श्रीश्रीगरुडनारायण भट्टारकसके ॱ दंस दंस कार्त्तिक लछि धारे मितं छोयके वाकुलि भचिन दुंता ॱ थ्व ट्वाक दिवा थ्वते दीपदान याङा फलेन शास्त्रस ल्होको फलना ॱ वैकुण्ठपुरीवास कोस

२. प्राप्त जुयमाल ॱ सम्वत् ५९४ भाद्रपदशुक्ल द्वादशी श्रवणनक्षत्र बुधवार थ्व ॱ कोन्हु दुंता शुभमस्तु सर्व्वदा ॥

अनुवाद

श्रीश्रीश्रीगरुडनारायण भट्टारकलाई प्रत्येक वर्ष कार्तिक महिनाभरि बत्ती बाल्नको लागि वाकुलि भचिले यो पानसविशेष चढाए ।

यो दीपदानले शास्त्रमा भनेबमोजिम फल र वैकुण्ठवास तथा धनसम्पत्ति प्राप्त होस् । ने.सं. ५९४ (वि.सं. १५२६) भाद्रशुक्ल द्वादशी श्रवणनक्षत्र बुधवारको दिन यो चढाइयो । सधैं शुभ होस् ।

[१३९ सङ्ख्या]

ललितपुर राता मत्स्येन्द्रनाथमन्दिरको अभिलेख

ललितपुर रातामत्स्येन्द्रनाथमन्दिरमा यो अभिलेख कुँदिएको शिला छ।

यस अभिलेखको केही अंश *पूर्णि*मा १० पूर्णाङ्कको २१ पृष्ठमा शङ्करमान राजवंशीद्वारा अनुवादसहित सर्वप्रथम छापिएको हो। पछि *मेडिईभल् नेपाल्* ३ भागका ७६-७७ पृष्ठमा डिल्लीरमण रेग्मीद्वारा यस अभिलेखको बढी भाग छापिएको छ।

मूलपाठ

१. ...
२. ...
३. ...
४. ...
५. ...
६. ...
७. ...
८. ...
९. ...
१०. ...
११. ...
१२. ... ९ सम्वत् ...
१३. योगे सोमवासरे ...
१४. ... चार्द्रानक्षत्रे प्रीतियोगे ...
१५. ... द्वादश्यान्तिथौ पुनर्व्वसुनक्षेत्रे आयुष्मयोगे ...
१६. ... सिद्धिर्भवति ॥ श्रीमत्श्रीआर्यावलोकि ...
१७. ... भास्करदेवसंस्कारितश्रीमध्ये संस्थित ...
१८. .... देवोपरिघटा कारकनककलशसुजिनालयध्वजछत्रावरोहन-
१९. ... श्रीनेपालपुण्यभूमीश्वराय श्रीश्रीपरमेश्वरपरमभट्टारक-
२०. ... नररूपाय श्रीश्रीजयजक्षमल्लदेवप्रभवे ...
२१. ... गल्पस्सप्तकुतुम्ब जत्रिभय प्रधानश्रीपात्रा-

२२ ... श्रीधर्मदेवसंस्कारितभुवनाकरश्रीविहारावस्थित ...
२३. ... तत्पुत्ररूपराज ...
२४. ... तापद्रवशान्त्यर्थं ...
२५. ... मनोरथ सुमंगलं भ्रयात् ॥ ...
२६. ...
२७. ...
२८. ...
२९. ...
३०. ...

१३९ सङ्ख्या



[१४० सङ्ख्या]

भक्तपुर गाहिटीको ने.सं. ५९७ को अभिलेख

भक्तपुर गाहिटीस्थित नारायणमूर्तिको पादपीठमा यो अभिलेख कुँदिएको छ । यहाँ ने.सं. ५९७ छ ।

पूर्णिमा ७४ पूर्णाङ्कका ५-६ पृष्ठमा महेशराज पन्तद्वारा यो अभिलेख अनुवादसहित सर्वप्रथम छापिएको हो ।

मूलपाठ

१. ॡ ॐ नमो (वासुदेवाय॥) ... धरति करतले वामनो वासुदेवः श्रीलक्ष्म्या संयुतश्च त्रिभुवननमितो धर्म्ममोक्षा-
२. र्थहेतुः विष्णुस्त्रैलोक्यनाथः कलिकलुषहरो भुक्तिमुक्तिप्रदाता ˎ पायाद्वः सर्व्वदा वै प्रवरसरसिजस्थायिनारायणश्च ॥
३. स्वस्ति ॥ श्रीनेपालमहीश्वरो नृपगुरुः श्रीयक्षमल्लः प्रभु ˎ श्चक्रे शत्रसुमंडपं सकलशं पाषाणमूर्त्तिं हरेः । स्वर्गा-
४. पां प्रतिमां प्रधानगरिमन्सत्यक्षराजस्य वै ˎ रम्यां युग्मसतीयुतां विरचितां शत्रोपरि स्थापितां यावच्चन्द्रकलामला
५. पशुपतेर्मौलौ वसत्युज्ज्वले ˎ यावच्छेषफणामणौ च धरणी सर्व्वास्रया वर्त्तते । यावन्मेरुगिरौ सुखेन रमते सर्व्वं सुराणां ग-
६. णस्तावद्रक्षतु शत्रमंडपवरं श्रीवामन केशवः ॥ अनेनापि च पुण्येन ˎ चारोग्यसंततिश्रियः । श्रीयक्षमल्लदेवानां वृ-
७. द्धयः संतु सर्व्वदा ॥ दिवंगतप्रधानस्य यक्षराजस्य धीमतः । वैकुण्ठभुवनावासो ˎ भूयाद् द्वंद्वसती सह ॥*॥
८. नेपालहायनगते मुनिरंध्रबाणे माघे शिते मकरकेतुतिथौ प्रयाते । तस्मिंश्च वामनहरिं वरसत्रशालां धर्म्मार्थकामफलदां हि कृत प्रतिष्ठां ॥ ॥

अनुवाद

ॐ । वासुदेवलाई नमस्कार । ... श्रीलक्ष्मीले युक्त भएका, तीनै लोकले नमस्कार गरिएका, धर्म अर्थ र मोक्षको कारण भएका वामन वासुदेवले हत्केलामा लिनुभएको छ । तीनै लोकका मालिक, कलिको पाप हरण गर्ने, भुक्ति र मुक्ति दिने, असल कमलमाथि उभिनुभएका नारायण विष्णुले हामीहरूको सधैं रक्षा गर्नुहोस् ।

कल्याण होस् । श्रीनेपालका राजा, राजाहरूका मान्य, श्रीयक्ष मल्ल प्रभुले गजूरसहितको सत्तलरूपी असल मण्डप, हरिको शिलामूर्ति, सत्तलको माथि राखिएको, प्रधानको गरिमा भएका, सज्जन यक्षराजको जोडी सतीसमेत बनाइएको, स्वर्ग पाइने राम्रो मूर्ति बनाउनुभयो ।

जबसम्म सफा चन्द्रकला पशुपतिको शिरमा रहन्छ, जबसम्म शेषनागको फणाको सफा मणिमा सबैको आश्रय भएको पृथ्वी रहन्छ, जबसम्म मेरु पर्वतमा देवगण सुखपूर्वक रमाउँछ, तबसम्म श्रीवामन केशवले सत्तलरूपी श्रेष्ठ मण्डपको रक्षा गर्नुहोस् ।

यस पुण्यले पनि श्रीयक्ष मल्लदेवको आरोग्य, सन्तान, ऐश्वर्य र बढिबढाउ सधैं होस् ।

स्वर्ग गएका प्रधान, बुद्धिमान्, यक्षराजको जोडी सतीसँग वैकुण्ठलोकको वास होस् ।

ने.सं. ५९७ (वि.सं. १५३३) माघशुक्ल त्रयोदशी तिथि जाँदा त्यस वेला वामन हरिको (र) धर्म, अर्थ र कामको फल दिने श्रेष्ठ सत्तलको प्रतिष्ठा गरियो ।

१४० सङ्ख्या

[१४१ सङ्ख्या]

चाँगुनारायणको ने.सं. ५९८ को अभिलेख

चाँगुनारायणभण्डारका पानसहरूमध्ये एउटामा यो कुँदिएको छ । यहाँ ने.सं. ५९८ छ ।

यो अभिलेख *चाँगुनारायणका ऐतिहासिक सामग्री*को १८४ पृष्ठमा मोहनप्रसाद खनालद्वारा अनुवादसहित सर्वप्रथम छापिएको हो ।

मूलपाठ

१. ॥ सम्वत् ५९८ वैशाषकृष्ण १ । श्रीश्रीश्रीगरुदनारायनाय श्रीजेष्ठविहार श्रीकिर्त्तिसिंह पात्रसन उपदोषितं ।

अनुवाद

ने.सं. ५९८ (वि.सं. १५३५) वैशाखकृष्ण प्रतिपदा श्रीश्रीश्रीगरुडनारायणलाई श्रीज्येष्ठविहारका श्रीकीर्त्तिसिंह पात्रले (यो सुवर्णजन्तर) चढाउनुभयो ।

१४१ सङ्ख्या



[१४२ सङ्ख्या]

चाँगुनारायणको ने.सं. ६०१ को अभिलेख

चाँगुनारायणभण्डारका पानसहरूमध्ये एउटामा यो अभिलेख कुँदिएको छ। यहाँ ने.सं. ६०१ छ।

*चाँगुनारायणका ऐतिहासिक सामग्री*को १८५ पृष्ठमा मोहनप्रसाद खनालद्वारा सर्वप्रथम अनुवादसहित यो अभिलेख छापिएको हो।

मूलपाठ

१. स्वस्ति ॥ श्रेयोऽस्तु ॒ सम्वत ६०१ कार्तिकशुक्लपूर्णिमाश्यायां तिथौ ॒ श्रीश्रीगरुडनारायनस्य ॒ पुरत । दीपप्रज्वलितार्थ ॒ काँस्यनिर्म्मित ॒ दीपभाजन ॒ हेदधरामन भार्ज्या ओत्तय ओत्तय अनंतेन ॒ प्रढोकित शुभ ॥

अनुवाद

कल्याण होस्। ऐश्वर्य होस्। ने.सं. ६०१ (वि.सं. १५३७) कार्तिकशुक्ल पूर्णिमा तिथिमा श्रीश्रीगरुडनारायणको अगाडि बत्ती बाल्नको लागि काँसबाट निर्मित दियो हेदधरामनकी पत्नी ओत्तय अनन्तले सधैंको लागि चढाइन्। शुभ होस्।

[१४३ सङ्ख्या]

चाँगुनारायणको ने.सं. ६०१ को अभिलेख

हनूमान्‌ढोकादरबारमा चाँगुनारायण मन्दिरबाट ल्याइएका केही गहनाहरू रहेका छन् । तीमध्ये सुनको एउटा कण्ठीमा यो अभिलेख कुँदिएको छ । यहाँ ने.सं. ६०१ छ ।

यो अभिलेख *चाँगुनारायणका ऐतिहासिक सामग्री*को १८६ पृष्ठमा मोहनप्रसाद खनालद्वारा सर्वप्रथम अनुवादसहित छापिएको हो ।

मूलपाठ

१. शुभ ॥ श्रीश्रीश्रीचंगुनारायनसके । श्रीश्रीजययक्ष मल्लदेव थाकुरस्यं यह्न ज्याठबहा-
२. र कीर्त्तिसिंह भारोस काय दातिह्म कुसुमसिंह भारोस अस्वष्टस ह्याङा ध्वजा द्वल पानजु । स्वष्ठ द्वयाव पूजा दोहरपं ‌‌‌‌्‌ थ्व बेरस
३. कीर्त्तिसिंह भारोस्यं सुवर्ण्णकंठी दोहोरपात्वं ‌्‌ थाकुरस्यं निमितिन ‌्‌ नारायनस्यं ‌्‌ थाकु-
४. रस पूरसान पुरसल षरपं ‌्‌ नारायनस्यं ‌्‌ थाकुरस्यं किर्त्तिसिंह भारोस पूरसान पूर-
५. सल षरपं ‌्‌ परसन जुयं ‌्‌ सम्वत ६०१ फाल्गुनशुक्लगोमिंदद्वादशीदिने ॥ शुभमस्तु ॥

अनुवाद

शुभ । श्रीश्रीश्रीचाँगुनारायणलाई श्रीश्रीजययक्ष मल्लदेव ठाकुरले (राज्य गरिरहनुभएको वेलामा) ललितपुर ज्याठबहार (ज्येष्ठविहार) का कीर्तिसिंह भारोका माहिला छोरा कुसुमसिंह अस्वस्थ भएकाले उनी स्वस्थ रहून् भन्ने कामनाले (नारायणलाई) पूजासहित ध्वजा चढाइयो । यसपछि कीर्तिसिंह भारोले ठाकुर (छोरा)को निमित्त नारायणलाई सुनको कण्ठी चढाउनुभयो । यसले कीर्तिसिंह भारो तथा ठाकुर(कुसुमसिंह भारो)का सन्तानदरसन्तानसम्म नारायण प्रसन्न रहून् ।

ने.सं. ६०१ (वि.सं. १५३७) फाल्गुनशुक्ल गोविन्दद्वादशीको दिनमा । शुभ होस् ।

१४३ सङ्ख्या